विधेयक संख्याः

भन्सार सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

२०८०

संघीय संसद सचिवालय

सिंहदरबार, काठमाडौं

<u>उद्देश्य र कारण</u>

भन्सार प्रक्रियालाई व्यवस्थित, पारदर्शी तथा उत्तरदायी बनाई अन्तर्राष्ट्रिय व्यापारलाई सहज तथा सुरक्षित बनाउन र महसुल सङ्कलनमा दक्षता तथा प्रभावकारिता अभिवृद्धि गरी देशको आर्थिक विकासमा टेवा पुऱ्याउन आवश्यक भएको र नेपालले भन्सारका प्रक्रियाहरुको सरलीकरण एवं सामन्जस्यीकरण सम्वन्धी महासन्धि (रिभाइज्ड क्योटो कन्भेनसन) मा सम्मिलन गरिसकेकोले सो महासन्धि बमोजिमका प्रावधानहरुलाई कानूनमा व्यवस्था गरी कार्यान्वयन गर्न र स्वदेशी उद्योगको संरक्षण, निकासी प्रबर्द्धन र प्रत्यक्ष वैदेशिक लगानी आकर्षित हुने गरी भन्सारका प्रक्रियाहरुलाई सरल, प्रभावकारी र प्रविधिमैत्री बनाई वैध व्यापारको सहजीकरण र अवैध व्यापारको प्रभावकारी नियन्त्रण गर्न भन्सार सम्बन्धी कानूनलाई संशोधन तथा एकीकरण गर्न आवश्यक भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो।

(डा. प्रकाश शरण महत)
अर्थ मन्त्री

सैद्धान्तिक अवधारणा

नेपाल संशोधित क्योटो महासन्धि सम्झौता र विश्व व्यापार संगनठको व्यापार सहजीकरण सम्झौताको पक्ष राष्ट्र हो। प्रस्तुत सम्झौताहरु अनुसार संशोधित क्योटो महासन्धिका प्रावधानहरुमध्ये सामान्य प्रावधानहरु सदस्य भएको तीन वर्षभित्र तथा संक्रमणकालीन मापदण्डहरु पाँच वर्षभित्र कार्यान्वयनमा ल्याइसक्नु पर्ने व्यवस्था महासन्धिमा उल्लेख छ। त्यस्तै व्यापार सहजीकरण सम्झौताका केही भन्सारसँग सम्बन्धित प्रावधानहरु भन्सार ऐन नियमहरुवाट सम्वोधन गर्नुपर्ने देखिएको छ। संशोधित क्योटो महासन्धि र नेपालको भन्सार कानून बीचको अन्तराल विश्लेषण (Gap analysis) बाट भन्सार ऐन नियममा कतिपय कुराहरु समावेश गर्नुपर्ने, कतिपय कुराहरु संशोधन गर्नुपर्ने देखिएका छन्। व्यापार सहजीकरण सम्झौतामा उल्लिखित प्रावधानहरुलाई ए, बी, र सी वर्गमा विभाजन गरी कार्यान्वयनको तालिका समेत विगतमा नै नेपालले विश्व व्यापार संगठनमा प्रस्तुत गरिसकेको छ।

संशोधित क्योटो महासन्धि र व्यापार सहजीकरण सम्झौताका केही प्रावधानहरु समान प्रकृतिका पनि देखिएका छन्। सो महासन्धिका प्रावधान सम्वोधन गर्दा ऐन कानूनमा सामान्य समायोजन बाटै पनि व्यापार सहजीकरण सम्झौताको भन्सारसँग सम्बन्धित प्रावधानहरु सम्वोधन हुने अवस्था छ। यसरी समायोजन गर्दा पटक पटक भन्सार ऐन कानूनमा संशोधन गर्नु नपर्ने, व्यापार सहजीकरण सम्झौताका प्रावधानहरु र संशोधित क्योटो महासन्धिका प्रावधानहरु बीच एकरुपता कायम राख्न पनि सहज हुने हुँदा सोही अनुरुप भन्सार ऐनमा परिमार्जन गर्न उपयुक्त हुने देखिएको छ। त्यस्तै, संशोधित क्योटो महासन्धि र व्यापार सहजीकरण सम्झौताको अनुकूल भन्सार ऐन कानूनमा संशोधन गर्दा हाल आर्थिक ऐन तथा भन्सार

नियमावलीमा उल्लिखित केही प्रावधानहरु समेत भन्सार ऐनमै समावेश गर्न उपर्युक्त हुने अवस्था देखिन्छ।

तसर्थ संशोधित क्योटो महासन्धि, व्यापार सहजीकरण सम्झौतामा उल्लिखित केही प्रावधानहरु अनुकूल भन्सार ऐनमा संशोधन गर्न वर्तमान ऐनमा नै परिमार्जन गर्नु पर्ने आवश्यकता रहेको छ। तथापि २०६६ सालबाट कार्यान्वयनमा आएको भन्सार ऐन, २०६६ तत्पश्चात उक्त ऐनमा समयानुसार संशोधन भई रहेको भए तापनि संशोधनको क्रममा धेरै ठाउँमा परिमार्जन गर्नुपर्ने, ऐनको संगति नमिल्ने र देशको आवश्यकता तथा अन्तराष्ट्रियस्तर अनुरुपको नहुने देखिएकाले संगतिपूर्ण ढाँचा अनुरुप नयाँ भन्सार ऐनकै रुपमा विधेयक तर्जुमा गर्न आवश्यक देखिएकोले तत् अनुरुप विधेयक मस्यौदा गरी संङ्घीय संसदमा पेश गर्न नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०८०।०५।१२ मा स्वीकृत भएको हुँदा यो विधेयक प्रस्तुत गरिएको छ।

प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
१	२ (ङ)	निकासी वा पैठारी गर्ने वस्तुको विवरण प्रज्ञापनपत्रमा घोषणा गर्ने प्रक्रिया तोक्न।	निकासी वा पैठारी गर्ने वस्तुको विवरण प्रज्ञापनपत्रमा घोषणा गर्ने प्रक्रिया नियमावलीमा तोकिने।	नियमावलीमा स्पष्ट रुपमा वस्तुको प्रज्ञापनपत्रमा घोषणा गर्ने प्रक्रिया तोकिने भएकोले निकासी वा पैठारीकर्तालाई भन्सार कार्यालयमा वस्तुको घोषणा गर्न सहज हुने, वस्तुको विवरण घोषणा गर्ने कार्यमा एक रुपता हुने र प्रक्रियात्मक व्यवस्थालाई आवश्यकता अनुसार नियमावलीको माध्यमबाट सामयिक परिमार्जन गरी व्यवस्थित गर्न सरल हुने।
२	६(६)	छोटी भन्सार	छोटी भन्सार	छोटी भन्सार

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		कार्यालयबाट निकासी वा पैठारी गर्न सक्ने वस्तुको नाम र मूल्यको सीमा महानिर्देशक ले तोक्न।	कार्यालयबाट निकासी वा पैठारी गर्न सक्ने गरी महानिर्देशकले तोक्न सक्ने वस्तुको नामर मूल्यको सीमा नियमावलीमा तोकिने।	कार्यालयबाट निकासी वा पैठारी गर्न सक्ने वस्तुको नाम र मूल्यको सीमा नियमावलीमा तोकिने भएकोले के कस्ता र कति मूल्यसम्मको वस्तु छोटी भन्सार कार्यालयबाट निकासी वा पैठारी गर्न पाईने भन्ने कुरा सवैलाई जानकारी हुने, छोटी भन्सार कार्यालयबाट निकासी वा पैठारी गरिने वस्तुमा एक रुपता कायम हुने र महानिर्देशकले वस्तुको नामर मूल्यको सीमा तोक्न

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्र्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
				सक्ने व्यवस्था गरी समय, परिस्थिति र छोटी भन्सार कर्यालयको अवस्था अनुकूल हेरफेर गर्न सहज हुने र छोटी भन्सार कार्यालयबाट गरिने निकासी पैठारी व्यवस्थित हुने।
३	१२	छोटी भन्सार कार्यालयका प्रमुखले जाँचजास गर्न सक्ने वस्तुको नाम तोक्न।	छोटी भन्सार कार्यालयका प्रमुखले जाँचपास गर्न सक्ने वस्तुको नाम नियमावलीमा तोकिने।	छोटी भन्सार कार्यालयको प्रमुखले के कस्ता वस्तु जाँचपास गर्न पाउने भन्ने कुरा नियमावलीमा स्पष्ट हुने भएकोले कार्यसम्पादन गर्न सहज हुने र छोटी भन्सार कार्यालयका प्रमुखको कार्य पारदर्शी हुने।

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
४	१४ (ख)	भन्सारबाट जाँचपास भइसकेका वस्तु मध्ये जाँचपास पछिको परीक्षण गर्नपर्ने देखिएका वस्तुको छनौट गर्ने प्रक्रिया तोक्न।	भन्सारबाट जाँचपास भइसकेका वस्तु मध्ये जाँचपास पछिको परीक्षण गर्नपर्ने देखिएका वस्तुको छनौट गर्ने प्रक्रिया नियमावलीमा तोकिने।	भन्सारबाट जाँचपास भइसकेका वस्तु मध्ये जाँचपास पछिको परीक्षण गर्नपर्ने देखिएका वस्तुको छनौट गर्ने प्रक्रियामा एकरुपता, छनौट गर्ने विधि स्पष्ट र पारदर्शी हुने,छनौट प्रक्रिया निष्पक्ष, पारदर्शी एवं व्यवस्थित हुने भएकोले जाँचपास पछिको परीक्षण नतिजामूलक र प्रभावकारी हुने।
५	१८ (४)	अन्तर्राष्ट्रिय उडानमा उपयोग गर्ने इन्धन, हवाईजहाज	अन्तर्राष्ट्रिय उडानमा उपयोग गर्ने इन्धन, हवाईजहाजको इञ्जिन, पार्टपूर्जा,	उल्लिखित वस्तुहरुमा महसुल छुट दिंदा कुन कुन वस्तुमा के कस्तो प्रक्रिया अपनाई छुट दिने

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्र्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		को इञ्जिन, पार्टपूर्जा, यन्त्र, उपकरण, उडानमा खपत हुने खाद्य सामग्री तथा पेय पदार्थमा महसुल छुट दिने प्रक्रिया तोक्न।	यन्त्र, उपकरण, उडानमा खपत हुने खाद्य सामग्री तथा पेय पदार्थमा महसुल छुट दिने प्रक्रिया नियमावलीमा तोकिने।	भन्ने व्यवस्था नियमावलीमा स्पष्ट रुपमा तोकिने भएकोले महसुल छुट दिने व्यवस्था पारदर्शी हुने भई छुट प्रदान गर्ने र प्राप्त गर्ने निकायलाई समेत सहज हुने।
६	१८ (६)	धेरै कम मूल्य को वस्तुमा महसुल नलिने व्यवस्था गर्नको लागि त्यस्तो न्यूनतम मूल्य	महसुल छुट दिने वस्तुको न्यूनतम मूल्य र छुट दिने प्रक्रिया नियमावलीमा तोकिने।	राजस्वमा नगन्य प्रभाव पर्ने गरी निकासी वा पैठारी हुने वस्तुको न्यूनतम मूल्य तोकिने भएकोले भन्सारमा ज्यादै कम मूल्यका साना तिना वस्तुको जाँचपासमा

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		र त्यस्तो मूल्यमा महसुल छुट दिने प्रक्रिया तोक्न।		प्रक्रियागत झन्झट नहुने, साधन श्रोत र समय बचत हुने, त्यस्ता वस्तुको जाँचपास पारदर्शी समेत हुने र संशोधित क्योटो महसन्धिको प्रावधान समेत सम्बोधन हुने।
७	१८ (७)	हुलाक पुलिन्दाबाट पैठारी हुने वा निकासी हुने वस्तुमध्ये महसुल छुट दिने वस्तु र मूल्य नियमावलीमा तोक्न।	हुलाक पुलिन्दाबाट पैठारी हुने वा निकासी हुने वस्तुमध्ये महसुल छुट दिने र त्यस्ता वस्तुको मूल्यको सीमा नियमावलीमा तोकिने।	हुलाकबाट निकासी वा पैठारी हुने चिठीपत्र लगायतका ससाना पुलिन्दाबाट निकासी वा पैठारी वस्तुमा महसुल नलिने प्रचलन धेरै देशहरुमा भएकोले यो व्यवस्था व्यवहारिक पनि हुने र जाँचपास छिटो छरितो र सरल पनि

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
				हुने।
८	१८ (८)	असुल गरिने भन्सार महसुलको न्यूनतम सीमा तोकी सो सीमा भन्दा कम महसुल असुल नगर्ने व्यवस्था र छुट दिने प्रक्रिया तोक्न।	असुल गरिने महसुलको न्युनतम अङ्क र सो अङ्क भन्दा कम हुने महसुल असुल गर्नु नपर्ने व्यवस्था र छुट दिने प्रक्रिया नियमावलीमा तोकिने।	कुनै वस्तुमा असुल गर्नुपर्ने महसुल प्रशासनिक लागतभन्दा ज्यादै कम भएको र अवस्थामा प्रशासनिक लागत र समयको वचत हुने, राजस्वमा नगन्य प्रभाव पर्ने ज्यादै न्यून रकम असुल नगर्ने अन्तर्राष्ट्रिय प्रचलनका साथै संशोधित क्योटो महासन्धिको प्रावधान समेत सम्वोधन हुने।
९	१९	नेपालसंग भएका दुईपक्षीय वा	कूटनीतिक सुविधा वा महसुल सुविधा	नेपालमा कूटनीतिक सुविधा वा महसुल सुविधाप्राप्त निकाय

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		बहूपक्षीय सम्झौता बमोजिम कूटनीतिक सुविधा वा महसुल सुविधा दिने प्रक्रिया तोक्न।	दिने प्रक्रिया नियमावलीमातो किने।	वा व्यक्तिलाई निजहरुले नेपाल स्थित कूटनीतिक निकायको प्रयोग वा आफ्नो प्रयोगको लागि कुनै वस्तु पैठारी गर्दा वा नेपालमा खरिद गर्दा त्यस्तो वस्तुमा कूटनीतिक वा महसुल सुविधा उपलब्ध गराउदा पारस्परिकता एवं निश्चित मापदण्डको आधारमा त्यस्तो वस्तुको परिमाण एकिन गरी सिफारिश गर्ने निकाय समेत प्रक्रियामा तोकिने भएकोले यस्तो सुविधा प्रदान गर्ने

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
				कुरा स्पष्ट र पारदर्शी र व्यवस्थित हुने।
१०	२१ (२)	उद्योगले निकासी गर्ने वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमै बिक्री गर्ने प्रयोजनको लागि कच्चा पदार्थ बैंक जमानतमा पैठारी गर्दा दिइने सुविधा र पालन गर्नु पर्ने शर्तहरु तोक्न।	उद्योगले निकासी गर्ने वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमै बिक्री गर्ने प्रयोजनको लागि कच्चा पदार्थ बैंक जमानतमा पैठारी गर्दा दिइने सुविधा र पालन गर्नु पर्ने शर्त नियमावलीमा तोकिने।	बैंक जमानतमा कुनै वस्तु पैठारी गरी निकासी गरेपछि समयमै बैंक जमानत फुकुवा गरिदिने र बैंक जमानतको सुविधा लिंदा पालन गर्नुपर्ने शर्तहरुसमेत तोकिने भएकोले उद्योगलाई कच्चा पदार्थ पैठारी गर्न, तयारी वस्तु निकासी गरी समयमै बैंक जमानत फुकुवा गराउन सहज हुने भई औद्योगिक प्रबर्द्धनमा सहयोग पुग्ने र तोकिएका

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
				शर्तहरु पालन नगरेमा जरिवाना सहित महसुल असुल गरिने भएकोले राजस्वको समेत सुरक्षा हुने।
११	२१ (३)	बैङ्क जमानतमा पैठारी गरेको कच्चा पदार्थबाट उत्पादित वस्तु निकासी वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमा बिक्री गर्ने शर्त तोक्न।	बैङ्क जमानतमा पैठारी गरेको कच्चा पदार्थबाट उत्पादित वस्तु निकासी वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमा बिक्री गर्ने शर्त नियमावलीमा तोकिने।	बैङ्क जमानतमा पैठारी गरेको कच्चा पदार्थबाट उत्पादित वस्तु निकासी वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमा बिक्री गर्नुपर्ने अवधि, बिक्री गर्ने प्रक्रिया सम्बन्धी शर्तहरु र शर्तहरु पालन नगरेमा के हुने भन्ने विषयसमेत नियमावलीमा तोकिने भएकोले बैङ्क जमानतमा वस्तु

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
				पैठारी गर्ने र तयारी वस्तु निकासी गर्ने कार्य सहज, पारदर्शी एवं व्यवस्थित हुने।
१२	२१ (५)	भन्सार कार्यालयपिच्छे छुट्टाछुट्टै बैंक जमानतको सट्टा सबै रकम खाम्ने गरी एकल बैङ्क जमानत राखी एक भन्दा बढी भन्सार कार्यालयबाट नियमित रूपमा वस्तु पैठारी गर्न सक्ने गरी त्यस्तो बैंक	एकल बैङ्क जमानत राखी एक भन्दा बढी भन्सार कार्यालयबाट नियमित रूपमा वस्तु पैठारी गर्न सक्ने गरी त्यस्तो बैंक जमानत स्वीकार गर्ने प्रक्रियाहरु नियमावलीमा तोकिने।	भन्सार कार्यालयहरुबाट नियमित रूपमा वस्तु पैठारी गर्ने पैठारीकर्ताले भन्सार कार्यालय पिच्छे विभिन्न वस्तुको लागि छुट्टाछुट्टै बैंक जमानत पेश गर्ने व्यवस्थाको सट्टा सबै भन्सार कार्यालयको लागि एउटै बैंक जमानत स्वीकार गर्ने प्रक्रिया नियमावलीमा तोकिने भएकोले वैंक जमानत लिने

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्र्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		जमानत स्वीकार गर्ने प्रक्रियाहरु तोक्न।		प्रक्रियामा एकरुपता हुने र त्यसको प्रशासन एवं नियमन गर्न सहज हुने।
१३	२१ (६)	बैङ्क जमानत पेश गर्ने, प्रयोग गर्ने र फुकुवा गर्ने सम्बन्धी व्यवस्था तोक्न।	बैङ्क जमानत पेश गर्ने, प्रयोग गर्ने र फुकुवा गर्ने सम्बन्धी व्यवस्था नियमावलीमा तोकिने।	के कति अवधिको बैङ्क जमानत पेश गर्नुपर्ने, बैङ्क जमानत कसरी प्रयोग गर्ने र के कस्तो अवस्थामा बैंक जमानत फुकुवा गर्ने र कति अवधिमा गर्ने, बैंक जमानत फुकुवा हुन नसकेमा बैङ्क जमानतको रकम कसरी भुक्तानी गर्ने, बैक जमानत दिनेको दायित्व के हुने जस्ता कुराहरु नियमावलीमा स्पष्ट रुपमा तोकिने भएकोले बैक

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
				जमानतको प्रशासन व्यवस्थित, सरल र पारदर्शी हुने।
१४	२२ (१)	निकासी गर्ने वस्तुको कच्चा पदार्थ नगद धरौटीमा पैठारी गर्ने प्रक्रिया तोक्न।	निकासी गर्ने वस्तुको कच्चा पदार्थ नगद धरौटीमा पैठारी गर्ने प्रक्रिया नियमावलीमा तोकिने।	निकासीमूलक उद्योगले नगद धरौटीमा कच्चा पदार्थ पैठारी गर्दा अपनाइने प्रकिया नियमावलीमा तोकिने भएकोले त्यस्ता उद्योगलाई कच्चा पदार्थ पैठारी गर्न सहज हुने र कार्य प्रक्रियमा एकरुपता कायम हुने।
१५	२२ (२)	कच्चा पदार्थबाट उत्पादित वस्तु निकासी गर्ने र नगद	कच्चा पदार्थबाट उत्पादित वस्तु निकासी गर्ने र नगद धरौटी फिर्ता दिने	पैठारी गरेको कच्चा पदर्थबाट कति अवधिभित्र तयारी वस्तु बनाई निकासी गर्ने, तयारी वस्तु

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		धरौटी फिर्ता दिने व्यवस्था तोक्न।	व्यवस्था नियमावलीमा तोकिने।	निकासी वा स्वदेशमा परिवर्त्य विदेशी मुद्रामा बिक्री गरेपछी नगद धरौटी फिर्ता लिने प्रक्रिया के हुने जस्ता प्रक्रियागत व्यवस्थाहरु नियमावलीमा स्पष्ट तोकिने भएकोले तयारी वस्तु निकासी गर्ने र धरौटी फिर्ता लिने व्यवस्थामा एकरुपता र पारदर्शिता कायम हुने।
१६	२३ (२)	भन्सार कार्यालयमा छाडेको वस्तु हटाउने वा नष्ट गर्ने	भन्सार कार्यालयमा छाडेको वस्तु हटाउने वा नष्ट गर्नु पर्दा	भन्सार कार्यालयमा छाडिएको वस्तु लिलाम हुन नसक्ने वा फिर्ता गर्न पनि नसकेको र कुनै

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		व्यवस्था तोक्न।	अपनाउनु पर्ने प्रक्रियात्मक व्यवस्था नियमावलीमा तोकिने।	प्रयोगमा पनि ल्याउन नसकेको अवस्थामा भन्सार कार्यालयबाट हटाउने वा नष्ट गर्ने स्पष्ट एवं पारदर्शी प्रक्रिया तोकी यथा समयमै त्यस्ता वस्तुको फरफारक गर्न सहज हुने।
१७	२३ (३)	नेपालभित्र प्रयोग गर्ने गरी पैठारी भएको तर जाँचपास भइनसकेको कुनै वस्तु दुर्घटना वा प्राकृतिक प्रकोपमा परी वा आफ्नै प्रकृतिको	नेपालभित्र प्रयोग गर्ने गरी पैठारी भएको तर जाँचपास भइनसकेको कुनै वस्तु दुर्घटना वा प्राकृतिक प्रकोपमा परी वा आफ्नै प्रकृतिको कारणले नष्ट भएमा, परिमाण	पैठारी भएको वस्तु दुर्घटना वा प्राकृतिक प्रकोपमा परी वा आफ्नै प्रकृतिको कारणले नष्ट भएमा, परिमाण वा तौलमा कमी भएमा वा व्यापारिक रूपमा मूल्यहीन भएमा महसुल छुट को लागि निवेदन दिने प्रक्रिया, निवेदनसाथ

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		कारणले नष्ट भएमा, परिमाण वा तौलमा कमी भएमा वा व्यापारिक रूपमा मूल्यहीन भएमा महसुल छुटको निवेदन दिने प्रक्रिया र अवधि तोक्न।	वा तौलमा कमी भएमा वा व्यापारिक रूपमा मूल्यहीन भएमा महसुल छुटको निवेदन दिने प्रक्रिया र अवधि नियमावलीमा तोकिने।	संलग्न गर्नुपर्ने कागजात र निवेदन दिने अवधि नियमावलीमा स्पष्ट तोकिने भएकोले त्यस्तो सुविधा प्राप्त गर्न सहज हुने र महसुल छुट दिने कार्य निष्पक्ष र पारदर्शी हुने।
१८	२४ (१) (ख)	विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले निकासी गर्ने	विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले निकासी गर्ने वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमा	विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले निकासी गर्ने प्रयोजनको लागि तयारी वस्तु उत्पादन गर्न आवश्यक पर्ने

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमा बिक्री गरिने वस्तु उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थ बैङ्क जमानतमा पैठारी गर्दा पालन गर्नु पर्ने शर्त तोक्न।	बिक्री गरिने वस्तु उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थ बैङ्क जमानतमा पैठारी गर्दा पालन गर्नु पर्ने शर्त नियमावलीमा तोकिने।	कच्चा पदार्थ र सहायक कच्चा पदार्थ बैङ्क जमानतमा पैठारी गरी निकासी गर्दा वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमा बिक्री गर्दा पालन गर्नु पर्ने शर्त नियमावलीमा तोकिने भएकोले त्यस्ता उद्योगलाई ती शर्त पालन गर्नुपर्ने कुराको पूर्व जानकारी हुने भएकोले कच्चा पदार्थ विचलन हुन नपाउने र राजस्वको पनि सुरक्षा हुने।
१९	२४ (२)	विशेष आर्थिक क्षेत्रमा	विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगलाई	कसैले आफूले महसुल तिरी पैठारी गरेको वस्तु विशेष

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		स्थापित उद्योगलाई कच्चा पदार्थ बिक्री गर्ने र महसुल फिर्ता दिने व्यवस्था तोक्न।	कच्चा पदार्थ बिक्री गर्ने र महसुल फिर्ता दिने व्यवस्था नियमावलीमा तोकिने।	आर्थिक क्षेत्रमा स्थापित उद्योगलाई कच्चा पदार्थको रुपमा बिक्री गर्न चाहेमा सो कार्य सहज हुने, महसुल समयमै र पारदर्शी रुपले फिर्ता दिन सकिने र विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगलाई कच्चा पदार्थको आपूर्ति सहज रुपमा हुने ।
२०	२५ (१)	भन्सार क्षेत्रमा प्रवेश गर्ने वाहनमा भएको वस्तुको विवरण तोक्न।	भन्सार क्षेत्रमा प्रवेश गर्ने वाहनमा भएको वस्तुको खुलाउनु पर्ने विवरण नियमावलीमा	भन्सार क्षेत्रमा प्रवेश गरेका वस्तुको के कस्तो विवरण खुलाई पेश गर्नुपर्ने हो भन्ने स्पष्ट व्यवस्था नियमावलीमा तोकिने

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
			तोकिने।	भएकोले कुनै वस्तु नेपाल प्रवेश गराउदा त्यसको विवरण खुलाई पेश गर्न सहज हुने कम्प्युटर प्रणालीमा प्रविष्टि गरी व्यवस्थित गर्न पनि मद्दत पुग्ने।
२१	२६	नेपाल प्रवेश गर्ने र नेपालबाट विदेश प्रस्थान गर्ने वाहन जाँच गर्ने व्यवस्था तोक्न।	नेपाल प्रवेश गर्ने र नेपालबाट विदेश प्रस्थान गर्ने वाहनको जाँच गर्ने व्यवस्था नियमावलीमा तोकिने।	नेपाल प्रवेश गर्ने र नेपालबाट विदेश प्रस्थान गर्ने वाहन कहाँ निर के कसरी जाँच गर्ने गराउने भन्ने व्यवस्था नियमावलीमा तोकिने भएकोले त्यस्तो वाहनको चालक एवं भन्सार दुवैलाई सहज भई सीमानाकालाई सुरक्षित बनाउन

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
				मद्दत पुग्ने।
२२	२८ (१)	निकासी वा पैठारी गर्ने वस्तु भन्सारमा घोषणा गर्ने व्यवस्था तोक्न ।	निकासी वा पैठारी गर्ने वस्तु भन्सारमा घोषणा गर्ने व्यवस्था नियमावलीमा तोकिने।	निकासी वा पैठारी गर्ने वस्तु भन्सारमा कसरी घोषणा गर्ने भन्ने व्यवस्था नियमावलीमा तोकिने भएकोले सबै भन्सार कार्यालयमा वस्तुको घोषणा गर्ने कार्यमा एकरुपता कायम हुने र घोषणा गर्ने कार्य सहज एवं व्यवस्थित हुने।
२३	२८ (२)	भन्सारबाट निकासी वा पैठारी गरिने वस्तुको विवरण भर्नको लागि भर्नुपर्ने फारम (प्रज्ञापनपत्र)	भन्सारबाट निकासी वा पैठारी गरिने वस्तुको विवरण भर्नको लागि भर्नुपर्ने फारम (प्रज्ञापनपत्र)को ढाँचा	भन्सारमा वस्तुको विवरण खुलाई घोषणा गर्नको लागि संयुक्त राष्ट्र संघद्वारा गरिएको सिफारिशमा आधारित निश्चित फारम

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		को ढाँचा तोक्न।	नियमावलीमा तोकिने।	(प्रज्ञापनपत्र)को ढाँचा नियमावलीमा तोकिने भएकोले यसले वस्तुको घोषणा गर्न, राजस्व असुल गर्न र भन्सारको तथ्यांक व्यवस्थित गर्ने कार्यमा एकरुपता कायम गर्न सहज हुने।
२४	२८ (४)	भन्सारमा वस्तुको प्रज्ञापनपत्र एवं घोषणाकासाथ संलग्न गर्नुपर्ने वा भन्सार अधिकृतले माग गर्न	भन्सारमा वस्तुको प्रज्ञापनपत्र एवं घोषणाका साथ संलग्न गर्नुपर्ने वा भन्सार अधिकृतले माग गर्न सक्ने कागजात नियमावलीमा	निकासी वा पैठारी गर्दा भन्सारमा पेश गर्नुपर्ने कागजातहरु नियमावलीमा तोकिने भएकोले निकासी वा पैठारीकर्तालाई पूर्व जानकारी हुने, यसले भन्सार अधिकृतको स्वविवेकीय

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		सक्ने कागजात तोक्न।	तोकिने।	अधिकारको कटौती गर्ने र सवै भन्सार कार्यालयमा पेश गर्नुपर्ने कागजातमा एकरुपता कायम हुने भएकोले जाँचपास प्रक्रिया व्यवस्थित र पारदर्शी हुने।
२५	२८ (८)	वस्तु घोषणा गर्दा घोषणाका साथ कुनै कागजात पेश गर्न नसक्ने भएमा भन्सार अधिकृतले पछि पेश गर्न अनुमति दिन सक्ने कागजात तोक्न।	वस्तु घोषणा गर्दा घोषणाका साथ पेश गर्न नसक्ने भएमा भन्सार अधिकृतले पछि पेश गर्न अनुमति दिन सक्ने कागजात नियमावलीमा तोकिने।	भन्सारमा वस्तु घोषणा गर्दा के कस्ता कागजातहरुलाई पछि पेश गर्न अनुमति दिन सकिने हो त्यस्ता कागजात नियमावलीमा तोकिने भएकोले जाँचपासको कार्य सम्पादन पारदर्शी, सहज र छिटो हुने।

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
२६	२८ (१०)	वस्तुको पूर्ण घोषणाको लागि लिइएको नगद धरौटी वा बैंक जमानत फुकुवा गर्ने व्यवस्था तोक्न।	वस्तुको पूर्ण घोषणाको लागि लिइएको नगद धरौटी वा बैंक जमानत फुकुवा गर्ने व्यवस्था नियमावलीमा तोकिने।	कुनै वस्तुको भन्सारमा अपूर्ण घोषणा गर्न अनुमति दिंदा त्यस्ता वस्तुको पूर्ण घोषणा गराउनको लागि लिइएको धरौटी वा बैंक जमानत त्यस्तो वस्तुको पूर्ण घोषणा गरेपछि फुकुवा गर्ने अवधि र व्यवस्था नियमावलीमा तोकिने भएकोले समयमै धरौटी रकम फिर्ता दिन वा बैंक जमानत फुकुवा गर्न सहज हुने।
२७	२८ (१३)	घोषणाकर्ताले वस्तु घोषणा गर्दा कुन प्रक्रिया	घोषणाकर्ताले वस्तु घोषणा गर्दा खुलाउनु पर्ने प्रक्रिया	वस्तु जाँचपासको लागि घोषणा गर्दा त्यस्तो वस्तु महसुल तिरी स्थायी रुपमा

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		अन्तर्गत जाँचपास गराउने हो घोषणा गर्दा खुलाउनु पर्ने प्रक्रिया तोक्न ।	नियमावलीमा तोकिने।	पैठारी गरिने हो वा धरौटी वा बैंक जमानतमा पैठारी गरिने हो वा पछि फिर्ता लैजाने गरी अस्थायी पैठारी गरिने हो जस्ता जाँचपासमा प्रयोग गरिने प्रक्रिया नियमावलीमा तोकिने भएकोले वस्तुको जाँचपास तथा महसुल संकलनमा सहज हुने।
२८	२८ (१५)	भन्सार वेयरहाउसमा वस्तु राख्नको लागि घोषणा गर्ने व्यवस्था तोक्न।	भन्सार वेयरहाउसमा वस्तु राख्नको लागि घोषणा गर्ने व्यवस्था नियमावलीमा तोकिने।	भन्सार कार्यालयमा वस्तु आइपुगेपछि तत्काल जाँचपास गराई नलगी भन्सार वेयरहाउसमा राख्न चाहने वस्तुधनीले सोही अनुसार घोषणा

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
				गर्ने गरी घोषणा गर्ने व्यवस्था र फारामको ढाँचा समेत नियमावलीमा तोकिने भएकोले भन्सार वेयरहाउसमा वस्तु राख्ने व्यवस्था सहज र व्यवस्थित हुने।
२९	२८ (१७)	सामान्य प्रक्रियाबाट पैठारी गरिने वस्तुभन्दा पाइपलाइन को माध्यमबाट पैठारी गरिने पेट्रोलियम पदार्थको घोषणा गर्ने प्रक्रिया	पाइपलाइनबाट पैठारी गरिने पेट्रोलियम पदार्थको घोषणा गर्ने व्यवस्था नियमावलीमा तोकिने।	पाइपलाइनबाट पैठारी गरिने पेट्रोलियम पदार्थ भन्सार कार्यालयमा नल्याइने र सिधै डिपोमा जाने भएकोले त्यसको लागि घोषणा गर्ने प्रक्रिया छुट्टै तोकिने भएकोले त्यस्तो वस्तुको भन्सारमा घोषणा गर्न सहज र

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		फरक गर्नु पर्ने भएकोले त्यस्तो व्यवस्था तोक्न।		व्यवस्थित हुने।
३०	३० (१)	छिटो बिग्रने प्रकृतिका वस्तु शीघ्र जाँचपास गर्ने व्यवस्था तोक्न।	छिटो बिग्रने प्रकृतिका वस्तु शीघ्र जाँचपास गर्ने व्यवस्था नियमावलीमा तोकिने ।	ताजा तरकारी, फलफूल, जीवित जनावर, माछा मासु तथा निश्चित तापक्रममा राख्नु पर्ने औषधि जस्ता वस्तु पैठारी हुँदा खराव हुन नपाउने गरी प्राथमिकता दिई छिटो जाँचपास गर्ने गरी प्रक्रिया तोकिने भएकोले त्यस्ता वस्तु खराब हुन नपाउने र जाँचपास सहज हुने।
३१	३१ (६)	वस्तुको प्रयोगशाला	वस्तुको प्रयोगशाला	प्रयोगशालाको परीक्षण प्रतिवेदन

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		परीक्षण प्रतिवेदन वा सम्बन्धित विशेषज्ञको राय प्राप्त नहुँदै जाँचपास गर्दा पालन गर्नुपर्ने शर्त तोक्न।	परीक्षण प्रतिवेदन वा सम्बन्धित विशेषज्ञको राय प्राप्त नहुँदै जाँचपास गर्दा पालन गर्नुपर्ने शर्तहरु नियमावलीमा तोकिने।	प्राप्त गर्न लामो समय लाग्न सक्ने वस्तुको नमूना लिइ परिक्षणमा पठाई प्रयोगशाला परीक्षणको प्रतिवेदन वा विशेषज्ञको अनुकूल राय प्राप्त भएमा मात्र बिक्री वा प्रयोग गर्न पाउने गरी जाँचपास गरी पठाउदा पैठारीकर्ताले पालन गर्नु पर्ने शर्त तोकिने भएकोले त्यस्तो वस्तु प्रयोगशालाको परीक्षण प्राप्त नभएसम्म सुरक्षित रहने र भन्सारमा वस्तु रोकिराख्न नपर्ने हुंदा जाँचपासको

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
				काम सहज र छिटो हुने।
३२	३१ (७)	जोखिम विश्लेषणका आधारमा वस्तु जाँचपास सम्बन्धी अन्य व्यवस्था तोक्न।	जोखिम विश्लेषणका आधारमा वस्तु जाँचपास सम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोकिने।	निकासी वा पैठारी गरिने वस्तुको जोखिम विश्लेषणको आधार के हुने, जोखिमका प्रोफाइलहरु कसले कसरी तयार गर्ने, जोखिमका प्रोफाइलहरु कति अवधिमा कसले अध्यावधिक गर्ने भन्ने जस्ता व्यवस्थाहरु नियमावलीमा तोकिने भएकोले जोखिम विश्लेषणका आधारमा वस्तु जाँचपास गर्ने व्यवस्था सुरक्षित, स्पष्ट, सहज र व्यवस्थित हुने।

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्र्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
३३	३१ (८)	पाइपलाइनबाट पैठारी गरिने पेट्रोलियम पदार्थको जाँचपास प्रक्रिया तोक्न।	पाइपलाइनबाट पैठारी गरिने पेट्रोलियम पदार्थको जाँचपास प्रक्रिया नियमावलीमा तोकिने।	पाइपलाइनबाट पैठारी हुने पेट्रोलियम पदार्थ भन्सार कार्यालयमा नल्याइने भएकोले त्यसलाई निश्चित कागजातको आधारमा जाँचपास गर्ने गरी नियमावलीमा प्रक्रिया तोकिने भएकोले त्यस्ता वस्तुको जाँचपास सहज र व्यवस्थित हुने।
३४	३३ (५)	वस्तुको नमूना झिक्दा पालन गर्नुपर्ने शर्त तोक्न।	वस्तुको नमूना झिक्दा पालन गर्नुपर्ने शर्त नियमावलीमा तोकिने।	वस्तुको नमूना झिक्दा त्यस्तो वस्तुको सुरक्षालाई ध्यान दिने र जिम्मेवार व्यक्तिको रोहबरमा झिक्नपर्ने गरी शर्त तोकिने

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
				भएकोले त्यस्तो वस्तु सुरक्षित हुने।
३५	३३ (७)	प्रयोगशाला परीक्षण गर्दा गुणस्तरहीन देखिएको र फिर्ता नलगेको वस्तुको फरफारकको लागि त्यस्ता वस्तु सडाउने वा नष्ट गर्ने प्रक्रिया तोक्न।	प्रयोगशाला परीक्षण गर्दा गुणस्तरहीन देखिएको र फिर्ता नलगेको वस्तु सडाउने वा नष्ट गर्ने प्रक्रिया नियमावलीमा तोकिने।	गुणस्तरहीन देखिएको र फिर्ता नलगेको वस्तुलाई भन्सार कार्यालयले सडाउने, गलाउने वा नष्ट गरी फरफारक गर्ने प्रक्रिया नियमावलीमा तोकिने भएकोले त्यस्ता वस्तु भन्सार कार्यालयबाट व्यवस्थित रुपमा हटाई फरफारक गर्न सहज हुने।
३६	३४ (१)	पैठारी गरेको वा निकासी गर्ने वस्तु भन्सार क्षेत्रभन्दा बाहिर वा	पैठारी गरेको वा निकासी गर्ने वस्तु भन्सार क्षेत्रभन्दा बाहिर वा त्यस्तो वस्तुको	कुनै पैठारीकर्ता वा निकासीकर्ताले कुनै वस्तु भन्सार कार्यालयको सट्टा त्यस्तो वस्तुको उत्पादनस्थल वा

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्र्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		त्यस्तो वस्तुको उत्पादनस्थल वा गोदाममा गई जाँच गराउन निवेदन दिँदा पेश गर्नुपर्ने कागजात तोक्न।	उत्पादनस्थल वा गोदाममा गई जाँच गराउन निवेदन दिँदा पेश गर्नुपर्ने कागजातहरु नियमावलीमा तोकिने।	गोदाममा जाँच गराउने सुविधा लिनको लागि पेश गर्नुपर्ने कागजातहरु नियमावलीमा तोकिने भएकोले निकासी वा पैठारी कर्तालाई त्यस्तो सुविधा लिन सहज हुने र भन्सार कार्यालयको कार्य पनि पारदर्शी र व्यवस्थित हुने।
३७	३४ (२)	पैठारी गरेको वा निकासी गर्ने वस्तु भन्सार क्षेत्रभन्दा बाहिर वा त्यस्तो वस्तुको उत्पादनस्थल	पैठारी गरेको वा निकासी गर्ने वस्तु भन्सार क्षेत्रभन्दा बाहिर वा त्यस्तो वस्तुको उत्पादनस्थल वा गोदाममा जाँच गराउँदा तिर्नुपर्ने	भन्सार क्षेत्र भन्दा बाहिरको स्थानमा भन्सार कार्यालयका कर्मचारी खटिई गई सेवा प्रदान गरे बापत निकासी वा पैठारीकर्ताले तिर्नुपर्ने शुल्क वा व्यहोर्नुपर्ने रकम नियमावलीमा

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		वा गोदाममा जाँच गराउँदा तिर्नुपर्ने शुल्क तोक्न।	शुल्क नियमावलीमा तोकिने।	स्पष्ट तोकिने भएकोले पारदर्शी हुने र निकासी वा पैठारीकर्तालाई त्यस्तो सुविधा लिन सहज हुने। लाग्ने भनभन्सार क्षेत्र बाहिर गई बाट प्रदान गरिने सेवाको आधारमा शुल्क तोकिने भएकोले जाँचपासमा लाग्ने शुल्क पारदर्शी हुने।
३८	३४ (५)	सम्बन्धित स्थानमा गई वस्तु जाँच गर्ने सम्बन्धी अन्य व्यवस्था तोक्न।	सम्बन्धित स्थानमा गई वस्तु जाँच गर्ने सम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोकिने।	सम्बन्धित स्थानमा गई वस्तु जाँच गर्दा अपनाउनु पर्ने प्रकिया, त्यस्तो वस्तु जाँच नगरी सम्बनधित स्थानसम्म लैजान दिंदा अपनाउनु पर्ने

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्र्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
				सुरक्षाका उपायहरु जस्ता कुराहरु नियमावलीमा तोकिने भएकोले सम्बन्धित स्थानमा गई जाँच गर्ने कार्य सहज र पारदर्शी हुने।
३९	३५ (१)	अधिकृत व्यावसायिक व्यक्ति सूचिकृत गर्ने मिति र आधार तोक्न।	अधिकृत व्यावसायिक व्यक्ति सूचिकृत गर्ने मिति र आधार नियमावलीमा तोकिने।	अधिकृत व्यावसायिक व्यक्तिमा सूचिकृत हुनको लागि आवश्यक पर्ने आधार(क्राइटेरिया) र लागू हुने मिति नियमावलीमा तोकिने भएकोले सूचिकृत गर्ने कार्य पारदर्शी र व्यवस्थित हुने।
४०	३५ (२)	अधिकृत व्यावसायिक व्यक्तिलाई	अधिकृत व्यावसायिक व्यक्तिलाई	कुनै व्यक्ति अधिकृत व्यावसायिक व्यक्तिको रुपमा

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		प्रदान गर्ने सुविधा तोक्न।	प्रदान गर्ने सुविधा नियमावलीमा तोकिने।	सूचीकृत भएपछि निजले प्राप्त गर्न सक्ने वा निजलाई प्रदान गर्न सकिने सुविधा नियमावलीमा तोकिने भएकोले यस्तो सुविधा पारदर्शी हुने र कार्यान्वयन गर्न सहज हुने।
४१	३६ (१)	भन्सारबाट जाँचपास भएका वस्तु ढुवानी गर्न सक्ने साधन तोक्न।	भन्सारबाट जाँचपास भएका वस्तु ढुवानी गर्न सक्ने साधन नियमावलीमा तोकिने।	भन्सारबाट जाँचपास भएका वस्तु सुरक्षित रुपमा गन्तव्यसम्म पुग्ने गरी व्यवस्था गर्नको लागि त्यस्ता वस्तु ढुवानी गर्ने साधन सुरक्षित र निश्चित मापदण्डमा निर्माण भएका हुनुपर्ने गरी नियमावलीमा तोकिने भएकोले

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
				वस्तुको ढुवानी सुरक्षित हुने।
४२	३६ (३)	भन्सार कार्यालयबाट जाँचपास भएको वस्तु ढुवानी गर्ने साधन अग्रिम रूपमा कार्यालयमा अभिलेखीकरण गर्ने व्यवस्था तोक्न।	भन्सार कार्यालयबाट जाँचपास भएको वस्तु ढुवानी गर्ने साधन अग्रिम रूपमा कार्यालयमा अभिलेखीकरण गर्ने व्यवस्था नियमावलीमा तोकिने।	भन्सार कार्यालयबाट जाँचपास भएको वस्तुको ढुवानी भन्सार कार्यालयमा अभिलेखन भएको ढुवानी साधनलेमात्र गर्न पाउने व्यवस्था नियमावलीमा गरिने भएकोले त्यस्ता वस्तुको नियमन गर्न र चोरी पैठारी वा चोरी निकासी नियन्त्रण गर्न सहयोग पुग्ने।
४३	३८ (२)	निकासी भएको कुनै वस्तु पुनः पैठारी भएकोमा	निकासी भएको कुनै वस्तु पुनः पैठारी भएकोमा निकासी गर्दा तिरेको महसुल	निकासी भएको कुनै वस्तु पुनः पैठारी भएकोमा निकासी गर्दा तिरेको महसुल फिर्ता लिनको लागि

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		निकासी गर्दा तिरेको महसुल फिर्ता दिने प्रक्रिया तोक्न।	फिर्ता दिने प्रक्रिया नियमावलीमा तोकिने।	निवेदन दिने अवधि र प्रक्रिया, पेश गर्नुपर्ने कागजातहरु नियमावलीमा तोकिने भएकोले समयमै महसुल फिर्ता दिन सहज हुने।
४४	३९ (१)	पैठारी भएको वस्तु पुनः निकासी गर्दा पैठारी गर्दा तिरेको महसुल फिर्ता दिने प्रक्रिया तोक्न।	पैठारी भएको वस्तु पुनः निकासी गर्दा पैठारी गर्दा तिरेको महसुल फिर्ता दिने प्रक्रिया नियमावलीमा तोकिने।	पैठारी भएको कुनै वस्तु पुनः निकासी भएकोमा पैठारी गर्दा तिरेको महसुल फिर्ता लिनको लागि निवेदन दिने अवधि र प्रक्रिया, पेश गर्नुपर्ने कागजातहरु नियमावलीमा तोकिने भएकोले समयमै महसुल फिर्ता दिन सहज हुने।
४५	४० (१)	कुनै वस्तु अस्थायी	अस्थायी पैठारी गर्दा धरौटी वा	वस्तुको अस्थायी पैठारी गर्दा के

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		पैठारी गर्दा नगद धरौटी वा बैङ्क जमानत लिने व्यवस्था, अस्थायी पैठारी गर्ने प्रक्रिया र पालन गर्नु पर्ने शर्त तोक्न।	बैङ्क जमानत लिने व्यवस्था, अस्थायी पैठारी गर्ने प्रक्रिया र पालन गर्नु पर्ने शर्त नियमावलीमा तोकिने।	कस्तो वस्तुको लागि के कति रकमको नगद धरौटी वा बैंक जमानत राख्नु पर्ने हो,अस्थायी पैठारीको प्रक्रिया के हुने हो, अस्थायी पैठारी गर्नेले के कस्ता शर्तहरु पालन गर्नु पर्ने हो भन्ने कुराहरु नियमावलीमा तोकिने भएकोले अस्थायी पैठारीको कार्य सरल, पारदर्शी र नियमन गर्न सहज हुने।
४६	४० (३)	अस्थायी पैठारी गरेको वस्तु निकासी गर्ने व्यवस्था र महसुल	अस्थायी पैठारी गरेको वस्तु निकासी गर्ने व्यवस्था र महसुल फिर्ता	अस्थायी पैठारी गरेको वस्तु कति अवधिमा कुन प्रक्रियाद्वारा निकासी गर्नु पर्ने हो, महसुल

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		फिर्ता दिने प्रक्रिया तोक्न।	दिने प्रक्रिया नियमावलीमा तोकिने।	फिर्ता दिंदा के कस्तो प्रक्रिया अपनाउनु पर्ने हो भन्ने जस्ता कुराहरु नियमावलीमा तोकिने भएकोले महसुल फिर्ता दिने कार्य व्यवस्थित र निकासी प्रक्रिया सहज हुने।
४७	४० (४)	अस्थायी पैठारी सम्बन्धी अन्य व्यवस्था तोक्न ।	अस्थायी पैठारी सम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोकिने।	के कस्ता वस्तुलाई नेपालमा के कति अवधिको लागि अस्थायी पैठारी गर्न दिने, अस्थायी पैठारी गरिएको वस्तुको विचलन गरेमा लाग्ने महसुल वा जरिवाना के कसरी असुल गर्ने जस्ता आवश्यक प्रक्रियात्मक कुराहरु नियमावलीमा तोकिने

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
				भएकोले अस्थायी पैठारी सम्बन्धी व्यवस्था सहज, सुरक्षित र व्यवस्थित हुने।
४८	४१ (१)	कुनै वस्तुको कच्चा पदार्थ प्रशोधन वा सोबाट कुनै वस्तु उत्पादन वा निर्माण गर्नको लागि वा कुनै वस्तु मर्मतको लागि निकासी गर्दा लिइने नगद धरौटी वा बैङ्क जमानत सम्बन्धी	कुनै वस्तुको कच्चा पदार्थ प्रशोधन वा सोबाट कुनै वस्तु उत्पादन वा निर्माण गर्नको लागि वा कुनै वस्तु मर्मतको लागि निकासी गर्दा लिइने नगद धरौटी वा बैङ्क जमानत सम्बन्धी प्रक्रिया एवं शर्त नियमावलीमा	कुनै वस्तुको कच्चा पदार्थ प्रशोधन वा सोबाट कुनै वस्तु उत्पादन वा निर्माण गर्नको लागि वा कुनै वस्तु मर्मतको लागि निकासी गर्दा लिइने नगद धरौटी वा बैङ्क जमानत सम्बन्धी प्रक्रिया र पालन गर्नुपर्ने शर्तहरु नियमावलीमा तोकिने भएकोले त्यस्तो वस्तुको अस्थायी निकासी गर्ने कार्य सहज, सुरक्षित र

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		प्रक्रिया एवं शर्त तोक्न ।	तोकिने।	व्यवस्थित हुने भई कार्यान्वयन गर्न सजिलो हुने ।
४९	४१ (२)	अस्थायी निकासी गरिएको वस्तु पुनः पैठारी गर्नु पर्ने अवधि तोक्न।	अस्थायी निकासी गरिएको वस्तु पुनः पैठारी गर्नु पर्ने अवधि नियमावलीमा तोकिने।	अस्थायी निकासी गरिएको वस्तु पुनः पैठारी गर्नु पर्ने अवधि नियमावलीमा तोकिने भएकोले त्यसरी निकासी गरिएको वस्तु तोकिएको समयमै फिर्ता हुने त्यस्तो वस्तुको नियमन गर्न समेत सहज हुने।
५०	४१ (३) (ख)	अस्थायी निकासी गरिएको चेसिस फिर्ता ल्याउने अवधि	अस्थायी निकासी गरिएको चेसिस फिर्ता ल्याउने अवधि नियमावलीमा तोकिने।	सवारी साधनको बडी बनाउनको लागि निकासी गरिएको चेसिस समयमै फिर्ता आउने र तोकिएको समयावधिमा फिर्ता

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		तोक्न।		नगरेमा कारबाई गर्न सहज हुने।
५१	४१ (३) (घ)	हवाईजहाज वा हेलिकोप्टर का इञ्जिन मर्मत गरी फिर्ता ल्याउने अवधि तोक्न।	हवाईजहाज वा हेलिकोप्टरका इञ्जिन मर्मत गरी फिर्ता ल्याउने अवधि नियमावलीमा तोकिने।	मर्मत गर्न लगेको हवाईजहाज वा हेलिकोप्टरका इञ्जिन तोकिएको अवधिभित्र मर्मत गरी फिर्ता ल्याउने व्यवस्था कार्यान्वयन गर्न सहज हुने।
५२	४१ (३) (ङ)	अन्य वस्तु मर्मत वा अन्य कुनै कार्य गरी फिर्ता ल्याउने प्रक्रिया तोक्न।	अन्य वस्तु मर्मत वा अन्य कुनै कार्य गरी फिर्ता ल्याउने प्रक्रिया नियमावलीमा तोकिने।	कुनै वस्तु मर्मत वा अन्य कुनै कार्य गर्नको लागि निकासी गरेको कुनै वस्तु फिर्ता ल्याउने प्रक्रिया नियमावलीमा तोकिने भएकोले त्यस्तो वस्तु फिर्ता गर्ने कार्य सहज र व्यवस्थित हुने।
५३	४१	अस्थायी	अस्थायी निकासी	विभिन्न उद्देश्यको

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
	(४)	निकासी गरेको वस्तु फिर्ता ल्याउने प्रक्रिया तोक्न।	गरेको वस्तु फिर्ता ल्याउने प्रक्रिया नियमावलीमा तोकिने।	लागि अस्थायी निकासी गरेको वस्तु फिर्ता ल्याउने अवधि र प्रक्रिया नियमावलीमा तोकिने भएकोले कार्यान्वयन र अनुगमन गर्न सहज हुने।
५४	४१ (५)	वस्तुको अस्थायी निकासी सम्बन्धी अन्य व्यवस्था तोक्न।	वस्तुको अस्थायी निकासी सम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोकिने।	के कस्ता वस्तुहरु के कुन उद्देश्को लागि के कति अवधिसम्ममा फिर्ता ल्याउनु पर्ने गरी के कस्तो शर्तमा अस्थायी निकासी गर्न दिने भन्ने कुराहरु नियमावलीमा तोकिने भएकोले वस्तुको अस्थायी निकासी सम्बन्धी व्यवस्था सहज र पारदर्शी

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
				हुने।
५५	४२ (१)	पैठारी भएका वस्तुको भन्सार मूल्य निर्धारण गर्ने व्यवस्था विश्व व्यापार सङ्गठनको भन्सार महसुल तथा व्यापार सम्बन्धी सामान्य सम्झौता, १९९४ को धारा ७ कार्यान्वयन गर्नको लागि सम्पन्न भएको सम्झौता	पैठारी भएका वस्तुको भन्सार मूल्य निर्धारण गर्ने व्यवस्था विश्व व्यापार सङ्गठनको भन्सार महसुल तथा व्यापार सम्बन्धी सामान्य सम्झौता (जनरल एग्रिमेन्ट अन टेरिफ्स एण्ड ट्रेड), १९९४ को धारा ७ कार्यान्वयन गर्नको लागि सम्पन्न भएको सम्झौता अनुसार	पैठारी भएका वस्तुको भन्सार मूल्य नेपाल समेत सदस्य रहेको विश्व व्यापार सङ्गठनको भन्सार महसुल तथा व्यापार सम्बन्धी सामान्य सम्झौता (जनरल एग्रिमेन्ट अन टेरिफ्स एण्ड ट्रेड), १९९४ को धारा ७ कार्यान्वयन गर्नको लागि सम्पन्न भएको सम्झौतामा उल्लिखित नियमहरुअनुसार निर्धारण गर्ने व्यवस्था नियमावलीमा गरिने भएकोले पैठारी हुने

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		अनुसारको व्यवस्था तोक्न।	को व्यवस्था नियमावलीमा तोकिने।	वस्तुको भन्सार मूल्याङ्कन गर्ने व्यवस्था वैज्ञानिक, सहज र पारदर्शी हुने।
५६	४२ (४)	पैठारी भएका वस्तुको भन्सार मूल्य घोषणा गर्ने र भन्सार मूल्य निर्धारण सम्बन्धी अन्य व्यवस्था तोक्न।	पैठारी भएका वस्तुको भन्सार मूल्य घोषणा गर्ने र भन्सार मूल्य निर्धारण सम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोकिने।	पैठारी भएका वस्तुको भन्सार मूल्य घोषणा गर्ने प्रक्रिया, पेश गर्नुपर्ने कागजातहरु, घोषणा गरेको मूल्य अस्वीकार हुन सक्ने अवस्था, पुराना वस्तुको मूल्याङ्कन गर्ने प्रकिया जस्ता भन्सार मूल्याङ्कनसंग सम्बन्धित अन्य कुराहरु नियमावलीमा विस्तृत रुपमा तोकिने भएकोले भन्सार

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
				मूल्य निर्धारण सम्बन्धी कार्य पारदर्शी, व्यवस्थित र सहज हुने।
५७	४४ (४)	भन्सारमा घोषणा गरेको मूल्य भन्सार अधिकृतले निर्धारण गरेको भन्सार मूल्यभन्दा अस्वाभाविक रूपले न्यून भएको अवस्थामा त्यसरी घोषणा गरेको मूल्यमा भन्सार	अस्वाभाविक रूपले न्यूनविजकीकरण गरिएको वस्तु घोषणा गरेको मूल्यमा भन्सार अधिकृतले खरिद गर्ने, न्यून विजकीकरण गरेको रकम असुल गर्ने र घोषणा गरिएको मूल्य भुक्तानी गर्ने व्यवस्था र प्रक्रिया भन्सार नियमावलीमा	अस्वाभाविक रूपले न्यूनविजकीकरण गरिएको वस्तु घोषणा गरेको मूल्यमा भन्सार अधिकृतले खरिद गर्ने, न्यून विजकीकरण गरेको रकम असुल गर्ने र घोषणा गरिएको मूल्य भुक्तानी गर्ने व्यवस्था र प्रक्रिया भन्सार नियमावलीमा तोकिने भएकोले न्यूनविजकीकरण गरिएको वस्तु खरिद गर्ने व्यवस्था सहज

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		अधिकृतले त्यस्तो वस्तु खरिद गर्न सक्ने व्यवस्था तोक्न।	तोकिने।	एवं पारदर्शी हुने र भन्सारमा न्यूनविजकीकरण गर्ने कार्य निरुत्साहित हुने।
५८	४९ (३)	बुझाउन पर्ने महसुल, व्याज वा जरिवाना बुझाउन बैङ्क तोक्न।	बुझाउन पर्ने महसुल, व्याज वा जरिवाना बुझाउन नियमावलीमा बैङ्क तोकिने।	बुझाउन पर्ने महसुल, व्याज वा जरिवाना बुझाउन नियमावलीमा बैङ्क तोकिने भएकोले सम्बन्धित व्यक्तिलाई महसुल, व्याज वा जरिवाना बुझाउन सहज हुने।
५९	४९ (४)	महसुल दाखिला नगरेमा भन्सार अधिकृतले	महसुल दाखिला नगरेमा भन्सार अधिकृतले वस्तु जफत गरी सो वस्तुको लिलाम	महसुल दाखिला नगरेमा भन्सार अधिकृतले वस्तु जफत गरी सो वस्तुको लिलाम

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		वस्तु जफत गरी सो वस्तुको लिलाम बिक्रीबाट प्राप्त हुने रकमबाट महसुल असुल गर्ने व्यवस्था तोक्न।	बिक्रीबाट प्राप्त हुने रकमबाट महसुल असुल गर्ने व्यवस्था नियमावलीमा तोकिने।	बिक्रीबाट प्राप्त हुने रकमबाट महसुल असुल गर्ने व्यवस्था नियमावलीमा तोकिने भएकोले त्यस्तो वस्तु जफत गर्न, मूल्याङ्कन गर्न र लिलाम बिक्री गर्न सहज हुने भई समयमै राजस्व असुल हुने।
६०	५० (३)	पाइपलाइनबाट पैठारी गरिने पेट्रोलियम पदार्थको महसुल बुझाउने व्यवस्था तोक्न।	पाइपलाइनबाट पैठारी गरिने पेट्रोलियम पदार्थको महसुल बुझाउने छुट्टै व्यवस्था नियमावलीमा तोकिने।	पाइपलाइनबाट पैठारी गरिने पेट्रोलियम पदार्थको महसुल बुझाउने छुट्टै प्रक्रिया नियमावलीमा तोकिने भएकोले त्यस्ता वस्तुको महसुल बुझाउन सहज हुने।
६१	५१	घोषणा	घोषणा संशोधन	राजस्वमा नगण्य

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		संशोधन गर्दा फरक परेको महसुल असुल नगरिने न्यूनतम रकमको सीमा तोक्न।	गर्दा फरक परेको महसुल असुल नगरिने न्यूनतम सकमको सीमा नियमावलीमा तोकिने।	प्रभाव पर्ने सानो तिनो महसुल रकम असुल गर्न नपर्ने भएकोले जाँचपासमा सहज हुने।
६२	५३ (२)	असुल गर्न नपर्ने रकमको सीमा तोक्न।	राजस्वमा असुल गर्न नपर्ने नगण्य रकमको सीमा नियमावलीमा तोकिने।	राजस्वमा खासै असर नपर्ने गरी असुल गर्न नपर्ने नगण्य रकमको सीमा नियमावलीमा तोकिने भएकोले समय र प्रशासनिक लागतको वचत हुने।
६३	५३ (४)	महसुल असुल गर्नको लागि अन्य भन्सार	महसुल असुल गर्नको लागि अन्य भन्सार कार्यालयमा	महसुल असुल गर्नको लागि अन्य भन्सार कार्यालयमा भएको वस्तु जफत गर्ने,

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		कार्यालयमा भएको वस्तु लिलाम बिक्री गर्ने व्यवस्था तोक्न।	भएको वस्तु जफत गर्ने, त्यस्ता वस्तुको मूल्याङ्कन गर्ने र लिलाम बिक्री गर्ने व्यवस्था नियमावलीमा तोकिने।	त्यस्ता वस्तुको मूल्याङ्कन गर्ने र लिलाम बिक्री गर्ने व्यवस्था नियमावलीमा तोकिने भएकोले समयमै महसुल असुल गर्न सकिने।
६४	५५ (२)	यात्रुले विदेशबाट नेपाल आउँदा आफ्नो साथमा ल्याएका महसुल लाग्ने वस्तु घोषणा गर्ने व्यवस्था तोक्न।	यात्रुले विदेशबाट नेपाल आउँदा आफ्नो साथमा ल्याएका महसुल लाग्ने वस्तु घोषणा गर्ने सरलीकृत व्यवस्था नियमावलीमा तोकिने।	यात्रुले विदेशबाट नेपाल आउँदा आफ्नो साथमा ल्याएका महसुल लाग्ने वस्तु घोषणा गर्ने सरलीकृत व्यवस्था नियमावलीमा तोकिने भएकोले यात्रुले आफ्ना साथमा ल्याएका वस्तुको भन्सार जाँचपास प्रक्रिया

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
				शीघ्र, सहज र पारदर्शी हुने।
६५	६७	भन्सार क्षेत्र वा भन्सार वेयरहाउसबाट वस्तु छुटाउनु पर्ने अवधि तोक्न।	भन्सार क्षेत्र वा भन्सार वेयरहाउसबाट वस्तु छुटाउनु पर्ने अवधि नियमावलीमा तोकिने।	पैठारी गरिएको वा निकासी गर्नको लागि भन्सार क्षेत्र वा वेयर हाउसबाट राखिएको वस्तु समयमै जाँचपास हुने, भन्सार वेयरहाउसलाई चाप नपर्ने र समयमै राजस्व असुल हुने।
६६	७२ (३)	भन्सार वेयरहाउसमा राख्न सकिने वस्तुको परिमाण तथा अवधि तोक्न।	भन्सार वेयरहाउसमा राख्न सकिने वस्तुको परिमाण तथा अवधि नियमावलीमा तोकिने।	भन्सार वेयरहाउसमा के कति अवधिसम्म के कति परिमाणमा वस्तु राख्ने पाइने हो भन्ने कुरा नियमावलीमा तोकिने भएकोले लामो समयसम्म ठूलो परिमाणमा वस्तु वेयरहाउसमा नरहने

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
				हुँदा त्यस्ता वस्तु समयमै जाँचपास भई राजस्व प्राप्त हुने।
६७	७२ (४)	जाँचपास भएको वस्तु भन्सार वेयरहाउसमा राख्न दिंदा पालन गर्नु पर्ने शर्त तोक्न।	जाँचपास भएको वस्तु भन्सार वेयरहाउसमा राख्न दिंदा पालन गर्नु पर्ने शर्त नियमावलीमा तोकिने।	जाँचपास भएको वस्तु भन्सार वेयर हाउसमा राख्दा पालन गर्नुपर्ने शर्त नियमावलीमा तोकिने भएकोले त्यस्तो वस्तु विचलन हुन नपाउने भएकोले कार्यान्वयनमा सहज हुने।
६८	७२ (५)	प्रचलित कानून बमोजिम निजी वेयरहाउस सञ्चालनको लागि	प्रचलित कानून बमोजिम निजी वेयरहाउस सञ्चालनको लागि इजाजतपत्र लिएको व्यक्तिले	निजी वेयरहाउस सञ्चालनको लागि महानिर्देशकको स्वीकृति लिंदा दिनुपर्ने निवेदनको ढाँचा, पेश गर्नुपर्ने कागजातहरु

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		इजाजतपत्र लिएको व्यक्तिले महानिर्देशक को स्वीकृति लिने प्रक्रिया तोक्न।	महानिर्देशकको स्वीकृति लिने प्रक्रिया नियमावलीमा तोकिने।	नियमावलीमा तोकिने भएकोले स्वीकृति लिने कार्य पारदर्शी र व्यवस्थित हुने।
६९	७२ (८)	निजी वेयरहाउस सञ्चालन गर्दा पालना गर्नुपर्ने शर्त तोक्न ।	निजी वेयरहाउस सञ्चालन गर्दा वेयर हाउसमा रहेको वस्तु सुरक्षित र व्यवस्थित रुपमा राख्नको लागि पालना गर्नुपर्ने शर्त नियमावलीमा तोकिने।	निजी वेयरहाउस सञ्चालन गर्दा वेयर हाउसमा रहेको वस्तु सुरक्षित र व्यवस्थित रुपमा राख्नको लागि पालना गर्नुपर्ने शर्तहरु नियमावलीमा तोकिने भएकोले वेयरहाउसमा रहेको वस्तु सुरक्षित र व्यवस्थित हुने।
७०	७२ (११)	भन्सार वेयरहाउसको स्थापना,	भन्सार वेयरहाउसको स्थापना,	भन्सार वेयरहाउसको स्थापना, सञ्चालन, नियमन एवं

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		सञ्चालन, नियमन र व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोक्न।	सञ्चालन, नियमन र व्यवस्थापन सम्बन्धी विस्तृत व्यवस्था नियमावलीमा तोकिने।	व्यवस्थापन सम्बन्धी विस्तृत व्यवस्था नियमावलीमा तोकिने भएकोले वस्तु वेयरहाउसमा राख्ने, जाँचपास गराई लैजाने, तोकिएको समयभित्र जाँचपास गराई नलगेको वस्तु जफत गरी महसुल असुल गर्ने जस्ता कार्यहरुको कार्यान्वयन गर्न सहज हुने।
७१	७३ (२)	एउटा भन्सार वेयरहाउसमा राखिएको वस्तु अर्को भन्सार वेयरहाउसमा स्थानान्तरण	एउटा भन्सार वेयरहाउसमा राखिएको वस्तु अर्को भन्सार वेयरहाउसमा स्थानान्तरण गर्ने व्यवस्था र शर्त	एउटा भन्सार वेयरहाउसमा राखिएको वस्तु अर्को भन्सार वेयरहाउसमा स्थानान्तरण गर्नु गर्दा अपनाउनु पर्ने प्रक्रिया, पालन

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		गर्ने व्यवस्था र शर्त तोक्न।	नियमावलीमा तोकिने।	गर्नुपर्ने शर्तहरु नियमावलीमा तोकिने भएकोले आवश्यकताअनुसार कार्यान्वयन गर्न सहज र सुरक्षित हुने।
७२	७४ (२) (क)	भन्सार वेयरहाउसमा राखेको वस्तु जाँचपासको लागि घोषणा गर्ने अवधि तोक्न।	भन्सार वेयरहाउसमा राखेको वस्तु जाँचपासको लागि घोषणा गर्ने अवधि नियमावलीमा तोकिने।	भन्सार वेयरहाउसमा वस्तु राख्ने अवधि निश्चित हुने भएकोले लामो समय सम्म नरहने र समयमै महसुल असुल गर्न सकिने।
७३	७६ (२)	बण्डेड वेयरहाउस सञ्चालकले पालन गर्नुपर्ने शर्त तोक्न।	बण्डेड वेयरहाउस सञ्चालकले पालन गर्नुपर्ने शर्त नियमावलीमा	बण्डेड वेयरहाउस सञ्चालकले वेयरहाउसमा राखिएका वस्तु सुरक्षित र व्यवस्थित रुपमा राख्नु पर्ने गरी

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
			तोकिने।	नियमावलीमा शर्त तोकिने भएकोले वस्तु विचलन नहुने र नियमन गर्न सहज र कार्यान्वयन प्रभावकारी हुने।
७४	७६ (३)	बण्डेड वेयरहाउसको इजाजतपत्र तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोक्न।	बण्डेड वेयरहाउसको इजाजतपत्र तथा सञ्चालन सम्बन्धी प्रक्रियागत व्यवस्था नियमावलीमा तोकिने।	बण्डेड वेयरहाउसको इजाजतपत्र तथा सञ्चालन सम्बन्धी प्रक्रियागत व्यवस्था नियमावलीमा तोकिने भएकोले वेयरहाउस सञ्चालनको लागि स्वीकृति लिने र सञ्चालन गर्ने कार्य सहज र व्यवस्थित हुने।
७५	७७ (१)	करमुक्त पसलबाट बिक्री गर्न दिइने वस्तु	करमुक्त पसलमा बिक्री गर्न दिइने वस्तु नियमावलीमा	करमुक्त पसलमा बिक्री गर्न दिइने वस्तु नियमावलीमा तोकिने भएकोले

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		तोक्न।	तोकिने।	नियमन र सञ्चालन सहज र पारदर्शी हुने।
७६	७७ (४)	करमुक्त पसलको इजाजतपत्र तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोक्न।	करमुक्त पसलको इजाजतपत्र दिने र सञ्चालन सम्बन्धी प्रक्रियागत व्यवस्था नियमावलीमा तोकिने।	करमुक्त पसलको इजाजतपत्र दिंदा अपनाउनु पर्ने प्रक्रिया, इजाजतपत्र दिन सकिने करमुक्त पसलको संख्या, पेश गर्नुपर्ने कागजात र सञ्चालन गर्दा पालन गर्नुपर्ने प्रक्रियासम्बन्धी व्यवस्था नियमावलीमा तोकिने भएकोले इजाजतपत्र दिने व्यवस्था पारदर्शी हुने र कार्यान्यन तथा अनुगमन प्रभावकारी हुने।

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
७७	७८ (१)	वस्तुको आन्तरिक परिवहन गर्दा बाटोमा विचलन हुन नपाओस भनी पालन गर्नु पर्ने शर्तहरु तोक्न।	वस्तुको आन्तरिक परिवहन गर्दा पालन गर्नु पर्ने शर्तहरु नियमावलीमा तोकिने।	वस्तुको आन्तरिक परिवहन गर्दा राजस्व सुरक्षा हुने गरी पालन गर्नु पर्ने शर्तहरु नियमावलीमा तोकिने भएकोले वस्तुको आन्तरिक परिवहन सुरक्षित हुने, र नियमन प्रभावकारी हुने र कार्यान्वयन गर्न सहज हुने।
७८	७८ (५)	वस्तुको आन्तरिक परिवहनको लागि अनुमति दिंदा लिइएको बैंक जमानत फुकुवा गर्ने व्यवस्था	वस्तुको आन्तरिक परिवहनको लागि अनुमति दिंदा लिइएको बैंक जमानत फुकुवा गर्ने प्रक्रियागत व्यवस्था	वस्तुको आन्तरिक परिवहनको कार्य सम्पन्न भएपछि बैंक जमानत फुकुवा गर्ने प्रक्रियागत व्यवस्था नियमावली मा तोकिने भएकोले समयमै बैंक जमानत फुकुवा गर्न सहज

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		तोक्न।	नियमावलीमा तोकिने।	हुने।
७९	८०	नेपालको कुनै स्थानबाट विदेशी मुलुक हुँदै पुनः नेपालको अर्को स्थानमा वस्तु ल्याउँदा अपनाउनु पर्ने प्रक्रिया र महसुल सुविधा सम्बन्धी व्यवस्था तोक्न।	नेपालको कुनै स्थानबाट विदेशी मुलुक हुँदै पुनः नेपालको अर्को स्थानमा वस्तु ल्याउँदा अपनाउनु पर्ने प्रक्रिया,पेश गर्नुपर्ने कागजात र महसुल सुविधा सम्बन्धी व्यवस्था नियमावलीमा तोकिने।	नेपालको कुनै स्थानबाट विदेशी मुलुक हुँदै पुनः नेपालको अर्को स्थानमा वस्तु ल्याउँदा अपनाउनु पर्ने प्रक्रिया,पेश गर्नुपर्ने कागजात र महसुल सुविधा सम्बन्धी व्यवस्था नियमावलीमा तोकिने भएकोले कार्यान्वयन गर्न सहज र त्यस्ता वस्तुको सुरक्षित परिवहन गर्न मद्दत पुग्ने।
८०	८१	विदेशबाट पारवहनको लागि	विदेशबाट पारवहनको लागि नेपालको	विदेशबाट पारवहनको लागि नेपालको कुनै

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्र्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		नेपालको कुनै स्थानमा वस्तु ल्याउँदा र पुनः सोही मुलुकमा लैजाँदा अपनाउनु पर्ने प्रक्रिया र महसुल सुविधा सम्बन्धी व्यवस्था तोक्न।	कुनै स्थानमा वस्तु ल्याउँदा र पुनः सोही मुलुकमा लैजाँदा अपनाउनु पर्ने प्रक्रिया,भन्सारमा पेश गर्नु कागजात र महसुल सुविधा सम्बन्धी व्यवस्था नियमावलीमा तोकिने।	स्थानमा वस्तु ल्याउँदा र पुनः सोही मुलुकमा लैजाँदा अपनाउनु पर्ने प्रक्रिया, भन्सारमा पेश गर्नु कागजात र महसुल सुविधा सम्बन्धी व्यवस्था नियमावलीमा तोकिने भएकोले त्यस्ता वस्तुको पारवहन सुरक्षित हुने र कार्यान्वयन गर्न सहज हुने।
८१	८२ (३)	द्रुत सेवा वा कुरियर कम्पनीले हवाई मार्गबाट निकासी वा पैठारी गर्ने	द्रुत सेवा वा कुरियर कम्पनीले हवाई मार्गबाट निकासी वा पैठारी गर्ने वस्तु मध्ये	द्रुत सेवा वा कुरियर कम्पनीले हवाई मार्गबाट निकासी वा पैठारी गर्ने वस्तु मध्ये चिठीपत्र, व्यक्तिगत कागजात (डकुमेन्टस)

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		वस्तुमध्ये महसुल छुट हुने वस्तु र मूल्यको सीमा तोक्न।	चिठीपत्र, व्यक्तिगत कागजात (डकुमेन्टस) औद्योगिक नमूनाका सानातिना वस्तु र अन्य राजस्वमा असर नपर्ने वस्तुमा महसुल छुट दिने लागि को मूल्यको मूल्यको सीमा नियमावलीमा तोकिने।	औद्योगिक नमूनाका सानातिना वस्तु र अन्य राजस्वमा असर नपर्ने सानातिना वस्तुमा महसुल छुट दिनको लागि त्यस्ता वस्तु र मूल्यको सीमा नियमावलीमा तोकिने भएकोले अत्यावश्यक वस्तुको शीघ्र जाँचपास गर्न सहज हुने।
८२	८३ (३)	हुलाक मार्फत निकासी वा पैठारी हुने वस्तुमध्ये	हुलाक मार्फत निकासी वा पैठारी हुने वस्तुमध्ये भन्सार अधिकृत	हुलाक मार्फत निकासी पैठारी गरिने कागजात लगायत कममूल्यका वस्तुको जाँचपास सहज र

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		भन्सार अधिकृत समक्ष पेश गर्न नपर्ने वस्तु र मूल्यको सीमा तोक्न।	समक्ष पेश गर्न नपर्ने वस्तु र मूल्यको सीमा नियमावलीमा तोकिने।	छिटो हुने भएकोले त्यस्तो वस्तु सम्बन्धित व्यक्तिलाई समयमै हस्तान्तरण गर्न सहज हुने।
८३	८४ (१)	वस्तुको वर्गीकरण वा उत्पत्तिको सम्बन्धमा पूर्वादेश दिने व्यवस्था तोक्न।	वस्तुको वर्गीकरण वा उत्पत्तिको सम्बन्धमा पूर्वादेश दिने प्रक्रियागत व्यवस्था नियमावलीमा तोकिने।	वस्तुको वर्गीकरण वा उत्पत्तिको सम्बन्धमा वस्तु पैठारी गर्नु पूर्व पैठारी गरिने वस्तुको वर्गीकरण र उत्पत्तिको सम्बन्धमा पूर्वादेश दिने प्रक्रिया नियमावलीमा तोकिने भएकोले पैठारीकर्तालाई भन्सारमा तिर्नुपर्ने महसुलको पूर्वादेशको माध्यमबाट पूर्व

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
				जानकारी लिन र महानिर्देशकलाई पूर्वादिश जारी गर्न सहज हुने भएकोले प्रभावकारी रुपमा कार्यान्वयन गर्न मद्दत पुग्ने।
८४	८४ (२)	महानिर्देशकले वस्तुको वर्गीकरण वा उत्पत्तिको सम्बन्धमा परामर्श लिने समिति तोक्न।	महानिर्देशकले वस्तुको वर्गीकरण वा उत्पत्तिको सम्बन्धमा परामर्श लिने समिति नियमावलीमा तोकिने।	महानिर्देशकले वस्तुको वर्गीकरण वा उत्पत्तिको सम्बन्धमा परामर्श लिने समिति नियमावलीमा तोकिने भएकोले महानिर्देशकलाई कार्य सम्पादनमा सहज हुने भई पूर्वादिश दिने कार्य पारदर्शी र प्रभावकारी हुने।
८५	८४	पूर्वादिश जारी	पूर्वादिश जारी	पूर्वादिश लिने र जारी

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
	(६)	गर्ने सम्बन्धी अन्य व्यवस्था तोक्न।	गर्ने सम्बन्धी विस्तृत व्यवस्था नियमावलीमा तोकिने ।	गर्ने व्यवस्था, पूर्वादेश लिनको लागि पेश गर्नुपर्ने कागजात पूर्वादेशको मान्य अवधि, पूर्वादेश दिन अस्वीकार गर्न सक्ने अवस्था प्रक्रियात्मक व्यवस्था नियमावलीमा तोकिने भएकोले कार्यान्वयन सहज र व्यवस्थित हुने।
८६	९६ (१)	अनुसन्धान अधिकृत तोक्नुपर्ने मुद्दाको विगो तोक्न।	अनुसन्धान अधिकृत तोक्नुपर्ने मुद्दाको विगो नियमावलीमा तोकिने।	थोरै विगो हुने मुद्दाको कारबाई र निर्णय छिटो र सहज हुने।
८७	९७ (३)	जीवित जनावर वा	जीवित जनावर वा छिटो नाश	जीवित जनावर वा छिटो नाश हुन सक्ने

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्र्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		छिटो नाश हुन सक्ने वस्तु तुरुन्त लिलाम बिक्री गर्ने व्यवस्था तोक्न।	हुन सक्ने वस्तु तुरुन्त लिलाम बिक्री गर्ने व्यवस्था नियमावलीमा तोकिने।	वस्तुको लिलाम बिक्री सरल र छिटो हुने भएकोले राजस्वको सुरक्षा हुने।
८८	९९	थुनुवा पूर्जीको ढाँचा तोक्न।	थुनुवा पूर्जीको ढाँचा नियमावलीमा तोकिने।	थुनामा राख्नु पर्ने व्यक्तिलाई दिईने थुनुवा पूर्जीमा एकरुपता र व्यवस्थित हुने।
८९	१०४ (४)	कुनै अभियुक्तबाट धरौटी लिँदा तोकिएको तारिखमा उपस्थित नभएमा त्यस्तो धरौटी जफत हुने	कुनै अभियुक्तबाट धरौटी लिँदा तोकिएको तारिखमा उपस्थित नभएमा त्यस्तो धरौटी जफत हुने शर्त उल्लेख	कुनै अभियुक्तबाट धरौटी लिँदा तोकिएको तारिखमा उपस्थित नभएमा त्यस्तो धरौटी जफत हुने शर्त उल्लेख गरी गराउनु पर्ने कागजमा एकरुपता हुने र कार्य

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		शर्त उल्लेख गरी गराउनु पर्ने कागजको ढाँचा तोक्न।	गरी गराउनु पर्ने कागजको ढाँचा नियमावलीमा तोकिने।	सम्पादनमा सहज हुने।
९०	१०६ (१)	अभियुक्तको नाममा समाह्वान जारी गर्न व्यवस्था तोक्न।	अभियुक्तको नाममा समाह्वान जारी गर्ने प्रक्रियागत व्यवस्था नियमावलीमा तोकिने।	अभियुक्तको नाममा समाह्वान जारी गर्ने कार्यमा एकरुपता समाह्वान जारी गर्न सहज हुने।
९१	१०६ (२)	अभियुक्तको नाममा पक्राउ पूर्जी जारी गर्ने व्यवस्था तोक्न।	अभियुक्तको नाममा पक्राउ पूर्जी जारी गर्ने प्रक्रियागत व्यवस्था नियमावलीमा तोकिने।	अभियुक्तको नाममा पक्राउ पूर्जी जारी गर्ने कार्यमा एकरुपता र पक्राउ पूर्जी जारी गर्न सहज हुने।
९२	११०	मुद्दाको निर्णय	मुद्दाको निर्णय	मुद्दाको निर्णय को

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
	(३)	को ढाँचा र खुलाउनु पर्ने कुरा तोक्न।	को ढाँचा र खुलाउनु पर्ने कुरा नियमावलीमा तोकिने।	ढाँचामा र खुलाउनु पर्ने कुरामा एकरुपता कायम हुने र मुद्दाको निर्णय लेख्न सहज हुने।
९३	११ १	मुद्दामा भएको निर्णयको कार्यान्वयन सम्बन्धी व्यवस्था तोक्न।	मुद्दामा भएको निर्णयको कार्यान्वयन गर्ने सम्बन्धी प्रक्रियागत व्यवस्था नियमावलीमा तोकिने।	समयमै प्रभावकारी रुपले मुद्दाको निर्णय कार्यान्वयन गर्न सहज हुने।
९४	११२ (१) (ख)	जफत गरिएको वस्तु लिलाम गर्ने प्रक्रिया तोक्न।	जफत गरिएको वस्तु लिलाम गर्ने प्रक्रिया नियमावलीमा तोकिने।	जफत गरिएको वस्तुको लिलाम गर्ने कार्य सहज र पारदर्शी हुने र समयमै वस्तु लिलाम गरी राजस्व प्राप्त हुने।
९५		लिलाम बिक्री	लिलाम बिक्री	लिलाम बिक्री हुन

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
	११२ (१) (ग)	हुन नसकेको वा कुनै किसिमले प्रयोगमा ल्याउन नसकिने अवस्थाको वस्तु सडाउने वा नष्ट गर्ने व्यवस्था तोक्ने।	हुन नसकेको वा कुनै किसिमले प्रयोगमा ल्याउन नसकिने अवस्थाको वस्तु सडाउने वा नष्ट गर्ने सम्बन्धी प्रक्रियागत व्यवस्था नियमावलीमा तोकिने।	नसकेको वा कुनै किसिमले प्रयोगमा ल्याउन नसकिने अवस्थाको वस्तु सडाउन वा नष्ट गर्ने सहज हुने भई समयमै फरफारक हुने।
९६	११२ (२)	जफत भएको सुन, चाँदी, जवाहिरात वा बहुमूल्य खनिज पदार्थको लिलाम बिक्री सम्बन्धमा छुट्टै व्यवस्था	जफत भएको सुन, चाँदी, जवाहिरात वा बहुमूल्य खनिज पदार्थको लिलाम बिक्री सम्बन्धमा छुट्टै व्यवस्था नियमावलीमा तोकिने।	सुन, चाँदी, जवाहिरात वा बहुमूल्य खनिज पदार्थको लिलाम बिक्री सहज, पारदर्शी र प्रभावकारी हुने भई त्यस्ता वस्तुको संरक्षण एवं व्यवस्थापन गर्न सजिलो हुने।

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		तोक्न।		
९७	११२ (३)	सड्ने, गल्ने वा पुरानो भई मूल्य घट्न जाने वा भन्सार वेयरहाउस वा स्थानको अभावले राख्न कठिनाइ हुने वस्तु मुद्दा को निर्णय हुनु अगावै लिलाम गर्न सक्ने व्यवस्था तोक्न।	सड्ने, गल्ने वा पुरानो भई मूल्य घट्न जाने वा भन्सार वेयरहाउस वा स्थानको अभावले राख्न कठिनाइ हुने वस्तु मुद्दा को निर्णय हुनु अगावै लिलाम गर्न सक्ने प्रक्रियात्मक व्यवस्था नियमावलीमा तोकिने।	मुद्दामा दाखिला भएको वस्तु समयमै लिलाम हुनसक्ने भएकोले त्यस्तो वस्तु सड्न, गल्न वा पुरानो भई मूल्य घट्न नपाउने भएकोले राजस्व वा सरकारी सम्पत्तिको सुरक्षा हुने।
९८	११३ (१)	कब्जामा लिइएको सवारी साधनको	कब्जामा लिइएको सवारी साधनको मूल्य कायम गर्ने	मुद्दा निर्णयमा ढिला हुन गए पनि त्यस्तो सवारी साधन समयमै व्यवस्थापन हुने

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		मूल्य कायम गर्ने समिति र लिलाम गर्ने प्रक्रिया तोक्न।	समिति र लिलाम गर्ने प्रक्रिया नियमावलीमा तोकिने।	भएकोले सम्पत्तिको संरक्षण गर्न सकिने।
९९	११३ (३)	सवारी साधनको धनीले राखेको धरौटी रकम फिर्ता दिने गरी निर्णय भएको अवस्थामा फिर्ता दिने प्रक्रिया तोक्न।	सवारी साधनको धनीले राखेको धरौटी रकम फिर्ता दिने गरी निर्णय भएको अवस्थामा फिर्ता दिने प्रक्रिया नियमावलीमा तोकिने।	सवारी साधनको धनीले राखेको धरौटी रकम फिर्ता दिने गरी निर्णय भएको अवस्थामा त्यस्तो धरौटी रकम समयमै फिर्ता दिने कार्य सहज एवं पारदर्शी हुने र सवारी साधनको धनीले समयमै धरौटी रकम फिर्ता पाउन सक्ने।
१००	११४ (३)	पुनरावलोकन को लागि महानिर्देशक	पुनरावलोकनको लागि महानिर्देशक	पुनरावलोकनको लागि महानिर्देशक समक्ष निवेदन दिंदा

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्र्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		समक्ष निवेदन दिंदा पेश गर्नुपर्ने कागजात तोक्न।	समक्ष निवेदन दिंदा पेश गर्नुपर्ने कागजात नियमावलीमा तोकिने।	पेश गर्नुपर्ने कागजात नियमावलीमा तोकिने भएकोले पारदर्शी हुने र निवेदन दिने कार्य तथा पेश गर्नुपर्ने कागजातमा एकरुपता कायम हुने।
१०१	११४ (४)	पुनरावलोकन को लागि निवेदन साथ कागजात पेश गर्न नसकेमा महानिर्देशकले थप गर्न सक्ने म्याद तोक्न।	पुनरावलोकनको लागि निवेदन साथ पेश गर्नु पर्ने कागजात पेश गर्न नसकेमा त्यस्ता कागजात पछि पेश गर्न पाउने गरी महानिर्देशकले थप दिन सक्ने म्याद नियमावलीमा	पुनरावलोकनको लागि निवेदन दिंदा पेश गर्नुपर्ने कागजात पछि पेश गर्न पाउने गरी महानिर्देशकले थप दिन सक्ने म्याद नियमावलीमा तोकिने भएकोले म्यादभित्र पुनरावलोकनको लागि निवेदन दिन सहज हुने।

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
			तोकिने।	
१०२	११४ (६)	प्रशासकीय पुनरावलोकन सम्बन्धी अन्य व्यवस्था तोक्न।	प्रशासकीय पुनरावलोकन सम्बन्धी प्रक्रियागत व्यवस्था नियमावलीमा तोकिने।	प्रशासकीय पुनरावलोकन सम्बन्धी प्रक्रियागत व्यवस्था नियमावलीमा तोकिने भएकोले प्रशासकीय पुनरावलोकनको कार्य सहज, पारदर्शी र प्रभावकारी हुने।
१०३	११७ (१)	वस्तुको धनीले निकासी वा पैठारी वा सोसंग सम्बन्धित कार्यको लागि भन्सार जाँचपास प्रतिनिधि नियुक्त गर्ने	वस्तुको धनीले निकासी वा पैठारी वा सोसंग सम्बन्धित कार्यको लागि भन्सार जाँचपास प्रतिनिधि नियुक्त गर्ने व्यवस्था नियमावलीमा तोकिने।	वस्तुको धनीले निकासी वा पैठारी वा सोसंग सम्बन्धित कार्यको लागि भन्सार जाँचपास प्रतिनिधि नियुक्त गर्ने व्यवस्था नियमावलीमा तोकिने भएकोले वस्तुको धनीलाई भन्सार जाँचपास प्रतिनिधि

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		व्यवस्था तोक्न।		नियुक्त गरी भन्सारमा निज मार्फत वस्तु निकासी पैठारीको कार्य गराउन सहज हुने।
१०४	११८ (३)	भन्सार जाँचपास प्रतिनिधिको योग्यता र इजाजतपत्र दिने व्यवस्था तोक्न।	भन्सार जाँचपास प्रतिनिधिको अन्य योग्यता र इजाजतपत्र दिने प्रक्रियागत व्यवस्था नियमावलीमा तोकिने।	भन्सार जाँचपास प्रतिनिधिको रुपमा योग्य व्यक्तिलाई प्रतिस्पर्धाको माध्यमबाट छनौट गरी र इजाजतपत्र प्रदान गर्न सकिने।
१०५	१२१	भन्सार जाँचपास प्रतिनिधिले वस्तुको धनीलाई हानि नोक्सानी पुऱ्याएमा सो	भन्सार जाँचपास प्रतिनिधिले वस्तुको धनीलाई हानि नोक्सानी पुऱ्याएमा सो हानि नोक्सानी बराबरको रकम वस्तुको धनीलाई	भन्सार जाँचपास प्रतिनिधिले वस्तुको धनीलाई हानि नोक्सानी पुऱ्याएको रकम तिर्ने प्रक्रिया नियमावलीमा तोकिने भएकोले वस्तुको धनीले सहज रुपमा

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		हानि नोक्सानी बराबरको रकम वस्तुको धनीलाई तिर्ने प्रक्रिया तोक्न।	तिर्ने प्रक्रिया नियमावलीमा तोकिने।	समयमै हानी नोक्सानीको रकम प्राप्त गर्न सक्ने।
१०६	१२९ (२)	पुनः परीक्षण गर्दा महसुल असुल गर्न छुट भएको देखिएमा त्यसरी छुट भएको महसुल असुल गर्ने व्यवस्था तोक्न।	पुनः परीक्षण गर्दा महसुल असुल गर्न छुट भएको देखिएमा त्यसरी छुट भएको महसुल असुल गर्ने प्रक्रियागत व्यवस्था नियमावलीमा तोकिने।	पुनः परीक्षण गर्दा महसुल असुल गर्न छुट भएको देखिएमा त्यसरी छुट भएको महसुल असुल गर्ने प्रक्रियागत व्यवस्था नियमावलीमा तोकिने भएकोले छुट भएको महसुल असुल गर्ने कार्य सरल र प्रभावकारी हुने भई समयमै असुल हुने।
१०७	१३०	जाँचपासपछि	जाँचपासपछिको	जाँचपासपछिको

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
	(२)	को परीक्षण सम्बन्धी अन्य व्यवस्था तोक्न।	परीक्षण सम्बन्धी प्रक्रियागत व्यवस्था विस्तृत रुपमा नियमावलीमा तोकिने।	परीक्षण सम्बन्धी प्रक्रियागत व्यवस्था विस्तृत रुपमा नियमावलीमा तोकिने भएकोले जाँचपासपछिको परीक्षण सम्बन्धी कार्य पारदर्शी, प्रभावकारी र नतिजामूलक हुने।
१०८	१३१ (१)	धरौटीमा पैठारी भएको वस्तु पुनः अर्को मुलुकमा निकासी गरेमा त्यस्तो वस्तु पैठारी गर्दा राखेको धरौटीबाट फिर्ता दिने	धरौटीमा पैठारी भएको वस्तु त्यही रुपमा पुनः अर्को मुलुकमा निकासी गरेमा त्यस्तो वस्तु पैठारी गर्दा राखेको धरौटीबाट फिर्ता दिने रकम	पैठारी भएका वस्तु त्यही रुपमा पुनः अर्को मुलुकमा निकासी गरेमा त्यस्तो वस्तु पैठारी गर्दा राखेको धरौटीबाट केही रकम कट्टा गरी फिर्ता पाउने रकम नियमावलीमा तोकिने भएकोले निकासीलाई

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		रकम तोक्न।	नियमावलीमा तोकिने।	प्रोत्साहन हुने भई निकासी प्रबर्द्धनमा सहयोग पुग्ने।
१०९	१३१ (१) (ङ)	पैठारी भएको वस्तु निकासी गर्दा अभिवृद्धि गर्नुपर्ने मूल्य तोक्न।	पैठारी भएको वस्तु निकासी गर्दा मूल्यमा अभिवृद्धि गर्नुपर्ने प्रतिशत नियमावलीमा तोकिने।	पैठारी भएको वस्तु निकासी गर्दा मूल्यमा अभिवृद्धि गर्नुपर्ने निश्चित प्रतिशत नियमावलीमा तोकिने भएकोले निकासीमा मूल्य अभिबृद्धि गर्न सघाउ पुग्ने र विदेशी मुद्राको बचत एवं नियमन गर्न मद्दत पुग्ने।
११०	१३१ (२)	बढी महसुल बुझाएको वा महसुल बुझाएपछि घोषणा रद्द भएको अवस्थामा	बढी महसुल बुझाएको वा महसुल बुझाएपछि घोषणा रद्द भएको अवस्थामा	बढी बुझाएको वा फिर्ता दिनु महसुल महसुल फिर्ता लिनको लागि निवेदन दिने अवधि, संलग्न गर्नुपर्ने कागजात तथा फिर्ता

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		महसुल फिर्ता दिने प्रक्रिया तोक्न।	महसुल फिर्ता दिने प्रक्रिया नियमावलीमा तोकिने।	दिने प्रक्रिया नियमावलीमा स्पष्ट तोकिने भएकोले फिर्ता दिनपर्ने महसुल पारदर्शी रुपमा समयमै फिर्ता लिनदिन सहज हुने।
१११	१३४ (५)	पेटेण्ट, डिजाइन, ट्रेडमार्क, प्रतिलिपि अधिकार जस्ता बौद्धिक सम्पत्ति उपरको अधिकार उल्लङ्घन हुने गरी वस्तु निकासी वा पैठारी गर्न	पेटेण्ट, डिजाइन, ट्रेडमार्क, प्रतिलिपि अधिकार जस्ता बौद्धिक सम्पत्ति उपरको अधिकार उल्लङ्घन हुने गरी वस्तु निकासी वा पैठारी गर्न लागेका वस्तु नष्ट गर्ने प्रक्रिया नियमावलीमा	पेटेण्ट, डिजाइन, ट्रेडमार्क, प्रतिलिपि अधिकार जस्ता बौद्धिक सम्पत्ति उपरको अधिकार उल्लङ्घन हुने गरी वस्तु निकासी वा पैठारी गर्न लागेका वस्तु नष्ट गर्ने प्रक्रिया नियमावलीमा तोकिने भएकोले त्यस्तो वस्तु नष्ट गर्ने व्यवस्था कार्यान्वयन गर्न

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		लागेका वस्तु नष्ट गर्ने प्रक्रिया तोक्न।	तोकिने।	सहज हुने भई समयमै त्यस्ता वस्तु भन्सारबाट हटाउन सकिने।
११२	१३४ (८)	प्रयोगशाला परीक्षणबाट नक्कली देखिएको वस्तु नष्ट गर्ने प्रक्रिया तोक्न।	प्रयोगशाला परीक्षणबाट नक्कली देखिएको वस्तु नष्ट गर्ने प्रक्रिया नियमावलीमा तोकिने।	प्रयोगशाला परीक्षणबाट नक्कली देखिएको वस्तु नष्ट गर्दा अपनाउनु पर्ने प्रक्रिया नियमावलीमा तोकिने भएकोले त्यस्तो वस्तु नष्ट गरी फरफारक गर्न सहज हुने।
११३	१३५ (१)	निकासी वा पैठारी संकेत नम्बर नलिई निकासी वा पैठारी गर्न पाउने व्यक्ति तोक्न।	निकासी वा पैठारी संकेत नम्बर नलिई निकासी वा पैठारी गर्न पाउने व्यक्ति नियमावलीमा तोकिने।	निकासी पैठारी गर्दा संकेत नम्बर लिन नपर्ने व्यक्तिका सम्बन्धमा सर्वसाधारणलाई जानकारी हुने भएकोले निकासी पैठारीमा कुनै

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
				व्यवधान नआउने भएकोले वस्तुको निकासी र पैठारी संकेत नम्बरको कार्यान्वयनमा सहज हुने।
११४	१३५ (२)	निकासी वा पैठारी सङ्केत नम्बर नवीकरण गर्दा अपनाउनु गर्ने प्रक्रिया तोक्न।	निकासी वा पैठारी सङ्केत नम्बर नवीकरण गर्दा अपनाउनु पर्ने प्रक्रिया नियमावलीमा तोकिने।	निकासी वा पैठारी संकेत नम्बर नवीकरण गर्ने कार्य सहज, व्यवस्थित र पारदर्शी हुने।
११५	१३५ (३)	निकासी वा पैठारी सङ्केत नम्बर नवीकरण गर्दा लाग्ने दस्तुर तोक्न।	निकासी वा पैठारी सङ्केत नम्बर नवीकरण गर्दा लाग्ने दस्तुर नियमावलीमा तोकिने।	निकासी वा पैठारीकर्तालाई नवीकरण दस्तुर सम्बन्धमा पूर्व जानकारी हुने, नवीकरण दस्तुर पारदर्शी हुने।

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
११६	१३५ (७)	निकासी वा पैठारी सङ्केत नम्बर सम्बन्धी अन्य व्यवस्था तोक्न।	निकासी वा पैठारी सङ्केत नम्बर सम्बन्धी अन्य प्रक्रियागत व्यवस्था नियमावलीमा तोकिने।	निकासी वा पैठारी संकेत नंबर जारी गर्न, नवीकरण गर्न र नियमन गर्न सहज हुने।
११७	१३६	वस्तु निकासी वा पैठारी गरेको मितिले कम्तीमा चार वर्षसम्म सुरक्षित राख्नु पर्ने कागजात तोक्न।	वस्तु निकासी वा पैठारी गरेको मितिले कम्तीमा चार वर्षसम्म सुरक्षित राख्नु पर्ने कागजात नियमावलीमा तोकिने।	राजस्वसंग सम्बन्धित महत्वपूर्ण कागजातको पहिचान गरी त्यस्ता कागजात र अभिलेख कम्तीमा चार वर्षसम्म सुरक्षित राख्नुपर्ने व्यवस्था नियमावलीमा तोकिने भएकोले कुनै कारणले छुट भएको वा छली गरेको राजस्व त्यस्तो वस्तु जाँचपास भएको

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्र्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
				मितिले चार वर्षभित्र असुल गर्न सकिने।
११८	१३७ (१)	चोरी निकासी वा चोरी पैठारी गर्न लागेको वा गरेको कुराको सुराकी दिने वा त्यस्तो वस्तु पक्राउ गरी भन्सार कार्यालयमा दाखिला गर्ने कर्मचारी वा व्यक्तिलाई दिइने पुरस्कार तोक्न।	चोरी निकासी वा चोरी पैठारी गर्न लागेको वा गरेको कुराको सुराकी दिने वा त्यस्तो वस्तु पक्राउ गरी भन्सार कार्यालयमा दाखिला गर्ने कर्मचारी वा व्यक्तिलाई दिइने पुरस्कारको रकम नियमावलीमा तोकिने।	चोरी निकासी वा चोरी पैठारी गर्न लागेको वा गरेको कुराको सुराकी दिने वा त्यस्तो वस्तु पक्राउ गरी भन्सार कार्यालयमा दाखिला गर्ने कर्मचारी वा व्यक्तिलाई दिइने पुरस्कारको रकम नियमावलीमा तोकिने भएकोले त्यस्तो सूचना दिन र वस्तु पक्राउ गर्न वा गर्न गराउने व्यक्तिलाई प्रोत्साहन हुने भएकोले चोरी निकासी वा चोरी नियन्त्रणमा सहयोग

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
				पुग्ने।
११९	१३७ (२)	सुराकी प्रतिवेदन लिने तथा पुरस्कार वितरण गर्ने सम्बन्धी अन्य व्यवस्था तोक्न।	सुराकी प्रतिवेदन लिने तथा पुरस्कार वितरण गर्ने सम्बन्धी अन्य प्रक्रियागत व्यवस्था नियमावलीमा तोकिने।	सुराकी प्रतिवेदन लिंदा र पुरस्कार को रकम वितरण गर्दा अनिबार्य रुपमा अपनाउनु पर्ने प्रक्रिया र सुरक्षित राख्नपर्ने प्रमाण कागजात नियमावलीमा तोकिने भएकोले सुराकी तथा पुरस्कार वितरणको व्यवस्था सहज, पारदर्शी र व्यवस्थित हुने।
१२०	१३८ (१)	भन्सार वेयरहाउस, कार्यालयको परिसर वा भन्सार क्षेत्रको कुनै	भन्सार वेयरहाउस, कार्यालयको परिसर वा भन्सार क्षेत्रको कुनै स्थानमा	भन्सार आफैले संचालन गर्ने वेयरहाउस, कार्यालयको परिसर वा भन्सार क्षेत्रको कुनै स्थानमा

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		स्थानमा राखिएको वस्तु छुटाई लग्नु पर्ने अवधि तोक्न र त्यस्तो अवधिभित्र छुटाई नलगेको वस्तुमा तिर्नुपर्ने विलम्व शुल्क तोक्न।	राखिएको वस्तु छुटाई लग्नु पर्ने अवधि तोक्न र त्यस्तो अवधिभित्र छुटाई नलगेको वस्तुमा तिर्नुपर्ने विलम्व शुल्क नियमावलीमा तोकिने।	राखिएको वस्तु नियमावलीमा तोकिने छोटो अवधिमा छुटाई लगेमा त्यस्तो वस्तु भन्सार वेयरहाउस, कार्यालयको परिसर वा भन्सार क्षेत्रमा राखेबापत कुनै शुल्क नलिइने र सोभन्दा बढी अवधिसम्म राखेमा विलम्ब शुल्क लिने र त्यस्तो शुल्क अवधि बढेसंगै बढ्ने गरी तोकिने भएकोले भन्सारमा वस्तु लामो समयसम्म नरोकिने हुँदा नेपाल सरकारलाई समयमै राजस्व प्राप्त हुने।

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
१२१	१३८ (२)	कुनै खास परिस्थिति वा अवस्थामा विलम्ब शुल्क (डेमरेज) आंशिक वा पूर्णरूपले मिनाहा दिनसक्ने अधिकारी र मिनाहा दिनसक्ने रकम तोक्न।	कुनै खास परिस्थिति वा अवस्थामा विलम्ब शुल्क (डेमरेज) आंशिक वा पूर्णरूपले मिनाहा दिनसक्ने अधिकारी र मिनाहा दिनसक्ने रकम नियमावलीमा तोकिने।	कुनै खास परिस्थिति वा अवस्थामा विलम्ब शुल्क (डेमरेज) आंशिक वा पूर्णरूपले मिनाहा दिने कार्य जिम्मेवारपूर्ण एवं पारदर्शी हुने भई कार्यान्वयन गर्न सहज र प्रभावकारी हुने।
१२२	१४० (३)	कार्यालयमा भएको कागजातको प्रतिलिपि दिने प्रक्रिया र लाग्ने दस्तुर	कार्यालयमा भएको कागजातको प्रतिलिपि दिने प्रक्रिया र लाग्ने दस्तुर	घोषणाकर्तालाई कार्यालयमा भएको आफ्नो वस्तुसँग सम्बन्धित कागजातको प्रतिलिपि लिन सहज हुने।

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		तोक्न।	नियमावलीमा तोकिने।	
१२३	१४१	कार्यालयको काम कारबाहीसँग सरोकार भएको वा हुन सक्ने व्यक्तिको नाममा कार्यालयले व्यक्तिगत वा सार्वजनिक सूचना जारी गर्ने प्रक्रिया तोक्न।	कार्यालयको काम कारबाहीसँग सरोकार भएको वा हुन सक्ने व्यक्तिको नाममा कार्यालयले व्यक्तिगत वा सार्वजनिक सूचना जारी गर्ने प्रक्रिया नियमावलीमा तोकिने।	व्यक्तिगत वा सार्वजनिक सूचना जारी गर्ने प्रक्रिया, ढाँचा तथा सूचनाको म्यादमा एकरुपता हुने र यस्तो सूचना जारी गर्न सहज हुने भएकोले कार्यन्वयन गर्न सजिलो हुने।
१२४	१४५ (५)	राष्ट्रिय एकद्वार प्रणाली सम्बन्धी अन्य	राष्ट्रिय एकद्वार प्रणाली सम्बन्धी अन्य प्रक्रियागत व्यवस्था नियमावलीमा	राष्ट्रिय एकद्वार प्रणाली (नेशनल सिङ्गल विण्डो) को संचालन एवं प्रशासन व्यवस्थित एवं

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापन को कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
		व्यवस्था तोक्न।	तोकिने।	प्रभावकारी हुने।

व्याख्यात्मक टिप्पणी

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
२	परिभाषा।	विधेयकमा प्रयोग भएका शब्दावलीको परिभाषा गर्न आवश्यक भएको।
३	विभागको स्थापना।	भन्सार सम्बन्धी समग्र प्रशासन र वस्तुको निकासी र पैठारीसंग सम्बन्धित कानूनको कार्यान्वयन गर्न विभागको स्थापना गर्न आवश्यक भएको।
४	महानिर्देशकको काम, कर्तव्य र अधिकार।	महानिर्देशकको काम, कर्तव्य र अधिकार स्पष्ट गर्न आवश्यक भएको।
५	कार्यालय स्थापना।	भन्सार सम्बन्धी कार्य सम्पादनको लागी कार्यालय स्थापना गर्न आवश्यक भएको।
६	भन्सार क्षेत्र तथा बाटो तोक्न सक्ने।	यस विधेयक तथा अन्य प्रचलित कानून बमोजिम भन्सार सम्बन्धी कानूनको प्रशासन गर्न तथा महसुल सङ्कलन गर्ने प्रयोजनको लागि भन्सार क्षेत्र तथा बाटो तोक्न आवश्यक भएको।
७	कार्यालयमा रहने कर्मचारी।	भन्सार सम्बन्धी कार्य सञ्चालनको लागि कार्यालयमा कर्मचारीको व्यवस्था गर्न पर्ने भएको।

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
८	कार्यालय समय।	कार्यको प्रकृति र कार्यालयको अवस्थिति अनुसार कार्यालय समय फरक हुन सक्ने भएकोले कार्यालय प्रमुखले महानिर्देशकको स्वीकृति लिई कार्यालय समय निर्धारण गर्ने व्यवस्था गर्न आवश्यक भएको।
९	प्रमुख भन्सार प्रशासकको काम, कर्तव्य र अधिकार।	कार्यालयबाट सम्पादन गरिने कार्यलाई सहज, स्पष्ट र प्रभावकारी बनाउन प्रमुख भन्सार प्रशासकको काम, कर्तव्य र अधिकारको व्यवस्था गर्न आवश्यक भएको।
१०	प्रमुख भन्सार अधिकृतको अधिकार र जिम्मेवारी।	कार्य सम्पादनलाई सहज, स्पष्ट एवं प्रभावकारी बनाउन र प्रमुख भन्सार अधिकृतको अधिकार र जिम्मेवारी तोक्न आवश्यक भएको।
११	भन्सार अधिकृतको अधिकार र जिम्मेवारी।	कार्य सम्पादनलाई सहज, स्पष्ट एवं प्रभावकारी बनाउन र भन्सार अधिकृतको अधिकार र जिम्मेवारी तोक्न आवश्यक भएको।
१२	छोटी भन्सार कार्यालयको प्रमुखको	छोटी भन्सार कार्यालयबाट सम्पादन हुने कार्य अनुसार

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
	अधिकार।	छोटी भन्सार कार्यालयको प्रमुखको अधिकार सम्बन्धमा व्यवस्था गर्न परेको।
१३	भन्सार जाँचपास परीक्षण कार्यालयको स्थापना।	कार्यालयबाट जाँचपास भएको कुनै वस्तु घोषणाकर्ताले घोषणा गरे अनुरूपको भए, नभएको वा त्यस्तो वस्तु यस ऐन बमोजिम महसुलमा दिएको सुविधा बमोजिम प्रयोग गरे नगरेको सम्बन्धमा यकिन गर्न जाँचपास पछिको परीक्षण गर्ने कार्यको लागि भन्सार जाँचपास परीक्षण कार्यालयको स्थापना गर्न आवश्यक भएको।
१४	प्रमुख भन्सार परीक्षण प्रशासकको काम, कर्तव्य र अधिकार।	जाँचपास पछिको परीक्षण गर्ने कार्यको सम्पादन सहज, प्रभावकारी एवं जवाफदेही बनाउनको लागि प्रमुख भन्सार परीक्षण प्रशासकको काम, कर्तव्य र अधिकारको व्यवस्था गर्न आवश्यक भएको।
१५	प्रमुख भन्सार परीक्षक र भन्सार परीक्षकको अधिकार।	जाँचपास पछिको परीक्षण गर्ने कार्यको सम्पादन सहज एवं प्रभावकारी बनाउनको लागि प्रमुख भन्सार परीक्षक र भन्सार

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		परीक्षकको अधिकारको व्यवस्था गर्न आवश्यक भएको।
१६	पोशाक र चिन्ह तोक्न सक्ने।	देशको सीमामा वा अन्तर्राष्ट्रिय विमानस्थलमा कार्य सम्पादन गर्न खटिने कर्मचारीलाई सेवाग्राहीले सहजै पहिचान गरून् र कर्मचारीलाई पनि चुस्त दुरुस्त राख्नको लागि पोशाक र चिन्ह तोक्न सक्ने व्यवस्था राख्न आवश्यक देखिएको।
१७	भन्सार महसुल लाग्ने।	निकासी वा पैठारी गरिने वस्तुमा भन्सार महसुल लाग्ने कानूनी व्यवस्था गर्न आवश्यक भएको।
१८	भन्सार महसुल छुट दिन सक्ने।	वैदेशिक ऋण तथा अनुदानमा सञ्चालित आयोजना, अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीले अन्तर्राष्ट्रिय उडानमा उपयोग गर्ने इन्धन, हवाईजहाजको इञ्जिन, पार्टपूर्जा, यन्त्र, उपकरण, उडानमा खपत हुने खाद्य सामग्री, नेपालको कुनै भागबाट विदेशको बाटो गरी पुनः नेपालभित्र ल्याइने वा विदेशबाट नेपालको बाटो गरी पुनः विदेश पठाउने वस्तुमा नेपाल सरकारले सम्झौता गरे

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		बमोजिमको राहत सामग्री जस्ता वस्तुमा आवश्यकता र औचित्यको आधारमा अर्थ मन्त्रालयले समय समयमा भन्सार महसुल छुट दिनु पर्ने हुदा मन्त्रालयले भन्सार महसुल छुट दिन सक्ने व्यवस्था राख्न आवश्यक भएको।
१९	कूटनीतिक सुविधा वा महसुल सुविधा।	नेपाल सरकार पक्ष भएको द्विपक्षीय वा बहुपक्षीय सन्धि वा सम्झौता बमोजिम कूटनीतिक सुविधा वा महसुल सुविधा दिनु पर्ने निकाय, पदाधिकारी वा व्यक्तिलाई नेपाल सरकार, परराष्ट्र मन्त्रालयको सिफारिसको आधारमा कूटनीतिक सुविधा वा महसुल सुविधा दिनु पर्ने भएको।
२०	विदेशी पर्यटकले कार्नेट अन्तर्गत अस्थायी पैठारी गर्ने सवारी साधनमा महसुल छुट दिने।	विदेशी पर्यटकले कार्नेट अन्तर्गत पैठारी गर्ने सवारी साधन नेपालमा राख्न पाउने अवधि एवं शर्त तोकी निजी सवारी साधनको अस्थायी पैठारी सम्बन्धी भन्सार महासन्धि

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		अनुसार महसुल छुट दिई अस्थायी पैठारी गर्न दिने व्यवस्था गर्न आवश्यक भएको।
२१	बैङ्क जमानतमा पैठारी गर्न दिन सक्ने।	निकासी गर्ने उद्योगको कच्चा पदार्थ वा कुनै व्यक्तिले कुनै खास कार्य प्रयोजनको लागि पैठारी गर्ने वस्तुमा महसुल बापत बैंक जमानत लिई पैठारी गर्न दिनु पर्ने भएकोले बैङ्क जमानतमा पैठारी गर्न दिन सक्ने व्यवस्था गर्न आवश्यक भएको।
२२	निकासी गर्ने वस्तुको कच्चा पदार्थ नगद धरौटीमा पैठारी गर्न सकिने।	निकासी गर्ने उद्योगले पैठारी गर्ने कच्चा पदार्थमा लाग्ने महसुल बापतको रकम तयारी वस्तु निकासी नगरेसम्मको लागि नगद धरौटी लिई पैठारी गर्न दिनु पर्ने भएकोले निकासी गर्ने वस्तुको कच्चा पदार्थ नगद धरौटीमा पैठारी गर्न सकिने व्यवस्था गर्न आवश्यक भएको।
२३	महसुल नलाग्ने।	पैठारीकर्ताले निवेदन दिई नेपाल सरकारको हुने गरी भन्सार कार्यालयमा छाडेको वस्तु र कुनै दुर्घटना वा प्राकृतिक प्रकोपमा परी वा

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		आफ्नै प्रकृतिको कारणले नष्ट भएको वा परिमाण वा तौलमा कमी भएको वा व्यापारिक रूपमा मूल्यहीन भएको वस्तुमा महसुल नलाग्ने व्यवस्था गर्न आवश्यक भएको।
२४	विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगलाई सुविधा दिइने।	प्रचलित कानून बमोजिम स्थापना भएको विशेष आर्थिक क्षेत्रको उद्योगले पैठारी गर्ने एक थान बस र दुईथान ढुवानी साधन, प्लान्ट, मेशिनरी, यन्त्र, उपकरण तथा पार्टपूर्जा, कच्चा पदार्थ र सहायक कच्चा पदार्थ र विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगलाई बिक्री गरेको कच्चा पदार्थ र सहायक कच्चा पदार्थ वा तयारी वस्तुमा भन्सार महसुलमा आँशिक छुट, तथा बैंक जमानत लगायतका सुविधा दिनु पर्ने भएकोले विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगलाई सुविधा दिइने व्यवस्था गर्न आवश्यक भएको।
२५	वस्तुको विवरण दिनु पर्ने।	भन्सार क्षेत्रमा प्रवेश गर्ने प्रत्येक वाहन वा वस्तुको नियमन एवं

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		अनुगमन गर्नको लागि त्यस्ता वाहन र सो वाहनले बोकेको वस्तु भन्सार क्षेत्रमा प्रवेश गर्नु अगावै वा भन्सार क्षेत्रमा प्रवेश गरेको बाह्र घण्टाभित्र त्यस्तो वाहनको संक्षिप्त विवरण र सो वाहनमा रहेको वस्तुको विवरण (मेनिफेष्ट) आवश्यक पर्ने भएकोले वस्तुको विवरण दिनु पर्ने व्यवस्था गर्न आवश्यक भएको।
२६	वाहनको जाँच गराउनु पर्ने।	राजस्व वा प्रतिबन्धित वस्तुको निगरानी वा देशको सुरक्षाको दृष्टिले विदेशबाट नेपाल प्रवेश गर्ने र नेपालबाट विदेश प्रस्थान गर्ने खाली, मालवाहक वा यात्रुवाहक वाहनको जाँच गर्नु पर्ने भएकोले चालकले त्यस्तो वाहन नेपालमा प्रवेश गर्नु अघि वा नेपालबाट प्रस्थान गर्नु अघि वाहनको जाँच गराउनु पर्ने व्यवस्था गर्न आवश्यक भएको।
२७	जाँचपास नभएका वस्तु ढुवानी गर्न नहुने।	पैठारी गरिएको वस्तु ढुवानी गर्ने व्यक्तिले आफूले ढुवानी गर्ने वस्तुको महसुल तिरिएको वा

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		जाँचपास भएको यकिन गरेर मात्र भन्सार क्षेत्रबाहिर वा विदेशमा लैजाने गरी जिम्मेवारीपूर्वक ढुवानी गर्नुपर्ने व्यवस्था सुनिश्चित गर्नको लागि जाँचपास नभएका वस्तु ढुवानी गर्न नहुने व्यवस्था गर्न आवश्यक भएको।
२८	वस्तु घोषणा गर्नु पर्ने।	निकासी वा पैठारी गरिने वस्तुमा लाग्ने महसुलको निर्धारण गरी जाँचपास गर्नको लागि त्यस्ता वस्तुको विवरण आवश्यक पर्ने भएकोले प्रज्ञापनपत्र भरी वस्तु घोषणा गर्नुपर्ने व्यवस्था गर्न आवश्यक भएको।
२९	घोषणा जाँच गर्ने।	भन्सारमा जाँचपासको लागि घोषणा गरिएको वस्तु प्रचलित कानून बमोजिम पैठारी गर्न पाइने हो वा होइन भन्ने सम्बन्धमा जाँच गर्नु पर्ने भएकोले घोषणा जाँच गर्ने व्यवस्था गर्न आवश्यक भएको।
३०	शीघ्र जाँचपास गर्नु पर्ने।	जीवित जनावर, ताजा फलफूल तथा तरकारी, समुद्री खाना, मासु तथा मासुजन्य उत्पादन,

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		विशेष प्रकारले भण्डारण गर्नु पर्ने खानेकुरा, जैविक प्रविधियुक्त उत्पादन, शारीरिक ग्रन्थी, रक्त तथा रक्त प्लाज्मा, औषधि, अनुसन्धान सम्बन्धी नाशवान पदार्थ, खोप तथा विभागले समय समयमा तोकेका त्यस्तै छिटो बिग्रने प्रकृतिका वस्तु भन्सारको सामान्य प्रक्रियाबाट जाँचपास गर्दा त्यस्ता वस्तु जीवित नरहने, सड्ने, गुणस्तर बिग्रने वा उपयोगविहीन हुन सक्ने भएकोले छिटो बिग्रने वस्तु शीघ्र जाँचपास गर्नु पर्ने व्यवस्था गर्न आवश्यक भएको।
३१	जोखिम विश्लेषणका आधारमा वस्तु जाँचपास गर्ने।	निकासी पैठारी हुने वस्तु शतप्रतिशत जाँच गर्न समय र विद्यमान जनशक्तिले सम्भव नहुने भएकोले जाँच गर्नु पर्ने वस्तु जोखिम विश्लेषणको आधारमा छनौट गरी त्यस्ता वस्तुमा ध्यान केन्द्रित गरी वस्तु जाँचपास गर्ने कार्यलाई बढी प्रभावकारी बनाउन जोखिम विश्लेषणका आधारमा वस्तु

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		जाँचपास गर्ने व्यवस्था गर्न आवश्यक भएको।
३२	वस्तु खोल्न र जाँच गर्न सक्ने।	जाँचपास भएको वा नभएको वस्तुका सम्बन्धमा कुनै शङ्का लागेमा वा सो सम्बन्धमा कुनै सूचना प्राप्त भएमा त्यस्तो वस्तु भन्सार क्षेत्रबाट उठाई लैजानु अघि वा भन्सार क्षेत्रबाहिर लगिसकेपछि त्यस्तो वस्तु जाँच नभएको भए जाँच गर्न, गराउन वा जाँच भइसकेको भए पुनः जाँच गर्न वा गर्न लगाउन सक्ने अधिकार भन्सार अधिकृतलाई दिई चोरी पैठारी एवं राजस्व चुहावट नियन्त्रण गर्नको लागि वस्तु खोल्न र जाँच गर्न सक्ने अधिकार सहितको व्यवस्था गर्न आवश्यक भएको।
३३	वस्तुको नमूना परीक्षण गर्न सक्ने।	पैठारी गरिएको खाद्य वा पेय पदार्थ वा अन्य त्यस्तै वस्तु गुणस्तरयुक्त छ छैन, जनस्वास्थ्य वा वातावरणमा कुनै प्रतिकूल प्रभाव पार्न सक्ने अवस्थाको छ कि भन्ने विषयमा र कतिपय वस्तुको भन्सार

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		मूल्याङ्कन वा वर्गीकरण यकिन गर्नको लागि पनि त्यस्ता वस्तुको नमूना जाँच गर्न वा सम्बन्धित विशेषज्ञ वा प्रयोगशालाबाट परीक्षण गराउन पर्ने भएकोले वस्तुको नमूना परीक्षण गर्न सक्ने व्यवस्था गर्न आवश्यक भएको।
३४	सम्बन्धित स्थानमा गई वस्तु जाँच गर्न सकिने।	भन्सार यार्डमा खोल्न र जाँच गर्न सुरक्षा वा वस्तुको प्रकृतिको कारणले नमिल्ने वस्तु र निकासी गरिने वस्तु लोड गर्दाकै अवस्थामा भन्सारले जाँच गरी सिल गरेपछि पुनःभन्सार यार्डमा खोल्न र जाँच गर्न नपर्ने भई निकासी गरिने वस्तुको सम्बन्धमा सहज एवं सुरक्षित हुने भएकोले यस्तो सुविधा लिन वस्तुको धनीले निवेदन दिएमा त्यस्तो सेवा प्रदान गरे बापत तोकिए बमोजिमको शुल्क र पैठारी भएका वस्तुको हकमा लाग्ने महसुलको अतिरिक्त पचास प्रतिशत महसुल समेत धरौटी लिई भन्सार अधिकृतले

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		त्यस्तो स्थानमा आफैं गई वा आफू मातहतको कर्मचारी पठाई त्यस्तो वस्तु जाँच गर्न वा गराउन सक्ने गरी सम्बन्धित स्थानमा गई वस्तु जाँच गर्न सकिने व्यवस्था राख्न आवश्यक भएको।
३५	अधिकृत व्यावसायिक व्यक्ति सूचीकृत गर्ने।	निकासी पैठारीको कारोबार गर्ने व्यक्ति मध्ये विगत तीन वर्षको अवधिमा भन्सार सम्बन्धी कानूनको पूर्ण पालना गरेको, व्यवसायको आन्तरिक नियन्त्रणको व्यवस्था सन्तोषजनक भएको, व्यावसायिक अभिलेख विश्वसनीय तथा सन्तोषजनक रूपमा राखेको, आवश्यकता अनुसार सुरक्षण वा जमानत दिन सक्ने गरी आर्थिकरूपमा समृद्धताको प्रमाण पेश गर्न सक्षम भएको व्यक्तिलाई सूचीकृत गरी वस्तु पहिचानको लागि आवश्यक पर्ने न्यूनतम कागजातको आधारमा वस्तु जाँचपास गर्ने र पछि पूर्ण विवरण सहितको घोषणा गर्न

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		अनुमति दिने, घोषणाकर्ताकै परिसर वा विभागले तोकेको अन्य स्थानमा गई वस्तु जाँचपास गरिदिने, सम्भव भएसम्म वस्तुको भौतिक निरीक्षण वा जाँच प्रक्रिया न्यूनीकरण गर्ने जस्ता संशोधित क्योटो महासन्धि एवं व्यापार सहजीकरण सम्झौताको प्रावधान अनुसारका सुविधा प्रदान गर्न पर्ने भएकोले अधिकृत व्यावसायिक व्यक्ति सूचीकृत गर्ने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
३६	ढुवानी गर्ने साधनमा सिल लगाउन सक्ने।	भन्सारबाट जाँचपास भएको वस्तु सुरक्षितरुपले गन्तव्यसम्म पुग्ने सुनिश्तता र चोरी पैठारी गरिएको वस्तु बाटोमा मिसाई राजस्व विचलन गर्न नपाउने व्यवस्था गर्नको लागि भन्सारबाट जाँचपास भएको वस्तु लोड गर्ने ढुवानी साधन वा कन्टेनर बन्द गरी सिल गर्न मिल्ने हुनु पर्ने र त्यस्तो ढुवानी साधन वा कन्टेनरमा विभागले तोके बमोजिमको सिल लगाउनु

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		पर्ने व्यवस्थाको लागि ढुवानी गर्ने साधनमा सिल लगाउन सक्ने व्यवस्था राख्न परेको।
३७	स्वीकृति नलिई वस्तु खोल्न, हेर्न र जाँच्न नपाइने।	जाँचपास भई सिलबन्द गरिएका वस्तु र त्यस्तो वस्तु ढुवानी गरिरहेको साधन बिना व्यवधान सुरक्षित रुपले गन्तब्यसम्म पुग्ने सुनिश्चिताको लागि त्यस्तो ढुवानी साधन र वस्तु राजस्व चुहावट सम्बन्धी प्रचलित कानून बमोजिम अनुसन्धान गर्न अधिकारप्राप्त अधिकारी र भन्सार अधिकृत बाहेक मन्त्रालय वा महानिर्देशकको स्वीकृति नलिई अरु कसैले खोल्न, हेर्न र जाँच्न नपाइने व्यवस्था गर्न आवश्यक भएको ले स्वीकृति नलिई वस्तु खोल्न, हेर्न र जाँच्न नपाइने व्यवस्था राख्न परेको।
३८	निकासी गरिएका वस्तु पुनः पैठारी गर्न सकिने।	निकासी भई गएको तर सम्बन्धित व्यक्तिलाई बुझाउन नसकिएको वा विदेशमा पुगिसकेपछि सम्बन्धित व्यक्तिले लिन अस्वीकार गरेको वा वस्तु खराब भएको वा निकासीकर्ता र

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		पैठारीकर्ता बीच भएको सम्झौतामा उल्लिखित विवरण अनुसार नभएको वा दुर्घटना वा प्राकृतिक प्रकोपमा परी गुणस्तर कायम रहन नसकेको जस्ता कारणले त्यस्ता वस्तु फिर्ता ल्याउन र महसुलमा समेत सुविधा दिनु पर्ने हुँदा निकासी गरिएका वस्तु पुनः पैठारी गर्न सकिने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
३९	पैठारी गरिएको वस्तु पुनः निकासी गर्न सक्ने।	पैठारी गरिएको वस्तुमा कुनै खराबी भेटिएको वा पैठारी हुँदाका बखत पैठारीकर्ता र आपूर्तिकर्ता बीच भएको सम्झौतामा उल्लिखित विस्तृत विवरण (स्पेसिफिकेशन) अनुसार नभएको, जुन उद्देश्यको लागि पैठारी गरिएको हो सो उद्देश्य परिपूर्ति हुन नसकेको वा प्रयोगशाला परीक्षण गर्दा गुणस्तरहीन ठहरिएको वस्तु फिर्ता लैजान दिन पर्ने र त्यस्ता वस्तु फिर्ता लगेमा महसुलमा समेत सुविधा दिन पर्ने भएकोले

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		पैठारी गरिएको वस्तु पुनः निकासी गर्न सक्ने व्यवस्था गर्न आवश्यक भएको।
४०	अस्थायी पैठारी गर्न दिइने।	नेपालमा आयोजना गरिने मेला, प्रदर्शनी, मर्मत वा अन्य कुनै उद्देश्यको लागि पुनः निकासी गर्ने गरी कुनै वस्तु अस्थायी पैठारी गर्नु पर्ने अवस्थामा त्यस्ता वस्तुमा लाग्ने महसुल बराबरको रकम नगद धरौटी वा सो बराबरको बैङ्क जमानत लिई अस्थायी पैठारी गर्न दिनु पर्ने भएकोले अस्थायी पैठारी गर्न दिइने व्यवस्था राख्न आवश्यक भएको।
४१	अस्थायी निकासी गर्न दिइने।	कुनै वस्तुको कच्चा पदार्थ प्रशोधन वा सोबाट कुनै वस्तु उत्पादन वा निर्माण गर्न वा विदेशमा आयोजना गरिने मेला वा प्रदर्शनी, मर्मत वा अन्य कुनै उद्देश्यको लागि पुनः पैठारी गर्ने गरी तोकिएको रकमको नगद धरौटी वा बैङ्क जमानत लिई अस्थायी निकासी गर्न र त्यस्तो वस्तु पुनः पैठारी गर्दा

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		महसुलमा सुविधा प्रदान गर्नको लागि अस्थायी निकासी गर्न दिइने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
४२	पैठारी भएका वस्तुको भन्सार मूल्य निर्धारण गर्ने।	पैठारी भएका वस्तुमा भन्सार महसुल असुल गर्नको लागि त्यस्ता वस्तुको भन्सार मूल्य निर्धारण गर्नु पर्ने भएको र त्यसरी मूल्य निर्धारण गर्दा विश्व व्यापार सङ्गठनको भन्सार महसुल तथा व्यापार सम्बन्धी सामान्य सम्झौता (जनरल एग्रिमेन्ट अन टेरिफ्स एण्ड ट्रेड), १९९४ को धारा ७ कार्यान्वयन गर्नको लागि सम्पन्न भएको सम्झौतामा उल्लिखित भन्सार मूल्याङ्कन सम्बन्धी नियम, अनुसूची र व्याख्याको अधीनमा रही निर्धारण गर्नु पर्ने भएकोले पैठारी भएका वस्तुको भन्सार मूल्य निर्धारण गर्ने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
४३	निकासी गरिने वस्तुको भन्सार मूल्य	निकासी गरिने वस्तुको भन्सार मूल्य सामान्यतया निकासीकर्ताले

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
	निर्धारण।	घोषणा गरे बमोजिम हुने भए तापनि कतिपय वस्तुमा निकासीकर्ताले न्यूनविजकीकरण गर्न सम्भावना हुने भएकोले त्यसलाई नियन्त्रण गरी राजस्व र विदेशी मुद्राको सम्भावित अपचलनलाई रोक्न महानिर्देशकले आवश्यक ठानेका निकासी हुने कुनै वस्तुको न्यूनतम भन्सार मूल्य तोक्न सक्ने अधिकार सहितको व्यवस्था गर्न पर्ने भएकोले निकासी गरिने वस्तुको भन्सार मूल्य निर्धारण सम्बन्धी व्यवस्था राख्न परेको।
४४	न्यून बीजकीकरण वा अधिक बीजकीकरण गर्न नहुने।	पैठारीकर्ताले भन्सारमा कुनै वस्तुको मूल्य घोषणा गर्दा त्यस्तो वस्तु खरिद गर्दा तिरेको मूल्य भन्दा कम मूल्य घोषणा गरी न्यून बीजकीकरण गर्ने र वास्तविक रुपमा तिर्नुपर्ने राजस्व छल्ने वा कुनै वस्तुको खरिदमा तिरेको मूल्यभन्दा बढी मूल्य घोषणा गरी अधिक बीजकीकरण गर्ने र विदेशी

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		मुद्राको अपचलन गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने गरी न्यून बीजकीकरण वा अधिक बीजकीकरण गर्ने कार्यलाई दण्डनीय बनाउनको लागि न्यून बीजकीकरण वा अधिक बीजकीकरण गर्न नहुने व्यवस्था गर्न आवश्यक भएको।
४५	पुनः मूल्य निर्धारण गर्न आदेश दिन सक्ने।	भन्सार अधिकृतले भन्सार मूल्य निर्धारण गर्दा यस विधेयक बमोजिम नगरेको वा निजले निर्धारण गरेको मूल्य शङ्कास्पद भएको अवस्थामा महानिर्देशकले त्यस्तो वस्तु जाँचपास भएको नब्बे दिनभित्र पुनः मूल्य निर्धारण गर्न आदेश दिन सक्ने व्यवस्था गरी भन्सार मूल्याङ्कनलाई यथार्थपरक बनाउन र राजस्व चुहावट रोक्न आवश्यक देखिएकोले महानिर्देशकले पुनः मूल्य निर्धारण गर्न आदेश दिन सक्ने व्यवस्था राख्न परेको।
४६	मूल्य निर्धारण सम्बन्धी जानकारी माग गर्न	आफूले पैठारी गरेको वस्तुको भन्सार मूल्य निर्धारण गर्न

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
	सक्ने।	कार्यालयले अवलम्बन गरेको आधारको सम्बन्धमा जानकारी लिन पाउने पैठारीकर्ताको हक सुरक्षित गर्नको लागि मूल्य निर्धारण सम्बन्धी जानकारी माग गर्न सक्ने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
४७	वस्तुको वर्गीकरण तथा महसुल निर्धारण।	पैठारी भएका वा निकासी हुने वस्तुको वर्गीकरण सालबसाली रूपमा जारी हुने आर्थिक ऐनमा भएको व्यवस्था, विश्व भन्सार सङ्गठनद्वारा प्रतिपादित हार्मोनाइज्ड वस्तु वर्गीकरण प्रणाली र सोको व्याख्यात्मक टिप्पणी, विश्व भन्सार सङ्गठनले गरेका वस्तु वर्गीकरण सम्बन्धी निर्णय, यस विधेयक बमोजिम कुनै वस्तुका सम्बन्धमा महानिर्देशकले गरेको वर्गीकरण वा दिएको पूर्वादेशका आधारमा वस्तुको वर्गीकरण गरी महसुल निर्धारण गर्न वस्तुको वर्गीकरण तथा महसुल निर्धारण सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
४८	वस्तुको वर्गीकरण	भन्सार अधिकृतले वस्तुको

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
	सम्बन्धी निर्णय गर्ने।	वर्गीकरण जाँच गर्दा वस्तुको वर्गीकरण मिले नमिलेको यकिन गर्न नसकी द्विविधा भएको अवस्थामा त्यस्तो वस्तुको विस्तृत विवरण, तत्सम्बन्धी कागजात, द्विविधा हुनु पर्ने कारण सहितको राय तथा सम्भव भएमा वस्तुको नमूना सहित निर्णयको लागि महानिर्देशक समक्ष लेखी पठाउने र महानिर्देशकले त्यसरी अधिकृतबाट लेखि आएको साठी दिनभित्र त्यस्तो वस्तुको वर्गीकरण उपशीर्षक तोकी सोको जानकारी भन्सार अधिकृतलाई गराउनु पर्ने व्यवस्था गरी वस्तुको वर्गीकरण सम्बन्धी निर्णय छिटो, यथार्थपरक र पारदर्शी बनाउन आवश्यक भएकोले वस्तुको वर्गीकरण सम्बन्धी निर्णय गर्ने सम्बन्धी व्यवस्था राख्न परेको।
४९	महसुल तथा जरिबाना बुझाउने दायित्व।	वस्तु निकासी वा पैठारी गर्दा त्यस्तो वस्तुमा लाग्ने महसुल बुझाउने दायित्व घोषणाकर्ताको

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		हुने, निर्धारण भएको महसुल घोषणाकर्ताले त्यस्तो वस्तु घोषणा गरिएको कार्यालय, महसुल निर्धारण गर्ने कार्यालय वा सो प्रयोजनको लागि तोकिएको बैङ्कमा सात दिनभित्र बुझाउनु पर्ने, सात दिनभित्र नबुझाएमा म्याद नाघेको मितिदेखि निर्धारित महसुलमा प्रतिदिन शून्य दशमलव शून्य चार दुई प्रतिशतका दरले व्याज समेत गणना गरी असुल गरिने, तीस दिनभित्र दाखिला नगरेमा भन्सार अधिकृतले त्यस्तो वस्तु जफत गरी सो वस्तुको लिलाम बिक्रीबाट प्राप्त हुने रकमबाट तोकिए बमोजिम असुल गर्न सक्ने सम्बन्धमा विधेयकमा स्पष्ट व्यवस्था गरी महसुल बुझाउने दायित्व, बुझाउनु पर्ने स्थान र समय समेतको व्यवस्था गर्न आवश्यक भएकोले उपर्युक्त व्यवस्थाहरु लाई समेटी महसुल बुझाउने दायित्व सम्बन्धी व्यवस्था राख्न परेको।

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
५०	महसुल बुझाई वस्तु लैजान सकिने।	भन्सारबाट वस्तु छुटाउँदा महसुल लाग्ने वस्तुको हकमा महसुल बुझाएको प्रमाण प्राप्त गरेपछि, महसुल नलाग्ने वस्तुको हकमा सोको जाँचपास भएको प्रमाण प्राप्त गरेपछि र व्यक्तिगत प्रयोगका वस्तुको हकमा भन्सार अधिकृतले जाँच गरी वा गराई लैजाने अनुमति दिएपछि मात्र त्यस्तो वस्तु कार्यालयबाट छुटाई लैजान पाउने गरी महसुल बुझाई वस्तु लैजान सकिने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
५१	वस्तु जाँचपास गर्ने।	निकासी वा पैठारी गर्ने वस्तुमा लाग्ने महसुल बुझाएपछि भन्सार कार्यालयबाट छुटाउनको लागि त्यस्तो वस्तु जाँचपास गर्नुपर्ने भएकोले वस्तु जाँचपास गर्ने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
५२	केन्द्रीय जाँचपास प्रणाली लागू गर्न सक्ने।	भन्सार कार्यालयमा पेश भएका कागजातहरु विभागबाट अनलाईन जाँच गरी जाँचपास प्रक्रियालाई छिटो छरितो र

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		मानव सम्पर्क विहीन बनाउनको लागि महानिर्देशकले मन्त्रालयको स्वीकृति लिई केन्द्रीय जाँचपास प्रणाली लागू गर्न सक्ने व्यवस्था गर्न आवश्यक भएको।
५३	छुट भएको महसुल वा जरिबाना तिर्नु पर्ने।	कुनै वस्तुको मूल्याङ्कन वा वर्गीकरण गर्दा वा गणितीय भूल वा अन्य कुनै कारणले भन्सार कार्यालयमा बुझाउनु पर्ने महसुल वा जरिबाना छुट भएको देखिएमा त्यसरी छुट भएको महसुल असुल गर्नको लागि छुट भएको महसुल वा जरिबाना तिर्नु पर्ने व्यवस्था गर्न आवश्यक भएको ।
५४	प्रमाण माग गर्न सक्ने।	निकासी गर्न लागेको वा पैठारी गरेको वस्तुको महसुल तिरे नतिरेको सम्बन्धमा शङ्का गर्नु पर्ने कारण भएमा भन्सार कार्यालयको कर्मचारीले त्यस्तो व्यक्तिबाट सो वस्तुको महसुल तिरेको वा भन्सार जाँचपास भएको प्रमाण माग गरी सो कुराको यकिन गर्न र महसुल

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		तिरेको प्रमाण पेश गर्न नसकेमा त्यस्तो वस्तु कब्जामा लिई भन्सार अधिकृत समक्ष पेश गर्ने र भन्सार अधिकृतले चोरी पैठारी वा चोरी निकासीको कसूरमा कारबाही चलाउनु पर्ने भएकोले प्रमाण माग गर्न सक्ने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
५५	यात्रुको जाँचपास।	विदेशबाट नेपाल आउने वा नेपालबाट विदेश जाने यात्रुले आफ्नो साथमा भएको वा आफूसँग ल्याएको वा लैजान लागेको ब्यागेज भन्सार अधिकृत वा निजले तोकेको भन्सारको कर्मचारीबाट जाँच गराउनु पर्ने, कुनै यात्रुले विदेशबाट नेपाल आउँदा आफ्नो साथमा वा आफ्नो ब्यागेज वा सवारी साधनमा महसुल छुट पाउनेभन्दा बढी परिमाण वा बढी मूल्यका वा महसुल छुट नहुने वस्तु ल्याएमा त्यस्तो वस्तु भन्सार कार्यालयमा घोषणा गर्नु पर्ने, भन्सार अधिकृत वा निजले

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		तोकेको भन्सारको कर्मचारीले विदेशबाट नेपाल प्रवेश गर्ने वा नेपालबाट विदेश प्रस्थान गर्ने यात्रु वा व्यक्तिको ब्यागेज जाँच गर्न सक्ने व्यवस्थाको लागि यात्रुको जाँचपास सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
५६	महसुल निर्धारणको आधार मिति।	वस्तुको महसुल निर्धारण गर्दा कुन मितिमा कायम रहेको भन्सार दरलाई आधार मान्ने भन्ने विषयमा कानूनमा स्पष्ट उल्लेख हुनुपर्ने भएकोले त्यस्तो वस्तु कार्यालयबाट जाँचपास गर्ने मितिमा कायम रहेको महसुल दर बमोजिम निर्धारण गर्ने र कूटनीतिक सुविधा, महसुल सुविधा वा आंशिक वा पूर्ण महसुल छुटमा पहिले पैठारी भएका वस्तुको हकमा त्यस्तो वस्तुको महसुल बुझाउने मितिमा कायम रहेको महसुल दर बमोजिम महसुल निर्धारण गर्ने गरी महसुल निर्धारणको आधार मिति सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
५७	खानतलासी लिन सक्ने।	कसैले महसुल नतिरी वा चोरी निकासी गर्न लागेको वा चोरी पैठारी गरी ल्याएको वस्तु कुनै घर, भवन, पसल, गोदाम वा ठाउँमा लुकाएको वा राखेको छ भन्ने विश्वास वा शङ्का गर्नु पर्ने मनासिब कारण भएमा त्यस्तो घर, पसल, गोदाम, भवन वा ठाउँको खानतलासी लिई भन्सार छली वा चोरी पैठारी गरी ल्याएको वा चोरी निकासी गर्न लागेका वस्तु कब्जामा लिन सक्ने अधिकार महानिर्देशक वा भन्सार अधिकृतलाई प्रदान गरी चोरी निकासी वा चोरी पैठारीलाई प्रभावकारी रुपले नियन्त्रण एवं निरुत्साहित गर्नु पर्ने भएकोले खानतलासी लिन सक्ने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
५८	वायुयानको तलासी वा जाँच गर्न सक्ने।	कुनै वायुयानमा चोरी पैठारी गरिएको वा चोरी पैठारी वा चोरी निकासी गर्ने उद्देश्यले कुनै वस्तु लुकाई राखेको सूचना भन्सार अधिकृतलाई प्राप्त भई

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		सो सूचनामा विश्वास गर्न सकिने पर्याप्त आधार भएमा र भन्सार अधिकृतले आवश्यक देखेमा विमानस्थल सञ्चालकलाई जानकारी दिई त्यस्तो वायुयानमा प्रवेश गरी वायुयानको सबै भागको तलासी लिन वा जाँच गर्न, वायुयानमा भएका वा वायुयानमा चढाउन वा वायुयानबाट ओराल्न लागिएका सबै वस्तु जाँच गर्न वा तत्सम्बन्धी कागजात माग गर्न सक्ने गरी भन्सार अधिकृतलाई अधिकार प्रदान गर्न पर्ने भएकोले वायुयानको तलासी वा जाँच गर्न सक्ने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
५९	वाहन रोक्ने र तलासी वा जाँच गर्न सक्ने।	भन्सार अधिकृत वा भन्सारमा खटिएको कर्मचारीलाई कुनै वाहनमा महसुल नतिरिएको वा चोरी निकासी गर्न लागिएको वा चोरी पैठारी गरिएको वा प्रतिबन्धित वा निषेधित वस्तु भए नभएको निश्चित गर्नको लागि जुनसुकै वाहनलाई जुनसुकै

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		स्थान र समयमा रोकी त्यस्तो वाहनको तलासी लिने वा जाँच गर्ने अधिकार प्रदान गरी चोरी निकासी वा चोरी पैठारीलाई नियन्त्रण गर्न पर्ने भएकोले वाहन रोक्ने र तलासी वा जाँच गर्न सक्ने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
६०	व्यक्तिको तलासी लिन सक्ने।	विदेशबाट नेपाल आउन वा नेपालबाट विदेश जान लागेको कुनै व्यक्तिको साथमा वा निजको ब्यागेजमा महसुल नतिर्ने मनसायले लुकाई राखेको वा प्रतिबन्धित वा निषेधित वस्तु भएको शङ्का गर्नु पर्ने मनासिब कारण भएमा भन्सारमा खटिएको कर्मचारीले त्यस्ता व्यक्तिको तलासी लिन सक्ने गरी भन्सारमा खटिएको कर्मचारीलाई अधिकार प्रदान गरी चोरी निकासी वा चोरी पैठारीको अपराधलाई प्रभावकारी रुपमा नियन्त्रण गर्न पर्ने भएकोले व्यक्तिको तलासी लिन सक्ने सम्बन्धी व्यवस्था गर्न

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		आवश्यक भएको।
६१	भन्सार अधिकृत समक्ष पेश गर्नु पर्ने ।	भन्सारका अन्य कर्मचारीद्वारा तलासी लिन लागिएको कुनै व्यक्तिले भन्सार अधिकृतको उपस्थितिमा आफ्नो तलासी लिन माग गरेको अवस्थामा सम्बन्धित कर्मचारीले निजलाई तुरुन्त भन्सार अधिकृत समक्ष पेश गर्नु पर्ने गरी व्यक्तिको अधिकारलाई सुरक्षित गर्न पर्ने भएकोले भन्सार अधिकृत समक्ष पेश गर्नु पर्ने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
६२	चोरी निकासी वा चोरी पैठारी गरेको मानिने।	तलासी लिंदा महसुल लाग्ने वा यस ऐन बमोजिम घोषणा गरी निकासी वा पैठारी गर्नु पर्ने वस्तु बरामद भएकोमा भन्सार अधिकृतले सम्बन्धित व्यक्तिलाई सो वस्तुको भन्सार जाँचपास भएको प्रमाण पेश गर्न आदेश दिएकोमा भन्सार अधिकृतले दिएको आदेश बमोजिम वस्तुको जाँचपास भएको प्रमाण पेश गर्न नसकेमा त्यस्तो वस्तु चोरी निकासी वा चोरी पैठारी गरेको

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		मानी कारबाई चलाउनु पर्ने भएकोले चोरी निकासी वा चोरी पैठारी गरेको मानिने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
६३	कसूरसँग सम्बन्धित व्यक्तिलाई पक्राउ गर्न सकिने।	तलासी लिँदा कुनै व्यक्तिले यस विधेयक अन्तर्गतको कसूर गरेको देखिन आएमा त्यस्तो व्यक्तिलाई पक्राउ गरी कारबाही चलाउनु पर्ने भएकोले मुद्दा हेर्ने अधिकारीको अनुमति लिई कसूरसँग सम्बन्धित व्यक्तिलाई पक्राउ गर्न सकिने व्यवस्था गर्न आवश्यक भएको।
६४	फरार व्यक्तिलाई पक्रन सकिने।	यस विधेयक अन्तर्गत कसूर मानिने कुनै कार्य गर्ने व्यक्तिलाई कसूर गर्दाकै बखत पक्राउ गर्न नसकिएमा वा पक्राउ गरिएको भए तापनि निज फरार भएमा त्यस्तो व्यक्तिलाई जुनसुकै बखत पक्राउ गर्न सक्ने व्यवस्था गर्न पर्ने भएकोले भन्सार अधिकृत वा सो कार्यको लागि खटिएको अनुसन्धान अधिकृतले वा निजले खटाएको अन्य कर्मचारीले फरार

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		व्यक्तिलाई पक्रन सकिने गरी व्यवस्था गर्न आवश्यक भएको।
६५	वस्तु कब्जामा लिन सक्ने।	यस विधेयक बमोजिम जफत हुने वस्तु देखेमा वा पत्ता लागेमा त्यस्ता वस्तु जुनसुकै ठाउँमा र जहिलेसुकै पनि तुरुन्त कब्जामा लिई कारबाई गर्नुपर्ने भएकोले भन्सार अधिकृतले वा निजले खटाएको कर्मचारीले वा भन्सारमा सुरक्षाको लागि खटिएका प्रहरीले त्यस्तो वस्तु कब्जामा लिन सक्ने व्यवस्था गर्न आवश्यक भएको।
६६	वस्तु बुझाउनु पर्ने।	यस विधेयक बमोजिम जफत गर्नु पर्ने वस्तु कब्जामा लिएकोमा त्यस्तो वस्तु बिचलन हुन नपाओस र तुरुन्त मुद्दा हेर्ने अधिकारीसमक्ष दाखिला होस भन्ने हेतु कार्यालयको कुनै कर्मचारी वा अन्य निकायले कब्जामा लिएको वस्तु र सोको विवरणको एक प्रति यथाशीघ्र भन्सार अधिकृत समक्ष बुझाउनु पर्ने व्यवस्था गर्न आवश्यक भएको।

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
६७	वस्तु जफत गर्ने।	विधेयकको दफा २८ को उपदफा (१४) वा (१५) बमोजिमको म्यादभित्र घोषणा नगरिएको वस्तु वा भन्सार क्षेत्र वा भन्सार वेयरहाउसबाट तोकिएको अवधिभित्र जाँचपास गरी नलगेको वस्तु भन्सार अधिकृतले जफत गर्नु पर्ने भएकोले वस्तु जफत गर्ने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
६८	जफत गर्नु पर्ने अन्य वस्तु।	यस विधेयक बमोजिम कुनै वस्तु जफत गर्ने निर्णय भएमा त्यस्तो वस्तु प्याक गर्न वा ढुवानी गर्न प्रयोग भएका पार्सल, प्याकेट वा आधानपात्र, वस्तु ढुवानी गर्न प्रयोग गरिएका सबै किसिमका सवारी साधन, सवारी साधनसँग जोडिएको ट्रेलर, जीवित जनावर, सवारी साधनमा राखेका कपडा, फर्निचर, विद्युतीय सामान र अन्य सामग्री जस्ता जफत गर्नु पर्ने वस्तुसंग सम्बन्धित वस्तु पनि जफत गर्नु पर्ने भएकोले जफत गर्नु पर्ने अन्य वस्तु सम्बन्धी

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		व्यवस्था गर्न आवश्यक भएको।
६९	जफत गरेको सूचना दिनु पर्ने।	कुनै पनि वस्तु जफत गरेपछि त्यस्तो वस्तुको धनीलाई जानकारी दिन न्यायसंगत हुने भएकोले यस विधेयक बमोजिम कुनै वस्तु जफत गरिएकोमा भन्सार अधिकृतले छिटो साधनद्वारा सोको जानकारी दिनु पर्ने गरी जफत गरेको सूचना दिनु पर्ने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
७०	वस्तु नेपाल सरकारको हुने।	जाँचपास गरी नलगी भन्सार कार्यालयमा छाडिएको र यस विधेयक बमोजिम जफत गरिएको सवै वस्तु नेपाल सरकारको हुने व्यवस्था गर्नको लागि जफत गरिएको वस्तु नेपाल सरकारको हुने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
७१	भन्सार क्षेत्रमा छेकबार राख्न सक्ने।	भन्सार क्षेत्रमा आवागमन हुने सार्वजनिक सडक वा स्थानबाट वस्तुको चोरी निकासी वा चोरी पैठारी हुन सक्ने वा महसुल छल्न सक्ने कार्यलाई नियन्त्रण तथा नियमन गर्न आवश्यकता

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		अनुसार त्यस्तो सडक वा स्थानमा छेकबार(ढाट) राख्न पर्ने भएकोले भन्सार क्षेत्रमा छेकबार राख्न सक्ने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
७२	भन्सार वेयरहाउसको स्थापना र सञ्चालन।	निकासी हुने वा पैठारी भएका वस्तु जाँचपास नभएसम्मका लागि सुरक्षित रूपमा राख्नको लागि भन्सार वेयरहाउसको आवश्यकता पर्ने भएकोले भन्सार वेयरहाउसको स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
७३	भन्सार वेयरहाउसमा रहेका वस्तु स्थानान्तरण गर्न सक्ने।	कुनै वस्तुको धनीले एउटा भन्सार वेयरहाउसमा राखिएको वस्तु अर्को भन्सार वेयरहाउसमा स्थानान्तरण गर्न चाहेमा र त्यस्तो कारण मनासिव देखिएमा तोकिएको शर्तको अधीनमा रही स्थानान्तरण गर्न दिने व्यवस्था गर्न उपयुक्त हुने भएकोले भन्सार वेयरहाउसमा रहेका वस्तु स्थानान्तरण गर्न सक्ने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
७४	भन्सार वेयरहाउसमा रहेको वस्तु कार्यालयको नियन्त्रणमा रहने।	भन्सार वेयरहाउसमा निकासी वा पैठारीको लागि राखिएको वस्तु कानून बमोजिम लाग्ने महसुल भुक्तानी गरी भन्सारबाट जाँचपास भएपछिमात्र सम्बन्धित वस्तुको धनीले छुटाई लैजान पाउने भएकोले त्यसरी महसुल भुक्तानी गरी जाँचपास नभएसम्म सम्बन्धित कार्यालयको नियन्त्रणमा रहने व्यवस्था गर्नु पर्ने भएकोले भन्सार वेयरहाउसमा रहेको वस्तु कार्यालयको नियन्त्रणमा रहने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
७५	भन्सार वेयरहाउसमा रहेका वस्तुको क्षतिपूर्ति।	भन्सार वेयरहाउसमा रहेका वस्तु भन्सार वेयरहाउस सञ्चालकले क्षति नहुने गरी सुरक्षित रूपमा राख्नु पर्ने र भन्सार वेयरहाउसमा राखिएका वस्तु चोरिएमा, हराएमा वा प्राकृतिक प्रकोप वा दुर्घटनाको कारणले वा वस्तु राख्ने वा उठाउने क्रममा स्वाभाविक रूपमा हुन सक्ने टुटफुट बाहेक अन्य कुनै

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		कारणबाट नष्ट भएमा, क्षति भएमा वा क्षति गरिएमा, लापरबाही वा जानाजानी अन्य अनधिकृत व्यक्तिलाई दिएमा वस्तुको धनीले त्यस्तो वस्तुको क्षतिपूर्ति प्रचलित कानून बमोजिम भन्सार वेयरहाउस सञ्चालकबाट भराई लिन पाउने व्यवस्था गरी व्यक्तिको सम्पत्तिको सुरक्षालाई सुनिश्चित गर्नको लागि भन्सार वेयरहाउसमा रहेका वस्तुको क्षतिपूर्ति सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
७६	बण्डेड वेयरहाउस सञ्चालन गर्न इजाजतपत्र दिन सकिने।	निकासी गर्ने उद्योगले कच्चा पदार्थ र सहायक कच्चा पदार्थ महसुल नतिरी पैठारी गर्न पाउने र त्यसरी पैठारी गरिएको कच्चा पदार्थ र सहायक कच्चा पदार्थ बण्डेड वेयरहाउसमा राखी वस्तु उत्पादन, प्रशोधन वा निर्माण गरी तयारी वस्तु विदेशमा निकासी गर्ने वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रामा बिक्री गर्न दिने व्यवस्था गर्नको

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		लागि बण्डेड वेयरहाउस सञ्चालन गर्न इजाजतपत्र दिन सकिने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
७७	करमुक्त पसल सञ्चालन गर्न इजाजतपत्र दिन सक्ने।	नेपालमा रहेका कूटनीतिक सुविधा वा महसुल सुविधा पाउने निकाय, पदाधिकारी वा व्यक्तिले खरिद गर्ने वस्तुमा पारस्परिकताको आधारमा कर छुट दिन पर्ने भएकोले त्यसरी कर छुट दिई बिक्री गर्ने प्रयोजनको लागि कुनै व्यक्तिलाई करमुक्त पसल सञ्चालन गर्न इजाजतपत्र दिन सकिने व्यवस्था गर्नको लागि करमुक्त पसल सञ्चालन गर्न इजाजतपत्र दिन सक्ने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
७८	वस्तुको आन्तरिक परिवहन।	एउटा भन्सार कार्यालयमा आइपुगेको वस्तु सो कार्यालयबाट जाँचपास नगरी अर्को भन्सार कार्यालयबाट जाँचपास गराउन पाउने सुविधा दिन र देशभित्र निर्माण हुन सक्ने ड्राई पोर्ट वा कन्टेनर

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		फ्रेट स्टेशनमा स्थापना हुने भन्सार कार्यालयबाट पनि जाँचपास गर्न सकिने व्यवस्था गर्नको लागि वस्तुको आन्तरिक परिवहन सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
७९	अन्तर्राष्ट्रिय पारवहन सम्बन्धी व्यवस्था।	द्विपक्षीय वा बहुपक्षीय सन्धिमा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा नेपाल सरकारले कुनै मुलुकलाई पारस्परिकताको आधारमा अन्तर्राष्ट्रिय पारवहनको अनुमति दिनु पर्ने अवस्थामा अन्तर्राष्ट्रिय पारवहनको लागि वस्तु आगमन हुने कार्यालय, प्रयोग गर्न पाइने मार्ग तथा प्रस्थान हुने कार्यालय, पारवहनको लागि पैठारी गर्ने वस्तुको सम्बन्धमा अपनाउनु पर्ने प्रक्रिया, पालन गर्नु पर्ने शर्त तथा सुरक्षाका लागि अपनाउनु पर्ने उपाय र कुनै सेवा प्रदान गरे बापत लिइने शुल्क तथा दस्तुरको सम्बन्धमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो सुविधा प्रदान गर्न सक्ने

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		व्यवस्थाको लागि अन्तर्राष्ट्रिय पारवहन सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
८०	नेपालबाट विदेशी मुलुक हुँदै पुनः नेपालभित्र वस्तु ल्याउने।	नेपालको एक स्थानबाट नेपालकै अर्को स्थानमा कुनै वस्तु लैजानु पर्दा प्राकृतिक प्रकोप परी वा सुविधाको दृष्टिले विदेशी मुलुक हुँदै लैजान पर्ने अवस्थामा निश्चित प्रक्रिया अपनाई त्यस्तो वस्तु विदेशी मार्ग हुदै ल्याउन र लैजान दिने र महसुलको सम्बन्धमा पनि सुविधा दिने व्यवस्था गर्नको लागि नेपालबाट विदेशी मुलुक हुँदै पुनः नेपालभित्र वस्तु ल्याउने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
८१	विदेशबाट नेपालमा पारवहनको लागि वस्तु ल्याउने र पुनः सोही मुलुकमा लैजाने।	प्राकृतिक प्रकोप वा अन्य कुनै कारण परी कुनै वस्तु नेपालको बाटो हुँदै पुनः सोही मुलुकमा लैजान दिनु पर्ने अवस्थामा पारवहनको लागि नेपालको कुनै स्थानमा वस्तु ल्याउँदा र पुनः सोही मुलुकमा लैजाँदा अपनाउनु पर्ने प्रक्रिया र महसुल सुविधा

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		सम्बन्धी व्यवस्था गर्न पर्ने भएकोले विदेशबाट नेपालमा पारवहनको लागि वस्तु ल्याउने र पुनः सोही मुलुकमा लैजाने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
८२	शीघ्र जाँचपासको सुविधा दिन सक्ने।	निजी क्षेत्रबाट सञ्चालित द्रुत सेवा वा कुरियर कम्पनीले हवाई मार्गबाट निकासी वा पैठारी गर्ने अत्यावश्यक कागजातहरु, ससाना पुलिन्दाहरु, औद्योगिक नमुनाका वस्तुहरु एवं यस्तै अत्यावश्यक वस्तुहरु शीघ्र जाँचपास प्रक्रियाबाट जाँचपास गर्नको लागि अपनाइने प्रक्रिया, निकासीकर्ता वा पैठारीकर्ताले पालन गर्नु पर्ने शर्त, बन्देज तथा त्यस्तो सुविधा लागू हुने मिति समेत मन्त्रालयले राजपत्रमा सूचना प्रकाशन गरी त्यस्ता वस्तुको लागि पूर्वाधारको उपलब्धताको आधारमा शीघ्र जाँचपासको सुविधा दिन सक्ने सम्बन्धी व्यवस्था गर्न आवश्यक

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		भएको।
८३	हुलाक मार्फत निकासी वा पैठारी गर्ने वस्तु भन्सार अधिकृत समक्ष दाखिला गर्नुपर्ने।	हुलाक मार्फत निकासी वा पैठारी हुने वस्तु जाँचपास गर्ने प्रक्रियाका सम्बन्धमा छुट्टै व्यवस्था गर्न पर्ने भएकोले हुलाक मार्फत कुनै वस्तु आएमा त्यस्तो पुलिन्दा भन्सार अधिकृत समक्ष जाँचपासको लागि पेश गर्नु पर्ने र कसैले हुलाक मार्फत वस्तुको पुलिन्दा निकासी गर्न ल्याएमा भन्सार अधिकृतबाट जाँचपास गराई ल्याएपछि मात्र त्यस्तो पुलिन्दा बुझिलिई चलान गरिदिनु पर्ने र कतिपय कागजात एवं निश्चित मूल्यसम्मका वस्तु भन्सार अधिकृत समक्ष पेशगर्न नपर्ने गरी सहजीकरण समेत गर्न पर्ने भएकोले हुलाक मार्फत निकासी वा पैठारी गर्ने वस्तु भन्सार अधिकृत समक्ष दाखिला गर्नुपर्ने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
८४	पूर्वादेश जारी गर्न सक्ने।	आफूले पैठारी गर्ने कुनै वस्तुको वर्गीकरण वा उत्पत्तिको

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		सम्बन्धमा पैठारी कर्ताले पूर्व जानकारी लिन चाहेमा महानिर्देशकले तत्सम्बन्धी पूर्वादेश दिन सक्ने गरी पैठारीकर्तालाई सुविधा दिई सहजीकरण गर्नको लागि महानिर्देशकले पूर्वादेश जारी गर्न सक्ने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
८५	कसूर गरेको मानिने।	यस विधेयक वमोजिम सजाय हुने कामलाई स्पष्ट रुपमा विधेयकमा उल्लेख गर्नुपर्ने भएकोले कसूर गरेको मानिने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
८६	जरिबाना तथा सजाय।	यस विधेयक वमोजिम गरेका कसूरको गम्भीरता र बिगोअनुसार सजाय गर्नको लागि सजाय सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
८७	वस्तुको विवरण फरक पारी घोषणा गरेमा सजाय हुने।	जाँचपासको लागि भन्सारमा वस्तुको घोषणा गर्दा गलत घोषणा गरी राजस्व चुहावट गर्न सक्ने कार्यलाई दण्डनीय बनाई गलत घोषणाको गम्भीरता

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		अनुसार जरिवाना गरी वस्तु जफत गर्न सक्ने वा महसुल र जरिवाना असुल गरी वस्तु जाँचपास गर्न सक्ने व्यवस्थाको लागि वस्तुको विवरण फरक पारी घोषणा गरेमा सजाय हुने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
८८	भौतिक जाँच नगरी जाँचपास भएको वस्तु फरक परेमा जरिबाना हुने।	कम्प्यूटर प्रणालीले निर्देश गरेअनुसार भौतिक जाँच नगरी जाँचपास गरिने वस्तु फरक नपरोस भनी त्यस्ता वस्तु गलत घोषणा गरेको पाईएमा भन्सारबाट जाँचपास गरी छाडेको वस्तुभन्दा बढी सजाय हुन सक्ने व्यवस्था गर्नुपर्ने भएकोले भौतिक जाँच नगरी जाँचपास भएको वस्तु फरक परेमा जरिबाना हुने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
८९	भन्सार जाँचपास प्रतिनिधिलाई सजाय हुने।	वस्तुको गलत घोषणा गर्ने कार्यमा संलग्न हुने भन्सार जाँचपास प्रतिनिधिलाई सजायको व्यवस्था गर्नु पर्ने भएकोले वस्तुको धनीलाई सजाय वा

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		जरिबानाबाट उन्मुक्ति नदिने गरी भन्सार जाँचपास प्रतिनिधिलाई सजाय हुने व्यवस्था गर्न आवश्यक भएको।
९०	कर्मचारीलाई विभागीय कारबाही गर्ने।	भन्सार विभाग र भन्सार कार्यालयका कर्मचारीले लापरबाहीपूर्वक कार्य गरी राजस्वमा हानि नोक्सानी पुऱ्याउने, बदनियतपूर्वक काम गरी सेवाग्राहीलाई दुःख दिने, कार्यालयमा कार्यरत रहँदा तोकिएको पोशाक, चिन्ह र परिचयपत्र नलगाउने यो विधेयक वा अन्य प्रचलित कानून बमोजिम महानिर्देशकले दिएको आदेश वा निर्देशनको पालना नगर्ने, वा यस विधेयक वा यस विधेयक अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै कार्य गर्ने अनुशासनहीन र मर्यादाको ख्याल नगर्ने कर्मचारीलाई कारबाई गर्नुपर्ने हुँदा विभागीय कारबाही गर्ने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
९१	कारबाहीको सूचना नदिई मुद्दा नचल्ने।	यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम गरेको कुनै कामको सम्बन्धमा भन्सार अधिकृत वा अन्य कर्मचारीलाई कुनै मुद्दा चलाउनु भन्दा दुई महिना अगाडि सोको लिखित सूचना सम्बन्धित भन्सार अधिकृत वा कर्मचारीलाई बुझाउनु पर्ने वा हुलाकद्वारा रजिष्टर गरी पठाउनु पर्ने र त्यसको एक प्रति महानिर्देशक समक्ष पेश गरेको हुनुपर्ने व्यवस्थाको लागि कारबाहीको सूचना नदिई मुद्दा नचल्ने सम्बन्धी व्यवस्था राख्न आवश्यक भएको।
९२	हानि नोक्सानी भएको रकम भराइदिन सक्ने।	भन्सारको कर्मचारीले यो विधेयक वा यस विधेयक अन्तर्गत बनेको नियमको व्यवस्था लापरबाहीपूर्वक उल्लङ्घन गरेको, नेपाल सरकारलाई हानि नोक्सानी हुने गरी कुनै काम लापरबाही वा बदनियतपूर्वक गरेको, कुनै विवरण आफ्नो वा अन्य कसैको फाइदाको लागि

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		वा कसैलाई नोक्सान पार्ने नियतले प्रकाश गरेको वा आफूलाई सुम्पेको कामसँग सम्बन्धित गोप्य राख्नु पर्ने कुरा कसैलाई व्यक्त गरेको वा देखाएको वा दिएको कार्यबाट कसैलाई हानि नोक्सानी पुगेको अवस्थामा त्यस्तो हानि नोक्सानी बापत अख्तियारवालाले त्यस्तो कर्मचारीबाट सबै वा केही रकम भराइदिन आदेश दिन सक्ने व्यवस्था गरी व्यक्तिको सम्पत्तिको सुरक्षाको लागि हानि नोक्सानी भएको रकम भराइदिन सक्ने सम्बन्धी व्यवस्था राख्न आवश्यक भएको।
९३	प्रचलित कानून बमोजिम सजाय हुने।	यस विधेयक अन्तर्गतको कुनै कसूर अन्य प्रचलित सङ्घीय कानून बमोजिम पनि कसूर हुने रहेछ भने सो कसूरमा त्यस्तो कानून बमोजिम कारबाही र सजाय गर्न सकिने व्यवस्थाको लागि प्रचलित कानून बमोजिम सजाय हुने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
९४	नेपाल सरकार वादी हुने।	यस ऐनको दफा ८६ को उपदफा (२) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दामा एक वर्षभन्दा बढी कैदको सजाय हुने र संवैधानिक प्रावधानअनुसार त्यस्ता मुद्दाको सुरु कारबाई र किनारा जिल्ला अदालतबाट हुने भएकोले त्यस्ता मुद्दामा नेपाल सरकार वादी **हुने** व्यवस्था गर्न आवश्यक भएको।
९५	मुद्दा हेर्ने गर्ने अधिकारी।	यस ऐन बमोजिमका कसूर सम्बन्धी मुद्दा हेर्ने वा सजाय गर्ने अधिकारी तोक्नको लागि मुद्दा हेर्ने वा सजाय गर्ने अधिकारी सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
९६	अनुसन्धान अधिकृत तोक्नु पर्ने।	तोकिए बमोजिमको रकम भन्दा बढी विगो भएको यस विधेयक बमोजिमको मुद्दामा अनुसन्धान अधिकृत तोकी त्यस्ता मुद्दाको अनुसन्धान तहकिकातसम्बन्धी काम गराई मुद्दा हेर्ने अधकारीसमक्ष पेश गर्ने व्यवस्था गर्दा न्याय सम्पादनको काम बढी निष्पक्ष र प्रभावकारी हुने

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		भएकोले अनुसन्धान अधिकृत तोक्नु पर्ने व्यवस्था गर्न आवश्यक भएको।
९७	अनुसन्धान अधिकृतको काम, कर्तव्य र अधिकार।	यस विधेयक बमोजिम मुद्दाको अनुसन्धान तहकिकात सम्बन्धी कार्यलाई स्पष्ट, सहज र प्रभावकारी बनाउन अनुसन्धान अधिकृतको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
९८	मुद्दा दायर गर्नु पर्ने।	अनुसन्धान अधिकृतले यस विधेयक बमोजिम दर्ता गर्नुपर्ने मुद्दाको म्याद तथा दर्ता गर्नु पर्ने निकाय वा अधिकारी एवं प्रक्रियाका सम्बन्धमा स्पष्ट गर्नुपर्ने भएकोले मुद्दा दायर गर्नु पर्ने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
९९	थुनुवा पूर्जी दिनु पर्ने।	व्यक्तिको न्याय सम्बन्धी हकको संरक्षण गर्नुपर्ने भएकोले यस विधेयक बमोजिम कुनै मुद्दामा कुनै व्यक्तिलाई थुनामा राख्दा अनुसन्धान अधिकृत वा मुद्दा हेर्ने अधिकारीले त्यसरी थुनामा राख्नु पर्नाको कारण र सोको कानूनी

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		आधार खुलाई तोकिए बमोजिमको ढाँचामा थुनुवा पूर्जी दिनु पर्ने व्यवस्था गर्न आवश्यक भएको।
१००	थुनामा राख्न सकिने अधिकतम अवधि।	कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय नहोस भन्नाका लागि अभियुक्तलाई पुर्पक्षको लागि थुनामा राख्दा निज उपर लगाइएको अभियोग प्रमाणित भएमा हुन सक्ने अधिकतम कैदको सजायको अवधिभन्दा बढी अवधिसम्म थुनामा नराख्ने गरी थुनामा राख्न सकिने अधिकतम अवधि सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको ।
१०१	मुद्दाको कारबाही प्रारम्भ गर्नु पर्ने।	यस विधेयक बमोजिम कुनै कसूरका सम्बन्धमा मुद्दा दायर भएपछि तुरुन्त कार्बाई सुरु गर्ने व्यवस्थाको लागि भन्सार अधिकृतले मुद्दाको कारबाही तुरुन्त प्रारम्भ गर्नु पर्ने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
१०२	अभियुक्तको बयान	प्राकृतिक न्यायको

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
	गराउनु पर्ने।	सिद्धान्तअनुसार सुनुवाईको मौका दिनुपर्ने भएकोले कुनै कसूरको सम्बन्धमा अभियुक्त उपर लगाइएको अभियोग, तत्सम्बन्धी विवरण, अनुसन्धान अधिकृत वा उजूरवालाले पेश गरेको प्रमाण तथा अभियोगपत्रमा लिएको सजायको मागदाबी स्पष्ट रुपमा पढेर सुनाई निजको लिखित बयान लिनको लागि अभियुक्तको बयान गराउनु पर्ने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
१०३	मुद्दाको निर्णय तत्काल गर्न सक्ने।	अभियुक्तले निज उपर लागेको कसूरको आरोप स्वीकार गरी साविती बयान दिएमा र त्यस्तो बयानको सत्यता र विश्वसनीयतालाई विचार गरी अन्य कुनै प्रमाण बुझ्नु पर्ने नदेखिएको अवस्थामा विलम्ब नगरी मुद्दाको निर्णय तत्काल गर्न सक्ने व्यवस्था गर्न आवश्यक भएको।
१०४	थुना वा तारेखमा राखी कारबाही गर्ने।	कुनै अभियुक्त तत्काल प्राप्त प्रमाणबाट कसूरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिब

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		आधार भएमा निजलाई उक्त कसूरमा यस ऐन बमोजिम हुन सक्ने कैद, जरिबाना बापतको रकम र बिगो समेत असुल गर्नु पर्नेमा सो बराबरको रकम धरौटी लिई निजलाई तारिखमा राखी मुद्दाको कारबाही गर्नु पर्ने र धरौटी दाखिला नगरेमा वा गर्न नसकेमा वा कुनै अभियुक्तलाई थुनामा नराखेमा निजले प्रमाण लोप गराउन सक्ने वा भाग्ने वा पछि पक्राउ गरी मुद्दाको कारबाही गर्नसक्ने सम्भावना कम रहेमा त्यस्तो अभियुक्तलाई भन्सार अधिकृतले पुर्पक्षको लागि थुनामा राखी मुद्दाको कारबाई गर्न सक्ने व्यवस्थाको लागि थुना वा तारेखमा राखी कारबाही गर्ने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
१०५	आदेश पर्चा खडा गर्नु पर्ने।	कुनै मुद्दामा अभियुक्तलाई थुनामा राख्ने, थुनामा राखिएको अभियुक्तलाई छोड्ने वा कुनै अभियुक्तसँग धरौटी लिँने कार्य

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		महत्वपूर्ण भएकोले त्यस्तो कार्य गर्दा कारण सहितको आदेश पर्चा खडा गर्नु पर्ने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
१०६	समाह्वान वा पक्राउ पूर्जी जारी गर्ने।	यस विधेयक अन्तर्गतको कसूर सम्बन्धी मुद्दामा उजुरीसाथ उपस्थित नभएका अभियुक्तलाई उपस्थित गराउन भन्सार अधिकृतले समाह्वान जारी गर्न र अभियुक्त भागी पुनः पक्राउ हुन नसक्ने सम्भावना भएमा वा समाह्वानमा तोकिएको म्यादमा अभियुक्त कार्यालयमा उपस्थित नभएमा त्यस्तो अभियुक्तको हकमा भन्सार अधिकृतले पक्राउ पूर्जी जारी गर्नको लागि समाह्वान वा पक्राउ पूर्जी जारी गर्ने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
१०७	म्याद थाम्न र वारिस नियुक्त गर्न नपाइने।	यस विधेयक अन्तर्गतको कसूर सम्बन्धी मुद्दा नेपाल सरकार वादी हुने फौजदारी प्रकृतिको भएकोले अभियुक्त आफै उपस्थित हुनुपर्ने र निर्णय प्रक्रिया पनि छिटो गर्नको लागि

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		म्याद थाम्न र वारिस नियुक्त गर्न नपाइने व्यवस्था गर्न आवश्यक भएको।
१०८	अदालतलाई भए सरहको अधिकार हुने।	यस विधेयकको प्रयोजनको लागि सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने, लिखत पेश गर्न लगाउने र मुद्दाको पुर्पक्ष गर्ने सम्बन्धमा भन्सार अधिकृतलाई प्रचलित कानून बमोजिम सुरु अदालतलाई भए सरहको अधिकारको हुने व्यवस्था गर्न आवश्यक भएको।
१०९	धरौटी जफत हुने।	यस विधेयक बमोजिम धरौटी राख्ने व्यक्ति कार्यालयबाट तोकिएको तारिखमा उपस्थित नभएमा निजले राखेको धरौटी जफत गर्ने व्यवस्था गर्न आवश्यक भएको।
११०	मुद्दा निर्णय गर्नु पर्ने अवधि र ढाँचा।	यस विधेयक बमोजिम चलाइने मुद्दाको निर्णय गर्ने अवधि र मुद्दाको निर्णयको ढाँचामा एकरूपता कायम गर्न मुद्दामा प्रमाण बुझ्ने कार्य समाप्त भएको सामान्यतया पैतालीस दिनभित्र

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		भन्सार अधिकृतले मुद्दाको निर्णय गर्नु पर्ने र मुद्दाको निर्णय गर्दा तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमका कुरा खुलाई गर्नुपर्ने व्यवस्था गर्न मुद्दा निर्णय गर्नु पर्ने अवधि र ढाँचा राख्न आवश्यक भएको।
१११	निर्णय कार्यान्वयन गर्ने।	यस विधेयक बमोजिमको मुद्दामा भएको निर्णय कार्यान्वयन गर्नको लागि निर्णय कार्यान्वयन गर्ने सम्बन्धी व्यवस्था राख्न आवश्यक भएको।
११२	जफत वा खरिद गरिएका वस्तु व्यवस्थापन गर्ने।	यस विधेयक बमोजिम मुद्दाको कारबाईको सिलसिलामा जफत गरिएका वा न्यूनविजकीकरण गरेको कारणले खरिद गरिएका वस्तु लिलाम बिक्री गर्ने वा सरकारी निकायलाई हस्तान्तरण गर्ने वा वस्तुको अवस्था वा प्रकृतिअनुसार सडाउन, गलाउन वा नष्ट गरी फरफारक गर्नको लागि जफत वा खरिद गरिएका वस्तु व्यवस्थापन गर्ने सम्बन्धी व्यवस्था राख्न आवश्यक भएको।

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
११३	कब्जामा लिएको सवारी साधनको व्यवस्थापन।	चोरी निकासी वा चोरी पैठारीमा प्रयोग भई कार्यालयमा दाखिला हुन आएको सवारी साधन स्थानको अभाव वा संरक्षण गर्न नसकिने कारणबाट सो कार्यालयमा राखि राख्न उपयुक्त नदेखिएमा मुद्दाको निर्णय हुँदा ठहरे बमोजिम हुने गरी भन्सार अधिकृतले त्यस्तो सवारी साधन तत्काल लिलाम बिक्री गर्न वा सवारी साधनको धनीबाट लाग्ने रकम नगद धरौटी लिई निजलाई नै फिर्ता दिन सक्ने गरी कब्जामा लिएको सवारी साधनको व्यवस्थापन सम्बन्धी व्यवस्था राख्न आवश्यक भएको।
११४	प्रशासकीय पुनरावलोकन।	भन्सार कार्यालयका प्रमुख वा कार्यालयका अन्य कर्मचारीले गरेको आदेश वा निर्णयको सम्बन्धमा त्यस्तो आदेश वा निर्णयमा चित्त नबुझ्ने पक्षले त्यस्तो आदेश वा निर्णय उपर कार्यालय प्रमुख वा महानिर्देशकसमक्ष प्रशासकीय

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		पुनरावलोकनको लागि निवेदन दिन सक्ने गरी प्रशासकीय पुनरावलोकन सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
११५	प्रशासकीय पुनरावलोकन उपर निर्णय गर्ने।	प्रशासकीय पुनरावलोकनको लागि पर्न आएका निवेदन उपर महानिर्देशकले साठी दिनभित्र र कार्यालय प्रमुखले सात दिनभित्र निर्णय गरिसक्नु पर्ने समयावधि तोक्न र निर्णय गर्दा आवश्यक जाँचबुझ गरी सुरुको आदेश वा निर्णय केही वा पूरै सदर वा बदर गरिदिन वा पुनः निर्णयका लागि आदेश दिन वा यस विधेयक बमोजिम आधार र कारण खुलाई आफैंले निर्णय गर्न सक्ने गरी प्रशासकीय पुनरावलोकन उपर निर्णय गर्ने व्यवस्था गर्न आवश्यक भएको।
११६	पुनरावेदन।	यस विधेयक बमोजिम महानिर्देशक, भन्सार अधिकृत वा भन्सार परीक्षकले गरेको आदेश वा निर्णयमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश वा

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		निर्णयको जानकारी प्राप्त भएको मितिले पैंतीस दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्ने व्यवस्था गर्न आवश्यक भएको।
११७	भन्सार जाँचपास प्रतिनिधि नियुक्त गर्न सक्ने।	कुनै वस्तुको धनीले निकासी वा पैठारी गर्ने वस्तु कार्यालयबाट तोकिए बमोजिम आफैंले छुटाई लैजान नसक्ने भएमा वा कार्यालयसँग सम्बन्धित कुनै कार्य आफैंले नगरी भन्सार जाँचपास प्रतिनिधि मार्फत गराउन चाहेमा निजले त्यस्तो कार्य गराउन भन्सार जाँचपास प्रतिनिधि नियुक्त गर्न सक्ने व्यवस्था गर्न आवश्यक भएको।
११८	भन्सार जाँचपास प्रतिनिधिको इजाजतपत्र लिनुपर्ने।	निकासी वा पैठारी हुने वस्तु कार्यालयबाट छुटाउन वा कार्यालयसँग सम्बन्धित कामको लागि भन्सार जाँचपास प्रतिनिधिको रूपमा काम गर्ने व्यक्ति योग्य र जिम्मेवारपूर्ण हुनुपर्ने भएकोले त्यस्तो व्यक्तिको लागि चाहिने योग्यता तोकी भन्सार विभाग वा भन्सार

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		कार्यालयले भन्सार जाँचपास प्रतिनिधिको इजाजतपत्र दिई व्यवस्थित गर्नको लागि भन्सार जाँचपास प्रतिनिधिको इजाजतपत्र लिनुपर्ने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
११९	भन्सार जाँचपास प्रतिनिधि वस्तुको धनी मानिने।	कुनै वस्तुको धनीले आफ्नो वस्तु कार्यालयबाट छुटाउनको लागि वा कार्यालयसँग सम्बन्धित अन्य कार्य गर्नको लागि नियुक्त गरेको भन्सार जाँचपास प्रतिनिधि सो प्रयोजनको लागि त्यस्तो वस्तुको धनी सरह मान्नुपर्ने भएकोले भन्सार जाँचपास प्रतिनिधि वस्तुको धनी मानिने व्यवस्था गर्न आवश्यक भएको।
१२०	भन्सार जाँचपास प्रतिनिधिको काम र कर्तव्य।	भन्सार जाँचपास प्रतिनिधिको काम र कर्तव्य तोकी कामप्रति बढी जवाफदेही बनाउनको लागि भन्सार जाँचपास प्रतिनिधिको काम र कर्तव्य सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
१२१	भन्सार जाँचपास प्रतिनिधि जिम्मेवार	इजाजतपत्र प्राप्त भन्सार जाँचपास प्रतिनिधिलाई जिम्मेवार

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
	हुने।	बनाई वस्तुको धनीलाई हानि नोक्सानी पुऱ्याएमा निजले सो हानि नोक्सानी बराबरको रकम तोकिए बमोजिम त्यस्तो वस्तुको धनीलाई तिर्नु पर्ने व्यवस्थाको लागि भन्सार जाँचपास प्रतिनिधि जिम्मेवार हुने व्यवस्था गर्न आवश्यक भएको।
१२२	इजाजतपत्र निलम्बन वा रद्द गर्न सक्ने।	भन्सार जाँचपास प्रतितिधिले कानून विपरीत काम गरेको अवस्थामा कसूरको गम्भीरताअनुसार इजाजतपत्र निलम्बन वा रद्द गर्न र कुनै भन्सार जाँचपास प्रतितिधिले मानसिक सन्तुलन गुमाएको वा, मृत्यु भएको वा इजाजतपत्र रद्द गर्नको लागि निवेदन दिएको अवस्थामा निजको इजाजतपत्र रद्द गर्नको लागि इजाजतपत्र निलम्बन वा रद्द गर्न सक्ने व्यवस्था गर्न आवश्यक भएको।
१२३	जाँचपासपछि परीक्षण गर्न सकिने।	कार्यालयबाट जाँचपास भएको कुनै वस्तु घोषणाकर्ताले घोषणा गरे बमोजिमको वा घोषणा गरे अनुरूपको भए वा नभएको वा

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		त्यस्तो वस्तु यस ऐन बमोजिम महसुलमा दिएको सुविधा बमोजिम हुने गरी प्रयोग गरे वा नगरेको सम्बन्धमा यकिन गर्न कुनै निकासीकर्ता वा पैठारीकर्ताको वस्तु खरिद वा बिक्री, निकासी वा पैठारी सम्बन्धी खाता, बैङ्क अभिलेख, कम्प्युटर प्रणाली लगायत निजको व्यवसायसँग सम्बन्धित कुनै वा सबै विवरण, कागजात वा अभिलेख परीक्षण गर्न सक्ने व्यवस्थाको लागि जाँचपासपछि परीक्षण गर्न सकिने व्यवस्था गर्न आवश्यक भएको।
१२४	घटी देखिएको महसुल तथा जरिबाना असुल गर्ने।	जाँचपासपछिको परीक्षण गर्दा घोषणाकर्ताले घोषणा गरेकोभन्दा वा घोषणा गरे अनुरूपकोभन्दा भिन्न वस्तु निकासी वा पैठारी गरेको पाइएमा वा त्यस्तो वस्तुको मूल्य वा परिमाण घटी घोषणा गरेको कारणले लाग्नेभन्दा घटी महसुल असुल भएको देखिएको अवस्थामा त्यस्तो वस्तुको महसुल पुनः

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		निर्धारण गरी असुल गर्नको लागि घटी देखिएको महसुल तथा जरिबाना असुल गर्ने व्यवस्था गर्न आवश्यक भएको।
१२५	सम्बन्धित व्यक्तिलाई बुझ्न सक्ने।	जाँचपासपछिको परीक्षण गर्दा सम्बन्धित व्यक्तिलाई कार्यालयमा झिकाई बुझ्नुपर्ने अवस्थामा त्यस्तो व्यक्तिलाई कार्यालयमा झिकाउन, बयान गराउन, प्रमाण बुझ्न, लिखत पेश गर्न लगाउन, सूचना वा म्याद जारी गर्न वा थप रकम वा जरिबाना असुल गर्न सकिने व्यवस्थाको लागि सम्बन्धित व्यक्तिलाई बुझ्न सक्ने व्यवस्था गर्न आवश्यक भएको।
१२६	सफाइ पेश गर्ने मौका दिनु पर्ने।	वस्तुको धनीसंग जरिबाना वा थप महसुल रकम असुल गर्नुपर्दा त्यस्तो आदेश दिनुपूर्व सम्बन्धित वस्तुको धनीलाई आफ्नो भनाइ राख्न मौका दिनुपर्ने भएकोले त्यस्तो अवस्थामा पन्ध्र दिनको म्याद दिई सो सम्बन्धमा सफाइ पेश गर्ने मौका दिनु पर्ने व्यवस्था

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		गर्न आवश्यक भएको।
१२७	महसुल वा जरिबाना बुझाउनु पर्ने।	निर्धारण भएको महसुल वा जरिबाना बापतको रकम समय मै दाखिला गराउनको लागि त्यस्तो रकम दाखिला गर्ने आदेश प्राप्त गरेको मितिले पैंतीस दिनभित्र सम्बन्धित वस्तुको धनीले त्यस्तो रकम कार्यालयले तोकेको बैंकमा दाखिला गर्नु पर्ने र तोकिएको समयावधिभित्र दाखिला नगरेमा व्याज समेत गणना गरी असुल गर्नको लागि महसुल वा जरिबाना बुझाउनु पर्ने व्यवस्था गर्न आवश्यक भएको।
१२८	माग गरेको विवरण दिनु पर्ने।	जाँचपासपछिको परीक्षण गर्दा कुनै निकाय वा व्यक्तिसंग वस्तुको धनीको कारोबारसँग सम्बन्धित कुनै विवरण माग गर्नु परेमा भन्सार परीक्षकले त्यस्तो विवरण वा कागजात माग गर्न सक्ने र यसरी माग गरिएको विवरण वा कागजात उपलब्ध गराउनु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		हुनेगरि कानूनमा व्यवस्था गर्न परेकोले माग गरेको विवरण दिनु पर्ने व्यवस्था गर्न आवश्यक भएको।
१२९	पुनःपरीक्षण गर्न सक्ने।	भन्सारबाट वस्तु जाँचपास हुँदा महसुल छुट वा चुहावट भएपनि त्यस्ता वस्तुमा छुट हुन गएको महसुल चारवर्षसम्म असुल गर्न सक्ने व्यवस्था गरी राजस्व चुहावट नियन्त्रण गर्नपर्ने भएकोले कार्यालयबाट जाँचपास भएका वस्तुको प्रज्ञापनपत्र लगायतका पैठारी वा निकासीसँग सम्बन्धित कागजात तथा जुनसुकै स्वरूपका अभिलेख त्यस्तो वस्तु जाँचपास भएको मितिले चार वर्षभित्र महानिर्देशक वा भन्सार अधिकृत वा निजले खटाएको कर्मचारीले पुनःपरीक्षण गर्न सक्ने व्यवस्था गर्न आवश्यक भएको।
१३०	जाँचपासपछिको परीक्षण गर्न सकिने अवधि र अन्य व्यवस्था।	जाँचपासपछिको परीक्षण सामान्यतया वस्तु जाँचपास भएको मितिले चार वर्षसम्म गर्ने र झुट्ठा लिखत वा कागजात

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		तयार गरी लाग्नेभन्दा कम महसुल दाखिला गरेको प्रमाणित भएको अवस्थामा भन्सार परीक्षकले महानिर्देशकको अनुमति लिई सो अवधिपछि समेत त्यस्तो वस्तुको सम्बन्धमा जाँचपासपछिको परीक्षण गर्न सक्ने गरी जाँचपासपछिको परीक्षण गर्न सकिने अवधि र अन्य व्यवस्था गर्न आवश्यक भएको।
१३१	भन्सार महसुल फिर्ता दिने।	नेपालमा कुनै वस्तु पैठारी गरी त्यसमा मूल्य अभिवृद्धि गरी त्यस्तो वस्तु पुनः अर्को मुलुकमा निकासी गरेमा उक्त वस्तु पैठारी गर्दा राखेको धरौटीबाट केही रकम भन्सार महसुल बापत असुल गरी पैठारीकर्तालाई बाँकी भन्सार महसुल फिर्ता दिई निकासीलाई प्रोत्साहित गर्न र कुनै व्यक्तिले निकासी वा पैठारी गर्दा प्रचलित कानून बमोजिम लाग्ने भन्दा बढी भन्सार महसुल बुझाएको वा घोषणा रद्द भएको अवस्थामा निजलाई

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		त्यस्तो भन्सार महसुल फिर्ता दिने व्यवस्थाको लागि भन्सार महसुल फिर्ता दिने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
१३२	महसुल फिर्ता सम्बन्धी विशेष व्यवस्था।	निकासी गर्ने उद्योगले वस्तु उत्पादनको लागि आवश्यक पर्ने कच्चा पदार्थ तथा सहायक कच्चा पदार्थ पैठारी गर्दा भुक्तानी गरेको महसुल नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी भन्सार कार्यालयबाट समदरमा त्यस्तो महसुल फिर्ता दिने व्यवस्था गरी निकासीलाई प्रबर्धन गर्न आवश्यक भएको।
१३३	मुद्दाको अन्तिम किनारा नभई महसुल वा जरिबाना फिर्ता दिन नहुने।	महसुल वा जरिबाना असुल गर्न गरेको निर्णय उपर परेको पुनरावेदनमाथि अन्तिम निर्णय भएपछि वा पुनरावेदनका लागि अनुमति माग गर्नु पर्ने अवस्थामा अनुमति प्राप्त नभएमा वा अनुमति प्राप्त भएमा सो पुनरावेदनको अन्तिम किनारा भएपछि मात्र सो निर्णय बमोजिम फिर्ता दिनु पर्ने भनी

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		उल्लेख भएको महसुल वा जरिबानाको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिने व्यवस्थाको लागि मुद्दाको अन्तिम किनारा नभई महसुल वा जरिबाना फिर्ता दिन नहुने व्यवस्था गर्न आवश्यक भएको।
१३४	बौद्धिक सम्पत्तिको अधिकार उल्लङ्घन हुने वस्तु निकासी वा पैठारी गर्न नहुने।	बौद्धिक सम्पत्तिको संरक्षणको लागि पेटेण्ट, डिजाइन, ट्रेडमार्क, प्रतिलिपि अधिकार जस्ता बौद्धिक सम्पत्ति उपरको अधिकार उल्लङ्घन हुने गरी कुनै वस्तु निकासी वा पैठारी गर्न नदिने व्यवस्थाको लागि बौद्धिक सम्पत्तिको अधिकार उल्लङ्घन हुने वस्तु निकासी वा पैठारी गर्न नहुने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
१३५	निकासी वा पैठारी सङ्केत नम्बर लिनुपर्ने।	निकासी वा पैठारी व्यवसायलाई अभिलेखीकरण गरी व्यवस्थित एवं मर्यादित बनाउन त्यस्तो व्यवसाय गर्ने व्यक्तिले निकासी वा पैठारी सङ्केत नम्बर लिनुपर्ने व्यवस्था गर्न आवश्यक भएको।
१३६	अभिलेख सुरक्षित राख्नु	राजस्व चुहावट हुन नदिन

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
	पर्ने।	राजस्व असुलीसंग सम्बन्धित महत्वपूर्ण कागजात तोकी त्यस्ता कागजात चार वर्षसम्म हेर्न सकिने व्यवस्था गर्नको लागि निकासी वा पैठारी गरेको वस्तुको भन्सार प्रक्रियासँग सम्बन्धित तोकिए बमोजिमका कागजात तथा तत्सम्बन्धी अभिलेख त्यस्तो वस्तु निकासी वा पैठारी गरेको मितिले कम्तीमा चार वर्षसम्म सुरक्षित राख्नु पर्ने व्यवस्था गर्न आवश्यक भएको।
१३७	पुरस्कार दिइने।	चोरी निकासी वा चोरी पैठारी गर्ने कार्यलाई निरुत्साहित गर्न र त्यस्तो कार्यको सूचना दिने वा त्यस्तो वस्तु पक्राउ गरी भन्सार कार्यालयमा दाखिला गर्ने कर्मचारी वा व्यक्तिलाई पुरस्कार दिने व्यवस्था गरी प्रोत्साहित गर्नको लागि पुरस्कार दिने व्यवस्था गर्न आवश्यक भएको।
१३८	विलम्ब शुल्क (डेमरेज) लाग्ने।	निकासी वा पैठारी गर्ने वस्तु भन्सार वेयरहाउस, कार्यालयको परिसर वा भन्सार क्षेत्रको कुनै

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		स्थानमा धेरै लामो अवधिसम्म रोकिराख्ने व्यवस्थालाई निरुत्साहित गर्नको लागि तोकिए बमोजिमको अवधिभित्र जाँचपास गराई नलगेमा त्यस्तो वस्तुको धनीले तोकिए बमोजिमको विलम्ब शुल्क (डेमरेज) तिर्नुपर्ने व्यवस्था गर्नको लागि विलम्ब शुल्क (डेमरेज) लाग्ने व्यवस्था गर्न आवश्यक भएको।
१३९	वस्तुको धनीले खर्च व्यहोर्नु पर्ने।	वस्तु जाँचपास गर्दा वस्तु बोक्ने, जाँच्न र खोल्नको लागि उचित ठाउँमा पुऱ्याउने, कुनै यन्त्रमा राख्ने र झिक्ने, खोल्ने, छुट्याउने र वस्तु वा सो वस्तु रहेको कन्टेनर, बाकस, झोला, प्याकेट, बोरा वा यस्तै अन्य प्याकिङ्ग सामग्रीमा चिन्ह लगाउने जस्ता कामको लागि लाग्ने खर्चको व्यवस्था सरकारको तर्फबाट गर्न सम्भव नभएको र प्रचलन पनि नभएकोले त्यस्तो खर्च सम्बन्धित वस्तुको धनीले व्यहोर्नु पर्ने व्यवस्था गर्न आवश्यक भएको।

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
१४०	गोपनीयता कायम गर्नुपर्ने।	व्यक्तिको व्यवसायिक गोप्यतालाई कायम राख्नको लागि घोषणाकर्ताले कार्यालयमा पेश गरेको भन्सार मूल्याङ्कन सम्बन्धी सूचना, वस्तु जाँचपाससँग सम्बन्धित कागजात र अन्य व्यक्तिगत व्यावसायिक सूचना गोप्य राख्नको लागि गोपनीयता कायम गर्नुपर्ने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
१४१	सूचना जारी गर्ने।	कार्यालयको काम कारबाहीसँग सरोकार भएको वा हुन सक्ने व्यक्तिको नाममा कार्यालयले व्यक्तिगत वा सार्वजनिक सूचना जारी गर्दा पन्ध्र दिनको अवधि दिई सूचना जारी गर्नको लागि सूचना जारी गर्ने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
१४२	अधिकार प्रत्यायोजन गर्न सक्ने।	यस विधेयकको प्रभावकारी कार्यान्वयनको लागि नेपाल सरकार वा कुनै पदाधिकारीमा निहित रहेको अधिकार मातहतका पदाधिकारीलाई प्रत्यायोजन गर्नको लागि

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		अधिकार प्रत्यायोजन गर्न सक्ने व्यवस्था गर्न आवश्यक भएको।
१४३	कागजातलाई मान्यता दिने।	आफ्नो आधिकारिक पासवर्ड प्रयोग गरी कम्प्युटर प्रणालीबाट मुद्रित गरेको जाँचपाससँग सम्बन्धित कागजातमा कर्मचारीको दस्तखत नभए पनि त्यस्तो कागजातलाई दस्तखत भए सरह मान्यता दिन र आधिकारिक पासवर्ड प्रयोग गरी कम्प्यूटर प्रणालीमा विद्युतीय माध्यमबाट गरिने वस्तुको घोषणा, सूचनाको आदान-प्रदान वा जाँचपाससँग सम्बन्धित अभिलेखको आधारमा मुद्रण गरिएका कागजातमा सम्बन्धित व्यक्तिको दस्तखत नभए तापनि भन्सार अधिकृतले त्यस्तो कागजातमा सम्बन्धित व्यक्तिको दस्तखत भए सरह मान्यता दिन सक्ने व्यवस्था गरी कम्प्युटर प्रणालीबाट सम्पादन गरिने कार्यलाई कानूनी मान्यता दिन कागजातलाई मान्यता दिने सम्बन्धी व्यवस्था गर्न आवश्यक

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		भएको।
१४४	विद्युतीय माध्यमबाट भुक्तानी गर्न सकिने।	भन्सार कार्यालयमा बुझाउनु पर्ने महसुल वा जरिबाना वा अन्य कुनै रकम विद्युतीय माध्यमबाट भुक्तानी (इ-पेमेन्ट) गर्न सक्ने व्यवस्था गर्न आवश्यक भएको।
१४५	राष्ट्रिय एकद्वार प्रणालीबाट कार्य गर्न सकिने।	सेवाग्राहीलाई एकै स्थानबाट सेवा प्रदान गरी अन्तर्राष्ट्रिय व्यापारलाई सहज एवं व्यवस्थित गर्न राष्ट्रिय एकद्वार प्रणाली (नेशनल सिङ्गल विण्डो) को विकास गरी अन्तर्राष्ट्रिय व्यापारमा संलग्न निकायले एकद्वार प्रणाली मार्फत कार्यसम्पादन गर्नु पर्ने व्यवस्था गर्नको लागि राष्ट्रिय एकद्वार प्रणालीबाट कार्य गर्न सकिने व्यवस्था गर्न आवश्यक भएको।
१४६	जानकारी दिनुपर्ने।	यस विधेयक बमोजिम भन्सार अधिकृतले जफत गरेको सम्पत्ति तथा साधनको विवरणको जानकारी कार्यालयले कसूरजन्य सम्पत्ति तथा साधन रोक्का, नियन्त्रण र जफत सम्बन्धी प्रचलित कानून बमोजिम

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		तोकिएको निकायलाई दिनु पर्ने व्यवस्थाको लागि जानकारी दिनुपर्ने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
१४७	सहयोग गर्नुपर्ने।	भन्सार अधिकृत वा कार्यालयले सम्पादन गर्ने कार्य राजस्व संकलन तथा चोरी पैठारी वा चोरी निकासी नियन्त्रणसंग सम्बन्धित भएको र उक्त कार्य सम्पादनको सिलसिलामा कुनै सरकारी कार्यालय, कर्मचारी, प्रहरी वा वित्तीय संस्थासँग कुनै प्रकारको सहयोग, आवश्यक सूचना वा मद्दत माग गरेको अवस्थामा त्यस्तो सहयोग, सूचना वा मद्दत दिनु सम्बन्धित कार्यालय, कर्मचारी, प्रहरी वा वित्तीय संस्थाको कर्तव्य हुने व्यवस्था गर्नको लागि सहयोग गर्नुपर्ने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
१४८	अन्य निकायले हस्तक्षेप गर्न नहुने।	निकासी वा पैठारीको लागि कार्यालयको क्षेत्र वा परिसर वा भन्सार वेयरहाउसमा रहेको वस्तुको सुरक्षा एवं संरक्षणको

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		लागि सो वस्तुका सम्बन्धमा अनुसन्धान वा छानबिन गर्न प्रचलित कानून बमोजिम खटिएको निकाय वा अधिकारीबाहेक अन्य कुनै निकाय वा अधिकारीले कुनै प्रकारको हस्तक्षेप गर्न नपाउने व्यवस्था गर्नको लागि अन्य निकायले हस्तक्षेप गर्न नहुने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
१४९	सिपिङ कन्टेनर जाँचपास गर्न सकिने।	कन्टेनर सेवा सञ्चालन गर्ने गरी नेपालमा दर्ता भएको सिपिङ कम्पनीले विदेशमा खरिद गरेको तर भौतिक रूपमा पैठारी गर्न सम्भव नभएको कन्टेनरमा लाग्ने महसुल बुझाएमा पैठारी भए सरह मानी जाँचपास गर्न सकिने व्यवस्था गरी पैठारी भए सरहको मान्यता दिई सहजीकरण गर्न आवश्यक भएको।
१५०	असल नियतले गरेकोमा बचाउ।	भन्सारका कुनै कर्मचारीले आफ्नो कर्तव्य पालनाको सिलसिलामा असल नियतले

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		गरेको काम कारबाही र दफा ३१ को उपदफा (१) को खण्ड (क) वा (ग) बमोजिम कम्प्युटर प्रणालीले निर्देश गरेबमोजिम भौतिक जाँच नगरी जाँचपास गरिएको वस्तुको सम्बन्धमा व्यक्तिगत रूपमा जवाफदेही बनाउन न्यायोचित नहुने भएकोले असल नियतले गरेको काम कारबाहीमा बचाउ गर्न आवश्यक भएको।
१५१	ऐन कार्यान्वयन मापन।	यो ऐनको प्रावधान वा व्यवस्था प्रारम्भ भएपछिको पाँच वर्ष पूरा भएको एक वर्षभित्र र त्यसपछि प्रत्येक पाँच वर्षपछिको एक वर्षभित्र ऐनमा भएका त्यस्ता व्यवस्था वा प्रावधानले भन्सार प्रशासन, सेवाग्राही वा सम्बद्ध अन्य कसैलाई पारेको सकारात्मक वा नकारात्मक प्रभाव वा कार्यको सम्बन्द्धमा मन्त्रालयले मापन गरी सोको प्रतिवेदन सङ्घीय संसदको दुवै सदनको सम्बन्धित समितिमा पेश गर्नु पर्ने व्यवस्था गर्न

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		आवश्यक भएको।
१५२	बाधा अड्काउ फुकाउन सक्ने।	यस विधेयक कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा नेपाल सरकारले यस विधेयक प्रतिकूल नहुने गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा अड्काउ फुकाउनको लागि बाधा अड्काउ फुकाउन सक्ने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।
१५३	नियम बनाउन सक्ने।	यस विधेयक कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन र निकासी वा पैठारी हुने वस्तुको सम्बन्धमा उत्पत्तिको नियम बनाउन सक्ने व्यवस्था गर्न आवश्यक भएको।
१५४	निर्देशिका तथा कार्यविधि बनाउन सक्ने।	यस विधेयकका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन गर्नको लागि आवश्यक पर्ने निर्देशिका वा कार्यविधि भन्सार विभागले बनाई कार्यान्वयन गर्न सक्ने व्यवस्था गर्न आवश्यक भएको।
१५५	खारेजी तथा बचाउ।	यो विधेयक ऐन बनी लागू भएपछि भन्सार ऐन, २०६४ खारेज गर्न, भन्सार ऐन, २०६४

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
		अन्तर्गत भए गरेका काम कारबाही यसै विधेयक बमोजिम भए गरेको मान्न र यो विधेयक ऐन बनी प्रारम्भ हुँदाका बखत मूल्याङ्कन पुनरावलोकन समितिमा रहेका निर्णय हुन बाँकी निवेदनको निर्णय यस विधेयक बमोजिम हुने व्यवस्था गर्न पर्ने भएकोले खारेजी तथा बचाउ सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।

आर्थिक टिप्पणी

भन्सार प्रशासन सम्बन्धी सम्पूर्ण कार्य भन्सार विभाग तथा मातहतका भन्सार कार्यालयहरुबाट सम्पादन हुने भएकोले प्रस्तावित विधेयकले ऐनको रुप लिएपछि थप आर्थिक दायित्व पर्ने देखिंदैन।

भन्सार सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

प्रस्तावना: भन्सार प्रक्रियालाई व्यवस्थित, पारदर्शी तथा उत्तरदायी बनाई अन्तर्राष्ट्रिय व्यापारलाई सहज तथा सुरक्षित बनाउन र महसुल सङ्कलनमा दक्षता तथा प्रभावकारिता अभिवृद्धि गर्न भन्सार सम्बन्धी कानूनलाई संशोधन तथा एकीकरण गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

परिच्छेद-१
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "भन्सार ऐन, २०८०" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकानब्बेऔं दिनदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अनुसन्धान अधिकृत" भन्नाले दफा ९६ बमोजिम तोकिएको अनुसन्धान अधिकृत सम्झनु पर्छ।

(ख) "कम्प्युटर प्रणाली" भन्नाले वस्तु जाँचपास तथा भन्सार सम्बन्धी अन्य कार्य विद्युतीय माध्यमबाट सम्पादन गर्नको लागि विभागले प्रयोगमा ल्याएको स्वचालित कम्प्युटर प्रणाली सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले दफा ५ बमोजिमको भन्सार कार्यालय सम्झनु पर्छ र सो शब्दले त्यस्तो भन्सार कार्यालयको परिसरलाई समेत जनाउँछ।

(घ) "कूटनीतिक सुविधा" भन्नाले नेपाल पक्ष भएको सन्धि वा सम्झौताको प्रावधान बमोजिम कुनै वस्तु जाँच नगरी, महसुल नलिई लगत मात्र राखी निकासी वा पैठारी गर्न दिइने सुविधा वा सहुलियत सम्झनु पर्छ।

(ङ) "घोषणा" भन्नाले घोषणाकर्ताले निकासी वा पैठारी गर्ने वस्तुको विवरण प्रज्ञापनपत्रमा भरी विद्युतीय माध्यमबाट वा तोकिए बमोजिम भन्सार अधिकृत समक्ष सम्प्रेषण वा पेश गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले निकासी वा पैठारी गर्ने वस्तु जाँचपास हुनु अघि घोषणाकर्ताले कम्प्युटर प्रणालीमा प्रविष्ट गरेको विवरण तथा संलग्न कागजातलाई समेत जनाउँछ।

(च) "घोषणाकर्ता" भन्नाले प्रज्ञापनपत्रमा उल्लिखित निकासी वा पैठारी गर्ने वस्तुको धनी सम्झनु पर्छ र सो शब्दले त्यस्तो धनीले नियुक्त गरेको भन्सार जाँचपास प्रतिनिधिलाई समेत जनाउँछ।

(छ) "चोरी निकासी" भन्नाले महसुल लाग्ने वस्तु महसुल नतिरी लुकाई छिपाई वा दफा ६ बमोजिम तोकिएको बाटो भन्दा फरक बाटोबाट वा महसुल नलाग्ने वस्तु भए तापनि घोषणा नगरी निकासी गर्ने कार्य सम्झनु पर्छ।

(ज) "चोरी पैठारी" भन्नाले महसुल लाग्ने वस्तु महसुल नतिरी, लुकाई छिपाई वा दफा ६ बमोजिम

तोकिएको बाटो भन्दा फरक बाटोबाट वा महसुल नलाग्ने वस्तु भए तापनि घोषणा नगरी पैठारी गर्ने कार्य सम्झनु पर्छ।

(झ) "जाँच" भन्नाले निकासी वा पैठारी गरिने वस्तु घोषणा गरिए बमोजिम छ छैन भनी यकिन गर्न भन्सार अधिकृतले त्यस्तो वस्तु वा सो वस्तु सम्बन्धी कागजात वा दुवैको परीक्षण गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले विदेशी मुलुकबाट नेपालभित्र प्रवेश गर्ने वा नेपालबाट विदेशी मुलुकमा प्रस्थान गर्ने वाहन, वाहनसँग सम्बद्ध व्यक्ति तथा यात्रुको जाँच गर्ने तथा तलासी लिने कार्यलाई समेत जनाउँछ।

(ञ) "जाँचपास" भन्नाले भन्सार अधिकृतले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कार्यालय वा भन्सार वेयर हाउसबाट कुनै वस्तु निकासी वा पैठारी गर्न वा भन्सार क्षेत्र बाहिर लैजान दिएको अनुमति सम्झनु पर्छ।

(ट) "जाँचपासपछिको परीक्षण" भन्नाले दफा १२३ बमोजिम गरिने वस्तुको परीक्षण सम्झनु पर्छ।

(ठ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ड) "निकासीकर्ता" भन्नाले वस्तु निकासी गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले निकासीको लागि घोषणा गर्ने समयमा वा निकासीको लागि घोषणा गरेपछि तर निकासी हुनु अघिको समयमा वस्तुको धनी,

स्वामित्व ग्रहण गर्ने व्यक्ति, वस्तु जिम्मामा लिने अधिकारप्राप्त व्यक्ति वा वस्तुको हिताधिकारीलाई समेत जनाउँछ।

(ढ) "पेट्रोलियम पदार्थ" भन्नाले हाइस्पिड डिजेल, मोटर स्पिरिट (पेट्रोल), हवाई इन्धन (एभिएसन टर्बाइन फ्यूल), मट्टितेल (सुपेरियर किरोसिन आयल) र तरलीकृत पेट्रोलियम ग्यास (एलपीजी) सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अन्य पेट्रोलियम पदार्थलाई समेत जनाउँछ।

(ण) “प्रज्ञापनपत्र” भन्नाले निकासीकर्ता वा पैठारीकर्ताले निकासी वा पैठारी गर्ने वस्तुको विवरण घोषणा गर्ने फाराम सम्झनु पर्छ।

(त) "पैठारीकर्ता" भन्नाले वस्तु पैठारी गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले पैठारीको लागि घोषणा गर्ने समयमा वा सो भन्दा पछि तर पैठारी हुनु अघिको कुनै समयमा वस्तु प्राप्त गर्ने व्यक्ति, वस्तुको धनी, स्वामित्व ग्रहण गर्ने व्यक्ति, वस्तु जिम्मामा लिने अधिकारप्राप्त व्यक्ति वा वस्तुको हिताधिकारीलाई समेत जनाउँछ।

(थ) “बण्डेड वेयर हाउस” भन्नाले विदेशमा निकासी गरिने वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रामा बिक्री गरिने वस्तु उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ वा करमुक्त पसलमा बिक्री गरिने वस्तु बैङ्क जमानत सुविधामा पैठारी गरी राख्न विभागबाट इजाजतप्राप्त गोदाम सम्झनु पर्छ।

(द) "बैङ्क" भन्नाले प्रचलित कानून बमोजिम बैङ्किङ्ग कारोबार गर्न इजाजतप्राप्त वाणिज्य बैङ्क वा वित्तीय संस्था सम्झनु पर्छ।

(ध) "बैङ्क जमानत" भन्नाले घोषणाकर्ताले वस्तु निकासी वा पैठारी गर्दा बुझाउनु पर्ने महसुल निजले नबुझाएमा आफूले तिरिदिने गरी बैङ्कले कार्यालयलाई दिने जमानत सम्झनु पर्छ।

(न) "भन्सार अधिकृत" भन्नाले दफा ७ बमोजिमको प्रमुख भन्सार प्रशासक, प्रमुख भन्सार अधिकृत वा भन्सार अधिकृत सम्झनु पर्छ र सो शब्दले राजपत्रअनङ्कित कर्मचारी कार्यालय प्रमुख भएको कार्यालयको प्रमुख वा छोटी भन्सार कार्यालयको प्रमुख, महानिर्देशकले तोकेको विभागको उपमहानिर्देशक, निर्देशक, भन्सार परीक्षक, शाखा अधिकृत वा दफा १४२ बमोजिमको अधिकारप्राप्त अधिकारीलाई समेत जनाउँछ।

(प) "भन्सार जाँचपास प्रतिनिधि" भन्नाले दफा ११८ बमोजिम इजाजतपत्रप्राप्त व्यक्ति सम्झनु पर्छ।

(फ) "भन्सार जाँचपास परीक्षण कार्यालय" भन्नाले दफा १३ बमोजिमको कार्यालय सम्झनु पर्छ।

(ब) "भन्सार परीक्षक" भन्नाले दफा १३ को उपदफा (२) बमोजिमको प्रमुख भन्सार परीक्षण प्रशासक, प्रमुख भन्सार परीक्षक वा भन्सार परीक्षक सम्झनु पर्छ र सो शब्दले महानिर्देशक वा निजले दफा १२३ बमोजिम तोकेको भन्सार अधिकृतलाई समेत जनाउँछ।

(भ) "भन्सार महसुल" भन्नाले निकासी वा पैठारी गरिने वस्तुमा यस ऐन बमोजिम लाग्ने भन्सार महसुल सम्झनु पर्छ।

(म) "भन्सार मूल्य" भन्नाले निकासी वा पैठारी गरिने वस्तुको भन्सार महसुल निर्धारण गर्ने प्रयोजनको लागि परिच्छेद-५ बमोजिम निर्धारण गरिएको मूल्य सम्झनु पर्छ।

(य) "भन्सार वेयर हाउस" भन्नाले दफा ७२ बमोजिमको भन्सार वेयर हाउस सम्झनु पर्छ।

(र) "भन्सार क्षेत्र" भन्नाले दफा ६ बमोजिमको भन्सार क्षेत्र सम्झनु पर्छ।

(ल) "मन्त्रालय" भन्नाले नेपाल सरकार, अर्थ मन्त्रालय सम्झनु पर्छ।

(व) "महसुल" भन्नाले निकासी वा पैठारी गरिने वस्तुमा यस ऐन बमोजिम लाग्ने भन्सार महसुल लगायत अन्य प्रचलित कानून बमोजिम लाग्ने कर, शुल्क वा दस्तुर सम्झनु पर्छ।

(श) "महसुल सुविधा" भन्नाले कुनै वस्तु महसुल नलिई, जाँच गरी वा नगरी लगत मात्र राखी निकासी वा पैठारी गर्न दिइने सुविधा सम्झनु पर्छ।

(ष) "महानिर्देशक" भन्नाले विभागको महानिर्देशक सम्झनु पर्छ।

(स) "राहत सामग्री" भन्नाले विपद्को अवस्थामा पीडितको खोज, उद्धार तथा राहतका लागि मानवीय सहायता स्वरूप पैठारी हुने नेपाल सरकारले निर्धारण गरे बमोजिमका वस्तु सम्झनु पर्छ।

(ह) “वस्तु" भन्नाले मुद्रा लगायत जुनसुकै प्रकारको चल वस्तु वा सम्पत्ति सम्झनु पर्छ।

(क्ष) "वस्तुको वर्गीकरण" भन्नाले प्रचलित आर्थिक ऐनको भन्सार सम्बन्धी अनुसूचीमा उल्लेख गरिएका वस्तु निकासी वा पैठारी गर्दा लाग्ने भन्सार महसुल निर्धारण गर्ने प्रयोजनको लागि प्रयोगमा ल्याइएको शीर्षक वा उपशीर्षक बमोजिमको साङ्केतिक अङ्क अनुसार दफा ४७ वा ४८ बमोजिम गरिने वर्गीकरण सम्झनु पर्छ।

(त्र) "व्यक्ति" भन्नाले प्राकृतिक व्यक्ति सम्झनु पर्छ र सो शब्दले कानून बमोजिम दर्ता भएको कम्पनी, सङ्गठित संस्था वा फर्मलाई समेत जनाउँछ।

(ज्ञ) "वाहन" भन्नाले वायुयान, जलयान, रेल, सवारी साधन लगायत हवाई, जल वा स्थलमार्गबाट मानिस तथा वस्तु परिवहनको लागि प्रयोग हुने जुनसुकै साधन सम्झनु पर्छ।

(कक) “विपद्” भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्छ।

(कख) "विभाग" भन्नाले भन्सार विभाग सम्झनु पर्छ।

(कग) "विलम्ब शुल्क" भन्नाले दफा १३८ बमोजिम वस्तुको धनीले नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने शुल्क (डेमरेज) सम्झनु पर्छ।

(कघ) "सवारी साधन" भन्नाले मोटर गाडी, गाडा, टाँगा, ठेला, रिक्सा, साइकल लगायत यात्रा गर्न वा वस्तु

ओसारपसार गर्न प्रयोग हुने जुनसुकै साधन सम्झनु पर्छ।

परिच्छेद–२

भन्सार प्रशासन तथा भन्सार क्षेत्र

३. विभागको स्थापनाः (१) यस ऐन बमोजिम भन्सार सम्बन्धी काम गर्नको लागि भन्सार विभाग नामको एक विभाग रहनेछ।

(२) महानिर्देशक विभागको प्रमुख हुनेछ र विभागमा नेपाल सरकारबाट स्वीकृत दरबन्दी अनुसार महानिर्देशक सहित आवश्यक सङ्ख्यामा कर्मचारी रहनेछन्।

४. महानिर्देशकको काम, कर्तव्य र अधिकारः यस ऐनमा अन्यत्र उल्लेख गरिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त महानिर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) भन्सार क्षेत्र बाहेक अन्यत्रबाट यस ऐन विपरीत हुने गरी वस्तु निकासी वा पैठारी गरेको भनी कसैले त्यस्तो वस्तु कब्जामा लिई वा मानिस सहित पक्राउ गरी विभागमा पेश गरेमा आफैंले वा विभागको कुनै अधिकृतलाई तोकी त्यसरी पेश भएको वस्तु वा मानिस उपर यस ऐन बमोजिम अनुसन्धान र कारबाही गर्ने गराउने,

(ख) कार्यालयबाट जाँचपास भइसकेको कुनै वस्तु भन्सार क्षेत्रबाट बाहिर लैजानु अघि वा लगिसकेपछि त्यस्तो वस्तुको सम्बन्धमा भएको मूल्याङ्कन, वर्गीकरण, महसुल निर्धारण जस्ता विषयमा कुनै सूचना प्राप्त

भएमा वा शङ्का लागेमा सो कुराको जानकारी घोषणाकर्तालाई गराई विभागको कुनै अधिकृतलाई त्यस्तो वस्तु नियन्त्रणमा लिई पुनः जाँच गर्न वा आवश्यक अनुसन्धान गरी प्रतिवेदन पेश गर्न लगाउने,

(ग) खण्ड (ख) बमोजिमको प्रतिवेदनको आधारमा यस ऐन बमोजिम भन्सार अधिकृतलाई भए सरहको अधिकार प्रयोग गरी आवश्यक कारबाही गर्ने,

(घ) महसुल, मूल्याङ्कन, तथ्याङ्क वा यस्तै अन्य प्रयोजनको लागि वस्तु वर्गीकरणको उपशीर्षकमा आवश्यक अङ्कहरू थप गरी कार्यान्वयनमा ल्याउने,

(ङ) भन्सार मूल्य निर्धारण वा वस्तु जाँचपास वा भन्सार प्रशासन सम्बन्धी अन्य कुनै कार्य सम्पादन गर्न बाधा परेमा यस ऐनको प्रतिकूल नहुने गरी उपयुक्त आदेश जारी गर्ने,

(च) भन्सार प्रशासनको अनुगमन, नियन्त्रण तथा रेखदेख गर्ने,

(छ) यस ऐन बमोजिम विभागबाट सम्पादन गर्नु पर्ने अन्य काम गर्ने, गराउने।

५. कार्यालय स्थापनाः (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै भन्सार क्षेत्रमा आवश्यकता अनुसार भन्सार कार्यालय वा छोटी भन्सार कार्यालय स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विपद्‌को कारणले कुनै कार्यालयबाट कार्यसम्पादन गर्न नसकिने भएमा महानिर्देशकले कुनै भन्सार क्षेत्रमा कार्यालय

स्थापना गर्न सक्नेछ। त्यसरी स्थापना भएको कार्यालयको प्रयोजन समाप्त भएपछि महानिर्देशकले त्यस्तो कार्यालय खारेज गर्नु पर्नेछ।

६. भन्सार क्षेत्र तथा बाटो तोक्न सक्ने: (१) यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम भन्सार सम्बन्धी कानूनको प्रशासन गर्न तथा महसुल सङ्कलन गर्ने प्रयोजनको लागि मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी देहाय बमोजिम भन्सार क्षेत्र, बाटो वा स्थान तोक्न सक्नेछः-

(क) नेपालको कुनै विमानस्थल, बन्दरगाह, एकीकृत जाँच चौकी, आन्तरिक जाँचपास डिपो, रेल्वे स्टेशन वा अन्य कुनै क्षेत्रलाई भन्सार क्षेत्र तोक्ने,

(ख) खण्ड (क) बमोजिमको क्षेत्रमा पैठारी गरेका वा निकासी गर्ने वस्तु राख्ने स्थान तोक्ने र त्यस्तो वस्तु निकासी वा पैठारी गर्नु पर्ने बाटो तोक्ने,

(ग) खण्ड (क) बमोजिमको क्षेत्रमा यात्रु विदेश प्रस्थान गर्ने तथा विदेशबाट आउने स्थान तोक्ने,

(घ) निकासी वा पैठारी गर्ने वस्तु भण्डारणको लागि भन्सार वेयर हाउस रहने वा निजी वेयर हाउस सञ्चालनको लागि इजाजतपत्र दिन सकिने स्थान तोक्ने,

(ङ) पाइपलाइनबाट पेट्रोलियम पदार्थ पैठारी गर्ने मार्ग तोक्ने।

(२) मन्त्रालयले भन्सार क्षेत्रमा रहेको विमानस्थलमा उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिम बाटो वा स्थान तोक्दा सम्बन्धित विमानस्थलको सञ्चालकसँग परामर्श गर्नु पर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महानिर्देशकले विपद्को अवस्थामा राहत सामग्री जाँचपास गर्ने प्रयोजनको लागि नेपालको कुनै क्षेत्रलाई भन्सार क्षेत्रको रूपमा तोक्न र त्यस्तो भन्सार क्षेत्रबाट मात्र वस्तुको निकासी वा पैठारी गर्ने गरी बाटो तोक्न सक्नेछ। त्यसरी तोकिएको भन्सार क्षेत्र वा बाटोको प्रयोजन समाप्त भएपछि महानिर्देशकले त्यस्तो भन्सार क्षेत्र वा बाटो खारेज गर्नु पर्नेछ।

(४) महानिर्देशकले कुनै खास प्रकृतिका वस्तुलाई कुनै खास कार्यालयबाट मात्र निकासी वा पैठारी गर्नु पर्ने गरी तोक्न सक्नेछ।

(५) निकासी वा पैठारी हुने वस्तु उपदफा (१) वा (४) बमोजिम तोकिएको बाटो वा कार्यालयबाट मात्र निकासी वा पैठारी गर्नु पर्नेछ।

(६) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि महानिर्देशकले छोटी भन्सार कार्यालयबाट तोकिए बमोजिमका वस्तु वा तोकिए बमोजिमका मूल्यसम्मका वस्तु मात्र निकासी वा पैठारी गर्न सक्ने गरी तोक्न सक्नेछ।

७. <u>कार्यालयमा रहने कर्मचारी:</u> कार्यालयमा नेपाल सरकारबाट स्वीकृत दरबन्दी अनुसार प्रमुख भन्सार प्रशासक, प्रमुख

भन्सार अधिकृत, भन्सार अधिकृत र आवश्यक सङ्ख्यामा अन्य कर्मचारी रहनेछन्।

८. <u>कार्यालय समयः</u> (१) कार्यालयको प्रमुखले महानिर्देशकको स्वीकृति लिई कार्यालय खोल्ने र बन्द गर्ने समय निर्धारण गर्न सक्नेछ। त्यसरी निर्धारण गरिएको कार्यालय समय सम्बन्धी सूचना सार्वजनिक गर्नु पर्नेछ।

(२) कार्यालयको प्रमुखले सेवाग्राहीको सुविधा वा कार्यालयको कार्यबोझका आधारमा कार्यालयको नियमित समय भन्दा अघि वा पछि, सार्वजनिक बिदाका दिनमा वा कार्यालय बन्द रहेको समयमा समेत कामकाज गर्ने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

(३) कार्यालयको प्रमुखले सेवाग्राहीलाई सुविधा प्रदान गर्न तथा निकासी वा पैठारी सम्बन्धी कार्यमा सरलता ल्याउन आवश्यक देखेमा महानिर्देशकको पूर्व स्वीकृति लिई स्थानीयस्तरमा सार्वजनिक बिदा नभएको दिनमा कार्यालय बन्द गर्ने वा सार्वजनिक बिदाको दिनमा कार्यालय खोल्ने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

९. <u>प्रमुख भन्सार प्रशासकको काम, कर्तव्य र अधिकारः</u> प्रमुख भन्सार प्रशासकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यस ऐन बमोजिम वस्तुको वर्गीकरण, मूल्याङ्कन तथा महसुल निर्धारण तथा असुल गर्ने,

(ख) भन्सार क्षेत्र बाहेक अन्यत्रबाट यस ऐन विपरीत हुने गरी वस्तु निकासी वा पैठारी गरेको भनी कसैले

त्यस्तो वस्तु कब्जामा लिई वा मानिस सहित पक्राउ गरी कार्यालयमा पेश गरेमा सो उपर यस ऐन बमोजिम कारबाही गर्ने,

(ग) यस ऐन बमोजिम वस्तु जफत गर्ने र जफत गरिएका वस्तुको लिलाम बिक्री गर्ने वा नष्ट गर्ने,

(घ) यस ऐन बमोजिम भन्सार अधिकृतले गर्ने भनी तोकिएका अन्य काम गर्ने।

१०. <u>प्रमुख भन्सार अधिकृतको अधिकार र जिम्मेवारीः</u> (१) प्रमुख भन्सार अधिकृतलाई आफू कार्यालय प्रमुखको रूपमा रहेकोमा दफा ९ बमोजिम प्रमुख भन्सार प्रशासकलाई भएको अधिकार प्रयोग गरी यस ऐन बमोजिम भन्सार प्रशासन सञ्चालन गर्ने अधिकार हुनेछ।

(२) प्रमुख भन्सार अधिकृतले आफू कार्यालय प्रमुख नभएकोमा प्रमुख भन्सार प्रशासकबाट प्रत्यायोजित अधिकार तथा प्राप्त निर्देशनको अधीनमा रही यस ऐन बमोजिम भन्सार अधिकृतले गर्नु पर्ने काम तथा आफूलाई प्राप्त अधिकार बमोजिमको तोकिएको जिम्मेवारी पूरा गर्नु पर्नेछ।

११. <u>भन्सार अधिकृतको अधिकार र जिम्मेवारीः</u> (१) भन्सार अधिकृतलाई आफू कार्यालय प्रमुख भएकोमा दफा ९ बमोजिम प्रमुख भन्सार प्रशासक वा दफा १० बमोजिम प्रमुख भन्सार अधिकृतलाई भएको अधिकार प्रयोग गरी यस ऐन बमोजिम भन्सार प्रशासन सञ्चालन गर्ने अधिकार हुनेछ।

(२) भन्सार अधिकृतले आफू कार्यालय प्रमुख नभएकोमा प्रमुख भन्सार प्रशासक वा प्रमुख भन्सार अधिकृतबाट प्रत्यायोजित अधिकार तथा प्राप्त निर्देशनको अधीनमा रही यस ऐन बमोजिम भन्सार अधिकृतले गर्नु पर्ने काम तथा आफूलाई प्राप्त अधिकार बमोजिमको तोकिएको जिम्मेवारी पूरा गर्नु पर्नेछ।

१२. छोटी भन्सार कार्यालयको प्रमुखको अधिकारः छोटी भन्सार कार्यालयको प्रमुखलाई सम्बन्धित कार्यालय प्रमुखको निर्देशन र नियन्त्रणमा रही तोकिए बमोजिम वस्तुको जाँचपास गर्ने अधिकार हुनेछ।

१३. भन्सार जाँचपास परीक्षण कार्यालयको स्थापनाः (१) कार्यालयबाट जाँचपास भएको कुनै वस्तु घोषणाकर्ताले घोषणा गरे अनुरूपको भए, नभएको वा त्यस्तो वस्तु यस ऐन बमोजिम महसुलमा दिएको सुविधा बमोजिम प्रयोग गरे नगरेको सम्बन्धमा यकिन गर्न जाँचपास पछिको परीक्षण गर्ने कार्यको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार भन्सार जाँचपास परीक्षण कार्यालय स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको कार्यालयमा प्रमुख भन्सार परीक्षण प्रशासक, प्रमुख भन्सार परीक्षक, भन्सार परीक्षक र आवश्यक सङ्ख्यामा अन्य कर्मचारी रहनेछन्।

१४. <u>प्रमुख भन्सार परीक्षण प्रशासकको काम, कर्तव्य र अधिकारः</u> यस ऐनमा अन्यत्र उल्लेख गरिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख भन्सार परीक्षण प्रशासकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जाँचपास पछिको परीक्षण सम्बन्धमा वार्षिक कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने,

(ख) भन्सारबाट जाँचपास भएका वस्तुको उपलब्ध आँकडा (डाटा) को विश्लेषण गरी जोखिम देखिएका वस्तु वा व्यक्तिको जाँचपास पछिको परीक्षण गर्न तोकिए बमोजिम छनौट गर्ने,

(ग) जाँचपास पछिको परीक्षणका लागि छनौट गरिएका वस्तु वा व्यक्तिको परीक्षण योजना (अडिट प्लान) तयार गरी कार्यान्वयन गर्ने वा गराउने,

(घ) परीक्षण प्रतिवेदन तयार वा स्वीकृत गरी कार्यान्वयन गर्ने वा गराउने,

(ङ) जाँचपास पछिको परीक्षण गर्दा कानूनको परिपालनाको विषयमा प्रतिवेदन तयार गरी विभागलाई नियमित रुपमा उपलब्ध गराउने,

(च) यस ऐन बमोजिम भन्सार परीक्षकले गर्ने भनी उल्लेख भएका कार्य गर्ने।

१५. <u>प्रमुख भन्सार परीक्षक र भन्सार परीक्षकको अधिकारः</u> प्रमुख भन्सार परीक्षण प्रशासकले दिएको निर्देशनको अधीनमा रही निजबाट प्रत्यायोजित अधिकार बमोजिम कार्यसम्पादन गर्ने

अधिकार प्रमुख भन्सार परीक्षक र भन्सार परीक्षकलाई हुनेछ।

१६. <u>पोशाक र चिन्ह तोक्न सक्नेः</u> (१) नेपाल सरकारले विभाग र कार्यालयका कर्मचारीले कार्यालय समयमा लगाउने पोशाक, परिचयपत्र र आवश्यकता अनुसार दर्ज्यानी चिन्ह समेत तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम पोशाक, परिचयपत्र र दर्ज्यानी चिन्ह तोकिएकोमा विभाग र कार्यालयमा खटिएका कर्मचारीले त्यस्तो पोशाक, परिचयपत्र र दर्ज्यानी चिन्ह कार्यालय समयमा अनिवार्य रुपमा लगाउनु पर्नेछ।

तर कुनै वस्तु वा व्यक्तिको सम्बन्धमा अनुसन्धान गर्न खटिएको कर्मचारीलाई त्यस्तो पोशाक वा दर्ज्यानी चिन्ह लगाउन अनिवार्य हुने छैन।

(३) कुनै कर्मचारीले यस ऐन बमोजिम भन्सार प्रशासनसँग सम्बन्धित विषयमा कुनै व्यक्ति विरुद्ध अनुसन्धान वा कारबाही गर्दा निजले त्यस्तो कर्मचारीको परिचयपत्र हेर्न चाहेमा आफ्नो परिचयपत्र देखाउनु सम्बन्धित कर्मचारीको कर्तव्य हुनेछ।

परिच्छेद-३
<u>भन्सार महसुल</u>

१७. <u>भन्सार महसुल लाग्नेः</u> यस ऐन वा प्रचलित अन्य सङ्घीय कानून बमोजिम भन्सार महसुल छुट भएकोमा बाहेक निकासी वा पैठारी हुने प्रत्येक वस्तुमा भन्सार महसुल लाग्नेछ।

१८. <u>भन्सार महसुल छुट दिन सक्नेः</u> (१) नेपाल सरकारले कुनै वस्तुको निकासी वा पैठारीमा लाग्ने भन्सार महसुल पूर्ण वा आंशिक रूपमा छुट दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको भन्सार महसुल छुट सम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(३) मन्त्रालयले वैदेशिक ऋण वा अनुदान सहयोगमा सञ्चालन गरिने आयोजनाको लागि त्यस्तो आयोजना वा आयोजनाको ठेकेदारको नाममा पैठारी हुने वस्तुमा पूर्ण वा आंशिक रूपमा भन्सार महसुल छुट दिन सक्नेछ।

(४) मन्त्रालयले अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीले अन्तर्राष्ट्रिय उडानमा उपयोग गर्ने इन्धन, हवाईजहाजको इञ्जिन, पार्टपुर्जा, यन्त्र, उपकरण, उडानमा खपत हुने खाद्य सामग्री तथा पेय पदार्थमा तोकिए बमोजिम पूर्ण वा आंशिक रूपमा भन्सार महसुल छुट दिन सक्नेछ।

(५) नेपाल सरकारले सम्झौता गरे बमोजिमको राहत सामग्रीको पैठारीमा लाग्ने भन्सार महसुल मन्त्रालयले छुट दिन सक्नेछ। त्यसरी भन्सार महसुल छुट दिँदा महसुल छुट दिइएका वस्तुको विवरण र छुट पाउने अवधि समेत खुलाउनु पर्नेछ।

(६) मन्त्रालयले तोकिए बमोजिमको न्यूनतम मूल्य भन्दा कम मूल्यका वस्तुमा भन्सार महसुल नलाग्ने गरी तोकिए बमोजिम छुट दिन सक्नेछ।

(७) मन्त्रालयले हुलाक पुलिन्दाबाट पैठारी हुने वा निकासी हुने तोकिए बमोजिमका वा तोकिएका मूल्यसम्मका वस्तुमा भन्सार महसुल छुट दिन सक्नेछ।

(८) कुनै वस्तुमा तोकिए बमोजिमको न्यूनतम भन्सार महसुल भन्दा कम भन्सार महसुल लाग्ने भएमा मन्त्रालयले त्यस्तो भन्सार महसुल असुल नगर्ने गरी तोकिए बमोजिम छुट दिन सक्नेछ।

१९. कूटनीतिक सुविधा वा महसुल सुविधाः नेपाल सरकार पक्ष भएको द्विपक्षीय वा बहुपक्षीय सन्धि वा सम्झौता बमोजिम कूटनीतिक सुविधा वा महसुल सुविधा दिनु पर्ने निकाय, पदाधिकारी वा व्यक्तिलाई नेपाल सरकार, परराष्ट्र मन्त्रालयको सिफारिसको आधारमा तोकिए बमोजिम कूटनीतिक सुविधा वा महसुल सुविधा दिइनेछ।

२०. विदेशी पर्यटकले कार्ने अन्तर्गत अस्थायी पैठारी गर्ने सवारी साधनमा महसुल छुट दिनेः (१) विदेशी पर्यटकले कार्ने अन्तर्गत व्यक्तिगत प्रयोगको लागि अस्थायी पैठारी गर्ने सवारी साधन यस दफामा उल्लिखित शर्त बमोजिम पछि फिर्ता लैजाने गरी एक वर्षको अवधिमा छ महिनासम्मको लागि महसुल छुट दिई अस्थायी पैठारी गर्न दिइनेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "कार्ने" भन्नाले नेपाल समेत सदस्य रहेको निजी सवारी साधनको अस्थायी पैठारी सम्बन्धी भन्सार महासन्धि (कस्टम्स कन्भेन्सन अन द टेम्पोररी इम्पोर्टेशन अफ प्राइभेट रोड भेहिकल्स), १९५४ अन्तर्गत सो महासन्धि बमोजिमको आधिकारिक संस्थाद्वारा विदेशी पर्यटकले निजी प्रयोगको लागि अस्थायी पैठारी गर्ने सवारी साधन तथा जगेडा पार्टपुर्जा तोकिएको समयभित्र पुनः

निकासी नगरेमा त्यस्तो सवारी साधन तथा सोको जगेडा पार्टपुर्जा पैठारी गर्दा लाग्ने महसुल र व्याज लाग्नेमा सो समेत तिर्नु बुझाउनु पर्ने गरी जारी गरिएको सो महासन्धिको अनुसूची-१ बमोजिमको फाराम सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम छुट दिंदा नेपालभित्र प्रथम पटक प्रवेश गरेको मितिले एक वर्षको अवधिमा लगातार वा पटक पटक गरी जम्मा छ महिनाको अवधि गणना गरिनेछ।

(३) उपदफा (१) बमोजिम पैठारी गरिएका सवारी साधनमा जडान गरिएका विद्युतीय सामान, फर्निचर, जगेडा पार्टपुर्जा तथा सहायक सामग्री समेत सवारी साधनका साथ फिर्ता लैजाने शर्तमा कार्नेमा जनाई पैठारी गर्न दिन सकिनेछ।

(४) उपदफा (१) बमोजिम अस्थायी पैठारी गरिएका सवारी साधन, सोको जगेडा पार्टपुर्जा तथा सहायक सामग्री कार्नेमा उल्लिखित अवधिभित्र फिर्ता नलगेमा भन्सार अधिकृतले त्यस्तो सवारी साधन, सोको जगेडा पार्टपुर्जा तथा सहायक सामग्री जफत गरी सोमा लाग्ने महसुल पैठारीकर्ता वा कार्ने जारी गर्ने संस्थाबाट असुल गर्न सक्नेछ। कार्ने जारी गर्ने संस्थासँग महसुल दाबी गर्दा त्यस्तो कार्नेको मान्य अवधि समाप्त भएको मितिले एक वर्षभित्र गरिसक्नु पर्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम पैठारी गरिएको सवारी साधन दुर्घटना भई प्रहरी कब्जामा रहेको वा मर्मतको लागि कारखाना वा अटोमोबाइल वर्कशपमा रहेको भनी प्रहरी कार्यालयले सिफारिस गरेकोमा त्यस्तो अवधि उपदफा (१) बमोजिमको अवधिमा गणना गरिने छैन।

(६) उपदफा (१) बमोजिम विदेशी पर्यटकले पैठारी गरेका सवारी साधन दुर्घटनाग्रस्त भई मर्मत गरेर समेत चलाउन सकिने अवस्था नरहेको भनी सम्बन्धित प्रहरी कार्यालयले प्रमाणित गरिदिएकोमा भन्सार अधिकृतले विभागको स्वीकृति लिई त्यस्तो सवारी साधन कुनै सरकारी निकायको प्रतिनिधिको रोहबरमा सम्बन्धित व्यक्तिको खर्चमा नष्ट गर्ने वा पत्रुमा परिणत गर्न अनुमति दिन सक्नेछ। त्यसरी नष्ट गरिएको वा पत्रुमा परिणत गरिएको सवारी साधनमा कुनै महसुल लाग्ने छैन।

(७) उपदफा (१) बमोजिम पैठारी भएका सवारी साधनहरू भाडामा प्रयोग गर्न वा दान, दातव्य वा उपहार दिन, लिन वा खरिद वा बिक्री गर्न वा लुकाई राख्न पाइने छैन।

२१. <u>बैङ्क जमानतमा पैठारी गर्न दिन सक्नेः</u> (१) नेपाल सरकारले कुनै व्यक्तिलाई कुनै वस्तु पैठारी गर्दा त्यस्तो वस्तुमा लाग्ने महसुल बापतको रकम बैङ्क जमानत लिई पैठारी गर्ने सुविधा दिन सक्नेछ।

(२) कुनै उद्योगले वस्तु तयार गरी निकासी गर्ने वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमै बिक्री गर्ने प्रयोजनको लागि पैठारी गर्ने कच्चा पदार्थ र सहायक कच्चा पदार्थमा लाग्ने महसुल बापतको रकम तोकिएको शर्त बमोजिम बैङ्क जमानत राखी पैठारी गर्न चाहेमा त्यस्तो उद्योगलाई तोकिए बमोजिमको बैङ्क जमानतको सुविधा प्रदान गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम बैङ्क जमानतमा पैठारी गरेको कच्चा पदार्थबाट उत्पादित वस्तु तोकिएको शर्त बमोजिम निकासी वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमा बिक्री

नगरेमा त्यस्तो कच्चा पदार्थ पैठारी गरेको दिनमा लाग्ने भन्सार महसुलमा पन्ध्र प्रतिशत थप गरी असुल गरिनेछ।

(४) उपदफा (२) बमोजिम पैठारी गर्ने सुविधा दिँदा भन्सार अधिकृतले त्यसरी पैठारी गर्दा लाग्ने भन्सार महसुलको अतिरिक्त उपदफा (३) बमोजिम निजलाई थप महसुल लाग्ने भएमा त्यस्तो महसुल बापतको रकमको समेत बैङ्क जमानत लिनु पर्नेछ।

(५) एक भन्दा बढी भन्सार कार्यालयबाट नियमित रूपमा वस्तु पैठारी गर्ने पैठारीकर्ताको हकमा एकल बैङ्क जमानतबाट वस्तु पैठारी गर्न सक्ने गरी भन्सार अधिकृतले तोकिए बमोजिम बैङ्क जमानत स्वीकार गर्न सक्नेछ।

(६) यस दफा बमोजिम बैङ्क जमानत पेश गर्ने, प्रयोग गर्ने र फुकुवा गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

२२. निकासी गर्ने वस्तुको कच्चा पदार्थ नगद धरौटीमा पैठारी गर्न सकिनेः (१) कुनै उद्योगले आफूले गरेको उत्पादन बैङ्किङ्ग प्रणाली मार्फत निकासी गर्ने वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमै बिक्री गर्ने भएमा त्यस्तो वस्तु उत्पादन गर्न आवश्यक कच्चा पदार्थ र सहायक कच्चा पदार्थ पैठारी गर्दा लाग्ने महसुल तोकिए बमोजिम नगद धरौटी राखी पैठारी गर्न दिइनेछ।

(२) उपदफा (१) बमोजिम नगद धरौटीमा पैठारी गरेको कच्चा पदार्थबाट उत्पादित वस्तु तोकिए बमोजिम निकासी गरेपछि वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमै बिक्री गरेपछि मात्र तोकिए बमोजिम त्यस्तो नगद धरौटी फिर्ता गरिनेछ।

(३) उपदफा (१) बमोजिम नगद धरौटीमा पैठारी गरेको कच्चा पदार्थबाट उत्पादित वस्तु तोकिए बमोजिम निकासी नगरेमा वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमै बिक्री नगरेमा सो धरौटी रकम सम्बन्धित राजस्व खातामा जम्मा गरी त्यस्तो वस्तुमा त्यस्तो कच्चा पदार्थ पैठारी गरेको दिनमा लाग्ने भन्सार महसुलको पन्ध्र प्रतिशत रकम थप असुल गरिनेछ।

२३. <u>महसुल नलाग्ने:</u> (१) कुनै पैठारीकर्ताले आफूले पैठारी गरेको वस्तु कार्यालयबाट नछुटाई नेपाल सरकारको हुने गरी कार्यालयमा छाड्न निवेदन दिएमा त्यस्तो वस्तुमा महसुल लाग्ने छैन।

(२) उपदफा (१) बमोजिम छाडिएको वस्तु नेपाल सरकारले आफैं प्रयोग गर्न वा यस ऐन बमोजिम लिलाम बिक्री गर्न सक्नेछ। त्यसरी लिलाम बिक्री गर्न नसकिने भएमा वा प्रयोगमा आउन नसक्ने देखिएमा भन्सार अधिकृतले सम्बन्धित पैठारीकर्तालाई सो वस्तु फिर्ता लैजान आदेश दिन वा निजकै खर्चमा तोकिए बमोजिम हटाउन वा नष्ट गर्न वा गराउन सक्नेछ।

(३) नेपालभित्र प्रयोग गर्ने गरी पैठारी भएको तर जाँचपास भइनसकेको कुनै वस्तु दुर्घटना वा विपद्मा परी वा आफ्नै प्रकृतिको कारणले नष्ट भएमा, परिमाण वा तौलमा कमी भएमा वा व्यापारिक रूपमा मूल्यहीन भएमा सोको प्रमाण सहित तोकिएको प्रक्रिया पूरा गरी तोकिएको समयावधिभित्र पैठारीकर्ताले निवेदन दिएमा सम्बन्धित भन्सार अधिकृतले महानिर्देशकको स्वीकृति लिई त्यस्तो क्षति वा घटी भएको वा

व्यापारिक रूपमा मूल्यहीन भएको वस्तुको महसुल छुट दिन वा असुल भइसकेको भए त्यस्तो महसुल फिर्ता दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम नोक्सान भएजति वस्तु जुन उद्देश्यका लागि पैठारी भएको हो सो उद्देश्य पूरा नहुने तर रद्दी वा पत्रुको रूपमा वा अन्य कुनै वैकल्पिक उपयोगमा प्रयोग हुन सक्ने अवस्थाको भएमा भन्सार अधिकृतले सोही रूपमा त्यस्तो वस्तुको भन्सार मूल्य कायम गरी लाग्ने महसुल असुल गर्न सक्नेछ।

२४. विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगलाई सुविधा दिइनेः (१) प्रचलित कानून बमोजिम स्थापना भएको विशेष आर्थिक क्षेत्रको उद्योगले पैठारी गर्ने वस्तुमा विशेष आर्थिक क्षेत्र प्राधिकरणको सिफारिसमा त्यस्तो उद्योगलाई देहाय बमोजिम सुविधा प्रदान गरिनेछः-

(क) आफ्ना मजदुर तथा कर्मचारी ओसार्ने काममा प्रयोग गर्न उद्योगको नाममा पैठारी हुने एक थान बस र वस्तु ढुवानी गर्ने दुई थान ढुवानीका साधनमा एक पटकको लागि एक प्रतिशत मात्र भन्सार महसुल लाग्ने गरी बाँकी भन्सार महसुल छुट दिने,

तर त्यसरी भन्सार महसुल छुटमा पैठारी गरिएका बस तथा ढुवानीका साधन दश वर्ष नपुगी नामसारी, बिक्री वा कुनै प्रकारले हक हस्तान्तरण गरेमा प्रचलित कानून बमोजिम पूरै महसुल लाग्नेछ।

(ख) निकासी गर्ने वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमा बिक्री गरिने वस्तु उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थ र सहायक कच्चा पदार्थ पैठारी गर्दा तोकिएको शर्त बमोजिम लाग्ने महसुल बराबरको बैङ्क जमानत लिई पैठारी गर्न दिने,

(ग) उद्योगलाई आवश्यक पर्ने प्लान्ट, मेशिनरी, यन्त्र, उपकरण तथा पार्टपुर्जा पैठारी गर्दा लाग्ने महसुल बराबरको बैङ्क जमानत लिई पैठारी गर्न दिने,

(घ) खण्ड (ग) बमोजिम पैठारी गरिएका प्लान्ट, मेशिनरी, यन्त्र, उपकरण तथा पार्टपुर्जा उद्योगमा जडान गरी सञ्चालनमा आएको व्यहोरा विशेष आर्थिक क्षेत्र प्राधिकरणबाट लेखी आएपछि सम्बन्धित कार्यालयले त्यस्तो बैङ्क जमानत फुकुवा गरिदिने,

(ङ) पैठारी गरिएको कच्चा पदार्थ र सहायक कच्चा पदार्थबाट उत्पादन गरिएको वस्तु एक वर्षभित्र निकासी गरेको वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमा बिक्री गरेको प्रमाण सहित खण्ड (ख) बमोजिम राखिएको बैङ्क जमानत फुकुवाको लागि विशेष आर्थिक क्षेत्र प्राधिकरणको सिफारिस सहित कच्चा पदार्थ पैठारी गरेको मितिले एक वर्षभित्र लेखी आएमा सम्बन्धित कार्यालयले त्यस्तो जमानत फुकुवा गरिदिने।

(२) कुनै पैठारीकर्ताले पैठारी गरेको वस्तु विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगलाई कच्चा पदार्थ र सहायक कच्चा पदार्थको रुपमा तोकिए बमोजिम बिक्री गरेमा निजले त्यस्तो वस्तु पैठारी गर्दा भन्सार महसुल तिरेको रहेछ भने कार्यालयले त्यस्तो भन्सार महसुल तोकिए बमोजिम फिर्ता दिनेछ।

(३) विशेष आर्थिक क्षेत्र बाहिर रहेको कुनै उद्योगले उत्पादन गरेको तयारी वस्तु विशेष आर्थिक क्षेत्रभित्र स्थापित उद्योगलाई बिक्री गरेमा सो बिक्रीलाई निकासी गरे सरह मानी निकासी गर्दा पाए सरहको महसुल सुविधा दिइनेछ।

(४) उपदफा (१) को खण्ड (ख) बमोजिम पैठारी गरेको वस्तुबाट तयार भएको वस्तु नेपालमा खपत गर्ने गरी बिक्री गरेमा त्यस्तो वस्तु तयार गर्न प्रयोग भएको कच्चा पदार्थ तथा सहायक कच्चा पदार्थ पैठारी गरेको दिनमा लाग्ने महसुल बुझाएपछि मात्र त्यस्तो वस्तु विशेष आर्थिक क्षेत्र बाहिर लैजान दिइनेछ।

(५) विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले विशेष आर्थिक क्षेत्रभित्र वा बाहिर कसैलाई महसुल छुटमा पैठारी गरेको वस्तुको स्वामित्व हस्तान्तरण गर्ने सम्बन्धमा नेपाल सरकारले प्रक्रिया तोकी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आदेश जारी गर्न सक्नेछ। त्यस्तो आदेशको पालना गर्नु सम्बन्धित उद्योगको कर्तव्य हुनेछ।

(६) विशेष आर्थिक क्षेत्रमा स्थापित कुनै उद्योग सो क्षेत्र बाहिर स्थानान्तरण हुन चाहेमा त्यस्तो उद्योगले यस दफा बमोजिम छुट पाएको महसुल सम्बन्धित कार्यालयमा

बुझाएपछि मात्र सम्बन्धित निकायले त्यस्तो उद्योगलाई स्थानान्तरण गर्न स्वीकृति दिनु पर्नेछ।

परिच्छेद-४

वाहनको आगमन, प्रस्थान, घोषणा, जाँच र जाँचपास

२५. वस्तुको विवरण दिनु पर्नेः (१) भन्सार क्षेत्रमा प्रवेश गर्ने वाहनको सञ्चालकले वस्तु बोकेको वाहन भन्सार क्षेत्रमा प्रवेश गर्नु अगावै वा भन्सार क्षेत्रमा प्रवेश गरेको बाह्र घण्टाभित्र त्यस्तो वाहनको संक्षिप्त विवरण र सो वाहनमा रहेको वस्तुको तोकिए बमोजिमको विवरण (मेनिफेष्ट) कार्यालयमा पेश गर्नु वा कम्प्युटर प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विभागले तोकि दिए बमोजिमको संक्षिप्त विवरण कार्यालयको कम्प्युटर प्रणालीमा प्रविष्ट गरेपछि मात्र वाहनलाई भन्सार क्षेत्रमा प्रवेश गर्न दिने गरी व्यवस्था गर्न सक्नेछ।

२६. वाहनको जाँच गराउनु पर्नेः विदेशबाट नेपाल प्रवेश गर्ने र नेपालबाट विदेश प्रस्थान गर्ने वायुयान बाहेकका खाली, मालवाहक वा यात्रुवाहक वाहनको चालकले त्यस्तो वाहन नेपालमा प्रवेश गर्नु अघि वा नेपालबाट प्रस्थान गर्नु अघि तोकिए बमोजिम जाँच गराउनु पर्नेछ।

२७. जाँचपास नभएका वस्तु ढुवानी गर्न नहुनेः पैठारी गरिएको वस्तु ढुवानी गर्ने व्यक्तिले महसुल नतिरिएका वा जाँचपास नभएको वस्तु भन्सार क्षेत्र बाहिर वा विदेशमा लैजाने गरी ढुवानी गर्नु हुँदैन।

२८. <u>वस्तु घोषणा गर्नु पर्ने</u>: (१) घोषणाकर्ताले आफूले निकासी वा पैठारी गर्ने वस्तु प्रज्ञापनपत्र भरी तोकिए बमोजिम घोषणा गर्नु पर्नेछ।

तर घोषणा नगरी यात्रुले आफ्नो साथमा ल्याउन र लैजान पाउने निजी प्रयोगका वस्तुका सम्बन्धमा मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी निर्धारण गरे बमोजिम हुनेछ।

(२) प्रज्ञापनपत्रको ढाँचा तोकिए बमोजिम हुनेछ।

(३) वस्तुको धनी प्रमाणित हुने गरी जाँचपासको लागि आवश्यक कागजात पेश गर्न सक्ने कुनै पनि व्यक्तिले वस्तुको घोषणा गर्न सक्नेछ।

(४) घोषणाकर्ताले वस्तुको विवरण प्रज्ञापनपत्रको ढाँचामा कम्प्युटर प्रणालीमा प्रविष्ट गरी घोषणा गर्न सक्नेछ। त्यसरी घोषणा गर्दा तोकिए बमोजिमका कागजात विद्युतीय स्वरूपमा संलग्न गर्नु पर्नेछ।

तर भन्सार अधिकृतले तोकिए बमोजिमका कागजात माग गरेमा त्यसरी माग गरे बमोजिमका कागजात घोषणाकर्ताले भन्सार अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम वस्तु घोषणा गर्दा वस्तुको प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार, तौल, गुणस्तर र वस्तुको प्रकृति अनुसार ब्राण्ड, मोडेल, एकाइ, उत्पादक कम्पनी र वस्तुको स्पष्ट पहिचान हुने यस्तै अन्य विवरण समेत उल्लेख गर्नु पर्नेछ।

(६) उपदफा (१), (४) वा (५) बमोजिम घोषित विवरणको सत्यता, पूर्णता र पेश गरेका कागजातको

आधिकारिकताका सम्बन्धमा सम्बन्धित घोषणाकर्ता जिम्मेवार हुनेछ।

(७) काबु बाहिरको परिस्थिति परी वा अन्य कुनै मनासिब कारणले घोषणाकर्ताले कुनै कागजात घोषणासाथ पेश गर्न नसक्ने भएमा त्यस्तो कागजात पछि पेश गर्ने गरी अनुमतिको लागि भन्सार अधिकृत समक्ष निवेदन दिन सक्नेछ।

(८) उपदफा (७) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा तोकिए बमोजिमको कागजात पेश भएको र निवेदनको व्यहोरा मनासिब देखिएमा भन्सार अधिकृतले त्यस्तो वस्तुको पूर्ण घोषणा गर्ने अवधि तोकी तत्कालको लागि अस्थायी वा अपूर्ण घोषणा गर्ने अनुमति दिन सक्नेछ।

(९) उपदफा (८) बमोजिम गरिएको घोषणा जाँच गर्दा उक्त वस्तुको पछि स्थायी वा पूर्ण घोषणा गर्दा महसुल फरक पर्ने देखिएमा भन्सार अधिकृतले सुरक्षण बापत सो महसुल बराबरको नगद धरौटी वा बैङ्क जमानत लिई वस्तु जाँचपास गर्न सक्नेछ।

(१०) उपदफा (९) बमोजिम लिइएको नगद धरौटी वा बैङ्क जमानत त्यस्तो वस्तुको पूर्ण घोषणाको काम सम्पन्न भएपछि तोकिए बमोजिम फुकुवा गरिदिनु पर्नेछ।

(११) वस्तुको जाँच हुनुपूर्व घोषणाकर्ताले आफूले घोषणा गरेको वस्तुको विवरण घोषणासाथ पेश भएका कागजात विपरीत नहुने गरी संशोधन गर्न भन्सार अधिकृत समक्ष लिखित अनुरोध गरेमा भन्सार अधिकृतले त्यस्तो विवरण संशोधनका लागि अनुमति दिन सक्नेछ।

तर संशोधनको लागि गरिएको अनुरोध जालसाज वा बदनियतपूर्ण देखिएमा विवरण संशोधनको अनुमति दिइने छैन।

(१२) वस्तुको जाँच सुरु भइसकेको तर जाँचपास भइनसकेको अवस्थामा घोषणाकर्ताले घोषणामा संशोधन गर्न भन्सार अधिकृत समक्ष कारण खोली निवेदन दिएमा र कारण मनासिब लागेमा भन्सार अधिकृतले त्यस्तो घोषणा संशोधनको लागि अनुमति दिन सक्नेछ।

तर देहायको कुनै अवस्था सिर्जना हुने भएमा घोषणा संशोधन गर्न अनुमति दिइने छैनः-

(क) तिर्नु पर्ने महसुल वा भन्सारले गर्नु पर्ने नियमनमा असर पर्ने भएमा,

(ख) यस ऐन बमोजिम हुन सक्ने सजायबाट उन्मुक्ति पाउने देखिएमा,

(ग) जाँचपास प्रक्रियामा अनावश्यक रूपमा ढिलाइ हुने भएमा।

(१३) घोषणाकर्ताले कुनै वस्तु तोकिए बमोजिमको एउटा भन्सार प्रक्रिया अन्तर्गत पैठारी गर्नका लागि घोषणा गरिसकेको तर जाँचपास भइनसकेको अवस्थामा सोही वस्तु पुनः अर्को भन्सार प्रक्रिया अन्तर्गत पैठारी गर्न निवेदन दिएमा र सो बमोजिम त्यस्तो वस्तु पुनः घोषणा हुने कुरामा भन्सार अधिकृत विश्वस्त भएमा निजले पहिले गरिएको घोषणा रद्द गरी अर्को घोषणा गर्न अनुमति दिन सक्नेछ। त्यसरी अनुमति दिइएकोमा पहिले घोषणा गरेको वस्तुमा महसुल लाग्ने छैन।

(१४) कसैले पैठारी गर्ने वस्तु कार्यालयमा आइपुग्नु अगावै जाँचपास सम्बन्धी प्रकिया प्रारम्भको लागि अग्रिम

घोषणा गर्न चाहेमा देहाय बमोजिमको समयावधिभित्र उपदफा (१) वा उपदफा (८) बमोजिम घोषणा गर्न सक्नेछः-

(क) हवाइमार्गबाट पैठारी हुने वस्तुको हकमा त्यस्तो वस्तुको एयरवे बिल जारी भएपछि कार्यालयमा आइपुग्नु अगाडि कुनै पनि समयमा,

(ख) स्थलमार्गबाट पैठारी हुने वस्तुको हकमा त्यस्तो वस्तुको बिल अफ लेडिङ जारी भएपछि कार्यालयमा आइपुग्नु अगाडि कुनै पनि समयमा।

(१५) घोषणाकर्ताले वस्तु भन्सार क्षेत्रभित्र प्रवेश गरेको मितिले सात दिनभित्र त्यस्तो वस्तु जाँचपासको लागि वा भन्सार वेयर हाउसमा राख्नको लागि तोकिए बमोजिम घोषणा गर्नु पर्नेछ।

(१६) उपदफा (१५) मा उल्लिखित अवधिभित्र घोषणा गर्न असमर्थ भएको भनी म्याद थपको लागि लिखित अनुरोध गरेमा र त्यस्तो अनुरोध मनासिब देखिएमा भन्सार अधिकृतले सात दिनसम्मको म्याद थप गरिदिन सक्नेछ।

(१७) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि पाइपलाइनबाट पैठारी गरिने पेट्रोलियम पदार्थको घोषणा तोकिए बमोजिम हुनेछ।

२९. घोषणा जाँच गर्ने: (१) भन्सार अधिकृतले दफा ३१ को अधीनमा रही घोषित वस्तु प्रचलित कानून बमोजिम पैठारी गर्न पाइने हो वा होइन भन्ने सम्बन्धमा अविलम्ब जाँच गर्नु पर्नेछ। त्यसरी जाँच गर्दा भन्सार अधिकृतले आवश्यकता

अनुसार सम्बन्धित वस्तुको भौतिक जाँच गर्न वा गर्न लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम जाँच गर्दा त्यस्तो वस्तु पैठारी गर्न पाइने नदेखिएमा भन्सार अधिकृतले देहायका वस्तुका सम्बन्धमा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) हातहतियार, खरखजाना, गोली, बारुद तथा त्यस्तो वस्तु उत्पादन गर्न प्रयोग हुने सामग्री, फ्यूज, तार तथा विष्फोटक पदार्थ जस्ता सामग्री, गाँजा, चरेश, अफिम र त्यस्तै लागू पदार्थ, लागू पदार्थको रूपमा प्रयोग हुने प्रतिबन्धित औषधि जस्ता पैठारी गर्न निषेधित वस्तु भएमा आवश्यक कारबाहीको लागि नजिकको नेपाल प्रहरीको जिम्मा लगाउने,

(ख) पैठारीको लागि परिमाण वा समय तोकी कुनै व्यक्ति वा निकायलाई इजाजतपत्र वा अनुमतिपत्र दिइएकोमा सो बाहेकको अन्य व्यक्ति वा निकायले पैठारी गरेकोमा त्यस्तो वस्तु जफत गरी प्रचलित कानून बमोजिम सजाय गर्ने,

(ग) पैठारीको लागि प्रचलित कानूनद्वारा प्रतिबन्ध नगरिएको तर कुनै मुलुकसँगको द्विपक्षीय सम्झौता अनुसार पैठारी गर्न नसकिने वस्तु भएमा जफत गर्ने,

(घ) पैठारी गरिने वस्तुको सम्बन्धमा कुनै मापदण्ड, गुणस्तर वा शर्त तोकिएकोमा

त्यस्तो मापदण्ड, गुणस्तर वा शर्तको उल्लङ्घन गरी पैठारी गरिएको भए त्यस्तो वस्तु जफत गर्ने,

(ङ) खण्ड (क) मा उल्लिखित वस्तु बाहेक प्रचलित कानून बमोजिम पैठारीको लागि प्रतिबन्ध लगाइएको र सो सम्बन्धी मुद्दा हेर्ने छुट्टै अधिकारी तोकिएकोमा त्यस्तो वस्तु सम्बन्धित मुद्दा हेर्ने अधिकारीलाई जिम्मा लगाउने,

(च) प्रचलित कानूनद्वारा पैठारी गर्न प्रतिबन्ध गरिएको र वातावरण तथा जनस्वास्थ्यको दृष्टिकोणले नेपालमा उपयोग गर्न, लिलाम बिक्री गर्न, सडाउन वा नष्ट गर्न नमिल्ने प्रकृतिको वस्तु भएमा अन्य प्रचलित सङ्घीय कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उक्त वस्तुको लागि भुक्तानी गरिएको विदेशी मुद्रा फिर्ता ल्याउने शर्तमा महानिर्देशकको स्वीकृति लिई निकासीकर्तालाई नै फिर्ता पठाउन पैठारीकर्तालाई आदेश दिने।

(३) पैठारीकर्ताले यस ऐन विपरीत हुने कुनै कार्य गरेको कारणले कानूनी वा प्रशासनिक प्रक्रियामा रहेको कुनै वस्तु कब्जा वा जफत गर्नु पर्ने नदेखिएमा भन्सार अधिकृतले त्यस्तो वस्तुमा पछि निर्णय हुँदा लाग्न सक्ने महसुल, थप महसुल वा जरिबाना बापतको रकम नगद धरौटी वा सो बराबरको बैङ्क जमानत लिई जाँचपास गर्नु पर्नेछ।

३०. <u>शीघ्र जाँचपास गर्नु पर्ने:</u> (१) जीवित जनावर, ताजा फलफूल तथा तरकारी, समुद्री खाना, मासु तथा मासुजन्य उत्पादन, विशेष प्रकारले भण्डारण गर्नु पर्ने खानेकुरा, जैविक प्रविधियुक्त उत्पादन, शारीरिक ग्रन्थी, रक्त तथा रक्त प्लाज्मा, औषधि, अनुसन्धान सम्बन्धी नाशवान पदार्थ, खोप वा विभागले समय समयमा तोकेका त्यस्तै छिटो बिग्रने प्रकृतिका वस्तु तोकिए बमोजिम शीघ्र जाँचपास गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम शीघ्र जाँचपास गर्न नसकिने भएमा सोको कारण सहितको जानकारी घोषणाकर्तालाई दिनु पर्नेछ।

३१. <u>जोखिम विश्लेषणका आधारमा वस्तु जाँचपास गर्ने:</u> (१) वस्तु जाँच गर्दा विभागले राजस्व सुरक्षा, सामाजिक सुरक्षा, जनस्वास्थ्य, पर्यावरणीय सुरक्षा, वस्तुको प्रकृति र उत्पत्तिको मुलुक, चलान भएको मुलुक, निकासीकर्ता, पैठारीकर्ता वा घोषणाकर्ताको विश्वसनीयताको आधारमा सम्भावित जोखिमको विश्लेषण गरी त्यस्तो जोखिमको स्तरको आधारमा देहाय बमोजिम जाँचपास गर्ने गरी कम्प्युटर प्रणालीको व्यवस्था गर्न सक्नेछः-

(क) वस्तु तथा तत्सम्बन्धी कागजात समेत जाँच नगरी घोषणाका आधारमा मात्र जाँचपास गर्ने,

(ख) वस्तु जाँच नगरी तत्सम्बन्धी कागजात मात्र जाँच गरी जाँचपास गर्ने,

(ग) वस्तु तथा तत्सम्बन्धी कागजात समेत जाँच नगरी जाँचपास पछि परीक्षण गर्ने गरी घोषणाका आधारमा मात्र जाँचपास गर्ने,

(घ) सम्पूर्ण वस्तु तथा तत्सम्बन्धी कागजात समेत जाँच गरेर मात्र जाँचपास गर्ने।

(२) उपदफा (१) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिम जाँचपास हुने वस्तुको लागि विभागले कम्प्युटर प्रणालीमा क्रमशः हरियो मार्ग (ग्रीन लेन), पहेंलो मार्ग (यलो लेन), नीलो मार्ग (ब्लू लेन) र रातो मार्ग (रेड लेन) को व्यवस्था गर्न सक्नेछ।

(३) उपदफा (१) को खण्ड (क) वा (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निकासीकर्ता वा पैठारीकर्ताले वस्तु जाँचपास हुनु अघि कुनै वस्तुको वर्गीकरण फरक परेको भनी संशोधनको लागि अनुरोध गरेमा र त्यसरी अनुरोध गरिएको व्यहोरा मनासिब देखिएमा भन्सार अधिकृतले त्यस्तो वस्तुको वर्गीकरण संशोधन गरी जाँचपास गर्न सक्नेछ।

(४) यस दफा बमोजिम भन्सार अधिकृतले वस्तु जाँचपास गर्दा कम्प्युटर प्रणालीले निर्दिष्ट गरेको मार्ग बमोजिम गर्नु पर्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कारणवश कम्प्युटर प्रणाली अबरुद्ध भएको वा कुनै कार्यालयमा कम्प्युटर प्रणाली स्थापना भइनसकेको वा विपद्को अवस्थामा वस्तु जाँचपास गर्ने प्रक्रिया महानिर्देशकले तोके बमोजिम हुनेछ।

(६) प्रयोगशालामा परीक्षणको लागि पठाइएको कुनै वस्तु प्रचलित कानून बमोजिम निषेधित वा प्रतिबन्धित

नदेखिएमा भन्सार अधिकृतले त्यस्तो वस्तुमा लाग्ने महसुल बापतको रकम धरौटी लिई त्यस्तो वस्तुको प्रयोगशाला परीक्षण प्रतिवेदन वा सम्बन्धित विशेषज्ञको राय प्राप्त नहुँदै तोकिए बमोजिमको शर्तको अधीनमा रही जाँचपास गर्न सक्नेछ।

(७) यस दफा बमोजिम जोखिम विश्लेषणका आधारमा वस्तु जाँचपास सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पाइपलाइनबाट पैठारी गरिने पेट्रोलियम पदार्थको जाँचपास तोकिए बमोजिम हुनेछ।

३२. <u>वस्तु खोल्न र जाँच गर्न सक्नेः</u> (१) दफा ३१ बमोजिम जाँचपास भएको वा नभएको वस्तुका सम्बन्धमा कुनै शङ्का लागेमा वा सो सम्बन्धमा कुनै सूचना प्राप्त भएमा त्यस्तो वस्तु भन्सार क्षेत्रबाट उठाई लैजानु अघि वा भन्सार क्षेत्र बाहिर लगिसकेपछि भन्सार अधिकृतले त्यस्तो वस्तु जाँच नभएको भए जाँच गर्न, गराउन वा जाँच भइसकेको भए पुनः जाँच गर्न वा गर्न लगाउन सक्नेछ। त्यसरी जाँच गर्नु वा गराउनु अघि कारण सहितको जानकारी घोषणाकर्तालाई दिनु पर्नेछ।

(२) कुनै वस्तु जाँच गर्दा भन्सार अधिकृतले आवश्यक देखेमा त्यस्तो वस्तु जाँच गर्ने समयमा घोषणाकर्तालाई उपस्थित हुन आदेश दिन सक्नेछ।

(३) घोषणाकर्ताले आफूले निकासी वा पैठारी गरेको वस्तु आफ्नो उपस्थितिमा जाँच गराउन चाहेमा सोको जानकारी

भन्सार अधिकृतलाई दिनु पर्नेछ। त्यसरी जानकारी दिएकोमा भन्सार अधिकृतले तोकेको समयमा निज उपस्थित नभए तापनि त्यस्तो वस्तुको जाँच गर्न सक्नेछ।

३३. <u>वस्तुको नमूना परीक्षण गर्न सक्नेः</u> (१) पैठारी गरिएको खाद्य वा पेय पदार्थ वा अन्य त्यस्तै वस्तुको गुणस्तर परीक्षण, भन्सार मूल्याङ्कन, वस्तुको वर्गीकरण वा जनस्वास्थ्य वा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावको दृष्टिले नमूना जाँच गर्न वा गराउन आवश्यक देखेमा भन्सार अधिकृतले उक्त वस्तुको नमूना लिई आफैंले परीक्षण गर्न, सम्बन्धित विशेषज्ञबाट परीक्षण गराउन वा कार्यालय वा विभागको प्रयोगशाला वा प्रमाणीकरण भएका अन्य प्रयोगशालाबाट परीक्षण गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम विभागको प्रयोगशालाबाट परीक्षण गराउनको लागि प्राप्त नमूना विभागबाट परीक्षण हुन नसक्ने भएमा विभागले त्यस्तो नमूना अन्य सरकारी प्रयोगशालाबाट परीक्षण गराउन पठाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम विभागबाट परीक्षणको लागि प्राप्त हुन आएको वस्तुको नमूना सम्बन्धित प्रयोगशालाले यथाशीघ्र परीक्षण गरी त्यसको प्रतिवेदन सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम परीक्षणको लागि वस्तुको नमूना लिँदा भन्सार अधिकृतले आवश्यक ठानेमा घोषणाकर्तालाई उपस्थित गराई नमूना लिने वा परीक्षण गर्ने कार्यमा सहयोग लिन सक्नेछ।

(५) घोषणाकर्ताले घोषणा गर्नु अघि वस्तुको नमूना लिन वा भौतिक अवलोकन गर्न चाहेमा तोकिएको शर्तको अधीनमा रही वस्तुको नमूना लिन वा अवलोकन गर्न सक्नेछ।

(६) उपदफा (१) वा (२) बमोजिम नमूना परीक्षण गर्दा त्यस्तो वस्तुले स्वास्थ्य वा वातावरणलाई हानि पुऱ्याउने वा प्रतिकूल असर पार्ने देखिएमा भन्सार अधिकृतले त्यस्तो वस्तुको सम्बन्धमा दफा २९ को उपदफा (२) को खण्ड (च) बमोजिम गर्न वा गराउन आदेश दिनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम दिइएको आदेश बमोजिम सम्बन्धित पैठारीकर्ताले त्यस्तो वस्तु फिर्ता नपठाएमा भन्सार अधिकृतले त्यस्तो वस्तु जफत गरी तोकिए बमोजिम सडाउन वा नष्ट गर्न सक्नेछ र त्यसरी सडाउन वा नष्ट गर्न लाग्ने वा लागेको खर्च सम्बन्धित पैठारीकर्ताबाट असुल गर्नु पर्नेछ।

३४. <u>सम्बन्धित स्थानमा गई वस्तु जाँच गर्न सकिनेः</u> (१) घोषणाकर्ताले आफूले पैठारी गरेको वा निकासी गर्ने वस्तु भन्सार क्षेत्र भन्दा बाहिर वा त्यस्तो वस्तुको उत्पादनस्थल वा गोदाममा गई जाँच गराउन चाहेमा तोकिए बमोजिमका कागजात सहित भन्सार अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनको व्यहोरा मनासिब देखिएमा भन्सार अधिकृतले तोकिए बमोजिमको शुल्क लिई त्यस्तो स्थानमा आफैं गई वा आफू मातहतको कर्मचारी पठाई त्यस्तो वस्तु जाँच गर्न वा गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम वस्तु जाँच गर्नु अघि भन्सार अधिकृतले पैठारी भएको वस्तुको हकमा घोषणा गरेको भन्सार

मूल्य अनुसार सो वस्तुमा लाग्ने महसुलमा पचास प्रतिशत महसुल थप गरी हुन आउने रकम धरौटी लिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम लिइएको धरौटी रकम सो वस्तुमा लाग्ने महसुल भन्दा बढी भएमा कार्यालयले त्यसरी बढी भएजति रकम पैठारीकर्तालाई फिर्ता दिनु पर्नेछ र कम भएमा त्यस्तो कम भएजति रकम पैठारीकर्ताबाट असुल गर्नु पर्नेछ।

(५) सम्बन्धित स्थानमा गई वस्तु जाँच गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३५. अधिकृत व्यावसायिक व्यक्ति सूचीकृत गर्नेः (१) मन्त्रालयले देहाय बमोजिमको व्यक्तिलाई तोकिएको मितिदेखि लागू हुने गरी तोकिएको आधारमा अधिकृत व्यावसायिक व्यक्ति (अथोराइज्ड बिजिनेस पर्सन) को रूपमा सूचीकृत गर्न सक्नेछः-

(क) विगत तीन वर्षको अवधिमा भन्सार सम्बन्धी कानूनको पूर्ण पालना गरेको,

(ख) व्यवसायको आन्तरिक नियन्त्रणको व्यवस्था सन्तोषजनक भएको,

(ग) व्यावसायिक अभिलेख विश्वसनीय तथा सन्तोषजनक रूपमा राखेको,

(घ) आवश्यकता अनुसार सुरक्षण वा जमानत दिन सक्ने गरी आर्थिक रूपमा समृद्धताको प्रमाण पेश गर्न सक्षम भएको।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको सूचीमा रहेका व्यक्तिले

निकासी वा पैठारी गर्दा विभागले निजलाई देहाय बमोजिमका कुनै सुविधा तोकिए बमोजिम प्रदान गर्न सक्नेछः-

(क) वस्तु पहिचानको लागि आवश्यक पर्ने न्यूनतम कागजातको आधारमा वस्तु जाँचपास गर्ने र पछि पूर्ण विवरण सहितको घोषणा गर्न अनुमति दिने,

(ख) घोषणाकर्ताकै परिसर वा विभागले तोकेको अन्य स्थानमा गई वस्तु जाँचपास गरिदिने,

(ग) सम्भव भएसम्म वस्तुको भौतिक निरीक्षण वा जाँच प्रक्रिया न्यूनीकरण गर्ने।

३६. <u>ढुवानी गर्ने साधनमा सिल लगाउन सक्नेः</u> (१) विभागले जाँचपास भएको वस्तु तोकिए बमोजिमको ढुवानी साधन वा सिल गर्न मिल्ने बन्द कन्टेनरबाट मात्र ढुवानी गर्नु पर्ने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको ढुवानी साधनमा कार्यालयले विभागले तोके बमोजिमको सिल लगाउनु पर्नेछ।

(३) विभागले कार्यालयबाट जाँचपास भएको वस्तु ढुवानी गर्ने साधन तोकिए बमोजिम अग्रिम रूपमा कार्यालयमा अभिलेखीकरण गर्नु पर्ने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

३७. <u>स्वीकृति नलिई वस्तु खोल्न, हेर्न र जाँच्न नपाइनेः</u> (१) जाँचपास भई सिलबन्द गरिएका वस्तु र त्यस्तो वस्तु ढुवानी गरिरहेको साधन मन्त्रालय वा महानिर्देशकको स्वीकृति नलिई खोल्न, हेर्न र जाँच्न पाइने छैन।

तर राजस्व चुहावट सम्बन्धी प्रचलित कानून बमोजिम अनुसन्धान गर्न अधिकारप्राप्त अधिकारी र दफा ३२ बमोजिम भन्सार अधिकृतले कुनै वस्तु जाँच गर्नको लागि त्यस्तो स्वीकृति आवश्यक पर्ने छैन।

(२) राजस्व चुहावट सम्बन्धी प्रचलित कानून बमोजिम अनुसन्धान गर्न अधिकारप्राप्त अधिकारीले जाँचपास भई सिलबन्द गरिएका वस्तु र त्यस्तो वस्तु ढुवानी गरिरहेको साधन अनुसन्धानको लागि कब्जामा लिएमा त्यसको जानकारी चौबीस घण्टाभित्र र त्यस्तो वस्तु वा वस्तु ढुवानी गरिरहेको साधनको सम्बन्धमा गरेको कारबाहीको जानकारी त्यस्तो कारबाही सो निकायबाट टुङ्गो लागेको सात दिनभित्र विभाग र सम्बन्धित कार्यालयलाई दिनु पर्नेछ।

३८. <u>निकासी गरिएका वस्तु पुनः पैठारी गर्न सकिने:</u> (१) कसैले नेपालमा उत्पादन वा तयार भई निकासी भएको वस्तु पुनः पैठारी गरेमा त्यस्तो वस्तुमा विदेशी मुलुकमा उत्पादन वा तयार भएको त्यस्तै प्रकारको वा त्यति नै मूल्य पर्ने वस्तु पैठारी गरे सरह महसुल लाग्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निकासी भएको कुनै वस्तु देहाय बमोजिम पुनः पैठारी भएकोमा त्यस्तो वस्तुमा महसुल छुट दिई निकासी गर्दा तिरेको महसुल तोकिए बमोजिम फिर्ता दिइनेछः-

(क) हुलाक मार्फत पुलिन्दाबाट निकासी भएको तर सम्बन्धित व्यक्तिलाई बुझाउन नसकी फिर्ता आएको,

(ख) जाँचपास भइसकेपछि वा विदेशमा पुगिसकेपछि सम्बन्धित व्यक्तिले लिन अस्वीकार गरी फिर्ता आएको,

(ग) दुर्घटना वा प्राकृतिक प्रकोपमा परी गुणस्तर कायम रहन नसकी फिर्ता आएको,

(घ) वस्तु खराब भएको वा निकासीकर्ता र पैठारीकर्ता बीच भएको सम्झौतामा उल्लिखित विवरण अनुसार नभएको।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्था भएमा त्यस्तो वस्तुमा महसुल छुट वा फिर्ता दिइने छैनः-

(क) वस्तुको खराबी वा सम्झौतामा उल्लिखित विवरण अनुसार भए नभएको पत्ता लगाउनको लागि नगरी नहुने कार्य बाहेक मर्मत, प्रयोग वा अन्य कार्य गरेको,

(ख) निकासी भएकै वस्तु पैठारी भएको हो भनी भन्सार अधिकृत सन्तुष्ट हुने गरी पहिचानयोग्य नभएको,

(ग) निकासी भएको एक सय असी दिनभित्र पुनः पैठारी नगरिएको।

(४) उपदफा (३) को खण्ड (ग) बमोजिमको अवधिभित्र पैठारी गर्न नसकिने भई पैठारीकर्ताले म्याद थपको लागि कारण खुलाई लिखित अनुरोध गरेमा भन्सार अधिकृतले नब्बे दिनसम्मको म्याद थप गरिदिन सक्नेछ।

(५) उपदफा (१) बमोजिम पुनः पैठारी भएको वस्तु पैठारीकर्ताले कार्यालयमा छाड्न सक्नेछ। त्यसरी छाडिएको

वस्तु लिलाम बिक्री हुन नसक्ने अवस्थाको भएमा भन्सार अधिकृतले पैठारीकर्ताको खर्चमा भन्सारका कर्मचारीको रोहबरमा व्यापारिक रूपमा मूल्यहीन बनाउन वा नष्ट गर्न स्वीकृति दिन सक्नेछ।

(६) उपदफा (१) बमोजिम पुनः पैठारी भएको वस्तुको कच्चा पदार्थ पैठारी गर्दा महसुल नतिरी पैठारी भएको रहेछ भने त्यस्तो कच्चा पदार्थको महसुल सम्बन्धित पैठारीकर्ताबाट असुल गरिनेछ।

३९. <u>पैठारी गरिएको वस्तु पुनः निकासी गर्न सक्ने:</u> (१) पैठारी गरिएको वस्तु देहाय बमोजिम भई पुनः निकासी गर्नु परेमा भन्सार अधिकृतले तोकिए बमोजिम फिर्ता पठाउने आदेश दिन सक्नेछः-

(क) वस्तुमा कुनै खराबी भेटिएको वा पैठारी हुँदाका बखत पैठारीकर्ता र आपूर्तिकर्ता बीच भएको सम्झौतामा उल्लिखित विस्तृत विवरण (स्पेसिफिकेशन) अनुसार नभएको,

(ख) जुन उद्देश्यको लागि पैठारी गरिएको हो सो उद्देश्य परिपूर्ति हुन नसकेको, वा

(ग) प्रयोगशाला परीक्षण गर्दा गुणस्तरहीन ठहरिएको।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्था विद्यमान नभई महसुल फिर्ता पाउने गरी कुनै वस्तु पुनः निकासी गर्ने आदेश दिइने छैनः-

(क) त्यस्तो वस्तुको सम्बन्धित आपूर्तिकर्ता वा निजले तोकेको व्यक्तिलाई फिर्ता पठाएको,

(ख) त्यस्तो वस्तुको खराबी वा सम्झौता बमोजिमको विस्तृत विवरण (स्पेसिफिकेशन) अनुसार भए नभएको पत्ता लगाउनको लागि नगरी नहुने कार्य बाहेक मर्मत, प्रयोग वा अन्य कार्य नगरिएको,

(ग) पैठारी भएकै वस्तु निकासी हुन लागेको हो भनी भन्सार अधिकृत सन्तुष्ट हुने गरी पहिचानयोग्य भएको,

(घ) पैठारी भएको वा कार्यालयमा आइपुगेको मितिले नब्बे दिनभित्र फिर्ता पठाउने गरी निवेदन दिएको।

(३) उपदफा (१) बमोजिम वस्तु फिर्ता पठाएको छ महिनाभित्र शोधभर्ना स्वरूप सोही प्रकारको अर्को वस्तु पैठारी गर्नु पर्ने वा त्यस्तो वस्तु पहिले पैठारी गर्दा विदेशी मुद्रा भुक्तानी भइसकेको भए त्यस्तो विदेशी मुद्रा फिर्ता ल्याउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम फिर्ता पठाएको वस्तुको लागि भुक्तानी गरिएको विदेशी मुद्रा उपदफा (३) बमोजिम फिर्ता नल्याउने वा शोधभर्ना स्वरूप सोही प्रकारको अर्को वस्तु पैठारी नगर्ने पैठारीकर्तालाई भन्सार अधिकृतले प्रचलित कानून बमोजिम आवश्यक कारबाही गर्न सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम फिर्ता पठाउनु पर्ने वस्तु फिर्ता गर्नु अगावै विदेशी आपूर्तिकर्ताले सोको शोधभर्ना स्वरूप सोही प्रकारको अर्को वस्तु पठाएको रहेछ भने पैठारीकर्ताको निवेदन र पेश भएका कागजातबाट त्यस्तो वस्तु शोधभर्ना

स्वरूप पैठारी भएको देखिएमा लाग्ने महसुल लिई भन्सार अधिकृतले जाँचपास गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम शोधभर्ना स्वरूप वस्तु पैठारी भइसकेपछि वा विदेशी मुद्रा फिर्ता प्राप्त भइसकेपछि पहिले पैठारी भएको वस्तु उपदफा (१) बमोजिमको म्यादभित्र फिर्ता पठाउँदा भन्सार महसुल लाग्ने छैन र पहिले पैठारी गर्दा भन्सार महसुल तिरिसकेको भए त्यस्तो भन्सार महसुल फिर्ता दिइनेछ।

तर उपदफा (२) को खण्ड (घ) बमोजिमको म्यादभित्र वस्तु फिर्ता नपठाई सो अवधिपछि फिर्ता पठाएमा सो वस्तु पैठारी गर्दा तिरेको भन्सार महसुल फिर्ता दिइने छैन।

(७) उपदफा (१) बमोजिम पुनः निकासी गरिने वस्तु पैठारीकर्ताले कार्यालयमै छाड्न सक्नेछ। यसरी छाडिएको वस्तु लिलाम बिक्री हुन नसक्ने अवस्थाको भएमा भन्सार अधिकृतको स्वीकृति लिई पैठारीकर्ताकै खर्चमा कार्यालयका कर्मचारीको रोहबरमा व्यापारिक रूपमा मूल्यहीन बनाउन वा नष्ट गर्न सकिनेछ।

(८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो वस्तु कार्यालयमै छाड्न, नष्ट गर्न वा मूल्यहीन बनाउनको लागि स्वीकृति दिनु अघि पैठारीकर्ताले त्यस्तो वस्तुको शोधभर्ना स्वरूप वस्तु पैठारी गरिसकेको वा पहिले पैठारी गर्दा विदेशी मुद्रा भुक्तानी भइसकेको भए त्यस्तो विदेशी मुद्रा फिर्ता ल्याइसकेको हुनु पर्नेछ।

४०. <u>अस्थायी पैठारी गर्न दिइने:</u> (१) कुनै वस्तु अस्थायी पैठारी गर्दा लाग्ने महसुल बराबरको रकम नगद धरौटी वा बैङ्क जमानत लिई तोकिए बमोजिम अस्थायी पैठारी गर्न दिइनेछ।

<u>स्पष्टीकरण:</u> यस दफाको प्रयोजनको लागि "अस्थायी पैठारी" भन्नाले नेपालमा आयोजना गरिने मेला, प्रदर्शनी, मर्मत वा अन्य कुनै उद्देश्यको लागि तोकिएको शर्तको अधीनमा रही पुनः निकासी गर्ने गरी कुनै वस्तु पैठारी गर्ने कार्य सम्झनु पर्छ।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विषयमा देहाय बमोजिम हुनेछः-

(क) प्रचलित आर्थिक ऐनमा प्रति दिन महसुल लाग्ने गरी अस्थायी पैठारी गर्न दिइने व्यवस्था भएका सवारी साधन तथा अन्य वस्तुका सम्बन्धमा सोही बमोजिम हुने,

(ख) नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको सार्वजनिक संस्था वा कूटनीतिक नियोगको सिफारिसमा अस्थायी पैठारी हुने वस्तुमा धरौटी वा बैङ्क जमानत नलिई छाड्न सकिने,

(ग) संयुक्त राष्ट्र सङ्घको अनुरोधमा शान्ति स्थापनार्थ खटिने नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपालको प्रयोगको लागि सम्बन्धित मन्त्रालयको सिफारिसमा अस्थायी पैठारी हुने आर्मौड, पर्सनल क्यारियर, सवारी साधन, हातहतियार लगायत सबै प्रकारका वस्तुमा धरौटी वा बैङ्क जमानत नलिइने,

(घ) नेपाल पक्ष भएको सन्धि वा सम्झौतामा यन्त्र, उपकरण वा सवारी साधनको अस्थायी पैठारी सम्बन्धमा उल्लेख भएको विषयमा सोही बमोजिम हुने।

(३) उपदफा (१) बमोजिम लिएको नगद धरौटी वा बैङ्क जमानत त्यस्तो वस्तु तोकिए बमोजिम निकासी गरेपछि वा नेपालमा बिक्री गर्न पाइनेमा सो बिक्री गरिएको वस्तुको महसुल भुक्तानी गरेपछि तोकिए बमोजिम फिर्ता वा फुकुवा गरिनेछ।

(४) वस्तुको अस्थायी पैठारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४१. <u>अस्थायी निकासी गर्न दिइने:</u> (१) कुनै वस्तुको कच्चा पदार्थ प्रशोधन वा सोबाट कुनै वस्तु उत्पादन वा निर्माण गर्नको लागि वा कुनै वस्तु मर्मतको लागि वा अन्य कुनै उद्देश्यको लागि नगद धरौटी वा बैङ्क जमानत लिई अस्थायी निकासी गर्न तोकिए बमोजिम अनुमति दिइनेछ।

<u>स्पष्टीकरण:</u> यस दफाको प्रयोजनको लागि "अस्थायी निकासी" भन्नाले कुनै वस्तुको कच्चा पदार्थ प्रशोधन वा सोबाट कुनै वस्तु उत्पादन वा निर्माण गर्नको लागि वा विदेशमा आयोजना गरिने मेला वा प्रदर्शनी, मर्मत वा अन्य कुनै उद्देश्यको लागि तोकिएको शर्तको अधीनमा रही पुनः पैठारी गर्ने गरी कुनै वस्तु निकासी गर्ने कार्य सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम अस्थायी निकासी गरिएको वस्तु तोकिएको अवधिभित्र पुनः पैठारी गरेमा महसुल लाग्ने छैन।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कुरामा देहाय बमोजिम हुनेछः-

(क) कुनै वस्तुको कच्चा पदार्थ प्रशोधन वा सोबाट कुनै वस्तु उत्पादन वा निर्माणको लागि निकासी गरी सोबाट उत्पादित वा निर्मित वस्तु पैठारी गर्दा सो वस्तुको उत्पादन वा निर्माण गर्दा भएको मूल्य अभिवृद्धि र नेपालबाट उक्त कच्चा पदार्थ उत्पादन वा निर्माण स्थलसम्म लैजाँदा र तयारी वस्तु कार्यालयसम्म फिर्ता ल्याउँदा लागेको वा लाग्न सक्ने लागतको मूल्यमा मात्र महसुल लाग्ने,

(ख) कुनै सवारी साधनको चेसिस त्यस्तो सवारी साधन निर्माणको लागि विदेशमा लगी उक्त चेसिसमा सवारी साधन निर्माण गरी तोकिएको अवधिभित्र पुनः पैठारी गर्दा सो सवारी साधन निर्माण गर्दा लागेको चेसिस बाहेकको मूल्यमा महसुल लाग्ने,

(ग) परराष्ट्र मन्त्रालयको सिफारिसमा कूटनीतिक नियोगले कुनै वस्तु मर्मत गर्न निकासी गर्दा कुनै धरौटी वा बैङ्क जमानत नलिइने र त्यस्तो वस्तु मर्मत गरी पैठारी गर्दा महसुल नलाग्ने,

(घ) हवाईजहाज वा हेलिकोप्टरका इञ्जिन सम्बन्धित वायुसेवा कम्पनीको जमानतमा तोकिएको अवधिभित्र मर्मत गरी फिर्ता

ल्याउने शर्तमा निकासी गर्दा नगद धरौटी वा बैङ्क जमानत नलिइने तर मर्मत गरी पैठारी गर्दा त्यस्तो वस्तुको मर्मतमा लागेको लागतको मूल्यमा मात्र महसुल लाग्ने,

(ङ) खण्ड (घ) मा उल्लिखित वस्तु बाहेक अन्य वस्तु मर्मत वा अन्य कुनै कार्य गरी तोकिए बमोजिम फिर्ता ल्याउँदा, मर्मत वा अन्य कुनै कार्य गर्दा लागेको लागतमा मात्र महसुल लाग्ने,

(च) संयुक्त राष्ट्र सङ्घको अनुरोधमा शान्ति स्थापनार्थ खटिने नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल नेपालको प्रयोगको लागि सम्बन्धित मन्त्रालयको सिफारिसमा अस्थायी निकासी हुने आर्मौंड, पर्सनल क्यारियर, सवारी साधन, हातहतियार लगायतका वस्तु निकासी गर्दा कुनै धरौटी वा बैङ्क जमानत नलिइने र त्यसरी निकासी गरेका वस्तु पुनः पैठारी गर्दा महसुल नलाग्ने।

(४) उपदफा (१) बमोजिम लिइएको नगद धरौटी वा बैङ्क जमानत अस्थायी निकासी गरिएको वस्तु तोकिए बमोजिम पुनः पैठारी गरेपछि फिर्ता वा फुकुवा गरिनेछ।

(५) वस्तुको अस्थायी निकासी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद-५
भन्सार मूल्य निर्धारण

४२. <u>पैठारी भएका वस्तुको भन्सार मूल्य निर्धारण गर्ने:</u> (१) पैठारी भएका वस्तुको भन्सार मूल्य विश्व व्यापार सङ्गठनको भन्सार महसुल तथा व्यापार सम्बन्धी सामान्य सम्झौता (जनरल एग्रिमेन्ट अन टेरिफ्स एण्ड ट्रेड), १९९४ को धारा ७ कार्यान्वयन गर्नको लागि सम्पन्न भएको सम्झौतामा उल्लिखित भन्सार मूल्याङ्कन सम्बन्धी नियम, अनुसूची र व्याख्याको अधीनमा रही तोकिए बमोजिम निर्धारण गरिनेछ।

(२) भन्सार अधिकृतले पैठारी हुने वस्तुको भन्सार मूल्य निर्धारण गर्दा सामान्यतया विदेशी मुद्रामा गर्नु पर्नेछ। विदेशी मुद्रामा भन्सार मूल्य निर्धारण गरिएकोमा त्यस्तो मूल्यलाई नेपाली रुपैयाँमा परिवर्तन गर्दा वस्तु घोषणा गरेको दिनको लागि नेपाल राष्ट्र बैङ्कबाट तोकिएको त्यस्तो विदेशी मुद्राको बिक्री दरको आधारमा गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम भन्सार मूल्य निर्धारण गर्दा नेपाल राष्ट्र बैङ्कबाट विनिमय दर नतोकिएको विदेशी मुद्राको हकमा सो विदेशी मुद्रालाई अमेरिकी डलरमा परिवर्तन गर्दा कायम हुन आउने अमेरिकी डलरको सो दिनको बिक्री दरको आधारमा गर्नु पर्नेछ।

(४) पैठारी भएका वस्तुको भन्सार मूल्य घोषणा गर्ने र भन्सार मूल्य निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४३. <u>निकासी गरिने वस्तुको भन्सार मूल्य निर्धारण:</u> (१) निकासी गरिने वस्तुको भन्सार मूल्य सामान्यतया निकासीकर्ताले घोषणा गरे बमोजिम हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महानिर्देशकले आवश्यक ठानेमा निकासी हुने कुनै वस्तुको न्यूनतम भन्सार मूल्य तोक्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम न्यूनतम भन्सार मूल्य तोकिएकोमा निकासीकर्ताले घोषणा गरेको मूल्य र महानिर्देशकले तोकेको भन्सार मूल्यमध्ये जुन बढी हुन्छ सोही मूल्यलाई निकासी प्रयोजनको लागि त्यस्तो वस्तुको भन्सार मूल्य मानिनेछ।

(४) भन्सार अधिकृतले यस दफा बमोजिम वस्तुको मूल्य निर्धारण गर्दा विदेशी मुद्रामा गर्नु पर्नेछ। त्यस्तो विदेशी मुद्रालाई नेपाली रुपैयाँमा परिवर्तन गर्दा त्यस्तो वस्तु यस ऐन बमोजिम जाँचपासको लागि घोषणा भएको दिनमा नेपाल राष्ट्र बैङ्कबाट तोकिएको त्यस्तो विदेशी मुद्राको खरिद दरको आधारमा गरिनेछ।

४४. <u>न्यून बीजकीकरण वा अधिक बीजकीकरण गर्न नहुने</u>: (१) घोषणाकर्ताले भन्सारमा वस्तुको मूल्य घोषणा गर्दा न्यून बीजकीकरण वा अधिक बीजकीकरण गर्नु हुँदैन।

<u>स्पष्टीकरण</u>: यस दफाको प्रयोजनको लागि,-

(क) "न्यून बीजकीकरण" भन्नाले भन्सार अधिकृतले यस परिच्छेद बमोजिम निर्धारण गरेको मूल्य भन्दा घोषणाकर्ताले घोषणा गरेको मूल्य घटी भएको अवस्था सम्झनु पर्छ।

(ख) "अधिक बीजकीकरण" भन्नाले घोषणाकर्ताले भन्सारमा कुनै वस्तुको मूल्य घोषणा गर्दा

उक्त वस्तुको लागि वास्तविक रूपमा भुक्तानी गरेको वा भुक्तानी गर्नु पर्ने मूल्य भन्दा बढी मूल्य घोषणा गरेको अवस्था सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम घोषणाकर्ताले वस्तुको मूल्य घोषणा गर्दा न्यून बीजकीकरण गरेको पाइएमा भन्सार अधिकृतले त्यसरी न्यून घोषणा गरेको मूल्यमा लाग्ने महसुलको शतप्रतिशत रकम जरिबाना गरी वस्तु जाँचपास गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम घोषणाकर्ताले वस्तुको अधिक बीजकीकरण गरेको शङ्का लागेमा भन्सार अधिकृतले छानबिनको लागि सम्बन्धित निकाय समक्ष लेखी पठाउन सक्नेछ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि घोषणाकर्ताले पैठारी भएका वस्तुको भन्सारमा घोषणा गरेको मूल्य दफा ४२ बमोजिम भन्सार अधिकृतले निर्धारण गरेको भन्सार मूल्य भन्दा अस्वाभाविक रूपले न्यून भएको देखिएमा त्यसरी घोषणा गरेको मूल्यमा तोकिए बमोजिम भन्सार अधिकृतले त्यस्तो वस्तु खरिद गर्न सक्नेछ।

४५. <u>पुनः मूल्य निर्धारण गर्न आदेश दिन सक्ने</u>: (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस परिच्छेद बमोजिम भन्सार अधिकृतले भन्सार मूल्य निर्धारण गर्दा दफा ४२ अनुकूल नभएको वा निर्धारित मूल्य शङ्कास्पद छ भन्ने विश्वास गर्नु पर्ने मनासिब कारण भएमा महानिर्देशकले त्यस्तो वस्तु जाँचपास भएको नब्बे दिनभित्र दफा ४२

बमोजिम पुनः भन्सार मूल्य निर्धारण गर्न आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम महानिर्देशकले आदेश दिएमा भन्सार अधिकृतले तीस दिनभित्र दफा ४२ बमोजिम त्यस्तो वस्तुको पुनः भन्सार मूल्य निर्धारण गरी सोको जानकारी महानिर्देशकलाई दिनु पर्नेछ।

४६. मूल्य निर्धारण सम्बन्धी जानकारी माग गर्न सक्ने: (१) पैठारीकर्ताले आफूले पैठारी गरेको वस्तुको भन्सार मूल्य निर्धारण गर्न कार्यालयले अवलम्बन गरेको आधारको सम्बन्धमा जानकारी लिन चाहेमा सम्बन्धित कार्यालयमा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा कार्यालयले सात दिनभित्र निजलाई त्यस्तो जानकारी दिनु पर्नेछ।

परिच्छेद-६
वस्तुको वर्गीकरण तथा महसुल निर्धारण

४७. वस्तुको वर्गीकरण तथा महसुल निर्धारण: (१) महसुल निर्धारण गर्ने प्रयोजनका लागि पैठारी भएको वा निकासी हुने वस्तुको वर्गीकरण देहायका आधारमा गरिनेछ:-

(क) सालबसाली रूपमा जारी हुने आर्थिक ऐनमा भएको व्यवस्था,

(ख) विश्व भन्सार सङ्गठनद्वारा प्रतिपादित हार्मोनाइज्ड वस्तु वर्गीकरण प्रणाली र सोको व्याख्यात्मक टिप्पणी,

(ग) विश्व भन्सार सङ्गठनले गरेको वस्तु वर्गीकरण सम्बन्धी निर्णय,

(घ) यस ऐन बमोजिम कुनै वस्तुका सम्बन्धमा महानिर्देशकले गरेको वर्गीकरण वा दिएको पूर्वादेश।

(२) दफा ३१ को उपदफा (१) को खण्ड (ख) र (घ) बमोजिम भन्सार अधिकृतले वस्तु जाँचपास गर्नु अघि घोषणाकर्ताले घोषणा गरेको वस्तु उपदफा (१) बमोजिमको आधारमा वर्गीकरण भए वा नभएको जाँच गरेर मात्र महसुल निर्धारण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम वस्तुको वर्गीकरण जाँच गर्दा उपदफा (१) मा उल्लिखित आधार बमोजिम वर्गीकरण भएको पाइएमा भन्सार अधिकृतले त्यस्तो वस्तुमा लाग्ने महसुल अविलम्ब निर्धारण गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम जाँच गर्दा वस्तुको वर्गीकरण उपदफा (१) मा उल्लिखित आधार बमोजिम भएको नदेखिएमा भन्सार अधिकृतले घोषणाकर्तालाई सोको जानकारी गराई उपदफा (१) को आधारमा वर्गीकरण गरी सोही बमोजिम लाग्ने महसुल निर्धारण गर्नेछ।

(५) उपदफा (४) बमोजिम भन्सार अधिकृतले गरेको वस्तुको वर्गीकरणमा चित्त नबुझ्ने घोषणाकर्ताले भन्सार अधिकृतले निर्धारण गरेको महसुल बुझाई दफा ११४

बमोजिम पुनरावलोकनको लागि महानिर्देशक समक्ष निवेदन दिन सक्नेछ।

(६) घोषणाकर्ताले उपदफा (५) बमोजिम महसुल बुझाउँदा वस्तुको वर्गीकरणको अन्तिम निर्णय हुँदा ठहरे बमोजिम हुने गरी लाग्ने महसुल नगद धरौटी राखी जाँचपास गराउन चाहेमा भन्सार अधिकृतले सोही बमोजिमको रकम धरौटी लिई त्यस्तो वस्तु जाँचपास गर्न सक्नेछ।

४८. <u>वस्तुको वर्गीकरण सम्बन्धी निर्णय गर्ने:</u> (१) दफा ४७ बमोजिम वस्तुको वर्गीकरण जाँच गर्दा भन्सार अधिकृतलाई घोषणाकर्ताले घोषणा गरेको वस्तुको वर्गीकरण मिले नमिलेको सम्बन्धमा द्विविधा भएमा त्यस्तो वस्तुको विस्तृत विवरण, तत्सम्बन्धी कागजात, द्विविधा हुनु पर्ने कारण सहितको राय तथा सम्भव भएमा वस्तुको नमूना सहित निर्णयको लागि महानिर्देशक समक्ष लेखी पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लेखी पठाउनु अघि भन्सार अधिकृतले आफूले उपयुक्त ठानेको उपशीर्षकमा वर्गीकरण गरी सो बमोजिम लाग्ने महसुल बापतको रकम धरौटी लिई जाँचपास गरेको हुनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम लेखी आएमा महानिर्देशकले दफा ४७ को उपदफा (१) मा उल्लिखित आधार समेतको अध्ययन र विश्लेषण गरी त्यसरी लेखी आएको मितिले साठी दिनभित्र त्यस्तो वस्तुको वर्गीकरण उपशीर्षक तोकी सोको जानकारी भन्सार अधिकृतलाई गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम वस्तुको वर्गीकरण सम्बन्धी निर्णय गर्नु अघि महानिर्देशकले आवश्यक ठानेमा सो वस्तु कार्यालय, विभाग वा अन्य सरकारी प्रयोगशालाबाट परीक्षण गराई सम्बन्धित विशेषज्ञ, विश्व भन्सार सङ्गठन, अन्य राष्ट्रिय वा अन्तर्राष्ट्रिय निकायको राय लिन सक्नेछ। त्यसरी राय माग गरिएकोमा उपदफा (३) बमोजिमको समयसीमा लागू हुने छैन।

(५) कुनै सरकारी कार्यालय वा संवैधानिक निकायलाई यस ऐन बमोजिम भन्सार जाँचपास भएको कुनै वस्तुको वर्गीकरण सम्बन्धमा द्विविधा भएमा सोको यकिन गर्न विभागमा लेखी पठाउन सकिनेछ। त्यसरी लेखी आएमा महानिर्देशकले निर्णय गरी त्यस्तो वस्तुको उपशीर्षक खुलाई सोको जानकारी सम्बन्धित निकायलाई दिनु पर्नेछ।

(६) यस दफा बमोजिम वस्तुको वर्गीकरण सम्बन्धमा महानिर्देशकले गरेको निर्णय अन्तिम हुनेछ।

४९. <u>महसुल तथा जरिबाना बुझाउने दायित्वः</u> (१) कुनै वस्तु निकासी वा पैठारी गर्दा त्यस्तो वस्तुमा लाग्ने महसुल बुझाउने दायित्व घोषणाकर्ताको हुनेछ।

(२) यस ऐन बमोजिम निर्धारण भएको महसुल बापतको रकम घोषणाकर्ताले त्यस्तो महसुल निर्धारण भएको मितिले सात दिनभित्र बुझाउनु पर्नेछ। सो अवधिभित्र महसुल नबुझाएमा त्यस्तो अवधि नाघेको मितिदेखि निर्धारित महसुलमा महसुल निर्धारण भएको मितिदेखि नै लागू हुने गरी प्रतिदिन शून्य दशमलव शून्य चार दुई प्रतिशतका दरले व्याज समेत गणना गरी असुल गरिनेछ र त्यसरी व्याज तिर्नु पर्ने अवधि

महसुल निर्धारण भएको मितिले तीस दिन भन्दा बढी हुने छैन।

(३) यस दफा बमोजिम बुझाउनु पर्ने महसुल, व्याज वा यस ऐन बमोजिम लाग्ने जरिबाना सम्बन्धित व्यक्तिले त्यस्तो वस्तु घोषणा गरिएको कार्यालय, महसुल निर्धारण गर्ने कार्यालय वा सो प्रयोजनको लागि तोकिएको बैङ्कमा बुझाउनु पर्नेछ।

(४) यस दफा बमोजिम निर्धारण भएको महसुल, व्याज वा यस ऐन बमोजिम लागेको जरिबाना त्यसरी निर्धारण भएको मितिले तीस दिनभित्र दाखिला नगरेमा भन्सार अधिकृतले त्यस्तो वस्तु जफत गरी सो वस्तुको लिलाम बिक्रीबाट प्राप्त हुने रकमबाट तोकिए बमोजिम असुल गर्न सक्नेछ।

५०. <u>महसुल बुझाई वस्तु लैजान सकिनेः</u> (१) घोषणाकर्ताले निकासी वा पैठारी गर्दा महसुल लाग्ने वस्तुको दफा ४९ बमोजिम महसुल बुझाएको प्रमाण पेश गरेपछि मात्र त्यस्तो वस्तु कार्यालयबाट लैजान सक्नेछ। महसुल नलाग्ने वस्तुको हकमा सोको जाँचपास भएको प्रमाण पेश गरेपछि र व्यक्तिगत प्रयोगका वस्तुको हकमा भन्सार अधिकृतले जाँच गरी वा गराई लैजाने अनुमति दिएपछि मात्र त्यस्तो वस्तु कार्यालयबाट छुटाई लैजान पाइनेछ।

(२) कुनै वस्तुको सम्बन्धमा सो वस्तुको धनीलाई यस ऐन बमोजिम जरिबाना वा थप महसुल लागेमा सो जरिबाना वा थप महसुल नतिरेसम्म निजले त्यस्तो वस्तु कार्यालयबाट लैजान पाउने छैन।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पाइपलाइनबाट पैठारी गरिने पेट्रोलियम पदार्थको महसुल बुझाउने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

५१. <u>वस्तु जाँचपास गर्ने:</u> यो ऐन वा अन्य प्रचलित कानून बमोजिम छुट वा सुविधा दिइएकोमा बाहेक घोषणाकर्ताले यस ऐन बमोजिम निर्धारण भएको महसुल बुझाएपछि मात्र भन्सार अधिकृतले त्यस्तो वस्तु जाँचपास गर्नेछ।

तर निर्धारण गरिएको महसुल वा दफा २८ बमोजिम भन्सार अधिकृतको अनुमतिमा घोषणा संशोधन गरेको कारणले फरक पर्न गएको महसुल तोकिएको रकम भन्दा घटी हुने भएमा भन्सार अधिकृतले त्यस्तो महसुल नलिई वस्तु जाँचपास गर्न सक्नेछ।

५२. <u>केन्द्रीय जाँचपास प्रणाली लागू गर्न सक्ने:</u> यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयको स्वीकृतिमा महानिर्देशकले केन्द्रीय जाँचपास प्रणाली लागू गरी विभागबाट वस्तु जाँचपास गर्ने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

५३. <u>छुट भएको महसुल वा जरिबाना तिर्नु पर्ने:</u> (१) यस ऐन वा प्रचलित कानून बमोजिम कुनै व्यक्तिले कार्यालयमा बुझाउनु पर्ने महसुल वा जरिबाना कुनै वस्तुको मूल्याङ्कन वा वर्गीकरण गर्दा वा गणितीय भूल वा अन्य कुनै कारणले छुट भएको कुरा पछिबाट देखिन आएमा वा विभागले कुनै छुट रकम असुल गर्न आदेश दिएकोमा भन्सार अधिकृतले त्यस्तो रकम पन्ध्र

दिनभित्र बुझाउन सम्बन्धित व्यक्ति वा निजको भन्सार जाँचपास प्रतिनिधिलाई लिखित जानकारी दिनु पर्नेछ। त्यस्तो जानकारी प्राप्त भएपछि सम्बन्धित व्यक्तिले छुट भएको रकम सो म्यादभित्रै सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र छुट भएको रकम नबुझाएमा म्याद नाघेको मितिदेखि निर्धारित महसुलमा प्रतिदिन शून्य दशमलव शून्य चार दुई प्रतिशतका दरले व्याज समेत गणना गरी असुल गरिनेछ।

तर छुट भएको रकम तोकिए बमोजिमको रकम भन्दा कम भएमा भन्सार अधिकृतले त्यस्तो रकम असुल नगर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम व्याज समेतको एकमुष्ट रकम सम्बन्धित व्यक्तिले त्यस्तो व्याज लाग्न सुरु भएको मितिले तीस दिनभित्र बुझाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको म्यादभित्र सम्बन्धित व्यक्तिले उक्त रकम नतिरेमा भन्सार अधिकृतले निजको कारोबार रोक्का राखी सोही कार्यालय वा अन्य भन्सार कार्यालयमा रहेको निजको जुनसुकै वस्तु तोकिए बमोजिम लिलाम बिक्री गरी वा गर्न लगाई सो रकम असुल गर्नेछ।

(५) उपदफा (४) बमोजिम लिलाम बिक्री गर्दा प्राप्त भएको रकमबाट समेत यस दफा बमोजिम असुल हुनु पर्ने रकम सम्बन्धित व्यक्तिबाट असुल हुन नसकेमा त्यसरी असुल हुन बाँकी रकम सरकारी बाँकी सरह निजबाट असुल गरिनेछ।

(६) उपदफा (४) बमोजिम लिलाम बिक्री गर्दा प्राप्त भएको रकम सम्बन्धित व्यक्तिले लिलाम बिक्री गरिएको

दिनसम्म बुझाउनु पर्ने रकम भन्दा बढी भएमा बढी भए जति रकम निजलाई फिर्ता दिइनेछ।

५४. <u>प्रमाण माग गर्न सक्ने:</u> (१) कुनै व्यक्तिले निकासी गर्न लागेको वा पैठारी गरेको वस्तुको महसुल तिरे नतिरेको सम्बन्धमा शङ्का गर्नु पर्ने मनासिब कारण भएमा सोको यकिन गर्न कार्यालयको कुनै कर्मचारीले त्यस्तो व्यक्तिबाट सो वस्तुको महसुल तिरेको वा भन्सार जाँचपास भएको प्रमाण माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम माग गरिएको प्रमाण पेश गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ। निजले महसुल तिरेको वा भन्सार जाँचपास गरेको प्रमाण पेश गर्न नसकेमा वा पेश गरेको प्रमाणमा लेखिए बमोजिमको वस्तु नभई फरक वस्तु देखिन आएमा सम्बन्धित कर्मचारीले सो व्यक्तिलाई वस्तु सहित आफ्नो कब्जामा लिई भन्सार अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम व्यक्ति र वस्तु पेश भएपछि भन्सार अधिकृतले त्यस्तो व्यक्तिलाई चोरी पैठारी वा चोरी निकासीको कसूरमा कारबाही चलाउनेछ।

५५. <u>यात्रुको जाँचपास:</u> (१) विदेशबाट नेपाल आउने वा नेपालबाट विदेश जाने यात्रुले आफ्नो साथमा भएको वा आफूसँग ल्याएको वा लैजान लागेको ब्यागेज भन्सार अधिकृत वा निजले तोकेको भन्सारको कर्मचारीबाट जाँच गराउनु पर्नेछ।

(२) कुनै यात्रुले विदेशबाट नेपाल आउँदा आफ्नो साथमा वा आफ्नो ब्यागेज वा सवारी साधनमा दफा २८ को उपदफा (१) बमोजिम जारी भएको सूचना बमोजिम महसुल छुट पाउने भन्दा बढी परिमाण वा बढी मूल्यका वा महसुल छुट नहुने वस्तु ल्याएमा त्यस्तो वस्तु कार्यालयमा तोकिए बमोजिम घोषणा गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम यात्रुले घोषणा गरेको वस्तु दफा २८ को उपदफा (१) बमोजिम जारी भएको सूचनामा उल्लेख भएको हद भन्दा बढी परिमाण वा बढी मूल्यको भएमा भन्सार अधिकृतले त्यस्तो वस्तु जफत गर्न वा औचित्य हेरी लाग्ने महसुल लिई जाँचपास गरिदिन सक्नेछ।

(४) भन्सार अधिकृत वा निजले तोकेको भन्सारको कर्मचारीले विदेशबाट नेपाल प्रवेश गर्ने वा नेपालबाट विदेश प्रस्थान गर्ने यात्रु वा व्यक्तिको ब्यागेज जाँच गर्न सक्नेछ। आफ्नो ब्यागेज भन्सार अधिकृत वा त्यस्तो कर्मचारीको अगाडि ल्याउनु, ब्यागेज खोल्नु, जाँच गराउनु तथा ब्यागेज बन्द गर्नु सम्बन्धित यात्रु वा व्यक्तिको कर्तव्य हुनेछ।

(५) यात्रुको वस्तु जाँचपासमा सहजता ल्याउन भन्सार अधिकृतले भन्सार क्षेत्रमा सम्भव भएसम्म महसुल नलाग्ने वस्तुको लागि हरियो मार्ग (ग्रीन च्यानल) र महसुल लाग्ने वस्तुको लागि रातो मार्ग (रेड च्यानल) को व्यवस्था गर्न सक्नेछ।

(६) कार्यालयले यात्रुको प्रवेश बिन्दुमा उपदफा (५) बमोजिमको मार्गको व्यवस्था गरेकोमा आफ्नो साथमा भन्सारमा घोषणा गर्नु पर्ने वा महसुल लाग्ने वस्तु भएका यात्रुले रातो मार्ग (रेड च्यानल) तर्फ गई त्यस्ता वस्तु भन्सार

अधिकृत समक्ष घोषणा गरी लाग्ने महसुल बुझाई छुटाउनु पर्नेछ।

(७) आफ्नो साथमा भन्सारमा घोषणा गर्नु पर्ने वा महसुल लाग्ने कुनै वस्तु नभएका यात्रु हरियो मार्ग (ग्रीन च्यानल) हुँदै बाहिर निस्कन सक्नेछन्।

(८) विभागले सम्बन्धित हवाई सेवा सञ्चालकबाट हवाईमार्गबाट नेपाल आउने यात्रुको विवरण कम्प्युटर प्रणालीमा अग्रिम रूपमा प्राप्त गर्ने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(९) उपदफा (८) बमोजिम व्यवस्था भएकोमा अग्रिम रूपमा त्यस्तो विवरण उपलब्ध गराउनु सम्बन्धित हवाई सेवा सञ्चालकको कर्तव्य हुनेछ।

(१०) भन्सार अधिकृतले यात्रु र निजको साथमा रहेका वस्तुको जाँच तथा जाँचपास गर्दा जोखिम विश्लेषणका आधारमा गर्न सक्नेछ।

५६. <u>महसुल निर्धारणको आधार मितिः</u> यस परिच्छेद बमोजिम वस्तुको महसुल निर्धारण गर्दा त्यस्तो वस्तु कार्यालयबाट जाँचपास गर्ने मितिमा कायम रहेको महसुल दर बमोजिम निर्धारण गर्नु पर्नेछ।

तर कूटनीतिक सुविधा, महसुल सुविधा वा आंशिक वा पूर्ण महसुल छुटमा पैठारी भएको वस्तुको हकमा त्यस्तो वस्तुको महसुल बुझाउने मितिमा कायम रहेको महसुल दर बमोजिम महसुल निर्धारण गरिनेछ।

परिच्छेद-७

खानतलासी, कब्जा, पक्राउ तथा जफत

५७. खानतलासी लिन सक्नेः (१) कसैले महसुल नतिरी वा चोरी निकासी गर्न लागेको वा चोरी पैठारी गरी ल्याएको वस्तु कुनै घर, भवन, पसल, गोदाम वा ठाउँमा लुकाएको वा राखेको छ भन्ने विश्वास वा शङ्का गर्नु पर्ने मनासिब कारण भएमा महानिर्देशक वा भन्सार अधिकृतले निर्णय गरी त्यस्तो घर, पसल, गोदाम, भवन वा ठाउँको खानतलासी लिन वा लिन लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम खानतलासी लिनु अघि सो घर, भवन, पसल, गोदाम वा ठाउँको धनी वा सो घर, भवन, पसल, गोदाम वा ठाउँमा तत्काल बसोवास गरिरहेको व्यक्तिलाई त्यसरी खानतलासी लिनु परेको कारण समेत खोली लिखित सूचना दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सूचना दिंदा निजले त्यस्तो सूचना बुझ्न नमानेमा सो सूचनाको एक प्रति त्यस्तो घर, भवन, पसल, गोदाम वा ठाउँमा सबैले देख्ने गरी टाँसी दिनु पर्नेछ। त्यसरी टाँस गरिएको सूचना सम्बन्धित व्यक्तिले रीतपूर्वक पाएको मानिनेछ।

(४) उपदफा (२) वा (३) बमोजिम सम्बन्धित धनी वा व्यक्तिलाई सूचना दिएपछि निजले खानतलासी लिन खटिएको कर्मचारीलाई त्यस्तो घर, भवन, पसल, गोदाम वा ठाउँको खानतलासी गर्न दिनु पर्नेछ। त्यसरी खानतलासी गर्न कसैले बाधा विरोध गरेमा खानतलासी लिन खटिएको कर्मचारीले खानतलासी लिनु पर्ने घर, भवन, पसल, गोदाम वा ठाउँमा बसिरहेको व्यक्तिलाई सो स्थानबाट हट्ने आदेश दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम हट्ने आदेश दिँदा कुनै व्यक्ति सो स्थानबाट नहटेमा खानतलासी गर्ने कर्मचारीले सुरक्षाकर्मीको सहयोगमा आवश्यक बल प्रयोग गरी निजलाई हटाई खानतलासी लिनु पर्ने घर, भवन, पसल, गोदाम वा ठाउँको बाहिर वा भित्रको ढोका वा झ्यालमा ताला वा छेस्किनी लगाएको भए सो खोली वा फोरी अन्य कुनै अवरोध भए सो समेत हटाई सूर्योदय भएदेखि सूर्यास्त हुन अगावैको समयभित्र कुनै पनि समयमा खानतलासी लिन सक्नेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि खानतलासीको सूचना दिँदा वा सो उपदफा बमोजिमको समयभित्रमा खानतलासी लिँदा चोरी पैठारी गरिएको वा चोरी निकासी गर्न लागिएको वस्तु त्यस्तो घर, भवन, पसल, गोदाम वा ठाउँबाट अन्यत्र सार्न सक्ने वा विदेश पठाउन सक्ने शङ्का लागेमा खानतलासी लिने कर्मचारीले जुनसुकै समयमा खानतलासी लिन सक्नेछ।

(७) उपदफा (५) वा (६) बमोजिम खानतलासी लिँदा खानतलासी लिने कर्मचारीले उपलब्ध भएसम्म गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडा अध्यक्ष वा वडा सदस्य वा कुनै सरकारी कार्यालयको कर्मचारी वा घरधनी वा निजको प्रतिनिधि वा अठार वर्ष उमेर पुगेको कुनै व्यक्तिलाई साक्षी राख्नु पर्नेछ। त्यस्तो साक्षी बस्ने मानिस फेला नपरेमा वा फेला परे पनि निजले साक्षी बस्न इन्कार गरेमा सोही व्यहोरा मुचुल्कामा जनाई खानतलासी लिने कर्मचारीले सहीछाप गरी राख्नु पर्नेछ।

(८) यस दफा बमोजिम खानतलासी लिँदा खानतलासी लिने कर्मचारीले देहाय बमोजिमका वस्तु फेला परेमा बरामद गरी आफ्नो कब्जामा लिन सक्नेछः-

(क) भन्सार छली वा चोरी पैठारी गरी ल्याएको वा चोरी निकासी गर्न लागेका वस्तु,

(ख) यस ऐन बमोजिम जफत हुन सक्ने अन्य वस्तु,

(ग) वस्तुसँग सम्बन्धित बहीखाता, अभिलेख, कम्प्युटर तथा प्रत्यक्ष वा परोक्ष रूपमा खण्ड (क) मा उल्लिखित वस्तुको कारोबारसँग सम्बन्धित हुन सक्ने अन्य सामग्री,

(घ) यस ऐन बमोजिमको कसूरसँग सम्बन्धित हुन सक्ने अन्य वस्तु।

(९) उपदफा (८) बमोजिम वस्तु बरामद गरी खानतलासी लिने कर्मचारीले कब्जामा लिएकोमा त्यस्तो वस्तुको विवरण तयार गरी सोको एक प्रति तत्काल सम्बन्धित व्यक्तिलाई बुझाई दिनु पर्नेछ। सम्बन्धित व्यक्तिले त्यस्तो विवरण बुझ्न नमानेमा वा निजलाई बुझाउन नसकिएमा दुई जना साक्षीको रोहबरमा मुचुल्का गरी खानतलासी लिएको स्थानमा टाँस गर्नु पर्नेछ। त्यसरी विवरण टाँस गरिएकोमा सम्बन्धित वस्तुको धनीले त्यस्तो विवरण बुझेको मानिनेछ।

(१०) उपदफा (९) बमोजिम वस्तुको विवरण, तत्सम्बन्धी कागजात र कब्जामा लिइएको वस्तु खानतलासी गर्ने कर्मचारीले भन्सार अधिकृत समक्ष दाखिला गर्नु

पर्नेछ। त्यसरी दाखिला भएपछि भन्सार अधिकृतले यस ऐन बमोजिम आवश्यक कारबाही प्रारम्भ गर्नु पर्नेछ।

५८. <u>वायुयानको तलासी वा जाँच गर्न सक्ने:</u> (१) विदेशबाट नेपालको कुनै विमानस्थलमा आएको वा नेपालको कुनै विमानस्थलबाट विदेश प्रस्थान गर्ने क्रममा रहेको कुनै वायुयानमा चोरी पैठारी गरिएको वा चोरी पैठारी वा चोरी निकासी गर्ने उद्देश्यले कुनै वस्तु लुकाई राखेको सूचना भन्सार अधिकृतलाई प्राप्त भई सो सूचनामा विश्वास गर्न सकिने पर्याप्त आधार भएमा र भन्सार अधिकृतले आवश्यक देखेमा विमानस्थल सञ्चालकलाई जानकारी दिई त्यस्तो वायुयानमा प्रवेश गरी वायुयानको सबै भागको तलासी लिन वा जाँच गर्न, वायुयानमा भएका वा वायुयानमा चढाउन वा वायुयानबाट ओराल्न लागिएका सबै वस्तु जाँच गर्न वा तत्सम्बन्धी कागजात माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम भन्सार अधिकृतले वायुयानको तलासी लिँदा वा जाँच गर्दा वायुयानको क्याप्टेनसँग वायुयान, कार्गो, चालक दलका सदस्य, यात्रु वा अन्य कुरासँग सम्बन्धित आवश्यक सूचना माग गर्न सक्नेछ। त्यसरी माग गरेको सूचना भन्सार अधिकृतलाई उपलब्ध गराई तलासी गर्ने वा वस्तु जाँच गर्ने कार्यमा आवश्यक सहयोग गर्नु सम्बन्धित वायुयानको क्याप्टेनको कर्तव्य हुनेछ।

(३) उपदफा (१) बमोजिम तलासी लिँदा वा जाँच गर्दा चोरी निकासी वा चोरी पैठारी गरेको वा गर्ने उद्देश्यले लुकाई राखेको वस्तु वा अन्य प्रतिबन्धित वा निषेधित वस्तु फेला

परेमा भन्सार अधिकृतले त्यस्तो वस्तु र सोसँग सम्बन्धित कागजात समेत कब्जामा लिई सोको जानकारी सम्बन्धित वायुयान सञ्चालकलाई दिनु पर्नेछ।

५९. <u>वाहन रोक्ने र तलासी वा जाँच गर्न सक्ने:</u> (१) भन्सार अधिकृत वा भन्सारमा खटिएको कर्मचारीलाई कुनै वाहनमा महसुल नतिरिएको वा चोरी निकासी गर्न लागिएको वा चोरी पैठारी गरिएको वा प्रतिबन्धित वा निषेधित वस्तु भए नभएको निश्चित गर्नको लागि जुनसुकै वाहनलाई जुनसुकै स्थान र समयमा रोकी त्यस्तो वाहनको तलासी लिने वा जाँच गर्ने अधिकार हुनेछ।

(२) उपदफा (१) बमोजिम भन्सार अधिकृत वा भन्सारमा खटिएको कर्मचारीले कुनै वाहनलाई रोक्ने आदेश दिएमा त्यस्तो वाहनको चालकले तत्काल वाहन रोकी तलासी लिन वा जाँच गर्न दिनु पर्नेछ। त्यसरी तलासी लिन वा जाँच गर्न रोकिएको वाहनलाई भन्सार अधिकृतको अनुमति बिना अन्यत्र लैजान पाइने छैन।

(३) उपदफा (२) बमोजिम भन्सार अधिकृत वा भन्सारमा खटिएको कर्मचारीले कुनै वाहन रोक्न आदेश दिएकोमा वाहनको धनी वा चालकले त्यस्तो वाहन नरोकेमा वा त्यस्तो आदेश नमानी हुलहुज्जत वा जोरजुलुम गरी त्यस्तो वाहन नजचाई भगाउन प्रयत्न गरेमा वा भगाएमा भन्सार अधिकृतले भन्सारमा खटिएको सुरक्षाकर्मीलाई त्यस्तो वाहनको पाङ्ग्रामा गोली हान्न आदेश दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम गोली हान्न परेको अवस्थामा सोको जानकारी छिटो साधनद्वारा महानिर्देशक र सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई दिनु पर्नेछ।

६०. <u>व्यक्तिको तलासी लिन सक्नेः</u> (१) विदेशबाट नेपाल आउन वा नेपालबाट विदेश जान लागेको कुनै व्यक्तिको साथमा वा निजको ब्यागेजमा महसुल नतिर्ने मनसायले लुकाई राखेको वा प्रतिबन्धित वा निषेधित वस्तु भएको शङ्का गर्नु पर्ने मनासिब कारण भएमा भन्सारमा खटिएको कर्मचारीले सोको मौखिक जानकारी सम्बन्धित व्यक्तिलाई दिई निजको तलासी लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै व्यक्तिको शरीरको तलासी लिँदा निजले शरीरभित्र कुनै वस्तु लुकाई राखेको छ भन्ने शङ्का लागेमा भन्सार अधिकृतले त्यस्तो व्यक्तिको एक्स-रे गराउन वा चिकित्सकबाट आवश्यक जाँच गराई तलासी लिन सम्बन्धित कर्मचारीलाई आदेश दिन सक्नेछ।

(३) कुनै व्यक्तिले कुनै वस्तु चोरी निकासी गर्न लागेको वा चोरी पैठारी गरेको वा पैठारी गर्न लागेको शङ्का गर्नु पर्ने कारण भएमा वा त्यस्तो सूचना प्राप्त भएमा भन्सारमा खटिएका कर्मचारीले त्यस्तो व्यक्तिलाई जुनसुकै समय वा स्थानमा रोकी मौखिक जानकारी दिई त्यस्ता व्यक्तिको शरीर वा निजको साथमा रहेको वस्तुको तलासी लिन सक्नेछ।

तर महिलाको शरीरको तलासी लिनु पर्दा भन्सारमा खटिएका महिला कर्मचारी वा महिला प्रहरीद्वारा लिनु पर्नेछ।

(४) कुनै व्यक्तिले दफा ६ बमोजिम तोकिएको बाटो बाहेक अन्यत्रबाट वस्तु निकासी वा पैठारी गर्न लागेमा भन्सार

अधिकृत वा भन्सारमा खटिएको कर्मचारी वा अधिकारप्राप्त अन्य सरकारी कर्मचारीले निजलाई तत्काल रोक्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम रोक्न खोज्दा निजले त्यस्तो भन्सार अधिकृत वा कर्मचारीलाई हुलहुज्जत वा जोरजुलुम गरी भाग्न वा उम्कन खोजेमा भन्सार अधिकृत वा त्यस्तो कर्मचारीले निजलाई पक्राउ गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम पक्राउ गर्दा निजले जोरजुलुम गरेमा वा भाग्न उम्कन खोजेमा र तत्काल पक्राउ गर्न नसकिने अवस्था भएमा आफ्नो रक्षा र कर्तव्यको पालनाको निम्ति त्यस्तो भन्सार अधिकृत वा अधिकारप्राप्त अधिकारीले भन्सारमा खटिएको सुरक्षाकर्मीलाई स्थिति नियन्त्रणमा लिनको लागि हवाई फायर गर्न र हवाई फायर गर्दा पनि स्थिति नियन्त्रण नभए सकभर कम क्षति हुने गरी गोली समेत चलाउन आदेश दिन सक्नेछ।

(७) उपदफा (६) बमोजिम गोली चलाउनु परेको अवस्थामा सो कुराको जानकारी छिटो साधनद्वारा महानिर्देशक र सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई दिनु पर्नेछ।

६१. <u>भन्सार अधिकृत समक्ष पेश गर्नु पर्ने:</u> (१) दफा ६० बमोजिम तलासी लिन लागिएको कुनै व्यक्तिले भन्सार अधिकृतको उपस्थितिमा आफ्नो तलासी लिन माग गरेमा सम्बन्धित कर्मचारीले निजलाई तुरुन्त भन्सार अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश गरिएको व्यक्तिको तलासी लिनु पर्ने मनासिब आधार देखेमा भन्सार अधिकृतले

आफूले तलासी लिनु पर्ने वा आफू मातहतको कर्मचारीलाई आफ्नो उपस्थितिमा तलासी लिन लगाउनु पर्नेछ।

६२. <u>चोरी निकासी वा चोरी पैठारी गरेको मानिनेः</u> (१) यस परिच्छेद बमोजिम तलासी लिंदा महसुल लाग्ने वा यस ऐन बमोजिम घोषणा गरी निकासी वा पैठारी गर्नु पर्ने वस्तु बरामद भएकोमा भन्सार अधिकृतले सम्बन्धित व्यक्तिलाई सो वस्तुको भन्सार जाँचपास भएको प्रमाण पेश गर्न आदेश दिनेछ।

(२) उपदफा (१) बमोजिम भन्सार अधिकृतले दिएको आदेश बमोजिम वस्तुको जाँचपास भएको प्रमाण पेश गर्न नसकेमा निजले त्यस्तो वस्तु चोरी निकासी वा चोरी पैठारी गरेको मानिनेछ।

६३. <u>कसूरसँग सम्बन्धित व्यक्तिलाई पक्राउ गर्न सकिनेः</u> (१) यस परिच्छेद बमोजिम तलासी लिँदा कुनै व्यक्तिले यस ऐन अन्तर्गतको कसूर गरेको देखिन आएमा भन्सार अधिकृतले त्यस्तो व्यक्तिलाई पक्राउ गर्ने अनुमतिको लागि निजको पहिचान खुल्ने विवरण सहित मुद्दा हेर्ने अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदनबाट त्यस्तो व्यक्तिलाई पक्राउ गर्नु पर्ने मनासिब कारण देखिएमा मुद्दा हेर्ने अधिकारीले निजको नाउँमा पक्राउ पुर्जी जारी गर्न अनुमति दिन सक्नेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम पक्राउ गर्नु पर्ने व्यक्ति तत्काल

पक्राउ नगरिएमा त्यस्तो व्यक्ति भाग्ने, उम्कने, निजले प्रमाण, दसी वा सबुद नष्ट गर्ने सम्भावना भएमा वा कसूरसँग सम्बन्धित फरार रहेको व्यक्ति फेला परेमा भन्सार अधिकृत वा निजले खटाएको कर्मचारीले त्यस्तो व्यक्तिलाई जुनसुकै ठाउँबाट जुनसुकै बखत पक्राउ पुर्जी बिना पक्राउ गर्न सक्नेछ।

(४) उपदफा (२) वा (३) बमोजिम पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गरेपछि बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ।

६४. <u>फरार व्यक्तिलाई पक्रन सकिने:</u> यस ऐन अन्तर्गत कसूर मानिने कुनै कार्य गर्ने व्यक्तिलाई कसूर गर्दाकै बखत पक्राउ गर्न नसकिएमा वा पक्राउ गरिएको भए तापनि निज फरार भएमा भन्सार अधिकृत वा अनुसन्धान अधिकृतले वा निजले खटाएको अन्य कर्मचारीले निजलाई जुनसुकै बखत पक्राउ गर्न सक्नेछ।

६५. <u>वस्तु कब्जामा लिन सक्ने:</u> (१) यस ऐन बमोजिम जफत हुने वस्तु देखेमा वा पत्ता लागेमा भन्सार अधिकृतले वा निजले खटाएको कर्मचारीले वा भन्सारमा सुरक्षाको लागि खटिएका प्रहरीले त्यस्तो वस्तु जुनसुकै ठाउँमा र जहिलेसुकै पनि कब्जामा लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम वस्तु कब्जामा लिनेले त्यसरी वस्तु कब्जामा लिनु परेको कारण र कब्जामा लिएको

वस्तुको विवरण सहितको निस्सा वस्तु कब्जा गरेको तीन दिनभित्र सम्बन्धित वस्तुको धनीलाई दिनु पर्नेछ।

६६. <u>वस्तु बुझाउनु पर्ने:</u> (१) कार्यालयको कर्मचारी वा अन्य निकायले यस ऐन बमोजिम कब्जामा लिएको वस्तु र सोको विवरणको एक प्रति यथाशीघ्र भन्सार अधिकृत समक्ष बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वस्तु दाखिला भएपछि भन्सार अधिकृतले त्यस्तो वस्तु यस ऐन बमोजिम कब्जा गर्नु पर्ने हो वा होइन भन्ने कुराको जाँचबुझ गर्नु पर्नेछ। त्यसरी जाँचबुझ गर्दा त्यस्तो वस्तु बिना कारण कब्जामा लिएको वा कब्जामा लिनु नपर्ने देखिएमा निजले सो वस्तु त्यस्तो वस्तुको धनीलाई तुरुन्त फिर्ता दिनु पर्नेछ।

(३) भन्सार अधिकृतले उपदफा (२) बमोजिम जाँचबुझ गर्दा वस्तु जफत हुन सक्ने देखेमा त्यस्तो वस्तुका सम्बन्धमा अनुसन्धान अधिकृतबाट अनुसन्धान तहकिकात गराउन सक्नेछ।

६७. <u>वस्तु जफत गर्ने:</u> (१) दफा २८ को उपदफा (१४) वा (१५) बमोजिमको अवधिभित्र घोषणा नगरिएको वस्तु वा भन्सार क्षेत्र वा भन्सार वेयर हाउसबाट तोकिएको अवधिभित्र जाँचपास गरी नलगेको वस्तु भन्सार अधिकृतले जफत गर्नेछ।

(२) उपदफा (१) बमोजिम जफत गर्नु अघि सम्बन्धित कार्यालयले त्यस्तो वस्तु छुटाई लैजान वस्तुको धनीलाई सात दिनको सूचना दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दिइएको सूचनाको अवधिभित्र वस्तु छुटाई लैजान वस्तुको धनीले निवेदन दिएमा र कारण मनासिब लागेमा भन्सार अधिकृतले त्यस्तो वस्तु सार्वजनिक सूचनाको अवधिभित्र जाँचपास गरिदिन सक्नेछ।

६८. जफत गर्नु पर्ने अन्य वस्तुः यस ऐन बमोजिम कुनै वस्तु जफत गर्ने निर्णय भएमा त्यस्तो वस्तुसँग सम्बन्धित देहायका अन्य वस्तु समेत जफत गर्नु पर्नेछः-

(क) वस्तु प्याक गर्न वा ढुवानी गर्न प्रयोग भएका पार्सल, प्याकेट वा आधानपात्र (कन्टेनर्स),

(ख) वायुयान, जलयान तथा रेल बाहेक वस्तु ढुवानी गर्न प्रयोग गरिएका सबै किसिमका सवारी साधन, सवारी साधनसँग जोडिएको ट्रेलर, जीवित जनावर,

(ग) खण्ड (ख) बमोजिमका सवारी साधनमा राखेका कपडा, फर्निचर, विद्युतीय सामान र अन्य सामग्री।

६९. जफत गरेको सूचना दिनु पर्नेः यस ऐन बमोजिम कुनै वस्तु जफत गरिएकोमा भन्सार अधिकृतले छिटो साधनद्वारा सोको जानकारी त्यस्तो वस्तुको धनीलाई दिनु पर्नेछ।

७०. वस्तु नेपाल सरकारको हुनेः दफा २३ को उपदफा (१) बमोजिम कार्यालयमा छाडिएको र यस परिच्छेद बमोजिम जफत गरिएको वस्तु नेपाल सरकारको हुनेछ।

७१. भन्सार क्षेत्रमा छेकबार राख्न सक्नेः (१) भन्सार क्षेत्रमा आवागमन हुने सार्वजनिक सडक वा स्थानबाट वस्तुको चोरी निकासी वा चोरी पैठारी हुन सक्ने वा महसुल छल्न सक्ने

कार्यलाई नियन्त्रण तथा नियमन गर्ने भन्सार अधिकृतले आवश्यकता अनुसार त्यस्तो सडक वा स्थानमा छेकबार राख्न सक्नेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "छेकबार" भन्नाले यात्रु वा वाहन भन्सार क्षेत्र भई आवतजावत गर्ने स्थानमा यात्रु वा वाहनको नियन्त्रण तथा नियमन गर्नको लागि राखिएको ढाट, ढोका वा ब्यारियर जस्ता आवागमनलाई नियन्त्रण गर्ने भौतिक वस्तु वा संरचना सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम राखिएको छेकबार नजिक पुगेपछि कुनै पनि वाहनको चालकले आफ्नो वाहन रोकी सो छेकबार भन्दा अगाडि बढ्नको लागि भन्सारका कर्मचारीको अनुमति लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम राखिएको छेकबारबाट कुनै वाहनलाई क्षति पुगेमा वा सो वाहनमा रहेको चालक वा अन्य व्यक्तिलाई कुनै चोटपटक लागेमा भन्सार अधिकृत वा भन्सारको अन्य कर्मचारी जिम्मेवार हुने छैन।

परिच्छेद-८
भन्सार वेयर हाउस

७२. भन्सार वेयर हाउसको स्थापना र सञ्चालनः (१) निकासी हुने वा पैठारी भएका वस्तु जाँचपास नभएसम्मका लागि सुरक्षित रूपमा राख्नको लागि विभागले कार्यालयको परिसर, कुनै स्थान वा भन्सार क्षेत्रमा भन्सार वेयर हाउस निर्माण गरी सञ्चालन गर्न सक्नेछ।

(२) कसैले कार्यालयको परिसर वा स्थान वा भन्सार क्षेत्रमा भन्सार वेयर हाउस निर्माण गरी वा सरकारी स्वामित्वमा स्थापना भएको वेयर हाउस सञ्चालन गर्न चाहेमा विभागबाट स्वीकृति लिनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम सञ्चालन गरिएका वेयर हाउसमा राख्न सकिने वस्तुको परिमाण तथा अवधि तोकिए बमोजिम हुनेछ।

(४) महानिर्देशकले कुनै विशेष प्रकारका वस्तु कुनै खास भन्सार वेयर हाउसमा मात्र राख्नु पर्ने गरी तोक्न वा जाँचपास भएको वस्तु तोकिएको शर्तको अधीनमा रही भन्सार वेयर हाउसमा राख्ने अनुमति दिन सक्नेछ।

(५) कुनै व्यक्तिले नेपालको कुनै स्थानमा निजी वेयर हाउस सञ्चालनको लागि प्रचलित कानून बमोजिम इजाजतपत्र लिई त्यस्तो वेयर हाउसमा पैठारी भएका वा निकासी हुने वस्तु जाँचपास नभएसम्मका लागि जम्मा गर्न वा सुरक्षित रूपमा राख्नको लागि तोकिए बमोजिम महानिर्देशकको स्वीकृति लिनु पर्नेछ।

(६) कार्यालय आफैंले सञ्चालन गरेको भन्सार वेयर हाउस बाहेक अन्य व्यक्तिले सञ्चालन गरेको भन्सार वेयर हाउसको इजाजतपत्र प्रचलित कानून बमोजिम नवीकरण गराउनु पर्नेछ।

(७) महानिर्देशकले भन्सार वेयर हाउसमा वस्तु राख्ने अवधि र अन्य शर्त तोक्न सक्नेछ।

(८) भन्सार वेयर हाउस सञ्चालन गर्दा यस दफा बमोजिम महानिर्देशकले तोकेको वा तोकिए बमोजिमको शर्त पालना नगरेमा महानिर्देशकले उपदफा (५) बमोजिम दिएको

स्वीकृति जुनसुकै बखत रद्द गरी त्यस्तो वेयर हाउसको इजाजतपत्र खारेज गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(९) भन्सार अधिकृत वा निजले खटाएको भन्सारको कुनै कर्मचारीले कुनै बखत भन्सार वेयर हाउसमा प्रवेश गर्न, वस्तु निरीक्षण गर्न, प्रत्येक वस्तु खोली जाँच गर्न वा बीच बीचमा छड्के जाँच गर्न वा वस्तुको नमूना सङ्कलन गर्न सक्नेछ।

(१०) महानिर्देशक वा भन्सार अधिकृतको अनुमति बिना तोकिएको व्यक्ति बाहेक अन्य कुनै पनि व्यक्तिलाई भन्सार वेयर हाउसमा प्रवेश गर्न, वस्तु निरीक्षण गर्ने वा वस्तुको नमूना सङ्कलन गर्ने अधिकार हुने छैन।

(११) भन्सार वेयर हाउसको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७३. <u>भन्सार वेयर हाउसमा रहेका वस्तु स्थानान्तरण गर्न सक्नेः</u> (१) कुनै वस्तुको धनीले एउटा भन्सार वेयर हाउसमा राखिएको वस्तु अर्को भन्सार वेयर हाउसमा स्थानान्तरण गर्न चाहेमा भन्सार अधिकृत समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनको व्यहोरा मनासिब लागेमा भन्सार अधिकृतले तोकिएको शर्तको अधीनमा रही तोकिए बमोजिम वस्तु स्थानान्तरण गर्ने अनुमति दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई वस्तु स्थानान्तरण गर्दा वस्तुको धनीले पैठारी भएको वस्तु विचलन गरेमा निजले त्यस्तो वस्तु चोरी पैठारी गरेको मानिनेछ।

७४. <u>भन्सार वेयर हाउसमा रहेको वस्तु कार्यालयको नियन्त्रणमा रहने</u>: (१) दफा ७२ को उपदफा (१), (२) वा (५) बमोजिम सञ्चालित भन्सार वेयर हाउसमा निकासी वा पैठारीको लागि राखिएको वस्तु जाँचपास नभएसम्म सम्बन्धित कार्यालयको नियन्त्रणमा रहनेछ।

(२) भन्सार वेयर हाउसमा रहेको वस्तु देहायको अवस्थामा मात्र भन्सारक्षेत्र बाहिर लैजान सकिनेछः-

(क) तोकिए बमोजिमको अवधि र समयमा कार्यालयमा घोषणा गरेको,

(ख) यस ऐन बमोजिम निर्धारण गरिएको सम्पूर्ण महसुल, जरिबाना, व्याज, भन्सार वेयर हाउसको भाडा लगायतका बुझाउनु पर्ने रकम बुझाएको, र

(ग) भन्सार अधिकृतबाट जाँचपास भएको।

७५. <u>भन्सार वेयर हाउसमा रहेका वस्तुको क्षतिपूर्ति</u>: (१) भन्सार वेयर हाउसमा रहेका वस्तु भन्सार वेयर हाउस सञ्चालकले क्षति नहुने गरी सुरक्षित रूपमा राख्नु पर्नेछ।

(२) भन्सार वेयर हाउसमा राखिएका वस्तु चोरिएमा, हराएमा, विपद् वा दुर्घटनाको कारणले वा वस्तु राख्ने वा उठाउने क्रममा स्वाभाविक रूपमा हुन सक्ने टुटफुट बाहेक

अन्य कुनै कारणबाट नष्ट भएमा, क्षति भएमा वा क्षति गरिएमा, लापरबाही वा जानाजानी अन्य अनधिकृत व्यक्तिलाई दिएमा वस्तुको धनीले त्यस्तो वस्तुको क्षतिपूर्ति प्रचलित कानून बमोजिम भन्सार वेयर हाउस सञ्चालकबाट भराई लिन पाउनेछ।

(३) भन्सार वेयर हाउसमा रहेका वस्तु भन्सार वेयर हाउस सञ्चालकको लापरबाहीको कारणले चोरी भएमा, हराएमा, आगलागी भएमा वा अन्य कुनै किसिमले क्षति वा हानि नोक्सानी भएमा भन्सार अधिकृतले त्यस्तो वस्तुमा लाग्ने महसुलको दोब्बर महसुल भन्सार वेयर हाउस सञ्चालकबाट असुल गर्नु पर्नेछ।

७६. <u>बण्डेड वेयर हाउस सञ्चालन गर्न इजाजतपत्र दिन सकिनेः</u> (१) कुनै उद्योगले कच्चा पदार्थ र सहायक कच्चा पदार्थ पैठारी गरी इजाजतपत्र प्राप्त बण्डेड वेयर हाउसमा राखी त्यस्तो कच्चा पदार्थबाट तयारी वस्तु उत्पादन, प्रशोधन वा निर्माण गरी विदेशमा निकासी गर्नको लागि वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रामा बिक्री गर्नको लागि बण्डेड वेयर हाउस सञ्चालन गर्न इजाजतपत्र लिन चाहेमा महानिर्देशक समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनको व्यहोरा मनासिब देखिएमा महानिर्देशकले त्यस्तो उद्योगलाई तोकिए बमोजिमको शर्तको अधीनमा रही बण्डेड वेयर हाउस सञ्चालन गर्न इजाजतपत्र दिन सक्नेछ।

(३) बण्डेड वेयर हाउस सञ्चालनको इजाजतपत्रको अवधि, नवीकरण दस्तुर तथा बण्डेड वेयर हाउस सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७७. <u>करमुक्त पसल सञ्चालन गर्न इजाजतपत्र दिन सक्नेः</u> (१) महानिर्देशकले तोकिए बमोजिमका वस्तु कूटनीतिक सुविधा वा महसुल सुविधा पाउने निकाय, पदाधिकारी वा व्यक्तिलाई बिक्री गर्ने प्रयोजनको लागि कुनै व्यक्तिलाई करमुक्त पसल सञ्चालन गर्न इजाजतपत्र दिन सक्नेछ।

<u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनको लागि "करमुक्त पसल" भन्नाले दफा २१ को उपदफा (१) बमोजिम बैङ्क जमानतमा पैठारी गरी वस्तु भण्डारण गर्न र त्यस्तो वस्तुमा यस ऐन र प्रचलित कानून बमोजिम लाग्ने कर छुट दिई बिक्री गर्न महानिर्देशकबाट इजाजतपत्र लिई कुनै स्थानमा सञ्चालन गरिने पसल सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम करमुक्त पसल सञ्चालनको लागि इजाजतपत्र दिंदा आवश्यकताको विश्लेषणको आधारमा सङ्ख्या तथा क्षेत्र यकिन गरी न्यूनतम शुल्क तोकी सो शुल्कमा सिलबन्दी बोलपत्रद्वारा प्रतिस्पर्धाको आधारमा दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम इजाजतपत्र प्राप्त व्यक्तिले करमुक्त पसलको लागि पैठारी गरेको वस्तु उपदफा (१) मा उल्लिखित व्यक्ति बाहेक अन्य व्यक्तिलाई बिक्री गरेमा वा बिक्री अनुसार मौज्दात दुरुस्त नदेखिएमा महानिर्देशकले निजबाट त्यस्तो वस्तुमा लाग्ने महसुल र सोको दोब्बर जरिबाना असुल गरी त्यस्तो इजाजतपत्र खारेज गर्न सक्नेछ।

(४) करमुक्त पसलको इजाजतपत्र तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद-९
<u>वस्तुको आन्तरिक परिवहन तथा अन्तर्राष्ट्रिय पारवहन</u>

७८. <u>वस्तुको आन्तरिक परिवहनः</u> (१) एउटा कार्यालयमा आइपुगेको वस्तु सो कार्यालयबाट जाँचपास नगराई अर्को कार्यालयमा लगी जाँचपास गराउन चाहेमा तोकिए बमोजिमको शर्तको अधीनमा रही पैठारीकर्ताले त्यस्तो वस्तुको विवरण र अर्को कार्यालयमा लगी जाँचपास गराउनु पर्ने कारण सहित भन्सार अधिकृत समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनको व्यहोरा मनासिब देखिएमा भन्सार अधिकृतले उक्त वस्तुमा लाग्ने महसुलको दोब्बर रकम बैङ्क जमानत लिई त्यस्तो वस्तु अर्को कार्यालयमा लैजान आन्तरिक परिवहनको लागि अनुमति दिन सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी पैठारीकर्ताले बैङ्क जमानत दिन नपर्ने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिम अनुमति लिई जाँचपासको लागि अर्को कार्यालयमा लगिएको वस्तु सो भन्सार कार्यालयको भन्सार अधिकृतले उक्त कार्यालयमा पहिलो पटक पैठारी हुन आएको वस्तु सरह जाँचपास गर्नु पर्नेछ।

(५) उपदफा (२) बमोजिम लिइएको बैङ्क जमानत सम्बन्धित कार्यालयबाट उक्त वस्तु जाँचपास भएको जानकारी प्राप्त भएपछि तोकिए बमोजिम फुकुवा गरिनेछ।

७९. <u>अन्तर्राष्ट्रिय पारवहन सम्बन्धी व्यवस्थाः</u> (१) कुनै वस्तु नेपालको भूभाग हुँदै अर्को कुनै मुलुकमा लैजानको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी शर्त सहित कुनै मुलुकलाई अन्तर्राष्ट्रिय पारवहन अनुमति दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अन्तर्राष्ट्रिय पारवहनको लागि नेपालमा पैठारी हुने वस्तुमा महसुल लाग्ने छैन।

(३) अन्तर्राष्ट्रिय पारवहनको लागि वस्तु आगमन हुने कार्यालय, प्रयोग गर्न पाइने मार्ग तथा प्रस्थान हुने कार्यालयको सम्बन्धमा द्विपक्षीय वा बहुपक्षीय सन्धिमा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ।

(४) पारवहनको लागि नेपालमा पैठारी गर्ने वस्तुको सम्बन्धमा अपनाउनु पर्ने प्रक्रिया, पालन गर्नु पर्ने शर्त तथा सुरक्षाका लागि अपनाउनु पर्ने उपाय र कुनै सेवा प्रदान गरे बापत लिइने शुल्क तथा दस्तुर नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ।

८०. <u>नेपालबाट विदेशी मुलुक हुँदै पुनः नेपालभित्र वस्तु ल्याउनेः</u> नेपालको कुनै स्थानबाट विदेशी मुलुक हुँदै पुनः नेपालको

अर्को स्थानमा वस्तु ल्याउँदा अपनाउनु पर्ने प्रक्रिया र महसुल सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

८१. <u>विदेशबाट पारवहनको लागि वस्तु ल्याउने र पुनः सोही मुलुकमा लैजाने</u>: विदेशबाट पारवहनको लागि नेपालको कुनै स्थानमा वस्तु ल्याउँदा र पुनः सोही मुलुकमा लैजाँदा अपनाउनु पर्ने प्रक्रिया र महसुल सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद-१०

<u>शीघ्र जाँचपास तथा हुलाकबाट गरिने निकासी वा पैठारी</u>

८२. <u>शीघ्र जाँचपासको सुविधा दिन सक्ने</u>: (१) निजी क्षेत्रबाट सञ्चालित द्रुत सेवा वा कुरियर कम्पनीले हवाई मार्गबाट निकासी वा पैठारी गर्ने वस्तुको लागि मन्त्रालयले शीघ्र जाँचपासको सुविधा दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम शीघ्र जाँचपासको सुविधा दिंदा अपनाइने प्रक्रिया, निकासीकर्ता वा पैठारीकर्ताले पालन गर्नु पर्ने शर्त, बन्देज तथा त्यस्तो सुविधा लागू हुने मिति मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ।

(३) निजी क्षेत्रबाट सञ्चालित द्रुत सेवा वा कुरियर कम्पनीले हवाई मार्गबाट निकासी वा पैठारी गर्ने तोकिए बमोजिमका र तोकिएको मूल्यसम्मका वस्तुमा नेपाल सरकारले तोकिए बमोजिम महसुल छुट दिन सक्नेछ।

८३. <u>हुलाक मार्फत निकासी वा पैठारी गर्ने वस्तु भन्सार अधिकृत समक्ष दाखिला गर्नु पर्नेः</u> (१) हुलाक मार्फत कसैको नाममा पुलिन्दाबाट कुनै वस्तु आएमा सम्बन्धित हुलाक कार्यालयले पुलिन्दा प्राप्त गर्ने व्यक्तिलाई सो कुराको सूचना दिई त्यस्तो पुलिन्दा नजिकको कार्यालयको भन्सार अधिकृत समक्ष जाँचपासको लागि पेश गर्नु पर्नेछ। त्यसरी पेश गरेको पुलिन्दा भन्सार अधिकृतले जाँचपास गरेपछि मात्र हुलाक कार्यालयले सम्बन्धित व्यक्तिलाई बुझाईदिनु पर्नेछ।

(२) कसैले हुलाक मार्फत वस्तुको पुलिन्दा निकासी गर्न ल्याएमा सम्बन्धित हुलाक कार्यालयले त्यस्तो वस्तु नजिकको कार्यालयको भन्सार अधिकृतबाट जाँचपास गराई ल्याएपछि मात्र त्यस्तो पुलिन्दा बुझिलिई चलान गरिदिनु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले तोकिए बमोजिमका र तोकिएको मूल्यसम्मका वस्तु हुलाक मार्फत निकासी वा पैठारी गर्दा भन्सार अधिकृत समक्ष पेश गर्न नपर्ने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

परिच्छेद-११

<u>पूर्वादेश</u>

८४. <u>पूर्वादेश जारी गर्न सक्नेः</u> (१) पैठारीकर्ताले आफूले पैठारी गर्ने वस्तुको वर्गीकरण वा उत्पत्तिको सम्बन्धमा पूर्वादेशको लागि महानिर्देशक समक्ष निवेदन दिएमा महानिर्देशकले तोकिए बमोजिम पूर्वादेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पूर्वादेश दिनु अघि त्यस्तो वस्तुको वर्गीकरण वा उत्पत्ति सम्बन्धमा परामर्श लिन आवश्यक देखेमा महानिर्देशकले तोकिए बमोजिमको परामर्श समिति गठन गर्न सक्नेछ।

(३) महानिर्देशकले पूर्वादेशको माग गरिएको वस्तुको सम्बन्धमा प्रयोगशाला परीक्षण गराई प्रतिवेदन लिन, सम्बन्धित विषयका विज्ञ वा कुनै सरकारी निकाय वा विश्व भन्सार सङ्गठनको राय लिन सक्नेछ।

(४) उपदफा (१) बमोजिम पूर्वादेश दिँदा वस्तुको वर्गीकरणका सम्बन्धमा दफा ४७ बमोजिम र वस्तुको उत्पत्तिका सम्बन्धमा नेपाल समेत सदस्य रहेको क्षेत्रीय वा द्विपक्षीय सन्धि वा सम्झौताको प्रतिकूल नहुने गरी दिनु पर्नेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल पक्ष रहेको क्षेत्रीय वा द्विपक्षीय सन्धि वा सम्झौता बमोजिम उत्पत्तिको मुलुकको आधारमा भन्सार महसुल दर फरक हुने वस्तु बाहेक अन्य वस्तुका सम्बन्धमा वस्तुको उत्पत्ति सम्बन्धी पूर्वादेश दिइने छैन।

(६) पूर्वादेश जारी गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद–१२

कसूर र सजाय सम्बन्धी व्यवस्था

८५. कसूर गरेको मानिने: कसैले देहायको कुनै कार्य गरे वा गराएमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछः-

(क) दफा ६ बमोजिम तोकिएको भन्सार क्षेत्र वा बाटो बाहेक अन्यत्रबाट निकासी वा पैठारी गरेमा वा गर्ने

प्रयत्न गरेमा वा कुनै वस्तु चोरी निकासी वा चोरी पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा,

(ख) कार्नेे अन्तर्गत पैठारी भएको सवारी साधनको सम्बन्धमा दफा २० को उपदफा (७) विपरीत कुनै कार्य गरे वा गराएमा,

(ग) दफा २५ बमोजिम वस्तुको विवरण नदिएमा,

(घ) दफा २६ बमोजिम वाहनको जाँच नगराएमा,

(ङ) दफा २७ बमोजिम महसुल नतिरिएका वा भन्सारबाट जाँचपास नभएका वस्तु ढुवानी गरेमा,

(च) दफा ३७ बमोजिमको अधिकारप्राप्त अधिकारी बाहेक अन्य व्यक्तिले कार्यालयबाट जाँचपास भई सिलबन्दी गरिएको वस्तु र त्यस्तो वस्तु ढुवानी गरिरहेको साधन खोलेमा, हेरेमा वा जाँच गरेमा,

(छ) दफा ५० बमोजिम महसुल वा जरिबाना नबुझाई कार्यालय वा भन्सार क्षेत्रबाट वस्तु उठाई लगेमा,

(ज) दफा ५५ को उपदफा (६) बमोजिम रातो मार्ग (रेड च्यानल) प्रयोग नगरेमा,

(झ) दफा ५७ बमोजिम घर, भवन, पसल, गोदाम वा ठाउँको खानतलासी लिन नदिएमा,

(ञ) दफा ५८ बमोजिम विमानका क्याप्टेन वा चालक दलका सदस्यले वायुयानमा प्रवेश गर्न वा तलासी लिन वा वस्तु जाँच गर्न नदिएमा वा बाधा विरोध गरेमा,

(ट) दफा ५९ बमोजिम भन्सार अधिकृत वा भन्सारमा खटिएको कर्मचारीले दिएको आदेश बमोजिम वाहन

नरोकेमा वा तलासी लिन अवरोध गरेमा वा त्यस्तो वाहन नजँचाई भगाएमा वा भगाउन प्रयत्न गरेमा,

(ठ) दफा ७१ बमोजिम भन्सारका कर्मचारीको अनुमति नलिई भन्सारको छेकबार पार गरेमा वा भन्सारका कर्मचारीले वाहन रोक्ने सङ्केत गर्दागर्दै अटेर गरी अगाडि बढेमा,

(ड) सवारी साधनको धनीले वस्तु चोरी पैठारी वा चोरी निकासी गर्न जानाजानी आफ्नो सवारी साधन उपलव्ध गराएमा,

(ढ) सवारी साधनको धनीको सहमति वा जानकारी बिना सवारी चालकले जानाजानी चोरी पैठारी गरेको वा चोरी निकासी गर्न लागेको वस्तु ढुवानी गरेमा,

(ण) राजस्वमा हानि नोक्सानी पुऱ्याउने उद्देश्यले कार्यालयमा जालसाजी, कीर्ते वा नक्कली कागजात पेश गरेमा,

(त) वस्तुको वास्तविक मूल्य भन्दा कम मूल्य देखाई वा जालसाजी, कीर्ते वा नक्कली बीजक बनाई कार्यालयमा पेश गरेमा,

(थ) कुनै कुरा झुट्ठो हो भन्ने जानाजानी प्रज्ञापनपत्र वा कार्यालयमा प्रयोग गरिने लिखतमा लेखेमा, सहीछाप गरेमा, प्रयोग गरेमा वा भन्सार अधिकृतले सही गरेको वा छाप लगाएको लिखत, लाहा, सिलछाप, दस्तखत वा अन्य कुनै चिन्ह वा सङ्केतलाई कीर्ते गरेमा, बदलेमा वा नष्ट गरेमा,

(द) महानिर्देशक वा कार्यालय प्रमुखको लिखित आदेश बिना कार्यालयमा प्रयोग गरिएको कम्प्युटर प्रणाली

वा सो प्रणालीमा रहेको तथ्याङ्क वा अभिलेख कुनै प्रकारले परिवर्तन गर्ने, मेटाउने, हटाउने, नोक्सानी पुऱ्याउने, तथ्याङ्क थप्ने, कार्य प्रणालीमा अवरोध पुऱ्याउने वा कुनै किसिमले हेरफेर गर्ने कार्य गरेमा वा सो प्रणालीमा अनधिकृत पहुँच स्थापित गरेमा वा गर्ने प्रयत्न गरेमा,

(ध) वस्तुको धनीले वा निजको भन्सार जाँचपास प्रतिनिधिले वस्तु चोरी गर्न वा सो वस्तुमा नोक्सानी पुऱ्याउने मनसायले कुनै भन्सार वेयर हाउस खोलेमा, भन्सार वेयर हाउसमा प्रवेश गरेमा वा सो वेयर हाउसमा रहेको वस्तु कुनै प्रकारले खोलेमा,

(न) भन्सार वेयर हाउसमा रहेको वस्तु भन्सार अधिकृतको स्वीकृति बेगर हटाएमा वा लगेमा,

(प) भन्सार वेयर हाउसमा रहेको वस्तु जिम्मामा रहेको कर्मचारी वा व्यक्तिले त्यस्तो वस्तु हराएमा वा नोक्सानी गरेमा,

(फ) अनधिकृत कर्मचारीले भन्सार वेयर हाउसमा रहेको वस्तु हटाएमा वा हटाउने आदेश दिएमा,

(ब) यस ऐन वा अन्य प्रचलित कानून बमोजिम पूर्ण वा आंशिक महसुल छुट वा सुविधामा पैठारी गरेको वस्तु जुन उद्देश्यले पैठारी गरेको हो त्यस्तो उद्देश्य विपरीत प्रयोग गरेमा, बिक्री गरेमा वा छुट वा सुविधा नपाउने व्यक्तिले पूर्ण वा आंशिक महसुल छुट वा सुविधामा कुनै वस्तु पैठारी गरेमा,

(भ) भन्सार अधिकृत वा कार्यालयको कर्मचारीलाई यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमले दिएको

अधिकार प्रयोग गर्न वा कार्यालयको काममा जानाजानी बाधा अवरोध पुऱ्याएमा,

(म) चोरी निकासी वा चोरी पैठारी गरिएको वस्तु हो भन्ने जानकारी हुँदाहुँदै त्यस्तो वस्तु लुकाएमा वा राखेमा,

(य) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत हुने अन्य कुनै कार्य गरेमा,

(र) खण्ड (क) देखि खण्ड (य) बमोजिमको कसूर गर्न मद्दत गरेमा वा दुरुत्साहन दिएमा।

८६. <u>जरिबाना तथा सजायः</u> (१) दफा ८५ को खण्ड (क), (ख), (ङ), (छ), (ज) वा (ठ) बमोजिमको कसूर गरेमा कसूरसँग सम्बन्धित वस्तु जफत गरी देहाय बमोजिमको सजाय हुनेछः-

(क) दश लाख रुपैयाँसम्म बिगो भएमा बिगो बमोजिम जरिबाना,

(ख) दश लाख रुपैयाँ भन्दा बढी एक करोड रुपैयाँसम्म बिगो भएमा बिगो बमोजिम जरिबाना र देहाय बमोजिमको कैद सजायः-

(अ) दश लाख रुपैयाँ भन्दा बढी पच्चीस लाख रुपैयाँसम्मको बिगोमा एक महिनासम्म कैद,

(आ) पच्चीस लाख रुपैयाँ भन्दा बढी पचास लाख रुपैयाँसम्मको बिगोमा एक महिनादेखि तीन महिनासम्म कैद,

(ङ) पचास लाख रुपैयाँ भन्दा बढी एक करोड रुपैयाँसम्मको बिगोमा तीन महिनादेखि एक वर्षसम्म कैद ।

(२) उपदफा (१) बमोजिमको कसूरको बिगो एक करोड रुपैयाँ भन्दा बढी भएमा त्यस्तो वस्तु जफत गरी वस्तुको बिगो बमोजिमको जरिबाना र देहाय बमोजिमको कैद सजाय हुनेछः-

(क) एक करोड रुपैयाँ भन्दा बढी तीन करोड रुपैयाँसम्मको बिगोमा एक वर्षदेखि तीन वर्षसम्म कैद,

(ख) तीन करोड रुपैयाँ भन्दा बढी बिगोमा तीन वर्षदेखि पाँच वर्षसम्म कैद।

(३) कसैले देहायको कुनै कसूर गरेमा देहाय बमोजिम सजाय हुनेछः-

(क) दफा ८५ को खण्ड (ग), (च) वा (ञ) बमोजिमको कसूर गरेमा दश हजार रुपैयाँसम्म जरिबाना,

(ख) दफा ८५ को खण्ड (घ) वा (ट) बमोजिमको कसूर गरेमा नेपालमा दर्ता नभएको वाहन र नेपालमा दर्ता भएको वस्तु सहितको वाहनको हकमा कसूरको बिगो एक करोड रुपैयाँसम्म भएमा उपदफा (१) बमोजिम सजाय, कसूरको बिगो एक करोड रुपैयाँ भन्दा बढी भएमा उपदफा (२) बमोजिमको सजाय र नेपालमा दर्ता भएको

खाली (रित्तो) वाहन भएमा पाँच हजार रुपैयाँसम्म जरिबाना,

(ग) दफा ८५ को खण्ड (झ) बमोजिमको कसूर गरेमा पचास हजार रुपैयाँसम्म जरिबाना।

(४) दफा ८५ को खण्ड (ड) वा (ढ) बमोजिमको कसूर गरेमा देहाय बमोजिमको सजाय हुनेछः-

(क) उपदफा (१) को खण्ड (क) मा उल्लिखित बिगो बमोजिमको वस्तु ढुवानी गर्न प्रयोग भएको सवारी साधन सो साधनको धनीको सहमति वा जानकारीमा प्रयोग भएको रहेछ भने त्यस्तो सवारी साधन जफत गरी सवारी साधनको धनीलाई एक लाख रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिबाना र सवारी साधनको धनीको सहमति वा जानकारी बिना सवारी चालकले जानाजानी त्यस्तो वस्तु ढुवानी गर्न सो सवारी साधन प्रयोग गरेकोमा त्यस्तो सवारी चालकलाई एक लाख रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिबाना,

(ख) उपदफा (१) को खण्ड (ख) वा उपदफा (२) मा उल्लिखित बिगो बमोजिमको वस्तु ढुवानी गर्न प्रयोग भएको सवारी साधन सो साधनको धनीको सहमति वा जानकारीमा प्रयोग भएको रहेछ भने त्यस्तो सवारी साधन जफत गरी सवारी साधनको धनीलाई

तीन लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय र सवारी साधनको धनीको सहमति वा जानकारी बिना सवारी चालकले जानाजानी त्यस्तो वस्तु ढुवानी गर्न सो सवारी साधन प्रयोग गरेकोमा त्यस्तो सवारी चालकलाई एक लाख रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय।

(५) दफा ८५ को खण्ड (ण) बमोजिमको कसूर गर्ने व्यक्तिलाई त्यसरी हानि नोक्सानी पुऱ्याएको वा पुऱ्याउने प्रयत्न गरेको महसुल रकमको दुई सय प्रतिशत जरिबाना वा छ महिनादेखि एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ। जालसाजी वा किर्ते गरेकोमा प्रचलित कानून बमोजिम कारबाहीको लागि भन्सार अधिकृतले सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखी पठाउनु पर्नेछ।

(६) दफा ८५ को खण्ड (त) बमोजिमको कसूर गर्ने व्यक्तिलाई त्यस्तो वस्तु जफत गरी उक्त वस्तुको भन्सार मूल्यको दुई सय प्रतिशत जरिबाना हुनेछ। जालसाजी वा किर्ते गरेकोमा प्रचलित कानून बमोजिम कारबाहीको लागि भन्सार अधिकृतले सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखी पठाउनु पर्नेछ।

(७) दफा ८५ को खण्ड (थ) बमोजिमको कसूर गर्ने व्यक्तिलाई पचास हजार रूपैयाँसम्म जरिबाना र एक वर्षसम्म कैद सजाय हुनेछ। सरकारी कागजात किर्ते गरेकोमा प्रचलित

कानून बमोजिम कारबाहीको लागि भन्सार अधिकृतले सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखी पठाउनु पर्नेछ।

(८) दफा ८५ को खण्ड (द) बमोजिमको कसूर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद र पाँच लाख रुपैयाँसम्म जरिबाना हुनेछ। त्यस्तो कसूरबाट महसुल घटाएको, महसुल छलेको वा कुनै प्रकारले दायित्व कम पारिएको पाइएमा त्यसरी हानि पुऱ्याएको महसुल रकमको पाँच गुणाले हुने रकम निजबाट असुल गरिनेछ। सो कार्यबाट कुनै व्यक्तिलाई हानि नोक्सानी भएको रहेछ भने भन्सार अधिकृतले त्यस्तो हानि नोक्सानी समेत कसूर गर्ने व्यक्तिबाट भराइदिन सक्नेछ।

(९) दफा ८५ को खण्ड (ध) बमोजिमको कसूर गर्ने व्यक्तिलाई पच्चीस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ।

(१०) दफा ८५ को खण्ड (न) बमोजिमको कसूर गर्ने व्यक्तिलाई निजबाट सो वस्तु दाखिला गराई सो वस्तुको मूल्य बमोजिम जरिबाना गरी छ महिनासम्म कैद र वस्तु दाखिला हुन नसकेमा वस्तुको मूल्यको दोब्बर जरिबाना गरी छ महिनासम्म कैद हुनेछ।

(११) दफा ८५ को खण्ड (प) बमोजिमको कसूर गर्ने व्यक्तिबाट सो वस्तुको मूल्य र लाग्ने महसुल असूल गरी दश हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(१२) दफा ८५ को खण्ड (फ) बमोजिमको कसूर गर्ने व्यक्तिलाई पचास हजार रूपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(१३) दफा ८५ को खण्ड (ब) बमोजिमको कसूर गर्ने व्यक्तिलाई त्यस्तो वस्तुमा लाग्ने महसुल असुल गरी त्यस्तो वस्तुको मूल्यको शतप्रतिशत जरिबाना हुनेछ।

(१४) दफा ८५ को खण्ड (भ) बमोजिमको कसूर गर्ने व्यक्ति सरकारी कर्मचारी भएमा निजलाई दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय र अन्य व्यक्ति भए दश हजार रुपैयाँदेखि पचास हजार रूपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

(१५) दफा ८५ को खण्ड (म) बमोजिमको कसूर गर्ने व्यक्तिलाई पचास हजार रुपैयाँसम्म जरिबाना गरी त्यस्तो वस्तु जफत गरिनेछ।

(१६) दफा ८५ को खण्ड (य) बमोजिमको कसूर गर्ने व्यक्तिलाई कसूरको अवस्था र गम्भीरता हेरी पाँच हजार रुपैयाँदेखि एकलाख रुपैयाँसम्म जरिबाना हुनेछ।

(१७) दफा ८५ को खण्ड (र) बमोजिमको कसूर गर्ने व्यक्तिलाई कसूरदारलाई भए सरहको सजाय हुनेछ।

(१८) यस ऐन बमोजिम जफत गर्नु पर्ने देखिए तापनि उपभोग भइसकेका वा पत्ता नलागेका वस्तुको बिगो बराबरको रकम सम्बन्धित व्यक्तिबाट असुल गर्न सकिनेछ।

८७. <u>वस्तुको विवरण फरक पारी घोषणा गरेमा सजाय हुनेः</u> कुनै घोषणाकर्ताले वस्तु घोषणा गर्दा देहाय बमोजिमको विवरण फरक पारी घोषणा गरेमा भन्सार अधिकृतले देहाय बमोजिम गर्न सक्नेछः-

(क) पैठारी गरेको वस्तुको नाम, प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार तथा गुणस्तर सही भए तापनि परिमाण घटी गरी घोषणा गरेमा त्यस्तो घोषणाकर्तालाई त्यसरी घटी परिमाण घोषणा गरेजति वस्तुको मूल्यको शतप्रतिशत जरिबाना र लाग्ने महसुल लिई त्यस्तो वस्तु जाँचपास गर्न,

(ख) पैठारी गरेको वस्तुको नाम, प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार र गुणस्तर तथा परिमाण सही भए तापनि उत्पत्तिको मुलुक फरक पारी घोषणा गरेमा त्यस्तो घोषणाकर्तालाई त्यस्तो वस्तुमा लाग्ने भन्सार महसुलको पच्चीस प्रतिशत रकम जरिबाना र लाग्ने महसुल लिई त्यस्तो वस्तु जाँचपास गर्न,

(ग) पैठारी गरेको एउटा वस्तुलाई अर्कै वस्तु भनी वा एक प्रकारको पदार्थबाट निर्मित वस्तुलाई अर्कै प्रकारको पदार्थबाट निर्मित वस्तु भनी वा वस्तुको प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार, तौल वा गुणस्तरमध्ये सबै वा कुनै कुरा फरक पारी घोषणा गरेमा वा कुनै वस्तु घोषणा नै नगरेमा त्यस्तो घोषणाकर्तालाई त्यस्तो वस्तुको मूल्य बराबर जरिबाना गरी सो वस्तु जफत गर्न वा निजबाट वस्तुको

मूल्यको दुई सय प्रतिशत जरिबाना र लाग्ने महसुल असुल गरी त्यस्तो वस्तु जाँचपास गर्न,

(घ) पैठारी गरेको वस्तु वा सोको प्याकिङ्गमा नै त्यस्तो वस्तुको पहिचान हुने ब्राण्ड, कम्पनी, मोडेल, आइटम नम्बर वा यस्तै कुनै विवरण स्पष्ट अङ्कित भएकोमा त्यस्तो वस्तु स्पष्ट पहिचान हुने विवरण नखुलाई घोषणा गरेमा त्यस्तो घोषणाकर्तालाई वस्तुमा लाग्ने महसुलको पचास प्रतिशत जरिबाना र लाग्ने महसुल असुल गरी त्यस्तो वस्तु जाँचपास गर्न,

(ङ) निकासी हुने वस्तुको वास्तविक परिमाण भन्दा बढी परिमाण उल्लेख गरेमा त्यस्तो घोषणाकर्तालाई त्यसरी बढी घोषणा गरिएजति वस्तुको मूल्यको दुई सय प्रतिशत जरिबाना गरी सो व्यहोरा कम्प्युटर प्रणाली वा प्रज्ञापनपत्रमा उल्लेख गरी वस्तु जाँचपास गर्न,

(च) निकासी हुने वस्तुको नाम, प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार, तौल वा गुणस्तरमध्ये सबै वा कुनै विवरण फरक पारी घोषणा गरेमा त्यस्तो वस्तु जफत गरी त्यस्तो घोषणाकर्तालाई वस्तुको मूल्य बराबर जरिबाना गर्न,

(छ) वस्तु वा सोको प्याकिङ्गमा उल्लिखित वस्तुसँग सम्बन्धित कुनै पनि विवरण मेटेको, च्यातेको, खुर्केको, बदलेको वा लेबल हटाएको पाइएमा त्यस्तो वस्तु जफत गर्न वा त्यस्तो वस्तुको मूल्य बराबर जरिबाना र लाग्ने महसुल लिई जाँचपास गर्न,

(ज) कुनै वस्तु महानिर्देशकबाट एकपटक वर्गीकरण भइसकेको वा पूर्वादिश दिइसकेको वा कुनै कार्यालयबाट वर्गीकरण भई जाँचपास भइसकेकोमा त्यस्तै वस्तु पुनः पैठारी गर्दा महसुल छल्ने मनसायले सोही पैठारीकर्ताले वर्गीकरण फरक पारी घोषणा गरेमा त्यस्तो वस्तुमा लाग्ने भन्सार महसुलको शतप्रतिशत जरिबाना र लाग्ने महसुल असुल गरी जाँचपास गर्न,

(झ) घोषणाकर्ताले दफा २८ को उपदफा (४) बमोजिम विद्युतीय माध्यमबाट कम्प्युटर प्रणालीमा वस्तुको विवरण घोषणा गर्दा संलग्न गर्नु पर्ने तोकिएका कागजात गलत रूपमा संलग्न गरेमा त्यस्तो घोषणाकर्तालाई सो घोषणा बमोजिम लाग्ने महसुलको दश प्रतिशत जरिबाना र लाग्ने महसुल असुल गरी त्यस्तो वस्तु जाँचपास गर्न।

८८. <u>भौतिक जाँच नगरी जाँचपास भएको वस्तु फरक परेमा जरिबाना हुने:</u> (१) दफा ३१ को उपदफा (१) को खण्ड

(क), (ख) वा (ग) बमोजिम भौतिक जाँच नगरी जाँचपास भएको वस्तु घोषणाकर्ताले भन्सार क्षेत्रबाट बाहिर लैजानु अघि वा भन्सार क्षेत्र बाहिर लगिसकेपछि भन्सार अधिकृत वा अन्य अधिकारप्राप्त अधिकारीले यस ऐन बमोजिम पुनः जाँच गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम वस्तुको पुनः जाँच गर्दा वस्तुको नाम, प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार, तौल, गुणस्तर वा परिमाण घोषणाकर्ताले घोषणा गरेको भन्दा फरक पाइएमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ।

(३) उपदफा (२) बमोजिम कसूर गरेमा भन्सार अधिकृतले जाँचपासका बखत फरक विवरण घोषणा गरे बापत विवरण फरक पाइएजति वस्तुको मूल्यको पाँच सय प्रतिशत जरिबाना र लाग्ने महसुल असुल गरी वस्तु छाडिदिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम बुझाउनु पर्ने जरिबाना र महसुल रकममा त्यस्तो वस्तु जाँचपास हुँदाका बखत बुझाइएको महसुल रकम मिलान गर्न वा घटाउन पाइने छैन।

(५) दफा ७८ बमोजिम आन्तरिक परिवहनको लागि कार्यालयबाट स्वीकृति लिई तोकिएको कार्यालयको लागि चलान गरिएको वस्तु बाटैमा विचलन गरी महसुल छली गरेमा वा कन्टेनरमा लगाइएको भूमण्डलीय स्थिति निर्धारण प्रणाली (जीपीएस) जडित ताला वा सिलसिलेवार नम्बर सहितको सिल दुरुस्त नराखेमा वा आन्तरिक परिवहनको लागि तोकिएको सडकमार्ग प्रयोग नगरेमा भन्सार अधिकृतले देहाय बमोजिम जरिबाना गर्नेछः-

(क) आन्तरिक परिवहनमा रहेको वस्तु महसुल छल्ने उद्देश्यले बाटैमा विचलन गरेको पाइएमा त्यस्ता वस्तुको मूल्यको तीन सय प्रतिशत जरिबाना गरी त्यस्तो वस्तु जफत गर्ने वा वस्तु फेला नपरेमा वस्तुको पाँच सय प्रतिशत जरिबाना गर्ने,

(ख) आन्तरिक परिवहनमा रहेको वस्तु महसुल छल्ने उद्देश्य नरहे तापनि कन्टेनरमा लगाइएको भूमण्डलीय स्थिति निर्धारण प्रणाली (जीपीएस) जडित ताला वा सिलसिलेवार नम्बर सहितको सिल दुरुस्त नराखेको वा काबु बाहिरको परिस्थिति बाहेक आन्तरिक परिवहनको लागि तोकिएको सडकमार्ग प्रयोग नगरेको वा तोकिएको समयावधिभित्र तोकिएको कार्यालयमा नपुगेको पाइएमा पचास हजार रुपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिबाना गर्ने।

८९. <u>भन्सार जाँचपास प्रतिनिधिलाई सजाय हुने:</u> (१) दफा ८७ वा ८८ बमोजिमको कार्यमा भन्सार जाँचपास प्रतिनिधि संलग्न भएको पाइएमा त्यस्तो भन्सार जाँचपास प्रतिनिधिलाई भन्सार अधिकृतले पच्चीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना वा एक महिनादेखि छ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम भन्सार जाँचपास प्रतिनिधिलाई सजाय गरिएको कारणले मात्र वस्तुको धनीले यस ऐन बमोजिम हुने सजाय वा जरिबानाबाट उन्मुक्ति पाउने छैन।

९०. <u>कर्मचारीलाई विभागीय कारबाही गर्ने:</u> (१) विभाग र कार्यालयको कर्मचारीले देहाय बमोजिमको कुनै कार्य गरेको पाइएमा विभागको कर्मचारी र कार्यालय प्रमुखको हकमा महानिर्देशकले र कार्यालयको अन्य कर्मचारीको हकमा सो कार्यालयको प्रमुखले प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्न सक्नेछः-

(क) लापरबाहीपूर्वक कार्य गरी राजस्वमा हानि नोक्सानी पुऱ्याउने,

(ख) बदनियतपूर्वक काम गरी सेवाग्राहीलाई दुःख दिने,

(ग) कार्यालयमा कार्यरत रहँदा दफा १६ बमोजिम तोकिएको पोशाक, चिन्ह र परिचयपत्र नलगाउने,

(घ) यो ऐन वा अन्य प्रचलित कानून बमोजिम महानिर्देशकले दिएको आदेश वा निर्देशनको पालना नगर्ने, वा

(ङ) यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै कार्य गर्ने।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम भ्रष्टाचार मानिने कार्य गरेको

पाइएमा त्यस्तो कर्मचारीलाई कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

९१. <u>कारबाहीको सूचना नदिई मुद्दा नचल्नेः</u> यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफ्नो ओहदाको कर्तव्य पालन सम्झी गरेको कुनै कामको सम्बन्धमा भन्सार अधिकृत वा अन्य कर्मचारीलाई मुद्दा चलाउने कारण र वादी वा निजको वारेसको नाम र ठेगाना खोली लिखित सूचना सम्बन्धित भन्सार अधिकृत वा कर्मचारीलाई बुझाएको वा हुलाकद्वारा रजिष्टर गरी पठाएको र त्यसको एक प्रति महानिर्देशक समक्ष पेश गरेको दुई महिना ननाघी त्यस्तो कर्मचारी उपर कुनै मुद्दा चल्न सक्ने छैन।

९२. <u>हानि नोक्सानी भएको रकम भराइदिन सक्नेः</u> (१) भन्सार सम्बन्धी काम गर्ने कुनै कर्मचारीलाई निजको सेवाको शर्त सम्बन्धी प्रचलित कानून बमोजिम विभागीय कारबाही चलाइएकोमा सो कानूनमा तोकिएको सजाय अपर्याप्त भयो भन्ने अख्तियारवालालाई लागेमा त्यस्तो कर्मचारीले गरेको देहायको कुनै कार्यबाट कसैलाई हानि नोक्सानी पुगेको रहेछ भने त्यस्तो हानि नोक्सानी बापत निजबाट सबै वा केही रकम भराइदिन अख्तियारवालाले आदेश दिन सक्नेछः-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको व्यवस्था लापरबाहीपूर्वक उल्लङ्घन गरेमा,

(ख) लापरबाही वा बदनियतपूर्वक नेपाल सरकारलाई हानि नोक्सानी हुने गरी कुनै काम गरेमा,

(ग) कुनै विवरण आफ्नो वा अन्य कसैको फाइदाको लागि वा कसैलाई नोक्सान पार्ने नियतले प्रकाश गरेमा वा आफूलाई सुम्पेको कामसँग सम्बन्धित गोप्य राख्नु पर्ने कुरा कसैलाई व्यक्त गरेमा, देखाएमा वा दिएमा।

(२) उपदफा (१) बमोजिम अख्तियारवालाले दिएको आदेश उपर सम्बन्धित कर्मचारीले प्रचलित कानून बमोजिम पुनरावेदन दिन सक्नेछ।

९३. <u>प्रचलित कानून बमोजिम सजाय हुने:</u> यस ऐन अन्तर्गतको कुनै कसूर अन्य प्रचलित सङ्घीय कानून बमोजिम पनि कसूर हुने रहेछ भने सो कसूरमा त्यस्तो कानून बमोजिम कारबाही र सजाय गर्न यस ऐनले बाधा पुऱ्याएको मानिने छैन।

परिच्छेद-१३

<u>मुद्दाको अनुसन्धान, तहकिकात र दायरी</u>

९४. <u>नेपाल सरकार वादी हुने:</u> यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ।

९५. <u>मुद्दा हेर्ने अधिकारी:</u> यस ऐन बमोजिम एक वर्षसम्म कैद सजाय हुने मुद्दाको सुरु कारबाही र किनारा भन्सार अधिकृतले

र एक वर्ष भन्दा बढी कैद सजाय हुने मुद्दाको सुरु कारबाही र किनारा सम्बन्धित जिल्ला अदालतले गर्नेछ।

९६. <u>अनुसन्धान अधिकृत तोक्नु पर्ने:</u> (१) यस ऐन बमोजिम पक्राउ गरी भन्सार अधिकृत समक्ष पेश गरिएको व्यक्ति वा भन्सार अधिकृतले जारी गरेको सूचनाको म्यादभित्र उपस्थित भएको व्यक्ति वा कारबाहीको लागि कब्जामा लिई बुझाइएको तोकिए बमोजिमको रकम भन्दा बढी मूल्यको वस्तुको सम्बन्धमा अनुसन्धान, तहकिकात गरी कारबाही गर्नु पर्ने देखिएमा त्यस्तो मुद्दाको अनुसन्धान, तहकिकात गर्न भन्सार अधिकृतले कार्यालयको कुनै कर्मचारीलाई अनुसन्धान अधिकृतको रूपमा काम गर्न तोक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुसन्धान अधिकृत तोक्दा सम्भव भएसम्म अधिकृतस्तरको कर्मचारी तोक्नु पर्नेछ।

९७. <u>अनुसन्धान अधिकृतको काम, कर्तव्य र अधिकार:</u> (१) अनुसन्धान अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मुद्दाको अनुसन्धानको सिलसिलामा अभियुक्तको बयान लिने, मुद्दासँग सम्बन्धित प्रमाण सङ्कलन गर्ने, मुद्दासँग सम्बन्धित देखिएका अन्य व्यक्तिलाई म्याद जारी गरी झिकाउने, बुझ्ने,

(ख) कुनै घर, भवन, पसल, गोदाम वा ठाउँको खानतलासी लिने,

(ग) कसूरसँग सम्बन्धित व्यक्ति फरार भएमा निजलाई पक्राउ गर्ने वा गर्न लगाउने,

(घ) मुद्दाको अनुसन्धानको सिलसिलामा तत्काल प्राप्त प्रमाणबाट अभियोग लागेको व्यक्ति कसूरदार हुन सक्ने देखिएमा निजबाट उक्त कसूरमा यस ऐन बमोजिम हुन सक्ने कैद, जरिबाना बापतको रकम र बिगो समेत असुल गर्नु पर्नेमा त्यस्तो बिगो बराबरको रकम समेत खाम्ने गरी नगद धरौटी माग गर्ने र निजले धरौटी दाखिला गरेमा तारिखमा राखी मुद्दाको अनुसन्धान, तहकिकात गर्ने,

(ङ) खण्ड (घ) बमोजिम माग गरेको नगद धरौटी दाखिला नगरेमा मुद्दा हेर्ने अधिकारीको अनुमति लिई थुनामा राखी मुद्दाको कारबाही गर्ने,

(च) खण्ड (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि थुनामा नराखेको खण्डमा निजले प्रमाण लोप गराउन सक्ने वा भाग्ने वा पछि पक्राउ गर्न सकिने न्यून सम्भावना रहेकोमा त्यस्तो अभियुक्तलाई थुनामा राखी मुद्दाको अनुसन्धान गर्ने।

(२) उपदफा (१) को खण्ड (घ) बमोजिम कैद बापतको धरौटी लिंदा एक दिन कैद बराबर तीन सय रुपैयाँका दरले लिनु पर्नेछ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुसन्धानको सिलसिलामा पेश हुन आएका वस्तुमध्ये जीवित जनावर वा छिटो नाश हुन सक्ने वस्तु वा गुणस्तर कायम राख्न वा स्थानको अभावले वा सुरक्षाको दृष्टिले कार्यालय वा भन्सार वेयर हाउसमा राख्न नमिल्ने वा नसकिने वस्तु भएमा अनुसन्धान अधिकृतले तोकिए बमोजिम तुरुन्त लिलाम बिक्री गरी प्राप्त रकम धरौटीमा राख्न वा त्यस्तो वस्तु कुनै सरकारी निकायमा दाखिला गर्न पठाउन सक्नेछ।

९८. <u>मुद्दा दायर गर्नु पर्ने:</u> (१) अनुसन्धान अधिकृतले यस ऐन बमोजिमको कसूरमा अनुसन्धानको काम सुरु गरेको पच्चीस दिनभित्र अनुसन्धान सम्पन्न गरी मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नु पर्नेछ।

(२) दफा ९४ बमोजिम नेपाल सरकार वादी हुने मुद्दाको हकमा उपदफा (१) बमोजिम मुद्दा दायर गर्दा सरकारी वकिलबाट निर्णय भएको हुनु पर्नेछ।

९९. <u>थुनुवा पुर्जी दिनु पर्ने:</u> यस ऐन बमोजिम अनुसन्धान अधिकृत वा मुद्दा हेर्ने अधिकारीले कुनै व्यक्तिलाई थुनामा राख्दा त्यसरी थुनामा राख्नु पर्नाको कारण र सोको कानूनी आधार खुलाई तोकिए बमोजिमको ढाँचामा थुनुवा पुर्जी दिनु पर्नेछ।

१००. <u>थुनामा राख्न सकिने अधिकतम अवधि:</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभियुक्तलाई पुर्पक्षको लागि थुनामा राख्दा निज उपर लगाइएको अभियोग प्रमाणित

भएमा हुन सक्ने अधिकतम कैदको सजायको अवधि भन्दा बढी अवधिसम्म थुनामा राखिने छैन।

परिच्छेद-१४
मुद्दाको कारबाही, निर्णय र कार्यान्वयन

१०१. मुद्दाको कारबाही प्रारम्भ गर्नु पर्नेः यस ऐन बमोजिम कुनै कसूरका सम्बन्धमा दफा ९८ बमोजिम अनुसन्धान अधिकारीले भन्सार अधिकृत समक्ष मुद्दा दायर गरेपछि भन्सार अधिकृतले त्यस्तो मुद्दाको कारबाही तुरुन्त प्रारम्भ गर्नु पर्नेछ।

१०२. अभियुक्तको बयान गराउनु पर्नेः (१) यस ऐन बमोजिम भन्सार अधिकृतबाट कारबाही र किनारा हुने कसूरको सम्बन्धमा अभियुक्त उपस्थित भएपछि भन्सार अधिकृतले निजको लिखित बयान लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बयान लिँदा बुझ्नुपर्ने कुनै कुरा छुट भएमा भन्सार अधिकृतले त्यस्तो अभियुक्तलाई उपस्थित गराउन लगाई निजसँग छुट कुराको बयान पुनः लिन सक्नेछ।

१०३. मुद्दाको निर्णय तत्काल गर्न सक्नेः (१) कुनै अभियुक्तले आफूलाई लागेको कसूरको आरोप स्वीकार गरी भन्सार अधिकृत समक्ष साविती बयान दिएमा भन्सार अधिकृतले त्यस्तो बयानको सत्यता र विश्वसनीयतालाई समेत विचार गरी

अन्य कुनै प्रमाण बुझ्नु पर्ने नदेखिएमा मुद्दाको निर्णय तत्काल गर्न सक्नेछ।

(२) कुनै अभियुक्तले निजलाई लागेको आरोपको सम्बन्धमा आंशिक रूपमा सावित भएमा भन्सार अधिकृतले निज सावित नभएको हदसम्मको विषयमा थप प्रमाण बुझ्ने आदेश दिन सक्नेछ।

१०४. <u>थुना वा तारेखमा राखी कारबाही गर्ने:</u> (१) यस ऐन बमोजिम कुनै अभियुक्त तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने भएमा वा कसूरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिब आधार भएमा भन्सार अधिकृतले निजलाई उक्त कसूरमा यस ऐन बमोजिम हुन सक्ने कैद, जरिबाना बापतको रकम र बिगो समेत असुल गर्नु पर्नेमा सो बराबरको रकम समेत खाम्ने गरी नगद धरौटी माग गर्न सक्नेछ। त्यसरी माग गरिएको धरौटी रकम अभियुक्तले दाखिला गरेमा निजलाई तारिखमा राखी मुद्दाको कारबाही गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम माग गरेको नगद धरौटी दाखिला नगरेमा वा गर्न नसकेमा वा कुनै अभियुक्तलाई थुनामा नराखेमा निजले प्रमाण लोप गराउन सक्ने वा भाग्ने वा पछि पक्राउ गरी मुद्दाको कारबाही गर्न सक्ने सम्भावना कम रहेमा त्यस्तो अभियुक्तलाई भन्सार अधिकृतले पुर्पक्षको लागि थुनामा राख्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम कैद बापतको धरौटी लिँदा दफा ९७ को उपदफा (२) मा लेखिएको दर बमोजिम लिनु पर्नेछ।

(४) कुनै अभियुक्तबाट धरौटी लिँदा तोकिएको तारिखमा उपस्थित नभएमा धरौटी जफत हुने शर्त उल्लेख गरी तोकिए बमोजिमको ढाँचामा कागज गराउनु पर्नेछ।

१०५. आदेश पर्चा खडा गर्नु पर्नेः यस ऐन बमोजिम कुनै अभियुक्तलाई थुनामा राख्दा, थुनामा राखिएको अभियुक्तलाई छोड्दा वा कुनै अभियुक्तसँग धरौटी लिँदा कारण सहितको आदेश पर्चा खडा गर्नु पर्नेछ।

१०६. समाह्वान वा पक्राउ पुर्जी जारी गर्नेः (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दामा उजुरीसाथ उपस्थित नभएका अभियुक्तलाई उपस्थित गराउन भन्सार अधिकृतले सम्बन्धित अभियुक्तका नाममा पन्ध्र दिनको म्याद दिई तोकिए बमोजिम समाह्वान जारी गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अभियुक्त भागी पुनः पक्राउ हुन नसक्ने सम्भावना छ भन्ने विश्वास गर्नु पर्ने मनासिब कारण भएमा वा समाह्वानमा तोकिएको म्यादमा अभियुक्त कार्यालयमा उपस्थित नभएमा त्यस्तो अभियुक्तको हकमा भन्सार अधिकृतले तोकिए बमोजिम पक्राउ पुर्जी जारी गर्न सक्नेछ।

१०७. म्याद थाम्न र वारिस नियुक्त गर्न नपाइनेः यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दामा दफा १०६ बमोजिम जारी भएको म्याद थाम्न र वारिस नियुक्त गर्न पाइने छैन।

१०८. <u>अदालतलाई भए सरहको अधिकार हुनेः</u> भन्सार अधिकृतलाई यस ऐनको प्रयोजनको लागि सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने, लिखत पेश गर्न लगाउने र मुद्दाको पुर्पक्ष गर्ने सम्बन्धमा प्रचलित कानून बमोजिम सुरु अदालतलाई भए सरहको अधिकार हुनेछ।

१०९. <u>धरौटी जफत हुने</u>ः (१) यस ऐन बमोजिम धरौटी राख्ने व्यक्ति कार्यालयबाट तोकिएको तारिखमा उपस्थित नभएमा निजले राखेको धरौटी जफत हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभियुक्तसँग दफा १०४ बमोजिम धरौटी लिई मुद्दाको कारबाही गरिएकोमा सो मुद्दाको निर्णय हुँदा अभियोग प्रमाणित भएमा निजले तिर्नु बुझाउनु पर्ने जरिबाना बापतको रकम उक्त धरौटीबाट सदरस्याहा गरी असुल गरिने छ। तारिख गुजारेको आधारमा मात्र पुनः जरिबानाको रकम असुल गरिने छैन।

११०. <u>मुद्दा निर्णय गर्नु पर्ने अवधि र ढाँचा</u>ः (१) यस ऐन बमोजिमको मुद्दामा प्रमाण बुझ्ने कार्य समाप्त भएको सामान्यतया पैतालीस दिनभित्र भन्सार अधिकृतले मुद्दाको निर्णय गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र निर्णय गर्न नसकिएमा कारण खुलाई महानिर्देशकलाई त्यसको जानकारी गराउनु पर्नेछ।

(३) यस दफा बमोजिम मुद्दाको निर्णय गर्दा तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमका कुरा खुलाउनु पर्नेछ।

१११. <u>निर्णय कार्यान्वयन गर्ने</u>: यस ऐन बमोजिमको मुद्दामा भएको निर्णय कार्यान्वयन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद-१५
<u>जफत वा खरिद गरिएका वा कब्जामा लिइएका वस्तुको व्यवस्थापन</u>

११२. <u>जफत वा खरिद गरिएका वस्तु व्यवस्थापन गर्ने</u>: (१) यस ऐन बमोजिम जफत गरिएका वा दफा ४४ को उपदफा (४) बमोजिम खरिद गरिएका वस्तु देहायका मध्ये कुनै तरिकाले व्यवस्थापन गर्न सकिनेछः-

(क) मन्त्रालयले निर्णय गरी कुनै सरकारी निकायलाई हस्तान्तरण गर्न,

(ख) तोकिए बमोजिम लिलाम बिक्री गर्न,

(ग) खण्ड (ख) बमोजिम लिलाम बिक्री हुन नसकेको वा कुनै किसिमले प्रयोगमा ल्याउन नसकिने अवस्थाको वस्तु भएमा तोकिए बमोजिम सडाउन, गलाउन वा नष्ट गर्न,

(घ) वस्तु लिलाम बिक्री गर्नु भन्दा विपद्बाट प्रभावित व्यक्तिलाई वितरण गर्नको लागि सम्बन्धित सरकारी निकायलाई दिँदा बढी उपयोगी हुने देखिएमा मन्त्रालयको स्वीकृति लिई भन्सार अधिकृतले त्यस्तो सरकारी निकायलाई हस्तान्तरण गर्न।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि जफत भई वा कार्यालयबाट नछुटाई नेपाल सरकारको नाममा दाखिल हुन आएको सुन, चाँदी, जवाहिरात वा प्रचलित

कानून बमोजिम इजाजत लिएर मात्र बिक्री गर्न पाइने वस्तु वा बहुमूल्य खनिज पदार्थको लिलाम बिक्री वा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

तर चाँदीका गरगहना वा चाँदीका अन्य तयारी वस्तु भन्सार अधिकृतले उपदफा (१) को खण्ड (ख) बमोजिम लिलाम बिक्री गर्न सक्नेछ।

(३) यस ऐन बमोजिम कब्जामा लिइएको कुनै वस्तु सड्ने, गल्ने वा पुरानो भई मूल्य घट्न जाने वा भन्सार वेयर हाउस वा स्थानको अभावले राख्न कठिनाई भएमा भन्सार अधिकृतले मुद्दाको निर्णय गर्नु अगावै तोकिए बमोजिम लिलाम बिक्री गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिमको लिलाम बिक्रीबाट प्राप्त रकम कार्यालयले धरौटी खातामा आम्दानी बाँध्नु पर्नेछ।

(५) दफा ९७ को उपदफा (३) वा यस दफा बमोजिम लिलाम बिक्रीबाट प्राप्त हुन आएको रकम वस्तुको धनीले माग गरी निवेदन दिएमा देहायको अवस्थामा मात्र त्यस्तो रकम कार्यालयले निजलाई भुक्तानी दिनेछः-

(क) चोरी पैठारी वा चोरी निकासीको अभियोगमा यस ऐन बमोजिम पक्राउ परी लिलाम बिक्री गरिएको वस्तु चोरी पैठारी वा चोरी निकासी गरेको नठहर्ने गरी मुद्दाको अन्तिम निर्णय भएकोमा त्यस्तो निर्णय भएको मितिले पैंतीस दिनभित्र निवेदन दिएमा, वा

(ख) दफा ४९ को उपदफा (४) वा दफा ६७ बमोजिम जफत भई लिलाम बिक्री गरिएको वस्तु आफ्नो हो भनी सम्बन्धित व्यक्तिले

भन्सार अधिकृत समक्ष लिलाम बिक्री भएको मितिले पैंतीस दिनभित्र प्रमाण सहित उपदफा (६) बमोजिमको रकम कटाई बाँकी रहेको रकम फिर्ता पाउँ भनी निवेदन पेश गरेमा र त्यस्तो प्रमाणबाट सो वस्तु निजको हो भन्ने कुरा पुष्टि भएमा।

(६) उपदफा (५) बमोजिम कार्यालयले भुक्तानी दिंदा देहाय बमोजिमको रकम कटाएर बाँकी रकम मात्र भुक्तानी दिनु पर्नेछः-

(क) वस्तु लिलाम बिक्री गर्दा लिलाम बिक्री गरेको मूल्यमा लागेको कर र सो वस्तु भण्डारण गर्ने प्रयोजनमा लागेको खर्च वा विलम्ब शुल्क र लिलाम बिक्री गर्ने प्रयोजनमा लागेको खर्च, र

(ख) जुन वस्तु लिलाम बिक्री गरिएको हो त्यस्तै वस्तु सामान्य रूपमा पैठारी हुँदा लिलाम बिक्री भएको दिन लाग्न सक्ने महसुल रकम र व्याज लागेकोमा सो रकम समेत।

११३. <u>कब्जामा लिएको सवारी साधनको व्यवस्थापनः</u> (१) चोरी निकासी वा चोरी पैठारीमा प्रयोग भई कार्यालयमा दाखिला हुन आएको सवारी साधन स्थानको अभाव वा संरक्षण गर्न नसकिने कारणबाट सो कार्यालयमा राखी राख्न उपयुक्त नदेखिएमा भन्सार अधिकृतले तोकिए बमोजिमको समितिबाट त्यस्तो सवारी साधनको मूल्य कायम गराई तोकिए बमोजिम लिलाम बिक्री गर्न वा गराउन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो सवारी साधनको धनीले उपदफा (१) बमोजिम कायम भएको मूल्य तथा सो मूल्यमा प्रचलित कानून बमोजिम लाग्ने कर तथा अन्य शुल्क वा दस्तुर बापत लाग्ने रकम नगद धरौटी राखी सो सवारी साधन छुटाई लैजान निवेदन दिएमा भन्सार अधिकृतले त्यस्तो सवारी साधन निजलाई फिर्ता दिन सक्नेछ। त्यसरी फिर्ता दिएको सवारी साधन मुद्दाको किनारा हुँदा जफत हुने ठहरेमा कार्यालयले त्यस्तो सवारी साधनको धनीले राखेको धरौटी रकम सदरस्याहा गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम धरौटी लिई फिर्ता दिइएको सवारी साधन जफत नहुने ठहर भएमा सवारी धनीले राखेको धरौटी रकम कार्यालयले तोकिए बमोजिम निजलाई फिर्ता दिनु पर्नेछ।

परिच्छेद-१६
प्रशासकीय पुनरावलोकन तथा पुनरावेदन

११४. प्रशासकीय पुनरावलोकनः (१) कार्यालय प्रमुख बाहेक कार्यालयका अन्य कर्मचारीले गरेको कार्य, आदेश वा निर्णयको सम्बन्धमा त्यस्तो कार्य, आदेश वा निर्णयमा चित्त नबुझ्ने पक्षले त्यस्तो कार्य, आदेश वा निर्णय भएको मितिले पन्ध्र दिनभित्र कार्यालय प्रमुख समक्ष पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ।

(२) यस ऐन बमोजिम चोरी निकासी वा चोरी पैठारीको कसूर मानिने मुद्दा र सोसँग सम्बन्धित विषयमा बाहेक कार्यालय प्रमुखले गरेको भन्सार मूल्य निर्धारण तथा वस्तुको

वर्गीकरण सम्बन्धी आदेश, निर्णय वा अन्य कुनै कार्यमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश, निर्णय वा कार्य भए गरेको मितिले तीस दिनभित्र महानिर्देशक समक्ष पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम पुनरावलोकनको लागि महानिर्देशक समक्ष निवेदन दिँदा तोकिए बमोजिमका कागजात र भन्सार मूल्य निर्धारण तथा वस्तुको वर्गीकरण सम्बन्धी विषय भए निवेदन साथ सम्भव भएसम्म त्यस्तो वस्तुको नमूना समेत पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम निवेदन दिँदा निवेदन साथ कागजात पेश गर्न नसकेमा महानिर्देशकले तोकिए बमोजिमको म्याद थप गर्न सक्नेछ।

(५) उपदफा (२) वा (३) बमोजिम निवेदन दिँदा जुन आदेश वा निर्णयको विरुद्ध निवेदन दिने हो त्यस्तो आदेश वा निर्णय बमोजिम लागेको महसुल र जरिबाना लागेको भए सो समेत बुझाएको वा सो बराबरको रकम सम्बन्धित कार्यालयमा धरौटी राखेको निस्सा समेत निवेदन साथ संलग्न हुनु पर्नेछ।

तर त्यस्तो महसुल वा जरिबानाको रकम बुझाउन नसकी थुनामा रहेको व्यक्तिले पुनरावलोकनको लागि निवेदन दिन चाहेमा धरौटी नराखी निवेदन दिन सक्नेछ।

(६) प्रशासकीय पुनरावलोकन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

११५. <u>प्रशासकीय पुनरावलोकन उपर निर्णय गर्ने:</u> (१) दफा ११४ बमोजिम पर्न आएको पुनरावलोकनको निवेदन उपर

महानिर्देशकले साठी दिनभित्र र कार्यालय प्रमुखले सात दिनभित्र निर्णय गरिसक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम महानिर्देशक वा कार्यालय प्रमुखले निर्णय गर्दा आवश्यक जाँचबुझ गरी सुरुको आदेश वा निर्णय केही वा पूरै सदर वा बदर गरिदिन वा पुनः निर्णयका लागि आदेश दिन वा यस ऐन बमोजिम आधार र कारण खुलाई आफैंले निर्णय गर्न सक्नेछ।

(३) उपदफा (१) मा उल्लिखित म्यादभित्र महानिर्देशक वा कार्यालय प्रमुखले निर्णय दिन नसकेको मनासिब कारण भएमा त्यस्तो म्याद समाप्त हुनु अगावै निवेदकलाई सोको कारण सहितको जानकारी दिनु पर्नेछ।

(४) महानिर्देशकले यस दफा बमोजिम वस्तुको वर्गीकरण सम्बन्धमा पुनरावलोकनको लागि परेको निवेदन उपर निर्णय गर्दा दफा ४७ को उपदफा (१) को अधीनमा रही दफा ४८ को उपदफा (३) बमोजिम गर्न सक्नेछ।

(५) महानिर्देशकले वस्तुको भन्सार मूल्याङ्कन सम्बन्धमा पुनरावलोकनको लागि परेको निवेदन उपर निर्णय गर्दा दफा ४२ को अधीनमा रही गर्नु पर्नेछ।

(६) महानिर्देशकले वस्तुको वर्गीकरण सम्बन्धी विषयमा पुनरावलोकनको निर्णय गर्दा भन्सारसँग सम्बन्धित कुनै अन्तर्राष्ट्रिय निकायसँग राय माग गरेको अवस्थामा उपदफा (१) बमोजिमको समयावधि लागू हुने छैन।

(७) यस दफा बमोजिम पुनरावलोकनको निवेदन उपर निर्णय गर्दा आधार र कारण समेत खुलाउनु पर्नेछ।

(८) कार्यालय प्रमुखले पुनरावलोकनको लागि परेको निवेदन उपर उपदफा (१) बमोजिमको म्यादभित्र निर्णय गर्न

नसकेमा मर्कापर्ने व्यक्तिले त्यसरी म्याद नाघेको तीस दिनभित्र महानिर्देशक समक्ष निवेदन दिन सक्नेछ।

(९) उपदफा (८) बमोजिम कसैको निवेदन पर्न आएमा महानिर्देशकले तत्सम्बन्धमा यथाशीघ्र निर्णय गर्न सम्बन्धित कार्यालय प्रमुखलाई आदेश दिनु पर्नेछ।

(१०) यस दफा बमोजिम पुनरावलोकनको निवेदन उपर महानिर्देशक वा कार्यालय प्रमुखले गरेको आदेश वा निर्णयको लिखित जानकारी सम्बन्धित कार्यालयले तीन दिनभित्र सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ।

११६. <u>पुनरावेदनः</u> (१) यस ऐन बमोजिम महानिर्देशक, भन्सार अधिकृत वा भन्सार परीक्षकले देहायको विषयमा गरेको आदेश वा निर्णयमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश वा निर्णयको जानकारी प्राप्त भएको मितिले पैंतीस दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछः-

(क) दफा ११५ बमोजिम भन्सार मूल्य निर्धारण सम्बन्धमा गरेको पुनरावलोकनको निर्णय,

(ख) परिच्छेद-१८ बमोजिम महसुल निर्धारण वा जरिबाना गर्ने गरी गरेको निर्णय,

(ग) यस ऐन बमोजिम भन्सार अधिकृतले गरेको सजाय।

तर जिल्ला अदालतले गरेको निर्णय उपर चित्त नबुझेमा सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन दिने व्यक्तिले जुन निर्णय वा आदेशका विरुद्ध पुनरावेदन गर्ने हो त्यस्तो

निर्णय वा आदेश बमोजिम लागेको महसुल र जरिबानाको रकममध्ये विवाद रहित भन्सार महसुल सम्बन्धित भन्सार कार्यालय वा जाँचपास परीक्षण कार्यालयमा बुझाई विवादित भन्सार महसुल र जरिबानाको शतप्रतिशत रकम धरौटी राख्नु पर्नेछ।

तर त्यस्तो महसुल र जरिबानाको रकम बुझाउन नसकी थुनामा रहेको व्यक्तिले धरौटी नराखी पुनरावेदन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको धरौटी रकम सम्बन्धित भन्सार कार्यालय वा जाँचपास परीक्षण कार्यालयको नाममा कोष तथा लेखा नियन्त्रक कार्यालयमा रहेको धरौटी खातामा दाखिल गरेको बैङ्क भौचर वा त्यस्तो रकम बराबरको बैङ्क जमानतपत्र पुनरावेदन निवेदन साथ पेश गर्नु पर्नेछ।

(४) अन्य प्रचलित सङ्घीय कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ११४ बमोजिम प्रशासकीय पुनरावलोकन गर्ने व्यवस्था भएकोमा पुनरावलोकनको निर्णय भएपछि मात्र त्यस्तो निर्णयमा चित्त नबुझेमा यस दफा बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न सकिनेछ।

(५) यस दफा बमोजिम पुनरावेदन गरेको सात दिनभित्र पुनरावेदकले पुनरावेदनको प्रतिलिपि सम्बन्धित कार्यालय वा जाँचपास परीक्षण कार्यालयमा अनिवार्य रूपमा दिनु पर्नेछ।

परिच्छेद-१७
भन्सार जाँचपास प्रतिनिधि

११७. भन्सार जाँचपास प्रतिनिधि नियुक्त गर्न सक्नेः (१) कुनै वस्तुको धनीले निकासी वा पैठारी गर्ने वस्तु कार्यालयबाट तोकिए बमोजिम आफैंले छुटाई लैजान नसक्ने भएमा वा

कार्यालयसँग सम्बन्धित कुनै कार्य आफैंले नगरी भन्सार जाँचपास प्रतिनिधि मार्फत गराउन चाहेमा निजले तोकिए बमोजिम भन्सार जाँचपास प्रतिनिधि नियुक्त गर्न सक्नेछ।

तर भन्सार जाँचपास प्रतिनिधिले भन्सार जाँचपासको लागि पुनः प्रतिनिधि नियुक्त गर्न पाउने छैन।

(२) कुनै वस्तुको धनी प्रचलित कानून बमोजिम दर्ता भएको कुनै फर्म, कम्पनी, सङ्गठित संस्था वा निकाय रहेछ भने त्यस्तो फर्म, कम्पनी, सङ्गठित संस्था वा निकायको सञ्चालक, साझेदार, कार्यकारी प्रमुख, प्रशासकीय प्रमुख वा कार्यकारी प्रमुखले तोकेको सो फर्म, कम्पनी, सङ्गठित संस्था वा निकायको कर्मचारीले कार्यालयमा उपस्थित भई वस्तु छुटाउन वा कार्यालयसँग सम्बन्धित अन्य कार्य गर्न सक्नेछ।

११८. भन्सार जाँचपास प्रतिनिधिको इजाजतपत्र लिनु पर्नेः (१) निकासी वा पैठारी हुने वस्तु कार्यालयबाट छुटाउन वा कार्यालयसँग सम्बन्धित कामको लागि भन्सार जाँचपास प्रतिनिधिको रूपमा काम गर्न चाहने व्यक्तिले विभाग वा भन्सार कार्यालयबाट भन्सार जाँचपास प्रतिनिधिको इजाजतपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम भन्सार जाँचपास प्रतिनिधिको इजाजतपत्र प्राप्त गर्न देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछः-

(क) एक्काईस वर्ष उमेर पूरा भएको नेपाली नागरिक,

(ख) मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक उपाधि हासिल गरेको,

(ग) कुनै फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर नभएको।

(३) भन्सार जाँचपास प्रतिनिधिको योग्यता र इजाजतपत्र दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन जारी हुँदाका बखत इजाजतपत्र प्राप्त भन्सार एजेन्ट यो ऐन प्रारम्भ भएपछि स्वतः भन्सार जाँचपास प्रतिनिधिको रूपमा परिणत हुनेछ।

११९. <u>भन्सार जाँचपास प्रतिनिधि वस्तुको धनी मानिने</u>: कुनै वस्तुको धनीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफ्नो वस्तु कार्यालयबाट छुटाउनको लागि वा कार्यालयसँग सम्बन्धित अन्य कार्य गर्नको लागि नियुक्त गरेको भन्सार जाँचपास प्रतिनिधि सो प्रयोजनको लागि त्यस्तो वस्तुको धनी सरह मानिनेछ।

१२०. <u>भन्सार जाँचपास प्रतिनिधिको काम र कर्तव्यः</u> भन्सार जाँचपास प्रतिनिधिको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) कुनै निकासीकर्ता वा पैठारीकर्ताको वस्तु कार्यालयबाट छुटाउने अख्तियारी पाएकोमा नियमानुसार त्यस्तो वस्तु घोषणा गरी कार्यालयबाट जाँचपास गराई छुटाउने,

(ख) भन्सार जाँचपास प्रतिनिधि नियुक्त गर्ने निकासीकर्ता वा पैठारीकर्तालाई आफू समक्ष उपस्थित गराउन भन्सार अधिकृतले लिखित सूचना दिएमा त्यस्तो सूचना सम्बन्धित निकासीकर्ता वा पैठारीकर्तालाई दिने,

(ग) भन्सार जाँचपास प्रक्रियालाई सरलीकरण गर्ने, महसुल असुल गर्ने कार्यमा कार्यालयलाई सहयोग गर्ने र महसुल असुल गर्न बाँकी भए असुल गर्न आवश्यक सहयोग गर्ने,

(घ) भन्सार सम्बन्धी कानूनको परिपालना गर्ने।

१२१. <u>भन्सार जाँचपास प्रतिनिधि जिम्मेवार हुने:</u> दफा ११८ बमोजिम इजाजतपत्र प्राप्त भन्सार जाँचपास प्रतिनिधिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरी वस्तुको धनीलाई हानि नोक्सानी पुऱ्याएमा निजले सो हानि नोक्सानी बराबरको रकम तोकिए बमोजिम त्यस्तो वस्तुको धनीलाई तिर्नु पर्नेछ।

१२२. <u>इजाजतपत्र निलम्बन वा रद्द गर्न सक्ने:</u> (१) भन्सार अधिकृतले देहायको अवस्थामा भन्सार जाँचपास प्रतिनिधिको इजाजतपत्र एक महिनादेखि छ महिनासम्म निलम्बन गर्न सक्नेछः-

(क) दफा ८९ बमोजिम सजाय पाएको,

(ख) दफा १२० बमोजिमको कर्तव्य पालना नगरेको,

(ग) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेको।

(२) कुनै भन्सार जाँचपास प्रतिनिधिको विरुद्धमा प्रचलित कानून बमोजिम कुनै फौजदारी कसूरमा अदालतमा मुद्दा दायर भएमा निजको भन्सार जाँचपास प्रतिनिधिको इजाजतपत्र त्यसरी मुद्दा दायर भएको मितिदेखि स्वतः निलम्बन हुनेछ।

(३) महानिर्देशकले देहायको अवस्थामा भन्सार जाँचपास प्रतिनिधिको इजाजतपत्र रद्द गर्न सक्नेछः-

(क) इजाजतपत्र उपदफा (१) बमोजिम तीन पटकसम्म निलम्बन भएमा,

(ख) नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य झुट्टा कागजात वा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको भनी भन्सार अधिकृतले निजको इजाजतपत्र रद्द गर्नको लागि महानिर्देशक समक्ष लेखी पठाएमा,

(ग) चोरी निकासी, चोरी पैठारी वा राजस्व चुहावट हुने कुनै कार्यमा संलग्न भएको पाइएमा,

(घ) कुनै फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर भएमा,

(ङ) आफूले प्राप्त गरेको इजाजतपत्र रद्द गरिपाउँ भनी महानिर्देशक समक्ष निवेदन दिएमा,

(च) शारीरिक वा मानसिक अस्वस्थताको कारण भन्सार जाँचपास प्रतिनिधिको रूपमा कार्य गर्न असमर्थ रहेको,

(छ) निजको मृत्यु भएमा।

(४) उपदफा (१) बमोजिम इजाजतपत्र निलम्बन वा उपदफा (३) को खण्ड (क), (ख) वा (ग) बमोजिम इजाजतपत्र रद्द गर्नु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौका दिनु पर्नेछ।

(५) उपदफा (१) वा (२) बमोजिम भन्सार जाँचपास प्रतिनिधिको इजाजतपत्र निलम्बन भएकोमा सो अवधिभर र उपदफा (३) बमोजिम भन्सार जाँचपास प्रतिनिधिको इजाजतपत्र रद्द भएपछि त्यस्तो व्यक्तिले भन्सार जाँचपास प्रतिनिधि सम्बन्धी कुनै काम गर्न पाउने छैन।

(६) उपदफा (३) को खण्ड (च) बमोजिमको अवस्थामा बाहेक यस दफा बमोजिम इजाजतपत्र रद्द भएको व्यक्ति पुनः भन्सार जाँचपास प्रतिनिधिको इजाजतपत्र प्राप्त गर्न योग्य हुने छैन।

परिच्छेद-१८

जाँचपासपछिको परीक्षण तथा पुनरावलोकन

१२३. जाँचपासपछि परीक्षण गर्न सकिने: (१) निकासी वा पैठारी भएको कुनै वस्तुको सम्बन्धमा देहायका कुराहरू यकिन गर्नको लागि महानिर्देशक, भन्सार परीक्षक वा महानिर्देशकले तोकेको भन्सार अधिकृतले कुनै निकासीकर्ता वा पैठारीकर्ताको वस्तु खरिद, बिक्री, निकासी वा पैठारी सम्बन्धी खाता, स्रेस्ता अभिलेख वा अन्य यस्तै कागजात, बैङ्क अभिलेख, कम्प्युटर

प्रणाली लगायत निजको व्यवसायसँग सम्बन्धित सम्पूर्ण विवरण, कागजात वा अभिलेख परीक्षण गर्न सक्नेछः-

(क) दफा २८ को उपदफा (५) बमोजिम वस्तु घोषणा गरे वा नगरेको,

(ख) घोषणा बमोजिमको वस्तु भए वा नभएको,

(ग) वस्तुको भन्सार मूल्य यथार्थ भए वा नभएको,

(घ) वस्तुको वर्गीकरण उपशीर्षक ठीक भए वा नभएको,

(ङ) वस्तु निकासी वा पैठारी गर्दाका बखत प्रचलित कानून बमोजिम बुझाउनु पर्ने महसुल बुझाए वा नबुझाएको,

(च) यस ऐन वा प्रचलित कानून बमोजिम पूर्ण वा आंशिक भन्सार महसुल छुट वा सुविधामा पैठारी गरेको वस्तु उद्देश्य बमोजिम प्रयोग भए वा नभएको र सम्बन्धित व्यक्तिले पैठारी गरे वा नगरेको,

(छ) वस्तु पैठारी गर्दा प्रज्ञापनपत्र, खरिद बीजक वा पैठारी सम्बन्धी अन्य कागजातमा उल्लेख गरेको नाप, आकार, एकाइ र निजको खरिद खाता, बिक्री खाता, बिक्री बीजकमा उल्लेख भएको नाप, आकार र एकाइमा एकरुपता भए वा नभएको।

(२) कार्यालयबाट दफा ३१ को उपदफा (१) को खण्ड (ग) बमोजिम जाँचपास भएको वस्तुमा उपदफा (१) मा

उल्लिखित कुराहरू भए वा नभएको सम्बन्धमा यकिन गर्न परीक्षण गर्नु पर्नेछ।

१२४. <u>घटी देखिएको महसुल तथा जरिबाना असुल गर्नेः</u> (१) जाँचपासपछिको परीक्षण गर्दा घोषणाकर्ताले घोषणा गरेको भन्दा वा घोषणा गरे अनुरूपको भन्दा भिन्न वस्तु निकासी वा पैठारी गरेको पाइएमा वा त्यस्तो वस्तुको मूल्य वा परिमाण घटी घोषणा गरेको कारणले लाग्ने भन्दा घटी महसुल असुल भएको देखिएमा भन्सार परीक्षकले त्यस्तो वस्तुको महसुल पुनः निर्धारण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम महसुल निर्धारण गर्दा त्यस्तो वस्तु जाँचपास हुँदाका बखत घटी मूल्य वा परिमाण घोषणा गरेको कारणले घटी हुन गएको महसुल, परिमाण घटी घोषणा गरे बापत यस ऐन बमोजिम हुने जरिबाना रकम र मूल्य घटी घोषणा गरेकोमा भन्सार परीक्षकले त्यस्तो वस्तुमा लाग्ने महसुलको शतप्रतिशत रकम जरिबाना गरी सो समेत सम्बन्धित वस्तुको धनीबाट असुल गर्नु पर्नेछ।

(३) जाँचपासपछिको परीक्षण गर्दा वस्तुको वर्गीकरणको उपशीर्षक फरक पारेको कारणले लाग्ने भन्दा घटी महसुल असुल भएको देखिएमा भन्सार परीक्षकले त्यसरी घटी हुन गएको महसुल रकम र सो बराबरको जरिबाना समेत सम्बन्धित वस्तुको धनीबाट असुल गर्नु पर्नेछ।

(४) जाँचपासपछिको परीक्षण गर्दा उपदफा (२) वा (३) मा उल्लेख भएको बाहेक अन्य कुनै कारणबाट लाग्ने भन्दा घटी महसुल असुल भएको पुष्टि भएमा त्यसरी घटी असुल भएको महसुल रकम र सो बराबर जरिबाना समेतको

रकम भन्सार परीक्षकले सम्बन्धित वस्तुको धनीबाट असुल गर्नु पर्नेछ।

तर घोषणाकर्ताको कारणले बाहेक अन्य कारणबाट लाग्ने भन्दा घटी महसुल असुल हुन गएको रहेछ भने जरिबाना लगाइने छैन।

(५) जाँचपासपछिको परीक्षण गर्दा कसैले यस ऐन वा अन्य प्रचलित कानून बमोजिम पूर्ण वा आंशिक भन्सार महसुल छुट वा सुविधामा पैठारी गरेको वस्तु जुन उद्देश्यले पैठारी गरेको हो सो उद्देश्य विपरीत प्रयोग गरेको, बिक्री गरेको वा छुट वा सुविधा नपाउने व्यक्तिले पूर्ण वा आंशिक भन्सार महसुल छुट वा सुविधामा कुनै वस्तु पैठारी गरेको पाइएमा भन्सार परीक्षकले निजबाट त्यस्तो वस्तुमा लाग्ने महसुल र भन्सार मूल्यको शतप्रतिशत जरिबाना असुल गर्नु पर्नेछ।

(६) दफा १२३ को उपदफा (१) वा (२) बमोजिम परीक्षण गर्दा सो उपदफा (१) को खण्ड (क) बमोजिम घोषणा नगरी पैठारी गरेको पाइएमा महानिर्देशक वा भन्सार परीक्षकले त्यस्तो वस्तुको भन्सार मूल्यको पाँच प्रतिशत जरिबाना गर्नेछ।

तर वस्तुको प्रकृति अनुसार खुलाउन नसकिने किसिमका विवरण नखुलाएको आधारमा मात्र यस उपदफा बमोजिम जरिबाना गरिने छैन।

(७) उपदफा (१) बमोजिम महसुल निर्धारण गर्ने प्रयोजनको लागि भन्सार परीक्षकले पैठारी भएको वस्तुको मूल्य निर्धारण गर्दा दफा ४२ को उपदफा (१) बमोजिम निर्धारण गर्नु पर्नेछ।

१२५. <u>सम्बन्धित व्यक्तिलाई बुझ्न सक्नेः</u> (१) जाँचपासपछिको परीक्षण गर्दा भन्सार परीक्षकले सम्बन्धित व्यक्तिलाई आफ्नो कार्यालयमा झिकाउन, बयान गराउन, प्रमाण बुझ्न, लिखत पेश गर्न लगाउन, सूचना वा म्याद जारी गर्न वा निजबाट यस ऐन बमोजिम लाग्ने थप रकम वा जरिबाना असुल गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम झिकाउँदा वा जारी गरिएको म्यादमा उपस्थित नहुने वा माग गरिए बमोजिमको लिखत प्रमाण वा कागजात पेश नगर्ने वस्तुको धनीलाई भन्सार परीक्षकले पटकैपिच्छे दश हजार रुपैयाँ जरिबाना गरी निजको निकासी वा पैठारी सम्बन्धी कारोबार रोक्का गर्न वा उपलब्ध भएसम्मका लिखत प्रमाण वा कागजातका आधारमा जाँचपासपछिको परीक्षण गर्न सक्नेछ।

तर जाँचपासपछिको परीक्षण गरिसकेपछि सो सम्बन्धमा थप प्रमाण वा कागजात प्राप्त भएमा त्यस्तो प्रमाण वा कागजातका आधारमा पुनः जाँचपासपछिको परीक्षण गर्न बाधा पुग्ने छैन।

१२६. <u>सफाइ पेश गर्ने मौका दिनु पर्नेः</u> (१) यस परिच्छेद बमोजिम जरिबाना वा थप महसुल रकम असुल गर्ने आदेश दिनुपूर्व महानिर्देशक वा भन्सार परीक्षकले सम्बन्धित वस्तुको धनीलाई महसुल र जरिबाना निर्धारण भएको जानकारी सहित पन्ध्र दिनको म्याद दिई सो सम्बन्धमा सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सफाइ पेश भएपछि वा सफाइ पेश नभएमा सफाइ पेश गर्ने म्याद नाघेपछि

महानिर्देशक वा भन्सार परीक्षकले अन्तिम महसुल र जरिबाना निर्धारण गरी सम्बन्धित निकासीकर्ता वा पैठारीकर्तालाई सो बमोजिमको रकम दाखिल गर्ने आदेश दिनेछ।

१२७. महसुल वा जरिबाना बुझाउनु पर्नेः (१) यस परिच्छेद बमोजिम निर्धारण भएको महसुल वा जरिबाना बापतको रकम दाखिला गर्ने आदेश प्राप्त गरेको मितिले पैंतीस दिनभित्र सम्बन्धित वस्तुको धनीले त्यस्तो रकम कार्यालयले तोकेको बैङ्कमा दाखिला गर्नु पर्नेछ। उक्त अवधिभित्र रकम दाखिला नगरेमा सो रकममा त्यसरी महसुल वा जरिबाना रकम दाखिला गर्ने आदेश भएको मितिदेखि प्रति दिन शून्य दशमलव शून्य चार दुई प्रतिशतका दरले व्याज समेत गणना गरी असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिम तिर्नु बुझाउनु पर्ने रकम नबुझाउने वस्तुको धनीको निकासी वा पैठारी सम्बन्धी कारोबार, बैङ्क खाता तथा चल वा अचल सम्पत्ति भन्सार परीक्षकले रोक्का गरी सोही सम्पत्तिबाट त्यस्तो रकम असुल गर्नेछ।

(३) उपदफा (२) बमोजिम रोक्का गर्न लेखी आएमा सम्बन्धित निकायले भन्सार जाँचपास परीक्षण कार्यालयबाट लेखी आए बमोजिम त्यस्तो कारोबार, बैङ्क खाता तथा चल वा अचल सम्पत्ति तुरुन्त रोक्का गरी सोको जानकारी भन्सार परीक्षकलाई दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम तिर्नु बुझाउनु पर्ने रकम नबुझाउने वस्तुको धनीले कुनै सरकारी निकाय वा बैङ्कबाट कुनै रकम भुक्तानी लिन बाँकी देखिएमा भन्सार परीक्षकले

त्यस्तो रकम तुरुन्त भन्सार जाँचपास परीक्षण कार्यालयको नाममा भुक्तानी हुने गरी पठाउन उक्त निकाय वा बैङ्कलाई लेखी पठाउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम लेखि आएमा सम्बन्धित निकाय वा बैङ्कले तुरुन्त त्यस्तो रकम भन्सार जाँचपास परीक्षण कार्यालयको नाममा भुक्तानी पठाउनु पर्नेछ।

(६) उपदफा (२) वा (४) बमोजिम रकम असुल हुन नसकेमा त्यस्तो रकम सरकारी बाँकी सरह असुल गरिनेछ।

१२८. माग गरेको विवरण दिनु पर्नेः (१) भन्सार परीक्षकले यस परिच्छेदको प्रयोजनका लागि आवश्यक देखेमा बैङ्क तथा वस्तुको धनीको कारोबारसँग सम्बन्धित अन्य कुनै व्यक्ति वा निकायबाट सम्बन्धित वस्तुको धनी, निजको कारोबार वा वस्तुसँग सम्बन्धित भुक्तानी, बैङ्क खाता, नाफा नोक्सानको हिसाब, कर विवरण, बीजक जस्ता अन्य विवरण वा कागजात माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम माग गरिएको विवरण वा कागजात उपलब्ध गराउनु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ।

१२९. पुनः परीक्षण गर्न सक्नेः (१) कार्यालयबाट जाँचपास भएका वस्तुको प्रज्ञापनपत्र लगायतका पैठारी वा निकासीसँग सम्बन्धित कागजात तथा जुनसुकै स्वरूप का अभिलेख त्यस्तो वस्तु जाँचपास भएको मितिले चार वर्षभित्र महानिर्देशक वा

भन्सार अधिकृत वा निजले खटाएको कर्मचारीले पुनः परीक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम पुनः परीक्षण गर्दा असुल गर्नु पर्ने महसुल असुल गर्न छुट भएको देखिएमा भन्सार अधिकृतले त्यस्तो वस्तुको त्यसरी छुट भएको महसुल तोकिए बमोजिम वस्तुको धनीबाट असुल गर्नु पर्नेछ।

तर घोषणाकर्ताले नक्कली बिल, बीजक वा कागजात पेश गरेको कारणले महसुलमा फरक पर्न गएको देखिएमा भन्सार अधिकृतले उक्त वस्तुको धनीलाई सो वस्तुको पैठारीको अवस्थामा कायम भएको भन्सार मूल्यको तीन सय प्रतिशत रकम जरिबाना गर्न सक्नेछ।

१३०. <u>जाँचपासपछिको परीक्षण गर्न सकिने अवधि र अन्य व्यवस्थाः</u> (१) यस ऐन बमोजिम वस्तु जाँचपास भएको मितिले चार वर्षसम्म त्यस्तो वस्तुको सम्बन्धमा यस परिच्छेद बमोजिम जाँचपासपछिको परीक्षणको काम गर्न सकिनेछ।

तर कुनै घोषणाकर्ताले झुट्ठा लिखत वा कागजात तयार गरी लाग्ने भन्दा कम महसुल दाखिला गरेको प्रमाणित भएमा भन्सार परीक्षकले महानिर्देशकको अनुमति लिई सो अवधिपछि समेत त्यस्तो वस्तुको सम्बन्धमा जाँचपासपछिको परीक्षण गर्न सक्नेछ।

(२) जाँचपासपछिको परीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद-१९

महसुल तथा जरिबाना फिर्ता

१३१. भन्सार महसुल फिर्ता दिनेः (१) नेपालमा पैठारी भएका वस्तु विदेशी राष्ट्रसँग भएको द्विपक्षीय तथा बहुपक्षीय सम्झौता वा सन्धिको प्रतिकूल नहुने गरी देहाय बमोजिमको प्रक्रिया पूरा गरी पुनः अर्को मुलुकमा निकासी गरेमा त्यस्तो वस्तु पैठारी गर्दा राखेको धरौटीबाट तोकिए बमोजिमको रकम भन्सार महसुल बापत असुल गरी बाँकी रकम एक महिनाभित्र सम्बन्धित पैठारीकर्तालाई फिर्ता दिइनेछः-

(क) पैठारीकर्ताले वस्तु पैठारीको अवस्थामै सो व्यहोरा उल्लेख गरी भन्सार अधिकृतलाई लिखित अनुरोध गरेको,

(ख) खण्ड (क) बमोजिम अनुरोध प्राप्त भएमा भन्सार अधिकृतले त्यस्तो वस्तुमा दरबन्दी अनुसार लाग्ने महसुल धरौटीमा राखी पैठारी गर्न अनुमति दिएको,

(ग) खण्ड (ख) बमोजिम पैठारी गरेको वस्तु छ महिनाभित्र पैठारी गर्दाको अवस्थामा भुक्तानी गरेको विदेशी मुद्रामा नघट्ने गरी विदेशी मुद्रा आर्जन हुने गरी निकासी गरेको,

(घ) खण्ड (ग) बमोजिम निकासी गरेपछि विदेशी मुद्रा आर्जन गरेको प्रमाण र निकासी भएको प्रमाण पेश गरेको,

(ङ) तोकिए बमोजिमको मूल्य अभिवृद्धि भएको।

(२) कुनै व्यक्तिले निकासी वा पैठारी गर्दा प्रचलित कानून बमोजिम लाग्ने भन्दा बढी भन्सार महसुल बुझाएको रहेछ वा दफा २८ को उपदफा (१२) बमोजिम घोषणा गर्दा भन्सार महसुल बुझाएपछि त्यस्तो घोषणा रद्द भएमा भन्सार अधिकृतले निजलाई त्यस्तो भन्सार महसुल तोकिए बमोजिम फिर्ता दिनु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा भन्सार महसुल फिर्ता हुने छैनः-

(क) वस्तु छुटाएको तीस दिनभित्र त्यस्तो महसुल फिर्ताको लागि सम्बन्धित कार्यालयमा निवेदन नदिएमा,

(ख) फिर्ताको लागि दाबी गरिएको रकम एक हजार रुपैयाँ भन्दा कम भएमा,

(ग) वस्तुको जाँच गर्नु अगाडि नै महसुल असुल भएको र ऐनको दफा ३१ को उपदफा (१) को खण्ड (घ) बमोजिम वस्तु जाँच गर्दा घोषणाकर्ताले गरेको घोषणा वा सोसाथ संलग्न गरेका कागजातमा उल्लिखित विवरण बमोजिमको वस्तु नभई फरक वस्तु फेला परेकोमा।

१३२. <u>महसुल फिर्ता सम्बन्धी विशेष व्यवस्थाः</u> दफा २२ बमोजिम नगद धरौटीमा पैठारी गर्ने सुविधा वा दफा ७६ बमोजिम बण्डेड वेयर हाउसको इजाजतपत्र नलिएका उद्योगले आफूले निकासी गर्ने वस्तु उत्पादनको लागि आवश्यक पर्ने कच्चा

पदार्थ तथा सहायक कच्चा पदार्थ पैठारी गरी सोबाट उत्पादित तयारी वस्तु तोकिएको अवधिभित्र तोकिएको प्रक्रिया अनुसार निकासी गरेमा त्यस्तो कच्चा पदार्थ पैठारी गर्दा भन्सार बिन्दुमा भुक्तानी गरेको महसुल नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिए बमोजिम समदरमा कार्यालयबाट फिर्ता दिइनेछ।

१३३. <u>मुद्दाको अन्तिम किनारा नभई महसुल वा जरिबाना फिर्ता दिन नहुने:</u> भन्सार अधिकृतले महसुल वा जरिबाना असुल गर्न गरेको निर्णय उपर यस ऐन बमोजिम परेको पुनरावेदनमाथि निर्णय हुँदा त्यसरी असुल भएको सबै वा केही महसुल वा जरिबाना नलाग्ने गरी निर्णय भएमा त्यस्तो निर्णय उपर पुनरावेदन लाग्ने व्यवस्था भएकोमा पुनरावेदन गरी सोको अन्तिम निर्णय भएपछि वा पुनरावेदनका लागि अनुमति माग गर्नु पर्ने अवस्थामा त्यस्तो पुनरावेदनको अनुमतिको लागि निवेदन दिँदा पुनरावेदन गर्ने अनुमति प्राप्त नभएमा वा अनुमति प्राप्त भएमा सो पुनरावेदनको अन्तिम किनारा भएपछि मात्र सो निर्णय बमोजिम फिर्ता दिनु पर्ने भनी उल्लेख भएको महसुल वा जरिबानाको रकम भन्सार अधिकृतले सम्बन्धित व्यक्तिलाई फिर्ता दिनु पर्नेछ।

परिच्छेद-२०
<u>विविध</u>

१३४. <u>बौद्धिक सम्पत्तिको अधिकार उल्लङ्घन हुने वस्तु निकासी वा पैठारी गर्न नहुने:</u> (१) कसैले पनि प्रचलित कानून बमोजिम कुनै व्यक्तिले प्राप्त गरेको पेटेण्ट, डिजाइन, ट्रेडमार्क, प्रतिलिपि अधिकार जस्ता बौद्धिक सम्पत्ति उपरको अधिकार उल्लङ्घन हुने गरी कुनै वस्तु निकासी वा पैठारी गर्नु हुँदैन।

(२) उपदफा (१) विपरीत हुने गरी कसैले कुनै वस्तु निकासी वा पैठारी गर्न लागेमा सरोकारवाला व्यक्तिले त्यस्तो निकासी वा पैठारी रोक्का गर्न प्रमाण सहित सम्बन्धित भन्सार अधिकृत समक्ष निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन परेमा भन्सार अधिकृतले त्यस्तो वस्तु कार्यालयमा रोक्का राखी सो सम्बन्धमा आवश्यक कारबाहीको लागि सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखी पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम लेखी आएमा सम्बन्धित निकाय वा अधिकारीले सो सम्बन्धमा प्रचलित कानून बमोजिम कारबाही टुङ्गो लगाई सोको जानकारी कार्यालयलाई दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम सम्बन्धित निकाय वा अधिकारीले प्रचलित कानून बमोजिम कारबाही गर्दा त्यस्तो वस्तु जफत हुने ठहर गरेमा भन्सार अधिकृतले सो वस्तु घोषणाकर्ताकै खर्चमा तोकिए बमोजिम नष्ट गर्न सक्नेछ।

(६) कसैले कुनै वस्तुको उत्पादक कम्पनी, ब्राण्ड, मोडल, डिजाइन, बनावट, लोगो वा यस्तै कुराको नक्कल गरी तयार पारिएको जाली वा नक्कली (काउण्टरफिट) वस्तु पैठारी गरेको वा गर्ने प्रयत्न गरेको भन्ने भन्सार अधिकृतलाई शङ्का लागेमा निजले पैठारीकर्तासँग त्यस्तो वस्तु नक्कली वा जाली नभएको

तथ्यलाई पुष्टि गर्ने प्रमाण माग गर्न, सो वस्तुको प्राविधिक परीक्षणका लागि विभाग वा अन्य सरकारी निकायको प्रयोगशालामा पठाई परीक्षण प्रतिवेदन लिन वा जुन उत्पादकको वस्तु नक्कल गरेको शङ्का लागेको हो निजसँग सो सम्बन्धमा आवश्यक जानकारी माग गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम पैठारीकर्तासँग प्रमाण माग गरिएकोमा निजले पन्ध्र दिनभित्र त्यस्तो प्रमाण पेश गर्नु पर्नेछ।

(८) उपदफा (६) बमोजिम प्राप्त परीक्षण प्रतिवेदन वा जानकारी वा उपदफा (७) बमोजिम पेश गरिएको प्रमाणको आधारमा त्यस्तो वस्तु नक्कली भएको पाइएमा भन्सार अधिकृतले त्यस्तो वस्तु जफत गरी तोकिए बमोजिम नष्ट गर्नु पर्नेछ।

१३५. <u>निकासी वा पैठारी सङ्केत नम्बर लिनु पर्ने:</u> (१) कुनै पनि व्यक्तिले निकासी वा पैठारी सङ्केत नम्बर नलिई कुनै वस्तु निकासी वा पैठारी गर्न पाउने छैन।

तर तोकिए बमोजिमको व्यक्तिले निकासी वा पैठारी सङ्केत नम्बर नलिई निकासी वा पैठारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम लिएको निकासी वा पैठारी सङ्केत नम्बर तोकिए बमोजिम नवीकरण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम नवीकरण गर्दा तोकिए बमोजिम दस्तुर लाग्नेछ। निकासी पैठारी सङ्केत नम्बर नवीकरण नभएसम्म निकासी पैठारी सम्बन्धी कारोबार गर्न पाइने छैन।

(४) नवीकरण नगरी त्यस्तो निकासी वा पैठारी सङ्केत नम्बर प्रयोग गरी निकासी वा पैठारी सम्बन्धी कारोबार गर्न पाइने छैन।

(५) तोकिए बमोजिमको समयभित्र नवीकरण नगरेमा त्यस्तो निकासी वा पैठारी सङ्केत नम्बर स्वतः रद्द हुनेछ।

(६) यस दफा बमोजिमको निकासी वा पैठारी सङ्केत नम्बरको प्रशासन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकायले गर्नेछ र नेपाल सरकारले त्यस्तो निकाय नतोकेसम्म निकासी वा पैठारी सङ्केत नम्बरको प्रशासन विभागले गर्नेछ।

(७) निकासी वा पैठारी सङ्केत नम्बर सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३६. <u>अभिलेख सुरक्षित राख्नु पर्नेः</u> वस्तुको धनीले आफूले निकासी वा पैठारी गरेको वस्तुको भन्सार प्रक्रियासँग सम्बन्धित तोकिए बमोजिमका कागजात तथा तत्सम्बन्धी अभिलेख त्यस्तो वस्तु निकासी वा पैठारी गरेको मितिले कम्तीमा चार वर्षसम्म सुरक्षित राख्नु पर्नेछ।

१३७. <u>पुरस्कार दिइनेः</u> (१) कसैले कुनै वस्तु चोरी निकासी वा चोरी पैठारी गर्न लागेको वा गरेको कुराको सुराकी दिने वा त्यस्तो वस्तु पक्राउ गरी भन्सार कार्यालयमा दाखिला गर्ने कर्मचारी वा व्यक्तिलाई त्यस्तो कार्य प्रमाणित हुन आएमा तोकिए बमोजिम पुरस्कार दिइनेछ।

(२) सुराकी प्रतिवेदन लिने तथा पुरस्कार वितरण गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३८. विलम्ब शुल्क (डेमरेज) लाग्नेः (१) कार्यालयले सञ्चालन वा व्यवस्थापन गरेको भन्सार वेयर हाउस, कार्यालयको परिसर वा भन्सार क्षेत्रको कुनै स्थानमा राखिएको वस्तु तोकिए बमोजिमको अवधिभित्र जाँचपास गराई नलगेमा त्यस्तो वस्तुको धनीले तोकिए बमोजिमको विलम्ब शुल्क (डेमरेज) नेपाल सरकारलाई तिर्नु पर्नेछ।

तर वस्तुको मूल्याङ्कन वा वर्गीकरण गर्न द्विविधा भई वा भन्सार कार्यालयकै अन्य कुनै कारणबाट जाँचपास हुन नसकेको अवधिको विलम्ब शुल्क (डेमरेज) लाग्ने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै वस्तुमा लागेको विलम्ब शुल्क कुनै खास परिस्थिति वा अवस्था सिर्जना भएको कारणले मिनाहा दिनु पर्ने मनासिब कारण भएमा तोकिएको अधिकारीले तोकिए बमोजिम त्यस्तो विलम्ब शुल्क (डेमरेज) आंशिक वा पूर्णरूपले मिनाहा दिन सक्नेछ।

१३९. वस्तुको धनीले खर्च व्यहोर्नु पर्नेः यस ऐन बमोजिम वस्तु जाँचपास गर्दा वस्तु बोक्ने, जाँच्न र खोल्नको लागि उचित ठाउँमा पुऱ्याउने, कुनै यन्त्रमा राख्ने र झिक्ने, खोल्ने, छुट्याउने र वस्तु वा सो वस्तु रहेको कन्टेनर, बाकस, झोला, प्याकेट, बोरा वा यस्तै अन्य प्याकिङ्ग सामग्रीमा चिन्ह लगाउने जस्ता

कामको लागि लाग्ने खर्च सम्बन्धित वस्तुको धनीले व्यहोर्नु पर्नेछ।

१४०. <u>गोपनीयता कायम गर्नु पर्ने:</u> (१) प्रचलित सङ्घीय कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि घोषणाकर्ताले कार्यालयमा पेश गरेको भन्सार मूल्याङ्कन सम्बन्धी सूचना, वस्तु जाँचपाससँग सम्बन्धित कागजात र अन्य व्यक्तिगत व्यावसायिक सूचना गोप्य राखिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै वस्तुका सम्बन्धमा प्रचलित कानून बमोजिम अनुसन्धान गर्न अधिकारप्राप्त अधिकारीबाट त्यस्तो अनुसन्धान वा लेखापरीक्षणको प्रयोजनका लागि वा अदालतबाट न्यायिक कारबाहीको प्रयोजनको लागि कुनै विवरण वा कागजात माग भएमा भन्सार अधिकृतले त्यस्तो विवरण वा कागजात तथा तत्सम्बन्धी जुनसुकै सूचना उपलब्ध गराउनु पर्नेछ।

(३) कुनै घोषणाकर्ताले कार्यालयमा रहेको आफ्नो वस्तुसँग सम्बन्धित प्रज्ञापनपत्र, बीजक वा अन्य कागजातको प्रमाणित प्रतिलिपि माग गरेमा भन्सार अधिकृतले तोकिए बमोजिमको दस्तुर लिई त्यस्तो कागजातको प्रमाणित प्रतिलिपि तोकिए बमोजिम उपलब्ध गराउनु पर्नेछ।

१४१. <u>सूचना जारी गर्ने:</u> यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा छुट्टै व्यवस्था भएकोमा बाहेक कार्यालयको काम कारबाहीसँग सरोकार भएको वा हुन सक्ने व्यक्तिको नाममा कार्यालयले

व्यक्तिगत वा सार्वजनिक सूचना जारी गर्दा पन्ध्र दिनको अवधि दिई तोकिए बमोजिम सूचना जारी गर्नु पर्नेछ।

१४२. <u>अधिकार प्रत्यायोजन गर्न सक्नेः</u> (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम नेपाल सरकारले आफूमा भएको सबै वा केही अधिकार नेपाल राजपत्रमा सूचना प्रकाशन गरी महानिर्देशक वा अन्य कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) मन्त्रालयले यस ऐन अन्तर्गत भन्सार अधिकृत वा भन्सार परीक्षकलाई भएको सबै वा केही अधिकार नेपाल सरकारको कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) महानिर्देशकले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये वस्तुको वर्गीकरण, भन्सार मूल्याङ्कन वा वस्तु वर्गीकरण उपरको पुनरावलोकन र दफा ५ को उपदफा (२) बमोजिमको अधिकार बाहेक अन्य सबै वा केही अधिकार आफू मातहतका अधिकृतस्तरका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(४) प्रमुख भन्सार प्रशासकले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये दफा ८६ बमोजिम मुद्दाको कारबाही र किनारा गर्न आफूलाई प्राप्त अधिकार बाहेकका सबै वा केही अधिकार मातहतको कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

(५) प्रमुख भन्सार परीक्षण प्रशासकले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये सबै वा केही अधिकार मातहतको कुनै परीक्षकलाई प्रत्यायोजन गर्न सक्नेछ।

(६) कुनै भन्सार अधिकृत वा कार्यालयको काममा खटिएको अन्य कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै कार्य गरेको वा गर्न लागेको भन्ने कुराको सूचना कुनै माध्यमबाट विभागलाई प्राप्त भएमा र त्यस्तो सूचनालाई विश्वास गर्नु पर्ने मनासिब कारण देखिएमा महानिर्देशकले निजले गरिआएको काम अर्को भन्सार अधिकृत वा कर्मचारीबाट गर्ने वा गराउने गरी तोक्न सक्नेछ।

१४३. कागजातलाई मान्यता दिने: (१) अन्य प्रचलित सङ्घीय कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि आफ्नो आधिकारिक पासवर्ड प्रयोग गरी भन्सार अधिकृतले कम्प्युटर प्रणालीबाट मुद्रित गरेको जाँचपाससँग सम्बन्धित कागजातमा कर्मचारीको दस्तखत नभए पनि त्यस्तो कागजातलाई दस्तखत भए सरह मान्यता दिइनेछ।

(२) कार्यालयले उपलब्ध गराएको आधिकारिक पासवर्ड प्रयोग गरी कम्प्युटर प्रणालीमा विद्युतीय माध्यमबाट गरिने वस्तुको घोषणा, सूचनाको आदानप्रदान वा जाँचपाससँग सम्बन्धित अभिलेखको आधारमा मुद्रण गरिएका कागजातमा सम्बन्धित व्यक्तिको दस्तखत नभए तापनि त्यस्तो कागजातमा सम्बन्धित व्यक्तिको दस्तखत भए सरह मान्यता दिइनेछ।

१४४. विद्युतीय माध्यमबाट भुक्तानी गर्न सकिने: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन वा अन्य प्रचलित सङ्घीय कानून बमोजिम कार्यालयमा बुझाउनु पर्ने महसुल वा जरिबाना वा अन्य कुनै रकम विद्युतीय माध्यमबाट

भुक्तानी (इ-पेमेन्ट) गर्न सकिने गरी विभागले आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम विद्युतीय माध्यमबाट गरिने भुक्तानी (इ-पेमेन्ट) सम्बन्धी व्यवस्था विभागले तोके बमोजिम हुनेछ।

१४५. <u>राष्ट्रिय एकद्वार प्रणालीबाट कार्य गर्न सकिने:</u> (१) नेपाल सरकारले अन्तर्राष्ट्रिय व्यापारलाई व्यवस्थित गर्न राष्ट्रिय एकद्वार प्रणाली (नेशनल सिङ्गल विण्डो) को विकास गरी कार्यान्वयनमा ल्याउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको राष्ट्रिय एकद्वार प्रणालीको कार्यान्वयन विभागले गर्नेछ।

(३) उपदफा (१) बमोजिम नेपाल सरकारले विकास गरेको राष्ट्रिय एकद्वार प्रणालीमा निकासी वा पैठारीसँग सम्बन्धित निकायलाई आबद्ध गरिनेछ।

(४) यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय एकद्वार प्रणालीमा आबद्ध निकासी वा पैठारीसँग सम्बन्धित निकायले उपदफा (१) बमोजिमको प्रणाली मार्फत कार्य गर्नु पर्नेछ।

(५) राष्ट्रिय एकद्वार प्रणाली सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१४६. <u>जानकारी दिनु पर्ने:</u> यस ऐन बमोजिम भन्सार अधिकृतले जफत गरेको सम्पत्ति तथा साधनको विवरणको जानकारी कार्यालयले कसूरजन्य सम्पत्ति तथा साधन रोक्का, नियन्त्रण र

जफत सम्बन्धी प्रचलित कानून बमोजिम तोकिएको निकायलाई दिनु पर्नेछ।

१४७. <u>सहयोग गर्नु पर्ने:</u> भन्सार अधिकृत वा कार्यालयको अन्य कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफ्नो कर्तव्य पालन र अधिकार प्रयोग गर्दा कुनै सरकारी कार्यालय, कर्मचारी, प्रहरी, बैङ्क वा वित्तीय संस्थासँग कुनै प्रकारको सहयोग, सूचना वा मद्दत माग गरेमा त्यस्तो सहयोग, सूचना वा मद्दत दिनु सम्बन्धित कार्यालय, कर्मचारी, प्रहरी, बैङ्क वा वित्तीय संस्थाको कर्तव्य हुनेछ।

१४८. <u>अन्य निकायले हस्तक्षेप गर्न नहुने:</u> (१) निकासी वा पैठारीको लागि कार्यालयको क्षेत्र वा परिसर वा भन्सार वेयर हाउसमा रहेको वस्तु सो कार्यालयबाट जाँचपास भई भन्सार क्षेत्रबाट नछुटाइएसम्म सो वस्तुका सम्बन्धमा अन्य कुनै निकाय वा अधिकारीले कुनै प्रकारको हस्तक्षेप गर्नु हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै वस्तुका सम्बन्धमा अनुसन्धान वा छानबिन गर्न प्रचलित कानून बमोजिम खटिएको निकाय वा अधिकारीले भन्सार अधिकृतको स्वीकृति लिई त्यस्तो वस्तु हेर्ने वा नमूना सङ्कलन गर्ने कार्य गर्न बाधा पर्ने छैन।

१४९. <u>सिपिङ कन्टेनर जाँचपास गर्न सकिने:</u> कन्टेनर सेवा सञ्चालन गर्ने गरी नेपालमा दर्ता भएको सिपिङ कम्पनीले विदेशमा खरिद गरेको भए तापनि भौतिक रूपमा पैठारी गर्न सम्भव

नभएको कन्टेनरमा लाग्ने महसुल बुझाएमा पैठारी भए सरह मानी जाँचपास गर्न सकिनेछ।

१५०. <u>असल नियतले गरेकोमा बचाउः</u> (१) यस ऐनमा अन्यत्र जुनसकै कुरा लेखिएको भए तापनि भन्सारका कुनै कर्मचारीले आफ्नो कर्तव्य पालनाको सिलसिलामा असल नियतले गरेको काम कारबाही प्रति निज व्यक्तिगत रूपमा जवाफदेही हुने छैन।

(२) दफा ३१ को उपदफा (१) को खण्ड (क) वा (ग) बमोजिम जाँचपास गरिएको वस्तुको कुनै कैफियत देखिएमा त्यस्तो वस्तु जाँचपास गर्ने कार्यमा संलग्न अधिकृत वा अन्य कर्मचारी जवाफदेही हुने छैन।

(३) दफा ३१ को उपदफा (१) को खण्ड (ख) बमोजिम जाँचपास गरिएको वस्तुको सम्बन्धमा जाँचपास गर्ने कार्यमा संलग्न अधिकृत वा अन्य कर्मचारी त्यस्तो वस्तुको कागजात जाँच गरेको हदसम्म जवाफदेही हुनेछ।

१५१. <u>ऐन कार्यान्वयन मापनः</u> यो ऐन प्रारम्भ भएको पाँच वर्ष पूरा भएको एक वर्षभित्र र त्यसपछि प्रत्येक पाँच वर्षपछिको एक वर्षभित्र मन्त्रालयले ऐन कार्यान्वयनको मापन गर्नेछ र सोको प्रतिवेदन सङ्घीय संसदको दुवै सदनको सम्बन्धित समितिमा पेश गर्नु पर्नेछ।

१५२. <u>बाधा अड्काउ फुकाउन सक्नेः</u> यस ऐन कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा नेपाल सरकारले यस ऐनको प्रतिकूल

नहुने गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

१५३. <u>नियम बनाउन सक्ने:</u> (१) यस ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी नेपाल सरकारले निकासी वा पैठारी हुने वस्तुको सम्बन्धमा उत्पत्तिको नियम बनाउन सक्नेछ।

१५४. <u>निर्देशिका तथा कार्यविधि बनाउन सक्ने:</u> यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही देहायका विषयमा विभागले निर्देशिका वा कार्यविधि बनाउन सक्नेछः-

(क) वस्तुको भन्सार मूल्याङ्कन सम्बन्धी,

(ख) विद्युतीय घोषणा, जाँचपास तथा राजस्व भुक्तानी सम्बन्धी,

(ग) जाँचपासपछिको परीक्षण सम्बन्धी,

(घ) जोखिम व्यवस्थापन सम्बन्धी,

(ङ) राहत सामग्री जाँचपास सम्बन्धी,

(च) कम्प्युटर प्रणाली सम्बन्धी,

(छ) राष्ट्रिय एकद्वार प्रणाली सम्बन्धी,

(ज) भन्सार प्रशासनसँग सम्बन्धित अन्य आवश्यक विषय सम्बन्धी।

१५५. <u>खारेजी तथा बचाउ:</u> (१) भन्सार ऐन, २०६४ खारेज गरिएको छ।

(२) भन्सार ऐन, २०६४ अन्तर्गत भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत मूल्याङ्कन पुनरावलोकन समितिमा रहेका निर्णय हुन बाँकी निवेदनको निर्णय यसै ऐन बमोजिम हुनेछ।